CC-0. In Public Domain. Digitization by eGangotri



CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

उपन्यास

Bulbul
Publication

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

कैली

जमुना न्यौपाने

उपन्यास

Bulbul
Publication

CC-0. In Public Domain. Digitization by eGangotri

८९१.४५२३
न्यौ ३९६क
२८२९६

प्रकाशक : बुलबुल पब्लिकेशन प्रा. लि.
डिल्लीबजार, काठमाडौं
फोन ०१-४४२५७६५
इमेल : bulbul88117@gmail.com
वेभसाइट : www.bulbulpublication.com

सर्वाधिकार © लेखकमा

आवारण डिजाइन : किशोर ज्योति (kjsahiba@gmail.com)

प्रति : १००० प्रति
मूल्य : रू. २४०/-

संस्करण : प्रथम, भाद्र २०७७
ISBN : 978-9937-9188-1-7

यस पुस्तकको कुनै पनि अंश वा पूरै पुस्तक कुनै पनि माध्यमद्वारा पुनरूत्पादन, प्रशारण तथा फोटोकपी गरेको पाइएमा प्रतिलिपि अधिकार ऐन २०५९ अनुसार कारबाही गरिनेछ ।

KAILI by JAMUNA NEUPANE

CC-0. In Public Domain. Digitization by eGangotri

आभारी छु

लेख्न उर्जा दिनु हुने पुजनिय बुवाआमा सुभाखर न्यौपाने र दीना न्यौपानेप्रति । दाजु विवेक न्यौपाने, दिदी सावी न्यौपाने र बहिनी निशिका न्यौपाने ।

पाण्डुलिपि पढेर सुझाव दिनुहुने मेरा आदरणिय गुरू टेक्सस् कलेजका प्रिन्सिपल भेषराज पोखरेल ।

फिनिक्स कलेजका प्रिन्सिपल डा. बिनोद बहादुर खत्री ।

त्यस्तै मित्रहरू कञ्चन उप्रेती, सरोज खरेल, सुदीप दाहाल, प्रतिक्षा त्रिपाठी र दिदी दुर्गा खड्काप्रति ।

लेखिसकेपछि कम्पुटरमा सहयोग गरिदिनुहुने साथी सुवास गौडेल र सन्देश गौडेलप्रति ।

भाषालाई शुद्धिकरण गरिदिनुहुने मनोज के.सी (समय) दाइ र सविन लम्सालप्रति ।

पुस्तकलाई पाठक माझ पुऱ्याइदिने बुलवुल पब्लिकेशनका दाइ अच्युत घिमिरेप्रति ______ ।

जमुना न्यौपाने

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

१

ऐनामा आफ्नै शरीर नियाली रहेका आँखाहरु भन्दै थे– "कैली, तेरो बालापन सकियो । अब तँ तरूनी भइस् ।" मेरो उचाई बढेको थ्यो । अङ्ग-अङ्गमा अनौठो तरङ्ग चढेको थ्यो । मैले एस.एल.सी. जो पास गरेकी थेँ । मनमा सुनौलो रङ्ग भरिएको थ्यो । बालापनले भने छाड्न मानेकै थेन । सायद त्यसैले होला, मनले भन्दै थ्यो– "कैली, तँ तरूनी भकी छैनस् । तेरो शरीरको उचाई र अङ्गहरूको आकारमात्र बढेको हो ।" यसरी म आफैँमा हराइरैथेँ ।

"कैली, ल छिटो तयार भैहाल । ढिला भो भने भरे गाडी पाइन्न । तिमी हिँडिहाल्नु पर्ने भो ।" एक्कासि आमाको आवाज हावाको झोक्कासँगै मेरा कानमा आएर ठोकियो अनि मलाई झस्कायो ।

मैले झस्कँदै सोधेँ– "कहाँ जानुपर्ने हो र आमा ?"

आमाले भन्नुभो– "काठमाडौंबाट फुपूले आजै पठाइदिनु भन्नु भा'छ ।"

मैले भनेँ– "अहिल्यै ?"

मेरो कुरा भूइँमा खस्न नभ्याउँदै आमाले भन्नुभो– "अँ अहिल्यै, हिँडिहाल्नु पर्ने भो । ल चाँडो तयार होऊ ।"

घरमा कुरै नभएको त हैन तर काठमाडौं जाने निर्णय भने भ'को थेन । आमाले मलाई अङ्गालोमा च्यापेर भन्नुभो– "त्यो बिरानो सहरमा तिमीलाई एक्लै पठाउन यो मन त मानेको छैन तर छोरी, तिम्रो भविष्यको कुरा छ । जाऊ छोरी जाऊ, तिम्रो जिन्दगीको ढोका खुलेको छ; ज्ञानको दियो जलाएर आऊ ।"

आमा र बैनीलाई छोडेर जान, यो तन मानेको थेन तर मनले सुनौलो भविष्यको कल्पना गऱ्यो अनि जानै पर्छ भन्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

बैनी पनि भावुक हुँदै बोली– "दिदी काठमाडौं नगए हुँदैन र आमा ?" आमा केही बोल्न सक्नुभएन । मेरो पनि बोली फुटेन । बैनीलाई अङ्गालोमा च्यापिरहेँ । आमाको खुसी भनेको सानी र म नै त थियौं । हामी असाध्यै मिल्थ्यौं । कहिल्यै नछुट्टिएका हामीलाई छुट्टिन साह्रै गाह्रो पर्‍यो । हामी राम्रा नराम्रा सबै काम मिलेरै गर्थ्यौं । आमा नभएको मौकामा पैसा चोरेर चाउचाउ, चटपट र पानीपुरी खानेदेखि लिएर छिमेकीको भोगटे चोर्न जाने कुरामा पनि हामी एक हुन्थ्यौं । सानी मेरो अङ्गालोमा लुटपुटिएर रून थाली । म सानीलाई फकाउन थालेँ ।

"यो गुन्द्रुक, यो मस्यौरा, यो दाल, यी गेडागुडी, यो कागतीको अचार र यो चाहिँ काँक्राको अचार ।" आमाले मलाई देखाउँदै पोकाहरु झोलामा हाल्दै भन्नुभो– "यो फुपूलाई कोसेली, घर पुग्नासाथै निकालेर दिनू ।" मुन्टो हल्लाएर "हुन्छ" भन्दै म आफ्ना लुगाको सानो पोको र फुपूको कोसेली बोकेर आमा र बैनीसँग बिदा भएर निस्किएँ ।

बुबाले हामीलाई छाडेर गए पनि आमाले कहिल्यै बुबाको अभाव महसुस हुन दिनुभएन । आमाप्रति मेरो मनमा माया जाग्यो । म सोच्दै थेँ– "भगवान जस्ती मेरी आमालाई छाडेर जाँदैछु । म नहुँदा मेरी आमालाई कुनै सङ्कट नपरोस् ।"

जिन्दगीको यात्रा सोचेजस्तो सजिलो कहाँ हुन्छ र । भन्छन् जे हुन्छ, राम्रैका लागि हुन्छ । मनमा केही आशा र उज्वल भविष्यको सपना सङ्गाल्दै म राजधानी तर्फ लागेँ ।

***

दिउँसोको एक बजेको थ्यो । म चढ्नासाथै गाडी हुइँकियो । सेकेण्ड लास्टमा एउटा मात्र सिट खाली रैछ । झ्यालतिरको सिटमा

CC-0. In Public Domain. Digitization by eGangotri

बसिरहेको एकजना दाइलाई छेउमा बस्ने आग्रह गरेर म झ्यालतिर बसेँ । यसरी म पहिलो चोटि घरबाट एक्लै आफ्नो सुनौलो भविष्यको यात्रामा निस्किएँ ।

आमा, बैनी, घर, गाउँ, आफन्ती र साथीहरूको याद झल्झली आउन थाल्यो । ती यादहरूलाई भुलाउन कानमा इयरफोन कोचेर म गीत सुन्दै टोलाइरहेँ ।

"बैनी" कसैको आवाजले म झस्किएँ । छेउमा बसेको दाइले बोलाएका रैछन् । उनले सोधे –"तिमी कैली होइनौ र ?"

मैले अचम्म मान्दै भनेँ– "अँ हो, हजुरले कसरी चिन्नुभो ? मैले त हजुरलाई चिनिन नि ?"

उनले भने – "म तिम्रो बैनी सानीलाई पढाउने सर हुँ ।"

"ए, अनि घर कता तपाईँको ? देखे जस्तो त लाग्दैन ?"– मैले सोधेँ ।

उनले आफ्नो घर चितवन भएको कुरा बताए । छ सात महिना अगाडि मात्रै गएको रैछ । अहिले उनी बुबा बिरामी भएको खबरले घर फर्किएका रैछन् ।

भन्दै थे – "मनमा डर लागिरा'छ । भगवानसँग प्राथना गरिरा'छु; मेरो बुबालाई केही नहोस् ।"

सोध्न मन लाग्यो– "भगवानलाई कत्तिको विश्वास गर्नुहुन्छ ?"

उनले भने – "धेरै गर्छु । भगवानकै भरोसाले आफ्नो परिवार छाडेर यति टाढा आएर बसिरा'को छु ।"

उनले मेरोबारेमा पनि सोधे । मलाई ढाँट्न मन लागेन; काठमाडौं फुपूकोमा बसेर पढ्न जान लागेको कुरा बताएँ ।

उनले मलाई अर्ती दिँदै भने – "ल त राम्ररी पढ्नू ।"

तब भने मलाई विश्वास भो– "यिनी पक्का सर नै हुन् ।"

CC-0. In Public Domain. Digitization by eGangotri

म हाँस्दै इयरफोन कानमा राखेर फेरि गीत सुन्न थाले । आँखा बन्द थे, गाडी रोकियो । आँखा खोलेर बाहिरतिर हेरें मास्टर दाइ ओर्लिसक्नुभा रैछ । तलबाट म भएको झ्यालतिर हेर्दै हात हल्लाउनुभो । मैले पनि आफ्नो दायाँ हात हल्लाइदिएँ । सहचालक कराउँदै थ्यो– "लौ सबैजना झर्नुस् है, खाजा खानेले खाइहाल्नुहोस्, ट्वाइलेट जाने गइहाल्नुहोस् । बीस मिनेट गाडी रोकिन्छ त्यसपछि डाइरेक्ट काठमाडौं ।"

सबैजना ओर्लिए, कोही होटेलतिर छिरे, कोही ट्वाइलेटतिर । मलाइ केही खान मन थेन । ट्वाइलेट पनि जान थेन । त्यसैले गाडीमै बसिरहें ।

सहचालकले त बीस मिनेट भनेजस्तो लाग्थ्यो तर तीस मिनेट पछि मात्र गाडी हिंड्न लाग्यो । "दुईटा सिटमा अब भने एक्लै ढलिमली हुने भो" –सोच्दैथें । एउटी दिदी दुइटा बच्चा च्यापेर गाडी हिंड्नै लाग्दा चढिन् । एउटा बच्चा आफैंले च्यापेर बस्नुपर्‍यो ।

केही समय पछि, यात्रुहरूलाई पिसाबले च्यापेछ क्यारे । गाडी रोकाए । सबै ओर्लिए; मेरो छेउमा बस्ने दिदी र म पनि ओर्लियौं । सुनसान ठाउँ रैछ । सबैजना छरपस्ट जताततै मूल फुटाउन थाले । मलाई लाजले ढाक्यो, म नजिकै बस्न सकिनँ त्यसैले ती दिदी र म अलि टाढै गएर फर्कियौं । "कति ढिला गरेको तपाईंहरूले ? छाडेरै जानु जस्तो" – सहचालकले हामीलाई अलि ठुलै स्वरमा करायो । हामी केही नबोली गाडीमा चढ्यौं ।

एकजना मान्छे आएर हाम्रै सिटमा बसेको रैछ । हामीलाई देखेपछि उठेर भुइँमा बस्यो । हामी आफ्नै सिटमा बस्यौं । गाडी हुइँकियो । केही बेरमा निकै नराम्रो गन्ध आयो । सबैजना नाक थुन्दै हल्लाखल्ला गर्न थाले । एकछिनमा गाडी रोकियो । अघि हाम्रै

CC-0. In Public Domain. Digitization by eGangotri

सिटमा बसेको मान्छेले रक्सी खाएर आको रैछ । मान्छे बिमारी जस्तो देखिन्थ्यो । त्यसले त दिसापिसाब र बमिट गरेर गाडीभरि फोहोर पाऱ्यो । जङ्गलको बीचमा गाडी रोकियो । सबैजना गाडीबाट ओर्लियौं । बेहोस मान्छेलाई जङ्गलको बीचमा छोडेर जाने कुरा भएन । ड्राइभर र यात्रुहरूको सल्लाह भो– "यो मान्छेलाई हस्पिटल पुऱ्याउनु पर्छ ।" गाडी चितवनतिरै फर्कियो । हामी जङ्गलकै बीचमा गाडी कुरेर बस्यौं ।

"तिमी कहाँ सम्म जाने नि बैनी ?" – मसँगै सिटमा बस्ने दिदीले सोधिन् ।

मैले भनें– "म काठमाडौं जाने दिदी ।"

दिदीले खुसी हुँदै भनिन्– "एकै ठाँउमा जाने रैछौं; सजिलो हुने भो । कतातिर हो नि तिमी बस्ने ?"

मैले भनें– "सामाखुसी हो क्यारे । पहिलोचोटि जाँदैछु ।"

उनले आफू दुई वर्षदेखि थानकोटमा बस्दै आएको कुरा गरिन् अनि भनिन्– "तिमी त पढ्छ्यौ होला हई । कहिलेकाहीं पढाइ नहुँदा यसो मेरोतिर पनि आउनू ।"

गाडीमा भएको त्यति छोटो चिनजानमा आफ्नो घर आउन आग्रह गरेको सुन्दा मलाई अचम्म लाग्यो । छक्क पर्दै मुसुक्क हाँसेर "हुन्छ" भन्दै मुन्टो हल्लाएँ ।

***

झमक्क साँझ पऱ्यो । बिरामी पुऱ्याउन गएको गाडी बल्ल फर्कियो । बेचैनीले छटपटिएको मन अलि शान्त भो । सबैजना गाडीमा चढ्यौं । मेरो छेउमा बस्ने दिदीको काखको बच्चा "ममी जाने, ममी जाने" भन्दै रून थाल्यो । ती दिदी केही बोलिनन् । बच्चा झन्

CC-0. In Public Domain. Digitization by eGangotri

जोडले कराउन थाल्यो । दिदीले रिसाएर ठुल्ठूला आँखा पार्दै गाली गरिन्– 'चुप । अब आउँदिन तेरी ममी । तँलाई छाडेर अर्कै बाउसँग पोइला गई । पाल्न नसक्नेले छोराछोरी किन पाकी हो ? मोजमस्ती गर्छन अरू, दुःख मलाई ।'

मेरो मन अमिलो भएर आयो । त्यो अबोध बालकको धेरै माया लाग्यो । फेरि एकैछिनमा दिदीले झोलाबाट डेरिमिल्क निकालेर बच्चालाई फुलाइन् । बच्चा न हो, खुसी भो । दिदी पनि खुसी भइन् अनि म पनि ।

'दसबजे पुगिएला भन्ठानेर गाडी चढेको, मध्यरातको एक पो बजाउने भो । निक्कै राति हुने भो त बैनी । तिमी कसरी जान्छ्यौ ? आज मेरोमै बस, भोलि सबेरै जाउली ।' –दिदीले भनिन् ।

मैले झ्वाट्टै केही बोल्न सकिन । न हुन्छ भन्न सकेँ न त हुन्न नै । मोबाइल निकालेर फुपूलाई फोन गरेँ । फुपू मोबाइल हातैमा लिएर बस्नुभा रैछ, एकै रिङ्मा फोन उठाउनुभो । मैले अघि बसमा भएका सबै घटना सुनाएँ र भनेँ– 'म आइपुग्न निकै राति हुने भो । मसँगै आउँदै गरको दिदीकोमा बसेर भोलि ब्यानै आउँछु है फुपू !'

कुरै नसकी फुपूले त 'हुन्छ हुन्छ, त्यसै गरेस् ।' भन्दै फोन काटिहाल्नुभो ।

आमालाई सम्झिएँ, अनि फुपूको ठाउँमा आमालाई राखेर सोचेँ– 'के, आमाले पनि मलाई यति सजिलै गाडीमा नचिनेको मान्छेसँग बस्न अनुमति दिनुहुन्थ्यो ? अहँ, दिनुहुन्थेन । जसरी भए पनि आमा मलाई लिन आउनु हुन्थ्यो ।' फेरि लाग्यो, आमा आमा नै हुन् फुपू फुपू नै, दाँज्न खोज्नु मेरै मूर्खता हो ।

छोडी आएँ आज, आफ्नो प्यारो गाउँ
बिरानो यो ठाऊँ, म कसरी रमाऊँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

"बैनी, यो झोलामा खानेकुरा छ । भोक लाग्यो होला निकालेर खाऊ ।" एकैछिन अगाडि बसमै भेट भ'को हो । एकैछिनमा यति धेरै माया, म दङ्ग परेँ । आफ्नै दिदीसँग छु जस्तो लाग्यो ।

"खाँदिनँ दिदी अहिले भोक छैन ।" –दिदीले धेरै नै कर गरिन्, अनि एउटा अनरसा निकालेर खाएँ ।

रातको एक बजे हामी थानकोट ओर्ल्यौं । काठमाडौं आइपुगियो भन्दै म रमाएँ । चारैतिर झिलिमिलि बत्ती बलेको, बाटो पनि उज्यालो थ्यो । मलाई मध्यरात जस्तो भानै भएन । दिदीको साथ र बच्चाको तोते बोलीले पहिलो चोटि कसैको घरभित्र पस्दा समेत मलाई नौलो लागेन । ज्यान भने थाकेको थ्यो । हातखुट्टा नि नधोइकन पुर्लुक्क पल्टेर निदाइहाल्न मन लाथ्यो तर अरूको घर, कता के कता के ? दिदीले बच्चालाई एउटा पलङ्मा सुताइन् र हामी एकछिनमा सुत्नुपर्छ भनिन् । म पनि अर्को पलङ्मा गएर त्यतिकै कपडा नि नफेरि पल्टिएँ ।

म आडमा सिरानी लिएर ब्ल्याङ्केट ओडेर पल्टिरैथैँ । "अलि पर सर त" भन्दै दिदी आएर टुसुक्क बसिन् र केही कुरा भन्न लाएझैं गरिन् । म उनको आँखामा हेरिरैथैँ । दिदीले आँसु बर्रर खसालिरहिन् र मेरो कपाल मुसार्दै भनिन्– "मलाई आफ्नो ठान्ने र माया गर्ने मान्छे कोही छैन । म माया नपाएर तड्पिरैछु । तिमीलाई आफ्नो बनाउन पाए अनि माया साटासाट गर्न पाए, म कति खुसी हुनेथैँ ।"

म छक परेँ, अनि अचम्म मान्दै सोधेँ– "हजुरको लोग्ने कता हुनुहुन्छ ? आमाबाबु र आफ्ना आफन्ती कोही नभएर यसो भन्नु भ'को हो कि ? मैले त हजुरको कुरै बुझ्न सकिनँ ।"

उनी बरबर आँसु झार्दै फलाक्न थालिन्– "के को लोग्ने ? को हुन् मेरा आमाबाबु ? खै कहाँ छन् मेरा आफ्ना आफन्ती ? लोग्ने छन्

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नलाई बिहा हुनपऱ्यो । आमाबाबु नाममात्रका हुन् । घरजम गरेर बस् भनेर कहिल्यै भनेनन् । मेरो घरबारै हुन दिएनन् । मेरा रहरहरू कहिल्यै बुझ्न खोजेनन् । बैनीलाई पनि बिहा गरेर पठाइदिए । दाइको नि बिहा गर्दिए । भाइलाई नि बुहारी ल्याइदिए । कान्छो भाइको बिहामा रिती, प्रतिभा, अमित, मुकुन्द सबै जना आ-आफ्नो जोडीसँग नाच्दै फुर्फुरिएकाथे । मेरो भने कोही थेनं । दाजुले भाउजू नल्याउँदासम्म त माया गरेझैं लाग्थ्यो । भाउजू पाएपछि त दाजुले पनि वास्तै गर्न छाडेका थिए । मैले कसैको माया पाइनँ । त्यसैले एकदिन ब्यान सबेरै कसैले थाहा नपाउने गरी घर छाडेर हिडें । यतिकै बेहोसीमै काठमाडौं आइपुगिछु । सोह्र महिना नौ दिनका दिन अस्ति मात्रै घरको न्यास्रो लाएर गएकी । भाउजू श्रीवास्तव दाइ नभएको मौका पारेर पोइला गएको खबर सुन्दा तीनछक परें । बिचरा । यी बच्चाहरूको बिचल्ली देखेर कसैलाई थाहै नदिई यिनलाई लिएर आएकी । श्रीवास्तव आउँदै छ रे । उसलाई चाहिं फोन गरिरैथें ।"

दिदीको कुराले मेरो आँसु झऱ्यो । मनमा गुम्सिएका सबै पीडा पोखिन् । उनलाई त आनन्द भो होला तर मलाई साह्रै नराम्रो लाग्यो । उनका कथा र व्यथा सुन्दा सुन्दै ब्यान हुन लागिसकेको थ्यो । एक्कासि जोसिलो परामा दिदीले भनिन्– "तिमी मसँग बिहे गरन है !"

म छक्क परें र आश्चर्य मान्दै भनें– "हजुर, मैले त बुझिँन । के भन्न खोज्नु भ'को ?"

उनले मलाई अङ्गालोमा तान्दै भनिन्– "साँच्चै भनेकी, मलाई बिहा गर्न मन छ । तिमी र म बिहा गरेर सँगै बसौं न ।"

दिदीको बिहा गर्ने कुराले म तीनछक परें । बाँच्नु मात्रै पर्छ के-के

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा सुन्न पाइन्छ । एउटी आइमाईसँग एउटी केटीले बिहा गर्नु रे ! कुरा सुनेर हाँस पनि उठ्यो, रिस पनि । मनमा डर पनि लाग्यो । म अक्क न बक्क भएर अक्मकिँदै बोलेँ– "अबुई ! त्यस्तो पनि हुन्छ र ? के भन्नु भएको हजुरले ? केटी केटीको नि बिहा हुन्छ ? छिः"

उनी भन्दै गइन्– "सायद तिमीसँग मेरो मन मिल्यो । त्यसैले यस्तो कुरा भन्दैछु । पोख्न हुने नहुने सबै कुरा पोखिँदैछन् । म तिमीसँग बिहा गरेर नयाँ जिन्दगी जिउन चाहन्छु ।"

मलाई जिस्के जस्तो लाग्यो, अनि हल्कै रूपमा लिएर भनेँ– "भो अब धेरै नजिस्किनु, सुतौँ, निन्द्राले साह्रै अत्तायो ।"

मेरा आँखा हेर्नै नमिल्ने गरी पोल्न थाले । शरीर थकाईले कटकटी दुखिराथ्यो । दिदी जुरुक्क उठेर दराज खोल्न थालिन् । कपडा फेर्न लागेझैँ लाग्दै थ्यो, म त झपक्कै निदाइछु ।

एकछिनमा उनले मलाई घचघच्याउँदै बोलाइन्– "बैनी तिमीलाई अप्ठ्यारो भो, घुर्न पो थाल्यौ त, यता सजिलो गरी सुत ।" उनले मलाई सार्न खोजिन् । मेरा आँखा खुले । उनको छाती अघिसम्म पोटिलो थ्यो । एक्कासि सुकेको देख्छु । सपना पो हो कि ? आँखा मिच्दै उनको अनुहारमा हेरेँ । अनुहार त उस्तै छ, बोली सुन्छु बोली नि उस्तै छ । फेरि जिउडाल, कपडा सबै केटाको छ । म आत्तिएँ । अर्कै लोग्नेमान्छे पो आए जस्तो लाग्यो । शरीर लगलग काँप्न थाल्यो । मनमा चैते हुरी चल्यो । जुरुक्क उठेर यताउति हेरेँ । वक्षस्थल त टेबलमा पो थ्यो । उसले मलाई केटी बनेर फसाएजस्तो लाग्यो । म डरले काम्दै भाग्न लागेँ । आत्तिएर चिच्याउँदै बाहिर निस्कन खोजेँ । त्यो केटाले मेरो मुख थुनेर "नचिच्याऊ न बैनी, म नै हुँ अगिको दिदी, नडराऊ" भन्दै खाटमा ल्याएर राख्यो ।

उसले पानी दिँदै भन्यो– "लाऊ पानी खाऊ ।"

CC-0. In Public Domain. Digitization by eGangotri

मैले एक गिलास पानी एकै सासमा पिएँ ।

उसले भन्दै गयो– "डराउनु पर्दैन, म केही गर्दिन । म त्यही दिदी हुँ, अघिकै । केटी सम्झेर तिमी मसँग आयौ । केटा जस्तो देखेर भाग्न खोज्यौ, ठीकै हो । मेरो वास्तविक रूप यस्तै छ । हेर त । मेरो अनुहार केटीकै छ । बोली पनि केटीकै छ तर म केटा हो । मेरो शरीर हेर, मेरा हात खुट्टा हेर, मेरो लिङ्ग हेर । म केटो हुँ तर नडराऊ बैनी, म केटी नै हुँ ।"

वनको बाघले नखाए पनि मलाई मनको बाघले खाइ नै रह्यो । तेस्रो लिङ्गी पनि हुन्छन् भन्ने अलि-अलि सुनेकी थैं तर कस्ता हुन्छन्? थाहा थेन । त्यो दिन पहिलो चोटि देखैं र भोलैं पनि । ब्यानको चार बजिसकेको थ्यो । दाजु भनौ कि दिदी, रूप दाजुको थ्यो, बोली दिदीकै । उनी फेरि बोलिन्– "मलाई माफ गर बैनी, आज तिम्रो अगाडि खुल्न चाहैं, सर्वाङ्ग नाङ्गिन चाहैं । यो कुरा कसैलाई पनि नभन्नू । अब सुत्नुपर्छ, अनिधो बसो भने बिरामी भइन्छ ।"

उनी सुतिहालिन् र सुत्नासाथै निदाई पनि हालिन् । मलाई भने डर लागि नै राथ्यो । निस्केर गैजाउँ जस्तो भैरा थ्यो । फेरि निस्कन पनि डर लाग्यो । म सतर्क भएर बसिरहे । उसले उठेर आक्रमण गन्यो भने सामना गर्छु भनेर आँट बटुलिरहैं । आँट बटुल्दा बटुल्दै आँखा चिम्म नगरी उज्यालो भो ।

बच्चाहरु निन्द्रा पुऱ्याएर ब्युँझे । दिदी निन्द्रा नपुऱ्याई ब्युँझिन् । म सुत्दै नसुती ब्युँझैं । कोठामा पुरै उज्यालो आइसक्दा पनि मेरो मन अँध्यारै थ्यो । बच्चाहरु मसँग जिस्कन थाले । दिदीले चिया बनाएर ल्याइन् । उज्यालोमा उनको शिरदेखि पाउसम्म नियालेर हेरैं । निर्दोष मुहार, कोमल शरीर, मधुर बोली, नक्कली स्तन छातीमा टिमिक्क, लिङ्ग पुरूषकै भएपनि मलाई फेरि उनी दिदी जस्तै लाग्यो । तब

CC-0. In Public Domain. Digitization by eGangotri

भने मेरो मनको डर पनि भाग्यो ।

"दिदी अब म जान्छु," चिया पिएर म निस्कने तरखर गर्न थाले ।

"अहिल्यै एकाब्यानै किन जानुपर्‍यो । खाना खाएर नानीहरूलाई स्कुल छोड्न जाँदा सँगै निस्कनु पर्छ । म तिमीलाई गाडी चढाइदिउँला । बस्तै गर म खाना बनाइहाल्छु ।" दिदी बोल्दै किचनतिर लागिन् ।

मैले पनि केही सघाउन चाहेँ तर उनले तरकारी र अचार मात्र बनाउन बाँकी रहेको कुरा गरिन् । अचार बनाउन म सिपालु नै थेँ । त्यसैले मैले अचार बनाउने कुरा गरें । दाल, भात, तरकारी अचार सबै तयार भो । सबै जना सगैं बसेर खायौँ ।

मेरो जीवनको एउटा मीठो अनुभूति, त्यो रहस्यमय क्षण, जीवन भर अविस्मरणीय रहने भो । जीवनमा पहिलो चोटि, फरक धारको पात्रसँग बेग्लै अनुभूति सङ्गाल्न पाएँ । नौ बजेतिर नानीहरूलाई लिएर हामी निस्कियौँ । उनीहरूलाई स्कुलमा छाडेर हामी गफ गर्दै बस स्टेशनतिर लाग्यौँ ।

"कैली मलाई नभुले हई ! जिन्दगीले मलाई यस्तै मोडमा ल्यायो । यसरी जिउने रहर त मलाई पनि कहाँ थ्यो र ! आज नबुझेका कुराहरू भोलि बुझ्दै जान्छ्यौ । समयले धेरै कुरा सिकाउँछ । कहिलेकाही दिदी सम्झेर आउँदै गरे हई ! ऊ त्यो गाडीमा जाऊ, सामाखुसी नै पुर्‍याउँछ त्यसले," दिदी बोल्दै थिइन् ।

"ल त दिदी, राम्रोसँग बस्नुहोला, नानीहरूको राम्रो ख्याल गर्नुहोला," म पनि बोल्दै-बोल्दै गाडी चढेँ । दिदी एक टकले मलाई नै हेरिरहिन् । म पनि झ्यालबाट उनैलाई हेर्दै थेँ, हेर्दाहेर्दै दिदी हराइन् ।

सामाखुसी चोकमा पुगेर मैले फुपूलाई फोन गरेँ । फुपू मलाई लिन आउनुभो अनि हामी गफ गर्दै फुपूको घरतिर लाग्यौँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

२

आमा मेरो सम्भनाको पहिलो पात्र बन्नुभो । सबैभन्दा पहिले मैले आमालाई नै फोन गरें । बाटोभरिका घटनाहरु सुनाएँ । ती थानकोटकी दिदी पनि हाम्रो कुराको विषय बनिन् । आमाले राम्रोसँग पढ्ने सल्लाह दिनु भो । फुपूलाई काम पनि सघाउनु भन्नु भो । मैले 'हुन्छ' भनें अनि एकछिन सानीसँग पनि गफ गरें ।

फुपूको घरमा सानो चिया पसल थ्यो । बाहिर सिमसिम पानी परिरहेको थ्यो । मलाई पानीसँगै रमाऊँभैं लाग्यो । म त त्यहीं बसिरहेकी थैं तर मेरो मन भने पानीमा रूझ्न गयो । एकछिन पछि तातो कफीले रूझेको मनलाई तताउन थालैं । कफीको सुरुप् सुरूप्मा साथ दिने साथी कोही थेनन् । म नौली, अञ्जान र एक्ली थैं, कफी नै मेरो साथी बन्यो । साँझसम्म निरन्तर चार पाँच कप कफीलाई साथी बनाएँ ।

"साँझ झिमिक्कै भैसक्यो जा नानी माथि गएर बस् ।" –फुपूले भन्नुभो ।

मैले भनें– "नाई फुपू, म त हजुरसँगै जान्छु, माथि एक्लै साँझमा डर लाग्छ ।"

मलाई एक्लै माथि जान मन लागेन । फुपूको जीवन पनि मेरी आमाकै जस्तो थ्यो । सायद त्यसैले होला फुपू र आमाको मन पनि मिल्थ्यो । जसरी आमा सानी र मेरो मुख हेरेर बस्नुभा थ्यो त्यसरी नै फुपू पनि एउटा छोराको मुख हेरेर दुःखपीडा सबै भुलेर बस्नुभा थ्यो । म निकै बेरसम्म फुपूसँगै गफ गरेर बसिरहें । घरि घरका कुरा, घरि आमाका कुरा, घरि बहिनीका कुरा, घरि फुपूको छोरो रमन दाइका कुरा त घरि आफ्नै कुरा । कुराहरु तँछाडमछाड गर्दै धेरै

CC-0. In Public Domain. Digitization by eGangotri

आए । फुपूले सानो छँदाका बुबाको र आफ्नो पनि कुरा निकाल्नुभो । कुराहरू सुन्दै जाँदा मन रमाइ रहेथ्यो । फुपूको आफ्नो छोरी नभएर पनि होला मलाई निकै माया गरेजस्तो लाग्थ्यो ।

***

भोलिपल्ट एघार बजेतिर फुपू र म बाहिर निस्कियौं । लिङ्कन कलेज, फुपूको घर नजिकै रैछ । मेरो पढाइ यही कलेजमा हुने भो । फुपूले मेरो भर्ना गरिदिनुभो ।

"तीन दिनपछि पढाइ सुरु हुन्छ, सधैं आउनु । साढे छ बजेबाट क्लास सुरु हुन्छ, नछुटाउनु नि !" खै को हो ? एउटा मान्छे, यस्तै भन्दै थ्यो । मैले खासै चासो दिइनँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

३

कलेजमा सुरू-सुरूका दिनमा खासै पढाइ हुँदैन भन्छन् । को-को राम्रा छन् र को-को नराम्रा भनेर आँखाले जाँच्ने काम मात्र हुन्छ रे । मलाई फेल हुन मन लागेन । त्यसैले राम्री बन्न थालेँ । प्रतिशरा शेरचन (प्रति) मेरी साथी बनिसकेकी थी । अघिल्लो दिन नै फुपूले चिनजान गराइदिनुभा थ्यो । ऊ त झनै राम्री बनेर आइछे । हिउँ जस्तै गोरी, स्याउजस्तै गाला, डल्ली-डल्ली, चिटिक्क परेकी ।

"ओई, धेरै नक्कल नपार, तँ यसै नि राम्री छेस्, झनै राम्री हुन नखोज त, भरे घर फर्किन नपाउलिस् । बैंसको हावाले आजै उडाउला नि । घर फर्कँदा म एक्लै हुन्छु बई ।" –प्रतिले मलाइ जिस्क्याई, अनि हाँसी धोद्रे हाँसो । ऊ भन्थी मलाई राम्री; म भन्थेँ उसलाई । ऊ राम्री शेरचनी, म राम्री बाहुनी । दुवै राम्री कलेजतिर लाग्यौँ ।

मेरो कपाल कम्मरसम्म लर्केको थ्यो । कलेजको ड्रेस तयार भ'कै थेन । घुँडाघुँडा आउने फुलबुट्टे वानपिस लाइथेँ । हिँड्दै गर्दा तल माथि तिघ्रामा काउकुती लाउँथ्यो । म आफूले आफैँलाई हिरोइन ठान्दै आफ्नै धुनमा हिँडिरैथेँ ।

प्रतिले बोलाई– "ओई कैली,"

मैले 'हई' मात्र भने ऊ बोल्दै गई– "सुन् न, कलेजमा कोही राम्रा केटा भएनन् भने त पढ्न नि मन लाग्दैन होला हई ।"

"अँ नि भन्या, हई । कोही राम्रा रैनन् भने नपढौँला नि । क्यान्टिनमा बसेर कफी पिउँदै अरू क्लासको केटाहरूलाई साइड हानौँला हुन्न ।" –मैले भनेँ ।

"अरू क्लासमा नि कोही राम्रा रैनछन् भने नि ?"–फेरि प्रतिले भनी ।

CC-0. In Public Domain. Digitization by eGangotri

"किन नहुने, एउटा न एउटा त भइहाल्छ नि ! त्यसैलाई साइड हानौंला ।"

हामी जिस्कँदै हिंड्दै थ्यौं, कलेज पुगेको पत्तै भएन । क्लासभित्र पस्दा त सबै साथीहरू आइसकेका रैछन् । लास्ट सिटमा बस्ने भन्दै गएका थ्यौं, प्याक भैसकेको रैछ । पहिलो दिन पहिलै सिटमा बसियो ।

सुरूकै क्लास इङ्ग्लिस रैछ । एक जना तालुखुइले सर आउनुभो र लेक्चर सुरू गर्नुभो– "माई नेम इज प्रविनकुमार यादव_ ।" बीस मिनेट जति मज्जाले इङ्ग्लिस छाँट्नुभो । सुन्दा त आनन्दै आउनी । अलि-अलि बुझेर आन्नद, धेरै त नबुझेरै आनन्द । जे होस् मनमा आनन्दकै अनुभूति भइरा थ्यो । प्रतिलाई हेरैं, उसका आँखा भन्दै थे– "कैली, हिँड जाउँ, यहाँबाट बाहिर निस्की हालूँ ।" आँखाले आँखासँग बात मारे र तत्काल सहमति जनाए, "जाउँ जाउँ" तर शरीर उठेन, आँखाको सम्बन्ध पनि छुटेन ।

"छिः कस्तो नमीठो बास्ना आइरहेको !"

पछाडिबाट आएको आवाजले मलाई झस्कायो । प्रतिको आँखासँग बोलिरहेका मेरा आँखा एक्कासि पछाडि फर्किए र त्यो आवाज निकाल्ने केटोका आँखासँग जुध्न पुगे । आँखा बोलेनन् मात्र हेरिरहे, एक टकले ।

त्यो केटो छिनछिनमा हामीलाई नै लक्षित गरेर त्यही वाक्य दोहोऱ्याई रहन्थ्यो– "छिः कस्तो नमीठो बास्ना आइरहेको !"

रिसले म भित्रभित्रै रन्किरैथैं । कलेजको पहिलो दिन, रन्थनिएर बाहिर जान सकिन, त्यो केटोलाई केही भन्न पनि सकिन । केटालाई साइड हान्ने प्लान गर्दै गएका हामी, केटाले नै साइड हान्दा पनि मौन बस्यौं । मनमा खल्लो लाग्यो अनि प्रतिलाइ चिमोटैं । "ऐया

CC-0. In Public Domain. Digitization by eGangotri

नि ।" ऊ चिच्याउँदै बोली– "के भो ? किन चिमोटेकी ?" फेरि त्यही केटो उस्तै शैलीमा बोल्यो– "छिः कस्तो नमीठो बास्ना आइरहेको !"

आफ्नो शरीरलाई नियालेँ । देखिने जति सबै आँखा खोलेर हेरेँ । नदेखिने आँखा बन्द गरेर हेरेँ । गनाएको हो कि बसाएको ? नाक चनाखो बनाएँ । नुहाएर झन् राम्री भएर आएझैँ लागेथ्यो, आफ्नो बास्ना आफैँले सुँघे । मीठो लाग्यो, अनि मनमनै रमाएँ ।

त्यसपछि त्यो केटासँग रिस उठ्यो, आँखा ठुल्ठूला भए, रिसले रातिपिरी भएँ, निधार खुम्चियो, गाली गर्न जिब्रो तम्सियो । म उसलाई गाली गर्न भनेर पछाडि फर्किएँ । मजैले थर्काउने सोच बनाएकी थेँ । उसलाई थर्काउन मेरा ओठ खुलिसकेका थे तर जब मेरा आँखा गएर उसको मुहारमा ठोकिए तब एक्कासि ओठ पनि बन्द भए, अनि आँखाले उसैलाई हेरिरहे ।

उसको चोरऔँलो ओठमाथि टाँसिएर भन्दै थ्यो– "गाली नगर है ।"

केटो राम्रो थ्यो, मैले पनि नाइँ भन्न सकिनँ ।

क्लास सकियो, हल्लाखल्ला गर्दै सबै जना बाहिरिए । मलाई भने बसिरहन मन थ्यो तर क्लासमा त्यतिकै बस्ने कुरा नि भएन, अनि हामी पनि निस्कियौँ । कलेजको पहिलो दिन त्यसरी नै बित्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

४

दोस्रो दिन हामी क्लासमा सबैभन्दा अगाडि पुग्यौं । क्लास सुरु भो । पहिलो घण्टी सकियो, दोस्रो घण्टी पनि सकियो । मेरा कानमा अघिल्लो दिनका शब्दहरु गुञ्जिरहेका थे तर आँखामा अघिल्लो दिनको दृश्य थेन । जब तेस्रो घण्टी सुरु भो तब भने अघिल्लो दिनको दृश्य पनि मेरा आँखा अगाडि उपस्थित भो । आँखा त उनै हुन् तर अघिल्लो दिनको र त्यो दिनको हेराइ मिलेन । केटो निकै राम्रो देखियो ।

आँखालाई पनि राम्रै चाहिने, यो मन पनि राम्रै चाहने । अघिल्लो दिनको 'नमीठो' शब्दले भने मलाई चस्काई रहेकै थ्यो । अचम्म ! उसको मुहार देखेर भित्र-भित्रै मेरो मन खुसी भैरा थ्यो । आँखा चिम्म गर्दापनि ऊ नै नाचिरा थ्यो । ओठहरु चल्नलाई खोजिराथे, जिब्रो बोल्नलाई खोजिरा थ्यो ।

प्रतिसँग मेरो खासखुस चल्न थाल्यो । उसको आवरणको वर्णनमा हामी तल्लिन भयौं । केटो फेशनेवल नै रैछ । पढ्ने ड्याङको चाहिँ हैन । पहिलो घण्टीमा कपाल काटेर दोस्रो घण्टीमा दुम्सीकाँडे बनाएर तेस्रो घण्टीमा हल्लिदैं कलेज जाने खालको । "खुच्चिङ । एकाउण्टको क्लास भैरहेको छ । लु जिस्क्या त हामीलाई ? खुच्चिङ ।"

खुच्चिङ मनाएर स्वाद लिई नसकिंदै सर क्लासबाट निस्कनुभो । ऊ हाम्रो नजिकै आयो । सायद उसलाई नमीठो बास्नाले तानेको हुनपर्छ । नभन्दै उसले तिनै शब्दहरुले सम्बोधन गऱ्यो– "छिः कस्तो नमीठो बास्ना आइरहेको !"

त्यतिखेर भने मेरा आँखा ठूला भएनन्, निधार पनि खुम्चिएन अनि जिब्रो पनि गाली गर्न तम्सिएन । मैले तत्काल उसको 'छिः' शब्दलाई

CC-0. In Public Domain. Digitization by eGangotri

'आहा' र 'नमीठो' शब्दलाई 'मीठो' बनाएर बुझेँ । मन खुसीले मनमनै गद्गद भो । ऊ नजिकिन खोज्यो, म तर्किन खोजेँ ।

"नर्तक न निरमाया !" –उसको मुखबाट दोस्रो वाक्य निस्कियो तर शैली भने उस्तै थ्यो ।

"नमीठो बास्ना सुँघ्न किन नजिक-नजिक आउँदैछौ ?" –मैले नरम स्वरमै भनेँ ।

उसले त कविता नै पो बनायो –

"जति टाढिन खोज्छ्यौ नजिक आइरहुँ झैँ लाइरहने
नमीठै भएपनि तिम्रो बास्ना सुँघिरहुँ झैँ लाइरहने ।"

म पनि के कम सवालको जवाफ त दिनै पर्‍यो, केटो राम्रै छ क्यारे ।

"मलाई देखेसी तिम्रो मन यतै आइरहन्छ
यो नमीठो बास्नाले सधैँ सताइरहन्छ ।"

ऊ खित्का छोडेर हाँस्यो । उसको हाँसोमा क्लासका केही साथीहरूको पनि हाँसो मिसियो । उसको मुहार चम्कँदै गयो, जब मेरो र प्रतिको हाँसोले पनि उसको हाँसोलाई बिस्तारै साथ दियो ।

***

क्लास हुँदैन भन्ने सूचना आयो, "जाम-जाम घर जाम ।" सबैजना आ-आफ्नो घरतिर लागे अनि हामी पनि आफ्नो वासस्थानतिर लाग्यौँ ।

प्रति र म निकैबेरसम्म फुपूको चिया पसलमा बसेर चिया र गफ घोलेर पिईरह्यौँ । केही समय पछि प्रति जुरुक्कै उठी र भनी– "खाना त घरमै खानुपर्छ यार, म त गएँ है कैली ।" ऊ गई पनि हाली ।

म पनि कोठातिर परेँ । त्यतिकै ढल्कन मन लाग्यो, यसो पल्टेकी

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र के थेँ, उसलाई सम्झँदा सम्झँदै झपक्क निदाइछु । ब्युँझदा एक्ली भए झैँ लाग्यो, त्यतिबेला यो मनले भन्दै थ्यो– "कलेज साह्रै रमाइलो ।"

चार बजेतिर प्रतिको फोन आयो । मोवाइलले कानलाई चुम्न नपाउँदै ऊ भन्न थाली– "म न्युरोडको कोइला रेष्टुरेण्ट जान लागेकी । मलाई एउटाले च्यालेन्ज दियो यार ! बाजी राखेको छ, जाने नजाने सर्तमा, त्यसैले जानै पर्ने भो ।"

मैले सोधेँ– "कसले बाजी राख्यो तँसँग ?"

ऊ भन्दै थी– "त्यो सब तँलाई पछि भन्छु, ढिला भैसको अहिले म गएँ ।"

मैले कुरै बुझिन, फोन गरी, जान्छु भनी, केटी गई ।

***

कलेजका दिनहरु रमाइलोसँग बितिरहेका थे । समय बित्तै गयो मौसम पनि परिवर्तन भयो । तुसारो पर्न थाल्यो, जाडो पनि बढ्न थाल्यो । एकदिन म प्रतिलाई कुरेर बाहिर बसिरहेकी थेँ । एक्कासि पानी दर्केर आयो तर ऊ आइन । फोन गरेँ, उठाउँदै उठाइन । मेसेज पठाएँ, त्यसको पनि रिप्लाई आएन । केही बेरमा पानी रोकियो, म कलेज जाऊँ कि नजाऊँ भन्ने दोधारमा परिरैथेँ, त्यति नै बेला प्रतिको मेसेज आयो– "कैली म तँलाई कलेजमै भेट्छु ।"

मलाई झनक्क रिस उठ्यो अनि रिसकै सुरमा कलेजतिर लागेँ । मन अमिलो भो र भित्रभित्रै कुँडियो । मैले रिसलाई कन्ट्रोल गर्दै कलेज जाँदै गर्दा मेरो रिसलाई पानीले पनि ओस्याउँदै गयो, बतासले पनि चिस्याउँदै गयो । कलेज पुग्ने बेलामा मन शान्त भयो, अनि रिस आफैँ हराएर गयो ।

CC-0. In Public Domain. Digitization by eGangotri

म कलेज पुग्दा पहिलो घण्टी सकिएर दोस्रो घण्टी सुरू भ'को थ्यो । प्रति दोस्रो घण्टी पनि आधा सकिएपछि आइपुगी । त्यसको के काम पर्‍यो होला ? मलाई पनि भन्न नहुने, मनमा खुलदुली भइरह्यो ।

सरले क्लासमा पढाइरहँदा हामी आँखाले बोल्ने गर्थ्यौं । त्यो दिन पनि हाम्रा आँखा बोले र नपढ्ने निधो गरे । दुवैजना बाहिर निस्किएर क्यान्टिनतरि लाग्यौं । त्यसरी हामीले पहिलो चोटि क्लास पनि बङ्क हान्यौं ।

बाहिर चिसो सिरेटो चलिरहेको थ्यो । तुसारो पनि फुसफुस झरिरहेको थ्यो । त्यसरी जाडो बडिरहेको थ्यो । हाम्रो जिउ लगलगी काँप्न थाल्यो त्यतिबेला पश्चात्ताप पनि लाग्यो । क्लास बङ्क नहानेको भए हुनेरैछ, भन्ने लागिरह्यो । चिसोले गर्दा होला, दाँतले मुजुरा बजाइरा थे, ओठले भजन गाइरा थे, हात खल्ती भित्र लुकामारी खेल्दै थे । शरीर कक्रक्क परेको थ्यो तर पनि खुट्टा चाहिँ गेट बाहिरको क्यान्टिनतिर लम्किरहेका थे । सधैं देखिने पाले दाइ देखिएनन् त्यो दिन कहिल्यै नदेखिएका पालेहरु देखिए । उनीहरूले हामीलाई बाहिर जानबाट रोके । रमिता हेरेर बस्नु बाहेक हाम्रो अरू कुनै उपाय भएन । त्यसैले एक सर्को सबैलाई हेरें ।

काले, खैरे, सेते, टाटेपाटे, लामकाने, भुत्लुङ्गे सबै खालका कुकुरहरूको उपस्थिति देखियो ।

"कैली, हेर् तेरो साथी नि रैछ । ठ्याक्कै तँ जस्तै यार, कैले कुकुर ।"

प्रति मसँग जिस्किन थाली ।

गेटको ढोकानिर लामकाने कुकुर थ्यो । त्यो घरिघरि हाम्रो नजिकै आउँथ्यो र आफ्ना लामा-लामा कान हल्लाउँदै हाम्रो वरिपरि घुम्थ्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

अरू कोही नाच्दैथे, कोही स्वर मिलाएर गाउँदै थे । कोही कानेखुसी गर्दै थे, कोही चिच्याउँदै मुखामुख गरिरहेका थे ।

कुकुरहरूको चरित्र मान्छेसँग मिलेको देख्दा मलाई अचम्म लाग्यो । आँखाले कुकुरहरूलाई हेरिरहे । मनमा भने अनेक कुरा खेलिरहे । हामीले निकैबेर कुकुरहरूको चर्तिकला हेरिरह्यौं । बिचित्रको लीला ! कुकुरको पनि मान्छेको जस्तै ।

यतिकैमा पालेदाइ देखिए, उनलाई देख्नासाथ प्रति बोली– "दाइ कता हो तपाईं ? गेटमा बस्न छाडेर यता र उता हिँडिरहनु हुन्छ, तपाईंको पनि लभ परेको छ कि के हो ?"

पालेदाइ झरिसकेका दाँतको डोब देखाउँदै ङिच्च हाँसे ।

लाग्यो "दाँतले मुस्कान लाँदोरहेनछ ।"

प्रतिले उनको नामै 'हँसमुखगिजे' राखेकी थी । नभन्दै पालेदाइ गिजा देखाएर हाँस्दै बोले – "बुढेसकालमा के को लभ पर्नु, म पर चिया पसलतिर थैं । के गर्नु आफ्नो जोगड आफैंले गर्नुपर्ने रैछ । यो कलेजले यस्तो चिसोमा पनि एक कप तातो चिया दिंदैन ।"

हामी पालेदाइको कुरा सुन्दैथ्यौं । उनी एक्कासि जङ्गिए र भन्न थाले – "अचम्मको लीला, के-के देख्न पऱ्या हो । कलेजभित्र छिरिनसकी हिँड्न हतार । यो जाडोमा भित्र बसेर नपढेर, जानुस्, जानुस्, भित्र जानुस् । अहिल्यै निस्कन पाइँदैन, जानुहोस् क्लासमा, गएर खुरूखुरू पढ्नुहोस् ।"

पालेदाइको कुराले हामी निरूत्तर भयौं, केही बोल्न सकेनौं अनि चुप लागेर कुकुरको रमिता हेरेर बस्यौं । एकछिन पछि फेरि प्रतिले लाडे स्वरमा भनी– "पाले दाइ, यी कुकुरहरु धपाइदिनुस् न । काम छ के एकछिन बाहिर जानु पर्ने छ ।"

पाले दाइ नरम स्वरमा बोले – "हेर्नुस् न हेर्नुस्, यी कुकुरहरूको

CC-0. In Public Domain. Digitization by eGangotri

जात्रा धीत मरून्जेल हेर्नुहोस् । यस्तो मौका बारबार आउँदैन । कैली नानी यो जिउँदाको जन्ती मर्दाको मलामी भन्ने उखान छ नि । यो त पशुमा पनि लागुहुँदो रैछ । हेर त । यी कुकुरहरूको प्रेम ।"

पालेदाइको स्वभाव अनौठो थ्यो । खुसी हुने र रिसाउने कुनै टुङ्गो थेन । कुकुरहरूको जात्रा सकियो । पालेदाइ जन्ती र मलामी सम्झिन थाले, त्यही मौकामा हामी फुत्त बाहिर निस्कियौँ ।

***

मन मिल्नलाई बानी, व्यवहार, सोच सबै मिल्नुपर्दो रैछ । प्रति र म नवविवाहित दुलहा र दुलही जस्तै मस्कँदै हिडिरहेका थ्यौँ । हामी पार्किङ्मा पुग्यौँ । प्रतिले स्कुटी लिएर आकी रैछ । उसले भनी– "यसैमा जाऊँ है कैली ।"

मैले सोधेँ– "कहाँ जाने हो र हामी ?"

जवाफ आयो– "हिँड् न हिँड् म लैजान्छु तँलाई ।"

प्रतिले जाडोको वास्तै नगरी स्कुटी हुँइक्याई । कोइला रेष्टुडेन्टको कुरा सुन्न मेरा कान आतुर थे तर सुन्न पाएनन् । माघ महिनाको चिसो सिरेटोले जाडो निकै बढेको थ्यो । बाटोमा गाडीहरू खासै चलेका थेनन् । कछुवाको गतिमा हिँड्ने स्कुटी पनि घोडा दौडिए झैँ दौडिएको थ्यो ।

अनामनगर चोकनिर एउटा मान्छे हाम्रो नजिक आएर सोध्यो – "बबरमहलको बाटो यही हो ?"

मैले भने– "होइन ।"

"ऐया नि" उसले आँखा छोप्दै भन्यो । उसको दाहिने हातमा लामा-लामा नङ थे ।

"छ्याः भात खाने हातमा कति लामा नङ, फोहोरी ।" मेरो छुच्चो

CC-0. In Public Domain. Digitization by eGangotri

मुखबाट शब्दहरु फुत्त बाहिर निस्किहाले ।

प्रति चिसोले झन्झनाएको हात झट्कार्दै, स्कुटीको ऐना पुछ्दै अनामनगरको चोकबाट हनुमान स्थानसम्मको बाटोमा रहेका प्रत्येक होटल अगाडि स्कुटी रोक्दै हेर्दै दौडाउँदै गरिराकी थी ।

बाजेको सेकुवा, क्वालिटी क्याफे र रातो भाले हुँदै स्कुटी घुमेर मामाको चुलो अगाडि पुगेर रोकियो ।

हामी रेष्टुरेण्ट भित्र पस्यौं । काउण्टरमा एउटा निकै राम्रो केटो देखियो । प्रतिलाई मनमनै थ्याङ्क्स भन्दै एकछिन हेरिरहेँ । आँखा मोहित भए । मलाई हामी त्यहाँ जानुको कारण पनि सोध्न मन लागेन ।

वेटर अडर लिन आउनुपर्ने हो तर आएन, बरु दीव्या आई । त्यसपछि मात्र काउण्टरबाट आवाज आयो– "बाहिर कस्टमर आउनुभा'छ गएर अर्डर लेऊ त बाबु ।" बोली परिचित झैं लाग्यो । मन झस्क्यो, कतै सुने-सुने जस्तो लाग्यो तर सम्झिन सकिनँ ।

दीव्या र प्रति स्कुल पढ्दा देखिका साथी थे । उनीहरु खासखुस गर्न थाले । म नसुने झैं गरी उनीहरुकै कुरा ठनासिरैथेँ ।

दीव्याले प्रतिलाई भन्दै थी– "लामो कपाल, फ्रेन्च दारी, कालो-कालो थ्यो, राति गाडीमा, मामाको चुलो नै भनेथ्यो ।"

प्रति सोध्दै थी– "नाम के भनेथ्यो नि ?"

दीव्याको उत्तर आयो– "सोधेको भए पो !"

प्रतिले भनी– "जा त काउण्टरमा गएर हेर, एउटा राम्रो केटो छ । त्यही हो की ?"

दीव्या काउण्टरतिर गएर आई तर हो पनि भनिन, हैन पनि ।

दीव्या र प्रतिको कुरा सुनेर मेरो मन भित्रभित्रै तड्पिराथ्यो । म केही बोल्न सकिराकी थिइनँ । कस्तो-कस्तो वैराग्य लाग्यो । रगत जमे-जमे जस्तो, सास पनि रोकिए-रोकिए जस्तो, त्यस्तै कस्तो-कस्तो ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रति मलाई पनि साथ दिन चाहन्थी तर दीव्या उसँग बोलिरा थी । प्रति र म उस्तै थ्यौं तर दीव्या भने अलि घोसे-घोसे थी, मनमा कुरा चपाउने खालकी ।

***

अर्को दिन म कलेज गइनँ । टाउको दुखेर फुट्ला जस्तो भाथ्यो । उठ्ने जाँगरै लागेन । त्यसको भोलिपल्ट पनि उठ्नै सकिनँ । जाडो बढ्दै गइरहेको थ्यो । मलाई निमोनियाले निकै सतायो । अठार दिन त हस्पिटलमै बस्ने बनायो ।

प्रति प्रायः मसँग हस्पिटलमै बस्थी । मेरा हातगोडा सुकेको बाँस जस्ता भए । रगत सुक्दै गएको थ्यो । शरीर पहेँलो हुँदै गयो । मासु सुकेर हाडछाला मात्र रह्यो, ज्यान एकमुट्ठीको भो । मलाई बाँच्छु जस्तो लाग्न छाड्यो । क्लासका साथीहरु सप्पै हुल बाँधेर मलाई हेर्न आए । सायद, अन्तिम पटक हेरौं भनेर होला । मेरो मुखमा अक्सिजन मास्क थ्यो । आँखाले देख्यो तर म बोल्न सकिन । साथीहरु आफू-आफू मुखामुख गरेर बसिरहे, दीव्या मलाई नै हेरिरहेकी थी ।

घाम डुबेपछि फुपू खाना लिएर आउनुहुन्थ्यो । त्यो दिन फुपूले निकै ढिला गर्नुभो । कसैलाई सोध्न सक्थिनँ । माक्स खोलेर बोल्न पनि मिल्थेन । आँखा पनि खोल्न मन लाएन । एकछिन पछि फुपू आउनुभो । आँखा चिम्म भए पनि मनको आँखाले फुपूलाई देखेँ । दीव्या पनि प्रतिसँगै मलाई कुर्न बस्ने भई अनि फुपू खाना छाडेर घर जानुभो ।

मलाई बिमारले झनै च्याप्दै गए झैं लाग्दै थ्यो । हस्पिटल बस्ने दिन थपिने भए, भन्ने लागिरहेको थ्यो । मनमा अनेक कुरा खेलिरहेका थे । मलाई चेक गर्ने डाक्टर प्रतिसँग बोल्दै गरेको

CC-0. In Public Domain. Digitization by eGangotri

देखेँ । डाक्टरले भन्दै थ्यो–"नआत्तिनुहोस् निको हुँदैछ, केही दिनपछि डिस्चार्ज दिन्छौँ ।"

डाक्टरको कुराले सुक्दै गएको आशाको त्यान्द्रो जाग्न खोज्यो । मनमा घाम झुल्कियो । शरीर तात्यो, मलाई निकै न्यानो भो । चन्द्रमा आएर मनभित्र पसिन्, मनमा शीतल भो । तिहारमा घरको वरिपरि दियो बलेझैँ मेरा अङ्ग-अङ्गमा वत्ती बल्न थाल्यो । मन पक्षी बनेर गीत गाउँदै आकाशमा उड्न थाल्यो ।

बल्झिएर आज किन उथल्किए पातहरु
झस्किएर आज किन निस्किरहे आशहरु
बाच्ने र नाच्ने रहर सङ्गालेर भित्र
पलाउँदैछन् मनमा खुसीका अनेक लहरहरु ।

अठार दिनको हस्पिटल बसाई पछि मलाई घरमा लगियो । म कलेज जान भने सकिन । एघार कक्षाको पढाइ पनि सकियो । मैले नपढिकनै परिक्षा दिएँ । परिक्षा सकिए पछि केही दिन कलेज छुट्टी भो । म पनि बिस्तारै निकी हुँदै गएँ । आमाले घर बोलाउनु भो, अनि म केही दिनको लागि घर गएँ ।

***

मृत्युको मुखबाट फर्किएर घर पुगेकी छोरीलाई भेट्दा आमा उत्पातै खुसी हुनुभो । बैनी पनि न्यास्रिएकी रैछ, धेरै खुसी भई । साथीहरु सबै उस्तै थे । सविता र सुनितालाई भेट्न पाइनँ । चाहना हुँदाहुँदै पनि उनीहरुसँग भेट भएन । रिसिकासँग भेट भयो, उसँग भने सबै कुरा भए । त्यसरी पुराना साथीहरुसँगको भेटघाट र आफन्तीको आत्मीयताले एक महिना एकै छिनमा बित्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

५

नाइट बसमा चढेर म ब्यानै काठमाडौं पुगेँ । रातभरिको अनिदो र यात्राको थकाई मेट्न म दिनभरि सुतेँ । भोलिपल्टबाट कलेज थ्यो, त्यसैले उठेर ड्रेस धुएँ, जुत्ता पुछेँ, झोला मिलाएँ । टाई भेटिनँ, खोज्दा-खोज्दै थाकेँ तर टाई भेट्दै भेटिनँ ।

कक्षा बाह्रको पहिलो दिन, डराइ-डराइ कलेज गएँ । टाई चेक भएन, मेरो डर भाग्यो । कक्षामा दीव्या र प्रति गफ गरिरहे । उनीहरूले मेरो वास्तै गरेनन्, नरमाइलो लाग्यो । दीव्या त त्यस्तै हो तर प्रतिको पनि अनौठो व्यवहार देख्दा मलाई रिस उठ्यो ।

कलेज आउँदा जाँदा सधैं मसँग नै आउने जाने प्रति क्लासमा पनि मसँगै बस्थी तर जब दीव्यासँग बोल्थी तब मलाई विचित्रको व्यवहार देखाई रहन्थी । भोलि, पर्सि, निकपपर्सि सधैंको व्यवहार उस्तै हुन थाल्यो । क्लासमा पढ्दा-पढ्दै दीव्या र प्रति काम छ, भन्दै मलाई छाडेर बाहिर निस्कन थाले । मलाई नराम्रो लाग्यो । कलेजमा मिल्ने साथी भनेको त्यही एउटी थी, त्यो पनि मलाई वास्तै गर्न छोडी । कलेज नै नरमाइलो लाग्न थाल्यो । यो साथीको सम्बन्ध नै क्षणिक हुँदो रहेछ भन्ने लाग्यो । साथमा छउन्जेल आन्द्रो गाँसिए जस्तो हुने, केही समय टाढा भएपछि सबै थोक बिर्सने, अनि औपचारिकता मात्र बाँकी रहने । भेटिहाले हाई, हेलो, बाई नत्र केही न केही । मलाई प्रति केही खास लाग्थी त्यसैले उसले मलाई खासै वास्ता नगरेकोमा नराम्रो लागेको हुनुपर्छ । मलाई कलेज जान पनि मन लाग्न छोड्यो । कलेज साह्रै बोरिङ्ग लाग्न थाल्यो । न त मिल्ने साथी न त लभ, पढाइले तान्नै सकेन । त्यसैले मलाई कलेज खास लागेन तर प्रतिको भने माया लागिरह्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

छेकेर कहाँ छेकिन्छ र माया
हेरेर कहाँ देखिन्छ र माया

मनमा महसुस मात्र हुने न हो,
खोजेर कहाँ भेटिन्छ र माया

यो मुटुमा खोपिएको छ चित्र
मेटाउन खोजेर कहाँ मेटिन्छ र माया ।

उसले वास्तै नगरे पनि मलाई भने उसकै माया लागिरह्यो । म बिमारी हुँदा उसले गरेको सहयोग, उसको साथ र उसका हरेक कुराहरु मनमा खेलिरहे ।

एकदिन, ब्यानै मलाई शेरचनी प्रतिले फोन गरी– "आज कलेज नजाने, नुहाएर चिटिक्क परेर आउट ड्रेसमा आइज हई ! अन्तै जाने प्लान छ ।" यति भनी फोन काटिहाली ।

निद्राले छोडिसकेको थेन । म कन्फ्यूज भएँ । दीव्यालाई भनेकी होली, गल्तीले मेरोमा फोन आएको हुनपर्छ, भन्ने लाग्यो । तैपनि फोन गरेर सोधेँ– "के भन्दै थिस् रे प्रति ? फेरि भन्-भन्, म त निद्रामै थेँ केही बुझिनँ ।"

उसले फेरि त्यही कुरा भनी– "आज कलेज नजाने, नुहाएर चिटिक्क परेर आउट ड्रेसमा आइज हई । अन्तै जाने प्लान छ । सकेसम्म चाँडो गर् ल ।"

ल ल भन्दै फोन काटेँ । उसले मलाई नै भनेकी रैछ ।

अचम्मै भो, मनमा कौतुहलता जाग्यो । कता-कता डर पनिं लाग्यो । एक्कासि गाडीमा भेटिएकी थानकोटमा बस्ने ती दिदीको याद आयो । उनी धेरै पछि झ्याप्पै मेरा आँखामा आएर नाच्न थालिन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

आँखा लोलाए, हात डराए, जिउ काप्न थाल्यो, बिस्तारै बत्ती बालेँ, अनि मात्र उज्यालोको डरले मेरो मनको डर भाग्यो ।

गुलाबी, फिका-फिका फूलवाला कुर्ता, नेभी ब्लू कलरको सुरूवाल र तीन इन्चको पेन्सिल हिल लगाएर ५.६ इन्चकी म ५.९ की भएँ । हातमा भ्यास्लिन लगाएँ, मुहारमा सनस्क्रिन घसेँ । मयुरको प्वाँख जस्तो इयर्लिङ कानमा झुण्ड्याएँ र गाडा पिङ्क कलरको लिपिस्टिक ओठमा चप्काएर म निस्किएँ ।

***

शरद ऋतु जाडोलाई स्वागत गर्न तयार थ्यो । चाडपर्व चारैतिरबाट आउने जाने गर्दै थे । चारैतिर हरियाली छाएको थ्यो । सबैको मनमा उमङ्ग र तनमा जोश पलाएको थ्यो ।

दस मिटर जति हिँडेकी थैं । कसैले मेरो आँखा थुन्यो । प्रति नै हो भनेर चिनिसकेकी थैं तर नचिनेझैं गरी भनैं– "को हो ?" उसले मलाई डोऱ्याउँदै आफ्नो स्कुटी अगाडि पुऱ्याई र मेरो अगाडि उभिएर बिस्तारै हात हटाउँदै भनी– "सरप्राइज !"

सरप्राइज ऊ आफैं रैछ । दुवै जना एक अर्कालाई हेऱ्याहेऱ्यैं भइयो ।

यल्लो कलरको प्लेन चुडिदार कुर्ता सुरूवाल, स्काइ ब्लू कलरको इयर्लिङ, निधारमा गोलो टीका, ओठमा गाढा पिङ्क कलरको लिपिस्टिक, स्ट्रेट कपाल, झट्ट हेर्दा नेपालको पुरानो हिरोइन जल शाह जस्तै तर अलि डल्ली । ठ्याक्कै बिहान मन्दिर जान लागेकी केटी जस्तै, प्रति धेरै सुन्दरी देखिएकी थी ।

सोध्न मन लाग्यो– "कता लैजान लागिस् त नि मलाई ?"

उसले भनी– "बस् न स्कुटीमा, कता-कता लान्छु हुँदै जा !"

CC-0. In Public Domain. Digitization by eGangotri

म पछाडि बसेँ । उसले स्कुटी हाँकी । उसका सिल्की केशहरु हावासँग लहरिँदै मेरो गाला सुम्सुम्याई रहेका थे । मेरा केश पनि उसै गरी हावामा लहरिँदै र उफ्रिँदै नाचिरहेका थे ।

बिहानको समय, खुल्ला बाटो, सुनसान सहर । प्रतिले स्कुटीको एक्सिलेटर मजैले बटारी रैथी, उस्तै गरी झ्याप-झ्याप ब्रेक पनि हानिरन्थी । लाग्दैथ्यो "अब यसले कता लगेर केमा ठोकाउँछे ।"

मन्दिर जान लागेझैं त लागेथ्यो नभन्दै बङ्गलामुखी मन्दिर अगाडि स्कुटी रोकियो । प्रति बोली– "यही हो आजको अर्को सरप्राइज ।"

दुवैले पूजाको सामान (चन्दन, अक्षता, जौ, जल, अगरबत्ती, नरिवल र अलिकति फलफूल) किन्यौँ र पूजा गर्न भनेर लाइनमा बस्यौँ । प्रति मेरो अगाडि, म उसको पछाडि, मेरो पछाडि भने कोही थेनन् । लाइन छोटो हुँदै गर्दा मेरो पछाडि पनि भक्तजनहरु थपिँदै गइरहेका थे । मन्दिरभित्र पुजारी बालाई पुजा गर्न भ्याइनभ्याइ थ्यो । हामीले पनि पूजा गऱ्यौँ ।

हामी मुख्य मन्दिरभन्दा बाहिरका मूर्तिहरुमा पैसा र फूल चढाउँदै, ढोग्दै, मस्कँदै हिँड्यौँ । प्रति साह्रै खुसी भई । गोरो अनुहार, हातमा पुजाको थाली, निधारमा रातो टीका ऊ बङ्गलामुखीमाई जस्तै चम्किरही ।

उसले मलाई कास्टिङ्ग देखाई र खास सरप्राइज बाँकी नै छ, भन्दै अगाडि आएकै बाटो फर्काई । मन आनन्दित थ्यो, अगाडिको जसरी स्कुटी पनि हुइँकिएको थेन । हामी गफ गर्दै थ्यौँ । बिस्तारै मामाको चुलो अगाडि पुगेर स्कुटी रोकियो । प्रतिले मलाई सानो चेपबाट भित्र लगी । रेष्टुरेण्ट बाहिरबाट हेर्दा त सानो थ्यो । भित्र त ठूलै रैछ । प्रतिले एउटा रूममा लगी र मलाई बस्ने इसारा गर्दै

CC-0. In Public Domain. Digitization by eGangotri

ऊ मोबाइल थिच्न थाली । उसले निकैबेर फोन घुमाई तर कसैले फोन उठाएनन् ।

एकछिन पछि एक जोडी कोठाभित्र पसे । दीव्या मुसुमुसु हाँसी । उसँगै आएको केटोले हात अगाडि बढाउँदै भन्यो– "म अनुराग पौडेल ।"

मैले पनि हात मिलाउँदै भनैं– "म कैली शर्मा ।"

उसले मेरो अनुहारमा हेरिरह्यो । मैले पनि उसको अनुहारमा हेरिरहैं । कता-कता देखे-देखे जस्तो लाग्यो । उसलाई पनि त्यस्तै लागेछ, अनि उसैले भन्यो– "तिमीलाई कता-कता देखेझैं लागि रहेको छ ।"

मैले पनि सहमति जनाएँ– "सायद हुनसक्छ, मलाई पनि त्यस्तै लाग्यो ।"

प्रतिले सोधी– "किन ढिला गरेको नि तिमीहरु आउनलाई ?"

"अँ ढिलै भो" दीव्याले उत्तर दिई ।

अनुराग मुसुमुसु हाँस्दै बसिरहे ।

प्रतिले दीव्यातिर फर्केर भनी– "तिमीहरुले जानिजानी फोन नउठाएका हैनौ । केमा व्यस्त थ्यौ ?" दीव्या केही बोलिन, प्रतिलाई हेरेर हाँसी मात्र रही । सायद उनीहरु हाम्रो अगाडि भन्न नमिल्ने काममा व्यस्त थे ।

अनुरागले वेटरलाई बोलाएर स्लाइस मगाए । उनको आफ्नै रेष्टुरेन्ट रैछ, तैपनि हैन जस्तै गरेर हामीसँग गफ गरिरहे । पाँच ओटा स्लाइस आयो तर हामी चार जना थ्यौं । कविर आउँदै छ भन्ने कुरा थाहा भो । प्रति र स्लाइस दुवैले उसलाई पर्खिरहे ।

गाँस छोड्नु तर साथ नछोड्नु भन्छन् । मन नलागी-नलागी भए पनि साथीहरुको खुसीका लागि म पनि बसिरहैं । उनीहरुको हाँसोमा

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो रून्चे हाँसो मिसाएर हाँसिरहैं । अनुरागका आँखा छिनछिनमा मेरा आँखासँग जुध्न आउँथे । मलाई अप्ठ्यारो लागिरहेको थ्यो तर पनि मौन बसिरहैं ।

हातमा केक बोकेर प्रतिको हिरो कविर मुस्कुराउँदै आयो । उसले केक प्रतिको हातमा थमाइदियो र सबैलाई 'हाई' भन्दै मेरै छेउमा आएर बस्यो ।

"ह्याप्पी बर्थडे टु यू दीव्या+अनुराग" केकमा लेखिएका शब्द पढेपछिमात्र मलाई थाहा भो । त्यो दिन दीव्या र अनुराग दुवैको बर्थ डे रहेछ ।

प्रतिले भनेको मुख्य सरप्राइज पनि त्यही रहेछ । सबैजनाले शुभकामना दियौं । कविरले माला पनि लगाइदिए र जिस्किँदै भने –"अब रिङ साटासाट गऱ्यौ भने तिमीहरूको बिहा पक्का । ल भन दीव्या, के छ तिम्रो बिचार ?"

दीव्याले पनि हाँस्दै भनी– "हुन्छ म त राजी ।"

कविर फेरि बोले– "अनि अनुराग, के छ विचार ?"

अनुरागले पनि खुलेरै भने– "म त झन् जहिल्यै राजी ।"

यो संसारमा धेरै मान्छेका धेरै कुराहरु मिल्दा रहेछन् । मेरो भने त्यतिबेलासम्म कसैसँग केही मिलेको थेन । कविर र अनुराग मलाई पनि राम्रै लागेका हुन् तर उनीहरूसँग मेरो मन मिल्न सकेन । राम्रो मान्छे साथीको हुँदा मन रमाउनु पर्ने हो तर खै ! किन-किन मेरो मन रमाउनै सकेन । अगाडिका सर्प्राइजमा नाचेको मन त्यो सर्प्राइजले नाच्न सकेन । मुटुमा काँडा बिझ्यो र च्वास । च्वास । घोच्न थाल्यो । मेरो मन छियाछिया भो ।

केक काटियो, धुमधामले जन्मदिन मनाइयो । गुलियो केक पनि मलाई खल्लो लाग्यो । डीजे हलमा गएर सबैजना नाच्न थाले ।

CC-0. In Public Domain. Digitization by eGangotri

'डिजेवाला बाबु मेरा गाना बजादे_।' सबैथोक भुलेर म पनि केहीबेर नाचेँ । साथीहरु जोडी-जोडी भएर कम्मरमा हात राखेर नाच्न थाले । म एक्ली, हलुवामा बालुवा हुन मन लागेन अनि म विना स्वादका विभिन्न परिकार खाएरै रमाएँ ।

'कैलीको पनि जोडी मिलाउनु पऱ्यो यार ।' दीव्या प्रतितिर फर्केर बोली ।

'म विचार गरिरैछु, भने जस्तो नपाएर मात्रै अड्किएको हो ।' –प्रतिले भनी ।

'मिल्ला कुनै दिन' मलाई बोल्न करै लाग्यो ।

'अहिल्यै मिले कति रमाइलो हुन्थ्यो ।' –कविरले जिस्काए ।

'मिल्ला मिल्ला जस्तो त भा हो तर मिलेन ।' –म पनि जिस्किएँ ।

'को हो त्यो ? भन न हामी मिलाउँछौ ।' –अनुराग र कविर दुवै एकै स्वरमा बोले ।

मैले भनेँ– 'मलाई मन परेको मान्छे हो, आँखा मिले तर उसँग मन मिलेन ।'

'को रैछ त्यस्तो अभागी ? कैलीसँग मन नमिलाउने ।' कविरले भने, सँगसँगै अनुरागले पनि थपे– 'अनि त । अभागी मोरो कहाँ गएर फस्ने हो !'

'फसिसक्यौ अनुराग' भनेर भन्न मन थ्यो ।

'कविर, तिमी नै हौ त्यो अभागी' भनेर चिच्याउन मन थ्यो तर बोली आएन । म टोलाई रहेँ ।

'तिमीले हामीलाई कुरा लुकाइरैछौ कैली ?' कविरको आवाजले म झस्किएँ ।

'मलाई लागेछ ।' –मेरो मुखबाट त्यही शब्द निस्कियो ।

'के लागेछ कैली ?' –अनुरागले थप्यो ।

'नशा अनुराग नशा !' म भावुक बनेँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

ऊ भन्दै थ्यो– "के को नशा कैली ?"

चिच्याएर भन्न मन थ्यो– 'तिम्रो मायाको नशा' तर मेरो जिब्रो चलेन । म बोल्न सकिनँ ।

"जाबो एक दुई सर्को हुक्का न तानेकी हौ नि । त्यतिले नै नशा लाग्छ र ?" कविर बोल्दै थे ।

"मलाई लाग्यो कविर, तिमीलाई के थाहा छ ? भो नबोल । प्रति घर जाने हैन ?" मैले कुरा अन्तै मोड्न खोजेँ ।

"म पनि जाने हो अब, कैली, तिमीलाई म छोड्दिदऊँ ?" कविर मसँग जिस्किरहेकै थ्यो ।

'मनकै कुरा भन्यौ' मनमनै सोचेँ अनि भनेँ– "हुन्छ । हिँड न त जाम ।"

प्रतिले तगारो लगाई हाली– "एकछिन बस न कविर, सबैजना सँगै जानुपर्छ ।"

बाइकको साँचो दाहिने हातको चोर औंलाले घुमाउँदै कविर बोल्यो– "मेरो काम छ, अब जानुपर्छ, ढिला हुन्छ म गएँ ।" कविरले हिँड्ने तर्खर गर्‍यो ।

"खाना खाएर जाऊ न" –अनुरागले भन्यो ।

"मलाई ढिला भैसक्यो, दुईवटा गर्लफ्रेन्ड बरू दिलमा अट्लान । पेटमा ठाउँ खाली छैन यार ।" कविर जिस्किरहेकै थ्यो ।

मलाई बोल्न करै लाग्यो– "तिमीले मापसे गरेका छौ, बाइकमा नजाऊ । एकछिनमा सबैजना सँगै जाउँला । के को हतार ? बस खुरुक्क ।"

"साँच्चै हो त कैली ? बस्ने नै हो त म ? कैलीले नै बस भनेपछि अब कसरी जानू । ल म बसेँ हई ।" कविर जिस्कँदै मेरै छेउमा आएर बस्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिले त्यो दिन दीव्याकोमा बस्ने कुरा गरी । मैले पनि सहमति जनाएँ । कविर हामीलाई दीव्याको घरमा छोड्न जाने भए ।

उता दीव्याको हात समातेर अनुराग भन्दै थ्यो– 'तिमीलाई छोडेर कसरी जानू प्रिये ?'

दीव्या भन्दै थी– 'जसरी आएको त्यसरी नै ।'

कविरले जिद्धी गऱ्यो– 'नाइँ, म त एक्लै जाँदै जान्न । कि तिमी पनि मसँग हिँड, कि मलाई पनि तिमीसँगै लैजाऊ ।'

दीव्या भन्दै थी– 'कस्तो कुरा गरेको ? तिमीलाई लान पनि मिल्दैन, म तिमीसँग जान पनि मिल्दैन । मलाई मामूले मारिसिन्छ ।'

प्रति र मलाई फसाद पऱ्यो । अप्ठ्यारो मान्दै-मान्दै प्रतिले दीव्यालाई भनी– 'जा न त जा, म र कैली मेरै घरमा गएर बस्छौँ । दुवैको वर्थडे पनि हो क्यारे । आज मोज गर ।'

'हुँदैन, मलाई बाहिर बस्न अलाउड छैन । घरमा पनि वर्थडे मनाउनुपर्छ । मामू रिसाइसिन्छ ।' –दीव्याले भनी ।

अनुरागले मौकामा चौका हानिहाल्यो– 'लु भो बहाना नबनाऊ, आज सबै जना यहीँ बसौँ ।'

'यो पनि हुँदैन, त्यो पनि हुँदैन । अहिलेसम्म म प्रतिकोमा त बसेकी छैन । जति रात परे पनि घर फर्कनैपर्छ ।' –दीव्याले रिसाउँदै भनी ।

'आज एक दिन त हो नि । मामूलाई फोन गरेर फकाऊ न, मानिहाल्नुहुन्छ नि ।' अनुरागले फकाउँदै थ्यो ।

'मिल्दैन भनेसी मिल्दैन मिल्दैन, कति जिद्धी गरेको ?' –दीव्या झर्की ।

मेरो त सातै उड्यो ।

'अब हामी जान्छौँ ।' –दीव्याले अनुरागतिर हेरेर भनी ।

CC-0. In Public Domain. Digitization by eGangotri

अनुराग केही नबोली पराजित मानसिकताले फन्किँदै हिँड्यो ।

म, प्रति र दीव्या, कविरसँग बिदा भएर दीव्याको घर गयौं ।

***

दीव्याको ममी भान्सा कोठामा खाना बनाइरहनु भएको थ्यो । "आन्टी नमस्कार !" हामीले भान्सा कोठामै गएर दीव्याको ममीलाई भेट्यौं ।

"नमस्कार । सञ्चै छौ तिमीहरु ?"

"हजुर आन्टी ।"

"आज दीव्याको वर्थडे भएर त आयौ नि । होइन भने कहिल्यै आउने होइनौ ।" आन्टी भन्दै हुनुहुन्थ्यो ।

"त्यस्तो होइन आन्टी, आइहाल्छौं नि !" –प्रतिले भनी ।

"तिमीहरूलाई भोक लाग्यो होला, एकछिनमा केक काटौला । बस्दै गर है, म सब्जी बनाउँछु ।" आन्टी सब्जी पकाउन थाल्नुभो ।

"हवस् आन्टी भैहाल्छ नि !" हामी बोल्दै बोल्दै बैठक कोठातिर गयौं ।

कोठामा सबैभन्दा खुसी दीव्याको भाइ दिवस देखिन्थ्यो । ऊ सात कक्षामा पढ्थ्यो । उसले लगभग सातै चोटि सोधिसकेको थ्यो– "दिदी, केक कति बेला काट्ने ?"

"अब काट्ने एक छिन पख् न !"

दीव्या भाइलाई सम्झाई रहेकी थी । उसको जन्मदिन सबैभन्दा खुसी त ऊ हुनपर्ने तर ऊ नै कोठामा सबैभन्दा दुःखी देखिन्थी ।

बिचरा दीव्या । केक काट्दा पनि हाँस्न सकिन ।

दीव्याले अनुरागलाई थर्काएको सम्झिरही अनि पश्चात्तापमा जलिरही । अनुरागले न फोन गर्‍यो न त फोन नै उठायो । उसले

CC-0. In Public Domain. Digitization by eGangotri

"घर पुग्यौ ?" भनेर मेसेज पनि लेखेन अनि "हामी घर आइपुग्यौं ।" भन्ने म्यासेको रिप्लाई पनि गरेन ।

दीव्या मजैले झोँक्केकी थी । नहुने कुरामा कर गरेसी झोँक्किन नि पऱ्यो । नबुझ्ने रैछन् केटाहरु, साह्रै स्वार्थी हुँदारहेछन् ।

राति दश बजेतिर अनुरागले यस्तो मेसेज गऱ्यो–

"मुटुभित्र खोजिहेर, म तिमीमा नै छु
आँखा चिम्लि सोचिहेर म तिमीमा नै छु
दु:ख लाग्दो रैछ मायाले मन दुखाउँदा
आँसु झर्दो रैछ मायाले चोट पुऱ्याउँदा ।
(आँसु झर्दै गरेको दुईवटा इमो तप । तप ।)
नाटकी, खुबै नाटक गर्न जानेकी रैछ्यौ ।"

दीव्याको आँखामा आसुको मूल नै फुट्यो । जन्मदिनको दिन दुवैजना दुखी हुनपर्यो ।

दीव्याले मेसेज गरी–

"फोन उठाऊ न एकछिन गफ गर्नु छ ।
सरी, नरिसाउन के ।
बुझ न, जिन्दगी भरि तिम्रो हात समाउने
अनि तिमीसँगै रमाउने मै त हुँ नि ।
तिमीलाई रूवाउन खोजेको हैन के,
मेरो पनि समस्या बुझन
म त सधैं तिम्रै त हुँ नि ।
प्लिज, प्लिज, प्लिज सरी
लभ यू ।"

अनुरागले फोन उठाउँदै उठाएन, फेरि मेसेज पनि पठाएन । दीव्या अनुरागको फोटो हेरेर बसिरही ।

CC-0. In Public Domain. Digitization by eGangotri

"भो भो धेरै टेन्सन नलि के । भोलि त्यसको रिस मरेपछि तँलाई आफैं सरी भन्दै फोन गर्छ ।" प्रति दीव्यालाई सम्झाउँदै थी ।

दीव्या रून्चे स्वरमा भन्दै थी– "यस्तो त कहिल्यै गर्दैनथ्यो । अनुरागलाई आज के भो के ?"

बाहुनले च्याउ खाओस् न च्याउको स्वाद जानोस् । आफूलाई माया कस्तो-कस्तो ? कसैसँग लभ परेको भए पो जान्नु । उनीहरु कुरा गरिरहेका थे म त भुसुक्क निदाईछु । ब्युझिँदा दुवै जना ओछ्यानमा थेनन् । कतिबेला सुते कति बेला उठे, मैले केही पत्तो पाइनँ ।

***

म सुतिरहेकी थैं एकैछिनमा प्रति आई र मलाई झकझकाउँदै भन्न थाली–

"ओइ कैली, उठ्"

–एकैछिन सुत्छु नि !

"उज्यालो भैसक्यो"

–एकैछिन के ।

"ढिला हुन्छ फेरि"

–एकैछिन त हो नि ।

"म चाहिँ घर गएँ अब तँ यहीं सुतिराख् ।"

–एकैछिन पख् न के ।

उनीहरुको लवर प्यारो, आफ्नो त निन्द्रै प्यारो, सपना पनि निदाकै देख्छु ।

CC-0. In Public Domain. Digitization by eGangotri

६

एक हप्तासम्म दीव्याको नाकमुख देखिएन । ऊ कलेज पनि गइन । खासै मनपेट खोल्ने साथी नभएता पनि मलाई त्यो घटनाले तान्यो अनि अलि नजिक बनायो । के गर्दै होली ? अनुरागले भेट्यो कि भेटेन । जान्ने इच्छा पनि जाग्यो । त्यसैले प्रतिसँग बसेर रातभरि कुरा गर्ने मनसायले म फुपूसँग बिदा मागेर अर्को दिन उतैबाट कलेज जाने गरी निस्किएँ ।

प्रति खाना बनाउने तरखर गर्दै रैछे । उसलाई भेट्नासाथै मलाई दीव्याकै बारेमा सोध्न मन लाग्यो, अनि सोधि पनि हालें– "ओई दीव्याको खबर के छ ?"

"खै के छ ? तँ जस्तो म पनि त्यस्तै । न फोन भा'छ, न त भेट नै ।"

दीव्या त प्रतिसँग पनि सम्पर्कमा रैनछे । प्रतिले खाना खाएर सुत्ने बेलामा कुरा गरौंला भनी, अनि मैले पनि सहमति जनाएँ । हामी दुवैजना भान्साको काममा लाग्यौं ।

खाना खाएर थालमै चुठेर हामी कोठामा छिर्‍यौं, अनि एउटै सिरकमा गुट्मुटिएर गफ गर्न थाल्यौं । प्रतिले दीव्यालाई फोन गरी तर उसले फोन उठाउँदै उठाइन । तीन चोटिसम्म नउठाए पछि अनलाइनमा छ कि भनेर चेक गर्‍यौं । नभन्दै केटी अनलाइनमै रैछ ।

प्रतिले मेसेज टाइप गर्न थाली– "ओई, के छ तेरो खबर ? सम्पर्क विहीन भैस् त । तेरो हिरो कता छ आजभोलि ?"

दीव्याले मेसेजको भने रिप्लाई पठाई– "ठीकै छ मेरो त । उसको त खै के छ, थाहा भएन ।"

प्रतिले सोधी– "गफगाफ, भेटघाट केही भ'को छैन तिमीहरूको ?"

CC-0. In Public Domain. Digitization by eGangotri

च्याटमा भने दीव्याले मजैले कुरा गरी– "त्यही वर्थडेको दिन मेसेज गरेपछि अहिलेसम्म बोलेको छैन । जे सुकै होस्, म पनि केही मतलब राख्दिन अब ।"

उनीहरु च्याट गर्न थाले, म हेरेर बसिरहें–

प्रति– त्यसपछि कुरै भ'को छैन ?

दीव्या– उम् ।

प्रति– के भा रैछ त्यसलाई ?

दीव्या– खै के भा छ ? उही जानोस् !

प्रति– कहीं नभा घमण्डी रैछ ।

दीव्या– उम् ।

प्रति– कस्तो अचम्मको मान्छे यार !

दीव्या– अँ भन्या, नसक्नुको रैछ । एकछिन मीठो माया देखायो अनि आफैं हरायो ।

प्रति– कस्तो मन होला, बैगुनीको ?

दीव्या– त्यै त भनेको, दुई दिन रमाइलो गरायो अनि जिन्दगीभरिलाई पुग्ने चोट दिएर गयो ।

प्रति– हो है रानी, मन मानेन ?

दीव्या– मनाउँछु अब, यो मायाको भोक कहिले पो मेटिन्छ र ।

प्रति– त्यस्को तन भोकाएको बेला भोक मेट्न नपाएर टाढा भ'को हो कि ?

दीव्या– केटाहरुको जातै स्वार्थी, अब म पनि वास्ता गर्दिन । मेसेज गर्दिसकें मैले ।

प्रति– के भनेर गरिस् ?

दीव्या– एकछिन पख् ल, म तँलाई फर्वाड गर्छु ।

प्रति– ओके प्यारी,

CC-0. In Public Domain. Digitization by eGangotri

दीव्याले अनुरागलाई पठाको मेसेज फर्वाड गरी, जुन यस्तो थ्यो– "मैले यति धेरै माया गर्दा पनि तिमीले मेरो मायालाई बुझेनौ । तिमीले मायाको कदरै गर्न जानेनौ । आफ्नै कुरालाई माथि राख्यौ । मलाई बुझ्नै खोजेनौ । मेरो जीवनमा तिमी जस्ता अरू नआएका हैनन् तर पनि मैले सधैँभरि तिमीलाई नै आफ्नो ठानेँ । सायद मेरो गल्ती यही होला । सबै कुरा बुझेर पनि अबुझ बन्यौ । तिमीले जिन्दगीलाई बुझेकै रैनछौ । यात्रा त्यति सजिलो हुन्न साथी । स्वार्थ राखेर माया लाएका रैछौ । तिम्रो स्वार्थ पुरा गरिदिने केटी भेटेऊ होला हैन ? ठीकै छ, म तिमीलाई सम्झेरै चित्त बुझाउँछु । तिमीलाई कुनै दिन अतीत सम्झेर पछुताउन नपरोस् । समयले सबैलाई पाठ सिकाउँछ । आज म सिक्दैछु, भोलि तिमीले पनि सिक्नेछौ । म भन्दा राम्री केटी बिहा गर्नू । मलाई सम्झेर कहिल्यै तड्पिन नपरोस् । के गर्नु, मैले तिमीलाई माया गर्न जानिन ।

भगवानले तिम्रो रक्षा गरून्
सदैव खुसी बनाएर राखुन् ।

मेरो मन टुट्यो, म तिम्रो मायाले अगाएँ, अब मलाई पुग्यो, जिन्दगी भरिलाई पुग्यो । मलाई कहिल्यै नसम्झिनु, अलबिदा ।"

प्रति– किन यस्तो लेखेकी ? आवेसमा नआकी भए हुन्थ्यो नि ।

दीव्या– सहन सकिनँ यार, मनमा अटाएन पोखिदिएँ ।

प्रति- कलेज आउँदिनस् ?

दीव्या– एकदुई दिनपछि मन हल्का भयो भने आउँछु ।

प्रति– ओके, आई मिस यू प्यारी ।

दीव्या– ओके, मिस यू टु, तैँ त छेस् नि अब मेरो भन्नु ।

प्रति–बाई प्यारी ।

दीव्या– बाई ।

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी उनीहरूले कुरा सकाए, म हेरेर बसिरहेँ ।केटाहरु साह्रै स्वार्थी हुँदा रहेछन् भन्ने लाग्यो । उसले भनेको दीव्याले मानिन भनेर त्यो कति ठूलो पल्टेको ? साह्रै बैगुनी रैछ त्यो अनुराग त ! मायाको नाटक मात्रै गरेको रैछ । विचरा ! दीव्या, मलाई एक्कासि दीव्याको माया लागेर आयो, अनि प्रतिलाई पनि सम्झाउन थालेँ– "कविरको पनि भर नपर् है केटी । तँलाई पनि धोका देला नि । तँ भने मरिहत्ते गर्छेस् । उसले खासै भाउ दिए जस्तो लाग्दैन । बेलैमा बिचार गर् है ।"

प्रतिले पनि उनीहरूको भित्री कुरा खोल्न थाली– "लगभग धोका दिई नै सक्यो नि । विचार गरी रैछु । मलाई पनि आजभोलि त्यसको भर लाग्दैन । ऊ गुरूङ म क्षेत्री हाम्रो जात मिल्दैन रे ! तिमीसँग मेरो बिहा नहुन सक्छ, भन्दै थ्यो ।"

मैले भनेँ– "जातमा के हुन्छ र ? मान्छेहरु अहिलेको जमानामा पनि जातको पछि लाग्छन् । यो समाज कहिल्यै परिवर्तन नहुने भो । मन मिलेसी त भैगो नि । जातले न खान दिन्छ न लगाउन ।"

प्रति मेरो कुरामा सहमति जनाउँदै गई– "मैले पनि यही कुरा भनेकी हुँ । आजभोली भेट्यो कि किचकिच गर्न थालिहाल्छ, वाक्क लाउँछ भन्या । उसोभए नभेटुँ, अब नबोलुँ भन्छु, त्यो पनि मान्दैन । सधैं भेट्न खोज्छ, बोल्न खोज्छ । मलाई भेट्नको लागि जहाँ भनो त्यहीँ आउँछ अनि एकछिन गफ गर्न नपाई अनेक बहाना बनाउँछ, हिँडिहाल्छ । आफूलाई सँगै बसेर कत्ति गफ गर्न मन लाउँछ । आँखामा आँखा जुधाएर घण्टौं हराउन मन लाउँछ । मुटुभरि भरिएर आएको माया पोखाउन मन लाउँछ । ऊ भने मेरो चाहना अधुरै छाडेर बिच्क्याएर जान्छ ।"

बिचरा ! प्रति, सङ्कटमा परिछे । कत्ति न माया बुझे जसरी म

22296

CC-0. In Public Domain. Digitization by eGangotri

उसलाई सम्झाउन तम्सिएँ– "हेर् प्रति, कविरले तँलाई माया नगर्ने चाहिँ होइन तर तँसँग बिहा चाहिँ नगर्ने रैछ । त्यही भएर धेरै नजिक हुन नखोजेको होला । तँलाई भुल्न नसकेर, तेरो यादले सताएर भेट्न चाहिँ आइरहन मन लागेको हुनपर्छ । अनि फेरि धेरै बेर बस्यो भने धेरै थोक हुन्छ भनेर डराएको हुनपर्छ । उसले भनी नै सक्या रैछ, तँसँग बिहा हुँदैन भनेर, फेरि तँ किन भेट्न गैरकी नि ? भो पर्दैन अब नभेट् । यस्तो फेद न टुप्पोको मायाले जिन्दगी चल्दैन । त्यसको झुटो मायामा नअल्झी, अब भुलिदे त्यसलाई । भनिदे सबै, बिनापत्तामा के नाटक हेरेर बस्छेस् । त्यस्ता केटा जत्ति पाइन्छन् । आफ्नो कोही नहुँदा त भैराछ ।" मैले रिस देखाए झैं गरी भनैं ।

प्रति उनिहरूको बीचमा भएका सबै कुरा यसरी भन्दै गई–

अरूले सम्झाउँदा एकछिन शान्त हुने मात्र न हो, यो मन मान्दै मान्दैन । अब भेट्दिन, बोल्दिनँ भन्छु उसले फोन गरेसी मन बहकिहाल्छ, रोक्नै सक्दिनँ । एकचोटि त बीस दिनसम्म नबोली, नभेटि बसैं । फेरि उसले फोन गरेको गरै गऱ्यो, मन थाम्नै सकिनँ । भेटुँ-भेटुँ लागिहालो अनि सधैं भेट्ने ठाउँ, उही न्युरोडको कोइलामा गएर भेटैं । तीनपाथी रिस थ्यो, सबै एकैचोटि पोखुँ जस्तो लागेको थ्यो । ऊ केही बोलेन, मनमा तीनपाथी माया भएजस्तो गऱ्यो, पोख्न सकिनँ । उसलाई चिथोर्न मन थ्यो तर छुन पनि सकिनँ । उसको मौनताले मलाई पनि मौन बनायो । उल्टै मलाई मायामा बहकायो । भन्दै थ्यो– "यो मनले तिमीलाई नै खोजिरहन्छ, मलाई तिम्रै माया लागिरहन्छ । मेरो एक्लोपनको साथी बनेर तिम्रो तस्विर यी आँखामा नाचिरहन्छ । मलाई सधैं तिम्रै मायाको भोक लागिरहन्छ । यो पागल मन, तिमीलाई नै मागिरहन्छ । बीस दिनसम्म कसरी नबोली बस्यौ ? एकदिन पनि तिमीलाई मेरो याद आएन ? मसँग बोलूँ-बोलूँ लागेन ?

CC-0. In Public Domain. Digitization by eGangotri

बोल न प्रति, किन नबोलेकी, के भयो तिमीलाई ? म यस्तै परिबन्दमा छु । न तिमीलाई अङ्गाल्न सक्छु, न त भुल्न नै, म के गरूँ ?"

"यस्ता नामर्दको काम छैन मरे हुन्छ" भन्न मन थ्यो तर सकिनँ । अनि यसो भनें– "सम्झने बाटो राखेको भए पो सम्झनु त ! म आउने बाटोमा तगारो लगायौ, कसरी आउनु ? भयो, धेरै नाटक नगर । तिम्रो मायाले म अगाईसकें । अब धेरै माया नदेखाऊ, मलाई अमन भैसको । साँचेर राख, पछि काम लाग्छ ।"

हामी टेबलमा आमुन्ने सामुन्ने बसेका थ्यौं । कविर उठेर मेरो छेउमै आएर बस्यो र भन्न थाल्यो– "प्रति, यो मनले तिम्रै साथ खोजिरहन्छ । म पनि तिमीसँगै यो जिन्दगी बिताउन चाहन्छु । तिमी मेरो मुटुमा छ्यौ, हरेक धड्कनमा धड्किन्छ्यौ । प्रति, तिमी टाढा हुँदा मेरो मुटु नै मसँग नभए जस्तो हुन्छ ।"

उसले मेरो मनको कुरा ओकलिरहेको थ्यो । उसलाई साँच्चै त्यस्तो हुन्थ्यो भने त मबाट टाढा हुन खोज्ने नै थेन नि ! मायामा मान्छेले दुनिया त्याग्छन् । परिवारले त केही समय पछि स्वीकार गरिहाल्थे नि । आखिरमा म ऊ भन्दा माथिल्लै जातको केटी हुँ । मलाई त्यो सब नाटक जस्तो लाग्यो । बुझेर पनि बुझ्नै नसकिने लीला जस्तो लाग्यो । अनि उसको त्यो नाटक हेर्न नसकेर मनमा घृणा पनि जाग्यो । मलाई मायाको नसामा डुबाएर ऊ तैरन लागे जस्तो लाग्यो । अनि उसलाई गाली गर्न थालें– "कविर, तिमी त कलाकारै रैछौ । नाटक गर्न त खुब आउने रैछ हई ! भयो, पुग्यो मलाई तिम्रो नाटक हेर्नु छैन । जाऊ रङ्गमञ्चमा गएर गर । लाज लाग्दैन तिमीलाई ? यस्ता चिल्ला कुराले केही हुँदैन । मलाई पनि आउँछ गफ गर्न ।"

म जुरुक्क उठेर हिंड्न खोज्दै थैं, कविरले मलाई रोक्यो । उसलाई सधैं हतार हुन्थ्यो, त्यो दिन मेरो गाली मीठो लागेछ क्यार ।

CC-0. In Public Domain. Digitization by eGangotri

मलाई पो रोक्यो । मैले झर्कंदै भनें– "म किन बस्नु फेरि ? अब तिमीसँग केही बोल्नु छैन र तिमीलाई भन्नु पनि केही छैन ।"

उसले भन्यो– "प्रति, मेरो बर्थडेमा चाहिँ एकचोटि जसरी भएपनि भेटौँ है, प्लिज । दुई महिना पछि त मेरो इङ्गेजमेन्ट हुँदैछ । त्यसपछि हाम्रो भेट होला नहोला ।"

मलाई अर्को झड्का लाग्यो । उसको त बिहा नै पो फिक्स भैसकेको रैछ । किन हतारिएको त नि बिहा गर्नलाई भनेर सोधेँ ।

उसले भन्दै गयो– "तिम्लाई त थाहा छ नि । मलाई पढ्न आउँदैन । एस.एल.सी. पनि तीन चोटिमा पास गरेको हुँ । एघारमा नि तीनवटा विषय लाइराको छ । त्यही भएर घरमा बिहा गर्दिन लाग्नुभा हो । कोसिस धेरै गरेँ तर घरमा कसैलाई बुझाउन सकिनँ । तिम्रो कुरा राख्ने ठाउँ नै पाइनँ । ड्याडिले मेरो कुरै सुन्नु हुन्न । सबै कोसिस खेर गयो । भाग्यमा लेखेको कुरा भोग्नै पर्ने, टारेर नटर्ने रैछ । यस्तै छ मेरो हालत, भाग्यलाई दोष लगाएर बस्न बाध्य छु ।"

त्यस्तो समस्या त केटीलाई पर्थ्यो, केटा भएर पनि कस्तो लाचार । मैले बोल्ने ठाउँ नै रहेन । बोलेर पनि हुनेवाला केही थेन । टाउको चड्केर आयो । आफ्नो जिउ आफैलाई भारी भो । आँसु आफै बग्न थाल्यो । मलाई बस्न मन लागेन । केही नबोली घर आएँ । सिरकले मुख छोपेर धेरै बेर रोएँ । कति दिन त खाना पनि खाइनँ । बाहिर निस्किन पनि मन लाएन । दीव्यालाई त सबै कुरा भनेकी थेँ । तेरो लभ नै परेको थेन, तैँले मेरो फिलिङ्स बुझ्लिस् जस्तै लागेन त्यसैले तँलाई सुनाइनँ ।

प्रतिले उसको अधुरो प्रेम कहानी रुँदै सुनाई । मलाई साह्रै नराम्रो लाग्यो । हुने नहुने सबै भैसक्या रैछ । अनुराग र कविर दुवै मतलवी रैछन् । धन्न म तिनीहरूका पञ्जामा परिनछु, बित्थामा आरिस मात्र

CC-0. In Public Domain. Digitization by eGangotri

गरिछु भन्ने लाग्यो । यो माया पनि बुझेर बुझ्नै नसकिने, लीला रैछ ।

प्रतिले सुत्ने कुरा गरी । भोलिपल्ट कलेज नि जानु थ्यो । त्यसैले हामी सुत्यौं । म भित्तापट्टी सुतें । मनमा अनेक कुराहरु खेलिरहे, मलाई धेरै बेरसम्म निद्रा नि लागेन ।

***

कलेजका मेरा साथी भनेका प्रति र दीव्या नै थे । कविर र अनुराग उनीहरूसँग जोडिन आईपुगे । । प्रति कविर भनेर मरिहत्ते गर्ने । अनुराग दिव्यालाई मन पराइरहने । दुवै मायाजालमा फसे । म भनेँ एक्ली थेँ । उनीहरु प्रेमीसँग रमाउथे म हुक्कासँग रमाउथेँ । रक्सी चाहिं खान्थिनँ, खाए रेडबुल हो, कोक हो, फेन्टा हो । अल्कोहलको गन्ध नै मन पराउँथिनँ । दिव्या र प्रतिलाई भने अल्कोहल नभई हुन्थेन । जन्मदिन नि किन आउँछ खै ? त्यही जन्म दिनले दिव्या र अनुराग अलग्गिए । कविरले नि प्रतिलाई त्यही दिनबाट छोड्छु भने । उनीहरूले मायाको स्वाद चाखे र मायाकै गहिराईमा डुबेर तड्पिए । मलाई मायाको स्वादै थाहा भएन । बिचरीहरु खेलौना मात्र बने । जन्मदिन कै दिन अनुरागले दीव्यालाई रूवाएर गयो । कविरले नि प्रतिलाई रूवाएरै छोड्यो । अनुराग त कस्तो कस्तो ? खासै व्यवहार मेरो चाहिं परेको थेन । कविर चाहिं साह्रै मतलबी हो । एक अर्कालाइ चिनेका नि होइनन्, अनुराग र कविर साथी पनि थिएनन्, त्यही पनि संजोग परेको । दुवैले एकैचोटि साथ छोडिदिएको । बिचरीहरूको मन झुटो मायाले तड्पियो, मेरो माया नपाएरै तड्पियो । संयोग पनि कस्तो, एकैचोटि लाको माया एकैचोटि छुट्यो, सल्लै गरेजस्तो ।

मन विह्वल भो । दीव्या र प्रतिको धेरै माया लाग्यो । दिव्यालाई त अनुराग नै पछि लाइराकोथ्यो छोडिदिंदा नि खासै फरक पर्दैन

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तो लाग्छ । कविरलाई त प्रतिले साह्रै माया गर्थी । उसको लागि भनेर जहिले कलेज जाने भन्दै नपढी कता-कता घुम्न गई । प्रतिको जस्तो माया त कविरले अरू कोहीबाट नि पाउँदैनन् । पछुताउने भए जिन्दगीमा । उनीहरूले चोखो माया गर्दा त्यस्तो सजायँ भोग्नु पर्‍यो । मनमा बसेको मान्छेले मनै भत्काएर जाँदा कस्तो भयो होला ? सम्झाउने नि ठाँउ राखेका रहेनछन् मैले सम्झाउँ भने पनि अब त बेकार हुने हो । केटी नै पक्कापक्की गरिसकेपछि भनेर नि के हुन्छ र, नभनेकै जाती हो । जिरो वाटको बत्तीमा नै हो सुत्ने सधैं म । आज त निन्द्रै परेन, बत्ती निभाएँ । बल्ल निन्द्रा पर्ला झैं गर्‍यो, म निदाएँ ।

माया र धोका सोच्दा सोच्दै निदाएकी म, सपना देख्न थालिछु । सपनामा एउटा सुन्दर युवक हँसिलो चेहरा लिएर फेसबुक चलाइरहेको थ्यो । यसो हेरैं, रिसिका (मेरी स्कुलकी साथी) फेसबुकमा उसको पनि साथी थी । उसको नाम दीप थ्यो । ऊ प्रोफाइल पिक्चर अपलोड गर्न थाल्यो, म एकटकले हेरिरहैं । एकछिनमा ऊ मतिरै फर्कियो त्यसपछि निकैबेर हाम्रो हेराहेर चल्यो । ऊ मुसुक्क हाँस्यो, त्यति नै बेला मेरो आँखाले उसको तस्बिर खिच्यो । तस्बिर स्वाट्ट गएर मनमा सेभ भो । तत्क्षण मेरो सपना टुट्यो । उठेर घडी हेर्दा ब्यानको चार बजेको थ्यो ।

मनमा नौलो धुन बज्यो । मलाई फेरि सुत्न मन लागेन । उसको तस्बिर आँखामा नाच्न थाल्यो । मलाई के गरौं र कसो गरौं भो । प्रतिलाई घचघच्याएँ– 'ओइ, प्रति उठ् । उज्यालो भैसक्यो कलेज जान ढिला हुन्छ ।' प्रति जुरुक्कै उठी । हामी कलेजको ड्रेस लगाएर तयार भयौं । हिंड्नै लाग्दा प्रतिले घडी हेरी । पाँच बज्न पन्ध्र मिनेट बाँकी नै थ्यो । ऊ छक्क परी अनि मलाई गाली गर्न थाली– 'एका

CC-0. In Public Domain. Digitization by eGangotri

ब्यानै के गर्न जानु कलेज ? म त ढिला भइसक्यो होला भनेर हतार-हतार गरेकी त । आफूलाई निद्रै पुगेको थेन । नक्कलीलाई के को हतारो परेको हो !"

के गर्नु, फकाउनै पऱ्यो गल्ती आफ्नै हो– "हिँड् न हिँड् क्यान्टिनमा बसेर लेमन टी खालिस् । तेरो फ्रेब्रेट हैन ? दुई कप खालिस् हिँड् जाउँ ।" हामी जिस्कदै-जिस्कदै कलेजतिर लाग्यौं ।

छ बजेबाट कलेज सुरू हुन्थ्यो । हामी पहिलोचोटि पाँच बजे नै कलेज पुग्यौं । कलेजको गेट नै खुलेको थेन । हामी बाहिरको क्यान्टिनमा बस्यौं । प्रतिले कालो चिया मगाई । मलाई भने कालो चिया खाँदा शरीरै कालो हुन्छ जस्तो लाग्थ्यो । दूध आइपुगेकै थेन । मनै कालो भए नि होस्, तनै कालो भए नि होस् भनेर मैले पनि त्यो दिन कालै चिया खाने निर्णय गरें ।

प्रतिले सोधी– "आज तँलाई निद्रा परेन हो ? कि, के भयो ?

"तैंले घुरेर निदाउन देकी भए पो निदाउनु, एकै छिन निदाएँ, मीठो सपना देखें, बिउँझिहाले ।" उसैलाई दोष लगाएँ ।

उसले पनि स्वीकार गर्दै भनी– "मोटी छु नि त । अनि कस्तो सपना देखिस् नि ? राति नै कलेजतिर कुदाउने, सुनम न त ।

प्रति र म चिया पिउँदै सपनाको कुरा गरेर बस्यौं । आँखा चिम्म गरेर दीपको मुहार हेरें । अनुराग र कविर भन्दा दीप नै राम्रो लाग्यो । मन भित्रभित्रै गुद्‌गुदी रहेको थ्यो । शरीर पनि चङ्गा बनेर उड्न खोज्दै थ्यो । "ए मन, मलाई दीप भएको ठाउँमा लैजा" तन भन्दै थ्यो । अरू विपनीमा प्रेम गरेर रमाउँछन्, म सपनीमा ।

एक घण्टा एकै मिनेटमा बितेजस्तो लाग्यो । दीव्या पनि कलेज आई अनि प्रति र दीव्या क्लासमा गए । म लाइब्रेरीतिर गएँ । उनीहरु सरसँग पढ्न थाले, म फेसबुकसँग । सपनीको राजा, मेरो

CC-0. In Public Domain. Digitization by eGangotri

दीप आँखामा नाचिरहेकै थ्यो । उसलाई फेसबुकमा खोज्न थालैं । रिसिकाको साथी दीप नाम गरेका धेरै थे, दीप श्रेष्ठ, कोइराला, बञ्जाडे, भण्डारी, उप्रेती, शर्मा, खत्री, गुरूङ, राई आदि । आफूलाई नाम मात्र थाहा थ्यो उसको थर थाहा थेन । ऊ बस्ने कुन गाउँ हो या सहर थाहा थेन । बस् मनमा एउटा तस्बिर छ एक एक गरेर हेरिरैछु कुनै पनि हो जस्तो लाउँदैन । फेसबुकमा दीप भेटिएन, म निरास हुँदै फेसबुक बन्द गरेर क्लासभित्र पसैं । सरले पढाइरहनु भको थ्यो । म दीव्या र प्रतिको बीचमा गएर बसैं ।

मनमा आगो लाग्यो । अङ्ग-अङ्ग तातेर उठेको बाफ छालामा ठोकिएर तप-तप पसिना चुन थाल्यो । म बेचैन भएर छट्पटाउन थालिछु । साथीहरु सबैले मलाई नै हेर्न थाले । हाम्रो क्लासमा जम्मा पैंतीस जना थियौं । सरले पाँच ग्रुपमा विभाजन गरेर असाइन्मेन्ट गर्न लगाएर जानुभो । असाइन्मेन्टको जिम्मा दीव्यालाई दिएर प्रतिलाई लिएर म फेरि लाइब्रेरीतिरै गएँ ।

सपनाको तस्बिरको वर्णन गरेर उसलाई पनि खोज्न लगाएँ र म पनि खोज्न थालैं । उसले मलाई थर्काउँदै भनी– "सपनाको कुरा पनि विपनामा हुन्छ ? सपना सपना नै हो कहिल्यै पनि विपना हुन्न । पागल भैस् कि के हो ?"

मैले भने– "म पागल भएकी छैन, ब्यान देखेको सपना साँचो हुन्छ भन्छन्, मेरो सपना साँचो हो । दीप भेटिन्छ यार !"

प्रति फतफताउन थाली– "लौ रानी साहेब, उसो भए आफैं खोज्नुहोस्, म त सक्दिनँ । नदुखेको टाउको दुखाउनु छैन ।

मैले ढिपी गरैं– "प्लिज, खोज् न के, भेटिन्छ । साँच्चै भनेको, ब्यान देखेको सपना पुग्छ के ।"

प्रति रिसाउँदै भए पनि दीप सर्च गर्न थाली । हामीले दीपलाई

CC-0. In Public Domain. Digitization by eGangotri

निकैबेर खोज्यौं । ऊ भित्रभित्रै मुरमुरिँदै मन नलगाई-नलगाई हेर्दैथी । मेरो मनको तस्बिरसँग मिल्ने एउटा दीप अगाडि आयो । म खुसी हुँदै चिच्याएँ– "ओई, भेटियो-भेटियो दीप भेटियो ।"

प्रति छक्क पर्दै हेरिरही । म उसको प्रोफाइलमा गएर हेर्न थाले । सुरूमा फ्रेन्डलिस्ट हेरेँ रिसिका म्युचुअल फ्रेन्ड थी, अनि खुसी हुँदै फोटोहरु हेर्न थालेँ । हुबहु आकृति उस्तै आयो, ठ्याक्कै, सपनाकै जस्तो । म लाइब्रेरी मै नाच्न थाले । सबै जनाले मलाई नै हेरिरहेका थे । "पागल झैँ नउफ्री" प्रतिले गाली गरेपछि मात्रै म रोकिएँ ।

सपनीमा अपलोड गर्दै गरेको प्रोफाइल पिक्चर बिपनीमा हेरिरैछु । निलो ज्याकेट, कालो टोपी, एक हातमा लौरो अर्कोमा पानी, पछाडि ब्याग बोकेको, दीप जस्तै बलेको मुहार, मेरो दीपको । ऊ माछापुच्छ्रे हिमाल जस्तै टलक्क टल्कियो । मलाई सपनीभन्दा बिपनी रमाइलो लाग्न थाल्यो । आँखा झिमिक्कै नगरी धेरै बेरसम्म हेरिरहेँ । जति हेर्दा पनि धीत मरेन । मैले तुरून्तै फ्रेन्ड रिक्वेस्ट पठाएँ । फेसबुक क्लोज गर्न मनै लाएन । "यो मान्छे सिर्फ मेरो हो, यसरी हेर्ने अधिकार मलाई मात्र छ । सपनीमा भगवानले जुराई दिएको, विपनीमा फेसबुकले मिलाई दिएको" मनमा यस्तै कुरा खेलिरहे । आँखाले उसकै तस्बिर हेरिरहे, जति हेर्दा पनि आँखा अघाएनन् ।

कोट लगाएको फोटो साह्रै मन पऱ्यो । मैले पनि अघिल्लो दिन मात्रै कोट लगाएको फोटो अपलोड गरेकी थेँ । मन चुलबुल गर्न थाल्यो । मेसेज पठाई हाल्न मन लाग्यो, अनि टाइप गर्न थालेँ– "कोट लगाएको पिक्चर साह्रै राम्रो लाग्यो । इफ यू डन्ट माइण्ड प्रोफाई पिक्चर यही राख्नु हई ।" चोरी औंलो साह्रै चतुर, तुरून्तै मेसेज सेन्ड गऱ्यो ।

म उसैको फोटो हेरिरैथे एकैछिनमा फ्रेन्ड रिक्वेस्ट एसेप्ट भो तर

CC-0. In Public Domain. Digitization by eGangotri

मेसेजको भने कुनै रिप्लाई आएन ।

धेरै बेरसम्म मेसेजको रिप्लाई नआएसी कस्तो खल्लो-खल्लो लाग्यो । मनमा डर-डर पनि लाग्यो । गाली पो गर्ने हो कि ? फेरि अर्को मनले सोच्यो– "यति राम्री केटीले फ्रेन्ड रिक्वेष्ट पठाइछ । पहिलेदेखि नै चिनेझैं गरी तारिफ गरेर मेसेज गरिरैछ । के को गाली, बरू फेसबुक कल नै आउन सक्छ ।" मलाई राम्री छु भन्ने घमण्डले छाडेकै थेन तर एघार बजेसम्म पनि रिप्लाई आएन । पहिलो चोटि राम्री छुइनँ कि जस्तो लाग्यो । आफ्नो फोटो र उसको फोटो दजाउँदै बसिरहें । मैले कतै खोट देखिनँ, जोडी नमिल्ने कुनै कारण पनि भेटिनँ ।

फेसबुकमा मेसेज आयो, हतार-हतार हेरें । केटोले ढिलै भएपनि रिप्लाई त गर्‍यो । हर्षले फुर्किंदै मेसेज पढ्न थालें– "हे, थ्याङ्क्स् अ लट, बट क्यान आई नो, हु इज दिस् ?"

आफैंले मेसेज पढ्दा पनि दीप नै बोले जस्तो लाग्यो । कति मीठो बोली । मनमनै रमाएँ अनि रमाउँदै रिप्लाई गरें– "गेस ! यू आर सो हेण्डसम । प्रोफाइल पिक्चर चाहिँ त्यो कोट लगाएको फोटोलाई बनाउनु न है ।"

घण्टौंसम्म रिप्लाई नगर्ने मान्छेले छिनको छिनमा रिप्लाई गर्‍यो– "कुरो सही हो तर प्रोफाइल पिक्चर कोट लगाएको चाहिँ बनाउँदिन ल । सरी मिस ।"

म पनि के कम तुरून्तै रिप्लाई गरें– "किन र ? बनाउनु होस् न प्लिज ।"

उताबाट तुरून्तै जवाफ आयो– "त्यस्तो हई ! किन नि ?"

मलाई भूमिका बाँधिरहन मन लाएन । केही नसोचि मेसेज गरिहाले– "फोटो राम्रो छ, अनि त्यसमा एउटा कारण पनि लुकेको छ, त्यही भएर ।"

CC-0. In Public Domain. Digitization by eGangotri

उसले लेख्यो– "हो र ! कस्तो कारण ?"

म अक्मक्किएँ । मलाई के भनु, के नभनु भो । बोल्ने कुनै शब्द नै नभए जस्तो भो, म शब्दविहीन भएँ । अनि उसको त्यही कोट लगाएको फोटो डाउनलोड गरेर पठाएँ । त्यसपछि उताबाट फोटोहरूको ओइरो नै लाग्न थाल्यो । सबै फोटोहरु हेरैँ तर मेरो मनमा सेभ भएको उसको त्यो कोट लगाएको फोटोलाई अरू कुनै फोटोले रिप्लेस गर्न सकेन । अनि यस्तो मेसेज लेखैँ– "एघार जनवरीमा अपलोड भएको त्यो कोट लगाएको फोटो मलाई साह्रै मन पऱ्यो । छन त राम्रो मान्छेको सबै फोटोहरु राम्रै छन् तर प्लिज प्रोफाइल पिक्चर त्यसैलाई बनाउनुहोस् न है ।"

उसले पन्ध्र मिनेटसम्म मेसेज गरेन । त्यही फोटोलाई प्रोफाइल पिक्चर बनाउन थाल्यो होला भन्ने लागिरयो तर के को बनाउँथ्यो, केटो त म भन्दा नि जिद्धी रैछ । यस्तो मेसेज पो गऱ्यो बई – "ठीक छ त ! मन पराउन पाइन्छ तर म तिमीले भनेको मान्दिन के । सरी मिस !"

रिस र हाँसो एकैचोटि मिसिएर आयो । केटो एकदमै घमण्डी रैछ जस्तो लाग्यो तर पनि मैले केही भनिनँ । उसँग बोलेको पहिलो दिनै आफ्नो ठानेर जिद्धी गर्नु मेरै गल्ती हो जस्तो लाग्यो । डोज पुगे-पुगे जस्तो भो । धेरै बोलैँ भने सपना अधुरै रहला कि भन्ने डर पनि थ्यो । त्यसपछि म फेसबुक लगआउट गरेर घर गएँ ।

***

अर्को दिन उसले प्रोफाइल पिक्चर चेन्ज गरेर मेसेज पठाउँछ कि भनेर आश गर्दागर्दै बित्यो । मैले कुनै मेसेज गर्न पनि सकिनँ । उताबाट पनि कुनै मेसेज आएन । रातिसम्म छटपट भई नै रह्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

भोलिपल्ट प्रोफाइल पिक्चर त चेन्ज भयो तर अर्कै । तै पनि खुसी नै भएँ । एउटा मेसेज छोड्न मन लाग्यो– 'थ्याङ्क यू सो मच ।'

एकछिन पछि दीपले यस्तो रिप्लाई पठायो– 'तिमी मेरो को हौ ? मैले किन तिमीले भनेको मान्ने ? अनि अर्को कुरा, मेरा दुई हजारभन्दा बढी फोटोहरु छन् । किन तिमीले भनेकै फोटो राख्ने ? मेरो इच्छा हो नि, म जुनसुकै राखूँ ! आई एम् सरी मिस् ।'

तुरुन्तै रिप्लाई गर्नु उचित लागेन । एकछिन मन थामेर बसेँ । बुक पढ्न थालेँ तर फेसबुक पढ्ने बानी लागेछ, बुकमा ध्यानै गएन अनि फेरि फेसबुक नै पढ्न थालेँ । नोटिफिकेसन हेरेँ, दीपले अठार वटा फोटोहरु थपेछ तर प्रोफाइल पिक्चर भने त्यही नै थ्यो । मेसेज गर्न मन लाग्यो– 'हे, थ्याङ्क्स् अगेन । एट्टिन निउँ पिक्चर बट प्रोफाइल नो चेन्ज ?

उसले त मलाई यसरी गाली पो गर्‍यो– 'हे, व्हाट द हेल यू टकिङ् अबाउट ? हु आर यू एण्ड व्हाई यू आर टकिङ्ग टु मी ?'

मेरो त बोली नै बन्द भो, के गरुँ कसो गरुँ अस्पष्ट भो । अलि-अलि डर पनि लाग्यो । हुन पनि गल्ती त मेरै हो । यस्तै के-के सोच्दै फेसबुक लगआउट गर्न लाग्दैथेँ । उसको मेसेज आयो– 'मिस, प्लिज अहिले कुनै टेक्स्ट नगर्दिनु होला, म काममा छु । थ्री आवर्स पछि फ्री हुन्छु अनि टेक्स्ट गरौँला हई । बाई ।'

सहमति जनाएर एउटा मेसेज गरेँ– 'ओके, आफ्टर थ्री आवर्स, टेक्स्ट गर्नुहोला है त ।'

ऊ हे हे गर्दै हरायो । म तीन घण्टासम्म कुरेरै बसेँ तर उसले तीन दिनसम्म पनि कुनै मेसेज गरेन । मैले आशैआशमा दिनहरु बिताई रहेँ । उसलाई मेसेज गर्न पनि सकिनँ । उसले पनि तीन महिनासम्म कुनै मेसेज गरेन । म तड्पिरहेँ तर पनि मौन नै रहेँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

कक्षा बाह्रको परीक्षा आउन एक महिना बाँकी थ्यो । पढाइ सक्किसकेको हुनाले कलेज बन्द भो । जीवनको परीक्षा दिइरहेकी थैँ, कलेजको परीक्षाले मेरो ध्यान पढाइतिर तान्नै सकेन । दीपले मेरो मनमा खलबली मच्चाई नै रह्यो । प्रति र दीव्या किन त्यसरी तड्पिएका रैछन् भन्ने कुरा म त्यतिखेर महसुस गर्दै थैँ । मनमा बसेको मान्छेले मन दुखाउँदा नरमाईलो लाग्दो रैछ । मैले एकोहोरो माया गर्दा त मलाई त्यति धेरै पीडा भइरहेको थ्यो । उनीहरूको माया त दोहोरै थ्यो । बिचरा ! प्रतिलाई कस्तो भो होला ! मायाको सागरमा डुबाएर अनुरागले चट्टै माया मार्दा बिचरा ! दीव्यालाई कस्तो भो होला ।

म जति-जति प्रतिको कथा सम्झन्थैँ, जति-जति दीव्याको ब्यथा सम्झन्थैँ उति नै मन व्याकुलिन्थ्यो । यो मन पनि कस्तो-कस्तो, आफ्नै बसमा नबस्ने । आफैँले आफ्नै मन बुझ्न सकिरहेकी थिइन । यो पागल मन कता-कता डुलिरहन्थ्यो, उसैको यादमा भुलिरहन्थ्यो ।

***

र, दिनहरू पहिलेका जस्ता रहेनन् । मेरो रूप, मौनता र समर्पणले दीपलाई तानेरै छाड्यो । बिस्तारै हामी एकअर्कामा घुल्दै गयौँ । दिनप्रतिदिन हामी नजिकिँदै गयौँ । माया प्रेमका कुराहरू हुन थाले । गफगर्ने हाम्रो दैनिकी नै बन्यो ।

मलाई उसकै बानी परिसकेको थ्यो । सुत्ने बेलामा पनि उसलाई नै सम्झिदै सुत्थैँ । उठ्ने बेलामा पनि उसैलाई सम्झिदै उठ्थे । सपनीमा पनि उसैसँग हुन्थे, बिपनीमा पनि उसैलाई बोलाई रहन्थैँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

उठ्नासाथ, गुडमर्निङ । खाना खाने बेलामा, खाना खायौ ? खाजा खान जाँदा, खाजा खान आऊ । सुत्ने बेलामा, गुडनाइट । बिस्तारै-बिस्तारै उसलाई पनि बानी पर्‍यो । ऊ पनि त्यसै गर्न थाल्यो । यसरी हाम्रो माया बस्दै गयो ।

दीप पनि उसले गर्ने हरेक क्रियाकलापहरु मलाई सुनाउन थाल्यो । ऊ मलाई चिया पिएदेखि रक्सी पिउँदासम्मका सबै घटनाहरु सुनाउँथ्यो । खाएको, हाँसेको, रोएको, खुसी भएको, चोट लागेको सबै कुराहरु मलाई सुनाउने उसको बानी परिसकेको थ्यो । उसले छिनछिनमा फोटो पनि पठाइ रहन्थ्यो । त्यसरी उसले मलाई सधैं सँगै भएको महसुस गराइरह्यो । उसले मेरो मनमा अरू कसैलाई आउन नदिएर एकलौटी राज गरिरह्यो । लाग्थ्यो, त्यसरी नै जिन्दगी भरि उसैले राज गरिरहोस् ।

मनमा एकलौटी राज गरिरहेको मान्छे एकैचोटि सम्पर्कविहीन भयो । बोल्दा-बोल्दै चट्टै बोल्नै छोड्यो । कसरी सक्यो होला ! मैले जति सोचे पनि कारण पत्ता लगाउन सकिन । अघिल्लो रात पिएको रक्सीको नशा भोलिपल्ट बिहान उत्रिए जस्तै के मायाको नशा पनि यति छिटै उत्रिन्छ ? उसलाई मेरो मायाको नशाले किन त्यति छिटै छोड्यो ? एउटै नशा हो भने उसलाई छोड्ने र मलाई नछोड्ने किन भएको होला ? म हरपल उसकै मायामा ओतप्रोत थिएँ ।

फेसबुक खोलें, उसैलाई मेसेज गर्न मन लाग्यो । मेसेज गर्न खोजें तर भएन, अनि के भयो भनेर यसो हेर्छु, उसले त मलाई ब्लक पो गरेको रैछ । औंला त्यसै लोलाए । शरीर पनि लल्याकलुलुक भयो । मन रून थाल्यो, आँखामा बाढी आयो । बाढीले मनको ब्यथा बगाएन, नयना नै बगाउन खोज्यो ।

***

CC-0. In Public Domain. Digitization by eGangotri

दुःखमा परेपछि साथीको याद आउँदो रैछ । मलाई प्रतिको याद आयो, ऊ पनि दुःखमै थी, भेट्न मन लाग्यो, अनि प्रतिकोतिर गएँ । प्रति घरमै रैछे । मलाई देख्नासाथ ऊ ब्यङ्ग्य हान्न थाली– "महारानीले आज बल्ल फुर्सद पाउनु भएछ, भित्रै सवारी होस् ।" म हाँस्दै हाँस्दै भित्र गएँ ।

उसलाई त पुगेकै रैनछ फेरि पनि प्रहार गरी– "के कति कामले पाल्नुभो कुन्नि ? के सेवा गरूम हजुर ?"

म हाँसिरैथैं "टिङ्-टिङ्" मोबाइलमा मेसेज आयो, यसो हेरैं दीपको रैछ ।

मेसेन्जर खोल्दै थैं फेरि प्रतिले अर्को प्रहार गरी– "लौ आयो है आयो, एकछिन पनि नछोड्ने भो । उतै बिजी होइस्योस्, म त को नै हुँ र ?"

"अनि त ! हो हई ! त्यस्तो पो हो कुरा ।" म प्रतिसँग जिस्कदै दीपको मेसेज पढ्न थालैं– "मनमा आगो बल्यो निभाउन सकिनैं । तिमीलाई कुनै पल भुल्न सकिनैं । तिम्रो यादलाई भुलाएर कतै डुल्न सकिनैं । आजभोलि रक्सीकै नशामा रम्ने गर्छु । यसरी नै बित्दै छन् मेरा हर साँझ ।"

रिप्लाइ गर्न खोजैं तर मेसेज नै गएन । उसले त मेसेज गरेर फेरि मलाई ब्लक गऱ्या रैछ । रिस उठ्यो तर के गरौं ? कसलाई देखाऊँ ? मोबाइललाई नै देखाउन मन लाग्यो अनि अफ गरेर प्रतिसँग गफ गर्न थालैं ।

खबरबाटै कुरा सुरु गर्न मन लाग्यो– "के छ केटी तेरो खबर ? अनि कविरको वर्थडेमा गईस् त ?"

"अँ, गएँ । अन्तिम चोटि भेटौं भन्ने लाग्यो । भेटेर मनमा भएका कुराहरु सबै खन्याएर मन हल्का बनाएर आएँ ।"

CC-0. In Public Domain. Digitization by eGangotri

"ए, भनेपछि मन हल्का भो, के के कुरा भो त त्यस्तो ?"

प्रति उनीहरूको बीचमा भएका सबै कुरा क्रमैसँग यसरी सुनाउन थाली–

"तिम्रो खुसी सम्झेर आएँ, सोचेकी थैँ सधैँ खुसी राख्नेछु तर सकिनँ । जन्मदिनको धेरै-धेरै शुभकामना, सधैँभरि खुसी रहनू ! तिम्रो खुसी नै मेरो खुसी हो ।" भेट्नासाथ मैले उसलाई जन्मदिनको शुभकामना दिएँ ।

त्यसपछि कविरले भन्यो– "धन्यवाद प्रति, अनि के छ नि तिम्रो खबर ? मलाई त बिर्स्यौ हई । बोल्न पनि छोड्यौ । मलाई त तिम्रो साथ र मीठो स्पर्शले घरिघरि झस्काई रहन्छ । भुल्न चाहेर पनि सकिरहेको छुइनँ तर पहिले जस्तो गाह्रो चाहिँ भ'को छैन ।"

मैले भनेँ– "भुल्दै रैछौ, खुसी लाग्यो । अब सम्झेर पनि काम छैन । नयाँ जिन्दगीको सुरूवात गर । नयाँ मान्छेसँग रमाऊ । खुसीसाथ सुखी जीवन बिताऊ । म त रहर पुगेन्जेल चढेर छाडेको थोत्रो गाडी जस्तै त हुँ नि । हैन र ?"

त्यसपछि कविर भावुक हुँदै बोल्यो– "त्यस्तो हैन प्रति, जिन्दगीमा खुसी र सुख दुई फरक चिज रहेछन् । मान्छेलाई सुखमा नि खुसी मिल्दोरहेनछ । जीवनमा जो आए पनि मेरो मनमा सधैँ तिमी नै हुनेछ्यौ । म तिमीलाई कहिल्यै भुल्न सक्दिनँ ।"

गाली गर्न मन थ्यो तर गरिनँ, सुस्तरी नै भनेँ– "थाहा छ मलाई । तिम्रो मनमा को बस्छ र तिम्रो मन कस्तो छ भनेर । मैले राम्ररी बुझेकी छु । तिमीलाई पनि राम्ररी चिनेकी छु । भो अब यस्ता कुरा नगर, केही काम छैन ।"

कविर भन्दै थ्यो– "म आफूले आफैँलाई बुझ्न सकेको छुइनँ । आफ्नै मनलाई चिन्न सकेको छुइनँ । तिमीले मलाई कसरी बुझ्यौ ? कसरी चिन्यौ ?"

CC-0. In Public Domain. Digitization by eGangotri

सुन् न कैली त्यसको कुरा, मलाई रूवाएर केही नगरे जस्तो गर्छ, केही नबुझे जस्तो गर्छ । मैले पनि भन्दिएँ– 'हिजो ममा हराएको मन आज अन्तै हराउन थाल्यो । जीवनको गोरेटोमा यस्ता धेरै मान्छे भेटिन्छन् । तिम्रो मन जता पनि हराउन सक्ने रैछ । भो अब मसँग नबोल । यो नै हाम्रो जीवनको अन्तिम भेट होस् ।'

मिल्ने भए यो माया भन्ने चिज मनबाटै निकालेर फाल्ने थिएँ । के गर्नु, फाल्न नमिल्ने । ऊ भन्दै थ्यो– 'सायद अब भेट्दिनँ होला र बोल्दिनँ पनि होला । मेरो जीवनमा नयाँ मान्छेको आगमन हुँदैछ । तिमी पनि म भन्दा राम्रो केटासँग बिहा गरेर सुखी जीवन बिताउनु है ।'

कविरसँगको त्यो अन्तिम भेटमा उसलाई मसँग बिताएका हरेक पलको याद दिलाउने फोटोहरूको सङ्गालो उपहार स्वरूप दिदैं भनैं– 'अतीत सम्झन मन लागे यी तस्बिर हेर्नु । नयाँ जीवनको शुभकामना तिमीलाई, मलाई नदिई लुकाएर राखेको माया तिम्रो जीवनमा आउन लागेकी तिम्री उनीलाई दिनू ! बिहा नभए पनि लोग्ने जस्तै ठानेकी थैं तर तिमीले खेलौना मात्र मानेऊ । ठीकै छ, यो तक्दिरमा लेखेको कुरा मेटेर मेटिँदैन । यस्तै लेखेको रैछ भनेर यो मन बुझाउँला । तिम्रो स्वार्थलाई माया ठानेर भ्रममा परेकी रैछु । बेलैमा चिन्न सकिनँ । हिँड्दा हिँड्दै जिन्दगीमा ठेस लागेर नमज्जाले लडैं । नमीठो सपना मानेर भुल्ने प्रयास गरौंला । ल त कविर अलबिदा ।'

त्यसपछि कविर फोटो हेर्दै केटाकेटी जस्तो लाडे स्वरमा बोल्न थाल्यो– 'यसरी घुरेर नहेर न, नरिसाउ न प्लिज, म त रूइदिन्छु नि फेरि । भो अब मनको कुरा मनमै राख । गल्ती मेरै हो तर मेरो माया झुटो हैन । यो जिन्दगीमा जो आएपनि तिम्रो ठाउँमा कोही आउन सक्दैन । म हिजो तिमीलाई जति माया गर्थें आज पनि उति

CC-0. In Public Domain. Digitization by eGangotri

नै गर्छु र भोलि पनि मेरो माया कम हुनेछैन । पाउनु मात्र माया हैन गुमाउनु पनि माया नै हो भन्ने सुनेको थें, हो रैछ । प्रिय, मैले धेरै कोसिस गरें तर सकिनँ । न परिवार त्याग्न सकें न त तिमीलाई नै अङ्गाल्न सकें । केही न केही त निचोड निकालौंला भन्ने थ्यो तर निचोड निकाल्नै पाइनँ । मलाई थाहै थिएन, मेरो बिहाको कुरा समेत फिक्स भैसकको रैछ । म के गरूँ तिमी नै भन न ? तिमीलाई चाहेर पनि कुनै पल भुल्न सक्दिनँ, सम्झेर पनि अब जीवनमा तिमीसँग डुल्न सक्दिनँ ।"

उसले नाटकै गर्दैछ भन्ने लाग्यो र भनें– "तिमीलाई नाटक गर्न त खुबै आउँदो रैछ हैन ? भो नौटङ्की नदेखाऊ । मन भए त आँट गरिहाल्थ्यौ नि । तिमी त आँटै नभएको नामर्द रैछौ । तिमी छोरो मान्छे भएर जन्मनुको नि कुनै अर्थ रहेन ।"

ऊ मेरो आरोप स्वीकार्दै गयो– "हो म नामर्द हुँ । सबै कुरा बुझ्दैछु, तिमीलाई जति चोट छ नि त्यो भन्दा बढी मलाई छ । के थाहा छ र तिमीलाई ? जब तिम्रो जिन्दगीमा म भन्दा राम्रो मान्छेको आगमन हुन्छ त्यतिबेला तिमीले त सबै भुल्ने रैछ्यौ । हाँसी-हाँसी जीवन बिताउने रैछ्यौ तर म जिन्दगी भरि रोइरहेको हुनेछु । केटीहरू यस्तो कुरा बुझ्दैनन् । बोल्न मात्रै जानेका हुन्छन् । रोइदिए सबै कुरा पाइन्छ भन्ने सम्झन्छन् । रोएरै सबै कुरा पाउने भए, अहिले म तिम्रो अगाडि बसेर आँसु यसै बर्षाइदिन्थें । प्रति, तिमी बिना म एक्लो हुन्छु, म बर्बाद भैसकें । न रोक्न सक्छु यो आँधी, न छेक्न सक्छु त्यो तुफान ।"

बस्दै गए कुरा झनै लम्बिँदै जाने । जति कुरा लम्ब्यायो उति मन रुने । कविर आखिर मेरो नहुने फिक्स भएसी मलाई गन्थन गरिरहनु उचित लागेन । कोइलामै हाम्रो प्रेमको बिजारोपण भएको थ्यो । प्रेमको

CC-0. In Public Domain. Digitization by eGangotri

बिरूवा उम्रिँदै थ्यो तर हुर्कन नपाउँदै निमोठियो । हाम्रो प्रेम कहानी कोइलाबाटै सुरू, कोइलामै अन्त्य भो ।

प्रतिको कुराले मेरा आँखा रसाए । ऊ पनि रून थाली । एकछिन दुवैजना रोयौँ र मनका केही पीडा आँसुसँगै आँखाबाट बगायौँ ।

उसले मेरो सपनाको राजकुमारको खबर सोधी । मैले पनि हामीबीचमा भएका सबै कुरा नढाँटी सुनाएँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

जीवनमा आँखाले देखेको नहुँदो रैछ, तक्दिरमै लेखेको हुनुपर्ने रैछ । माया गर्छु भनेर नहुने, एकोहोरो मायाले कसैको मनै नछुने । हेर्दा नदेखिने तर मनमा गहिरो चोट लाग्ने । यो माया पनि धारिलो हतियार जस्तै रैछ । सबैसँग रमाउन मन पराउने मान्छेलाई पनि एकान्तमा हराउन बाध्य बनाउँदो रैछ । निष्ठुरीलाई सम्झेर घण्टौँ टोलाउन लगाउँदो रैछ । कस्तो-कस्तो, यो माया, कहिले फूल जस्तो, कहिले काँडा जस्तो ।

थाहै नपाई म त उसैमा समर्पित भइछु । मलाई ऊ बिना एकपल पनि रहन मुस्किल भो । उसले मलाई उसको मुटुमा राख्यो या राखेन तर मैले भने उसलाई मेरो मुटुमै राखेकी थेँ । उसका मीठा-मीठा बातहरु हुरी बनेर आउँथे र मेरो मनलाई खुसी बनाएर जान्थे । थाहा छैन मेरा बातहरु उसलाई मीठा लागे या तीता । उसलाई खुसी बनाए या बनाएनन् । सपनाको सङ्केत, फेसबुकको हेराई र मेसेन्जरको कुरा गराइले मलाई घायल बनायो । उसको आवाजै सुन्न नपाई, उसलाई प्रत्यक्ष भेट्दै नभेटी, मनमा आँधी चलाएर मलाई फेसबुकमा ब्लक गऱ्यो । निष्ठुरीले मलाई बुझ्दै बुझेन । मेरो चोखो माया चिन्दै चिनेन ।

***

जीवनमा नसोचेकै कुरा हुने रैछ । मैले रिसिकासँग त्यो अवस्थामा भेट होला भनेर कुनै पल सोचेकी थिइनँ । अचानक ऊ मेरो जीवनमा बहार बनेर आई । यो समयले भनौँ या भगवानले, जुटाउँदो रैछ । समस्या पनि दिँदो रैछ र त्यसको हल पनि गरिदिँदो रैछ । उकाली

CC-0. In Public Domain. Digitization by eGangotri

पनि चढाउँदो रैछ र ओराली पनि झराउँदो रैछ । कहिले आँसुमा डुबाउँदो रैछ त कहिले खुसीको भेलमा नचाउँदै-नचाउँदै बगाउँदो रैछ ।

मलाई हँसाउन र नचाउन अनि मेरो प्रेमको बिरूवा जगाउन, पानी हाल्नलाई भगवानले रिसिकालाई पठाएछन् । त्यसरी दुई वर्षपछि अचानक रिसिकासँग भेट भयो । उसलाई भेट्दा अचम्म लाग्यो । ऊ सन्तुष्ट र प्रफुल्ल देखिन्थी । उसको मुहार देख्नासाथ मलाई उसका कुनै पनि चाहना अपूर्ण छैनन् होला भन्ने लाग्यो । ऊ जीवनमा हरेक कोणबाट पूर्ण देखिन्थी । पूर्णिमाकै जुनजस्ती चम्किली रिसिका, मेरी बालसखा ।

पूर्णिमाको जुनलाई भेट् पाउँदा जो पनि खुसी हुन्छ । म खुसी नहुने कुरै भएन । उसलाई अङ्गालो हालेर तन र मन दुवैले खुसी साटासाट गरे र यी गोडाहरूले उसलाई घरतिर डोऱ्याए ।

गुम्सिएका कुराहरु धेरै थे । हामी पोख्नलाई तम्तयार थ्यौं । नभन्दै पोख्यौं, मजैले पोख्यौं । भारी मन हल्का हुने गरी पोख्यौं । मनको पिलोलाई मुखबाट खिल निस्कने गरी थिच्यौं । उसले मेरो मनमा जिलिएको पिलोलाई पूरै निचोरिदिई । घाउ बिसेक हुँदै गो, अनि मनलाई पनि आनन्द भो । त्यो उसको साह्रै राम्रो कला थ्यो ।

स्कुल पढ्दाका रमाइला नरमाइला कुराहरु चल्दै गए । हामीले सँगै बिताएका पलहरु पुनः स्मृतिमा आएर हामीलाई अतीततिर डोऱ्याएर लगे । हामी छुट्टिएपछि घटेका विभिन्न रमाइला पलहरु पनि साटासाट भए । रिसिका मनको भेउ बुझ्नलाई निकै सिपालु थी । धेरैबेर सेलरोटी घुमाए जसरी कुराहरु घुमाइरही । वन तरूल खोतले जसरी मेरो मनको कुरा खोतलीरही तर मेरो मुखबाट उसले सुन्न चाहेको कुरा निस्किएन । अनि आफैं पीठो मुछ्न सुरु गरी– "ओई, तँ दीपलाई चिन्छेस् ?"

CC-0. In Public Domain. Digitization by eGangotri

उसको मुखबाट यही कुरा निस्कियोस् भन्ने सोची थेँ, नभन्दै निस्कियो पनि । आवेसमा नआइकन बिस्तारै मुन्टो हल्लाउँदै भनेँ– "अँ चिन्छु ।" म एकदमै खुसी भएँ, ऊ हल्का सक भई । सोधेँ– "किन नि ?"

उसले हाँस्दै भनी– "तेरो बारेमा मसँग सोध्दै थ्यो र नि ।"

मनमा हलचल सुरु भो, दीपको कुरा सुन्न कान अतालिए । मैले तुरुन्तै सोधिहालेँ– "हो र । के कुरा भो नि दीपसँग ? उसले के सोध्यो मेरो बारेमा ? अनि के भनिस् नि तैँले ?"

रिसिका एकोहोरिएर मलाई हेरिरही । ऊ केही बोलिन । मलाई धेरै नै खुलदुली भो । म उसका कुरा सुन्न उत्साहित भएँ तर ऊ बोलिन । अनि फेरि रिसिकालाई कोट्याउँदै भनेँ– "छिटो भन् न के, मेरो बारेमा के सोध्यो ? अनि कस्तो कुरा भयो तिमीहरूको ?"

दीपको कुरा आउनासाथ मलाई सपना जस्तै लाग्थ्यो । कतै सपनामै पो छु कि जस्तो पनि लाग्यो । आफैँलाई चिमोटी हेरेँ तर त्यो सपना थेन, मलाई दुख्यो अनि रिसिकालाई चिमोट्दै भने– "तँ किन नबोलेकी ? छिटो भन् न ।"

रिसिका रिसाउँदै बोली– "ऐया नि । हेर न यसलाई हतार परेको । एकछिन पख्, तँलाई सबै देखाउँछु । तातै खाऊँ कि जलिमरूँ नगर् ।"

रिसिकाले मोबाइल निकालेर भाइबर खोली अनि दीपले गरेका प्रत्येक मेसेजहरू र उसले दीपलाई गरेका मेसेजहरू मलाई एक-एक गरेर देखाई । तिनीहरूको प्रायः दिनदिनै कुरा हुँदो रैछ । आफ्ना कुरा कम, मेरा कुरा ज्यादा गरेर बस्दा रैछन् ।

मलाई अचम्म लाग्यो । दीपले मेरो बारेमा सबै कुरा सोधिसक्या रैछ र रिसिकाले नि सबै भनिसकी छे । उसले मेरो बारेमा बुझ्नु पर्ने

CC-0. In Public Domain. Digitization by eGangotri

जति सबै कुरा बुझिसक्या रैछ । त्यति भएपछि किन बोल्नु पऱ्यो र मसँग । त्यही भएर मलाई ब्लक गऱ्या होला । बिचरा म, उसलाई केही था छैन भन्दै बसिरैथेँ । उसैको मुहार सम्झिँदै तड्पिरैथेँ । उसले त मेरो लम्बाई, चौडाइ, उचाइ, गहिराइ सबै पो नापिसकेको रैछ ।

मसँग त के नै कुरा भएको थ्यो र ! मेरो कुरा त रिसिकासँग पो गर्दो रैछ । मैले पनि रिसिकालाई सबै मेसेजहरु देखाइ दिएँ । खासै कुरा भएको नदेखेर ऊ छक्क परी र मैले धेरै मेसेजहरु लुकाएझैं मानेर सोधी– "भन् न, के छ अरू ? तेरो सपनाको राजकुमारले कति माया गर्छ त ? तिमहिरूको जोडी चाहिँ मिलेको छ, दुवै घमण्डी, कुरा नि मिल्दो हो नि हैन ?"

कुरै नभएको महिना भइसक्या थ्यो । के भनौं, कुरा मिल्छ भनौं या मिल्दैन । कति माया गर्छ भनौ या कति माया गर्छु । म केही बोल्न सकिनँ । मेरो मुख टालियो अनि बोली पनि बन्द भो, त्यसैले म चुप लागेर बसेँ ।

म चुप लागेको देखेर फेरि रिसिकाले सोधी– "ओई, के भो तँलाई? तेरो त बोली नै बन्द भो त ! तिमीहरूको झगडा पऱ्यो कि के हो ? कुरा हुँदैन आजभोलि ?"

मेरो मुखबाट यसै शब्दहरु बाहिरिए– "सपनाको राजकुमार सपनाकै लागि मात्र रैछ । विपना त आखिर विपना नै हैछ ।"

मैले जोक्स त भनेजस्तो लाग्थेन । रिसिका दन्तलहर देखाएर मजैले हाँसी । अनि मलाई उकास्न थाली– "ओई, मेसेज गर् न दीपलाई, के भन्दो रैछ हेरौं ।"

मैले भनेँ– "मेरोबाट मेसेज गर्न मिल्दैन । मलाई ब्लक गरेको छ ।

रिसिकाले नम्बर दिँदै भनी– "मसँग नम्बर छ नि । ला त सेभ गर् अनि भाइबरबाट मेसेज गर् ।

CC-0. In Public Domain. Digitization by eGangotri

म गर्दिन भन्दै थेँ । उसले त मेरो हातबाट च्याप्पै मोबाइल खोसिहाली । उसले मोबाइल खोस्नासाथ मेसेज आयो । रिसिका मेसेज हेर्न थाली । उसले मेसेज हेर्दै रिसाए झैँ गरेर भनी– "ब्लक गरेको छ भनेकी हैनस्, मेसेज त तेरै राजकुमारको आयो त ! ला कुरा गर् ।"

हो, दीप रिसाएको थियो तर ऊ रिसाए पनि मलाई भने दीप र रिसिकाको सल्लाह भएरै मेसेज पठाए झैँ लाग्यो । रिसिका आउनासाथै दीपको मेसेज आउनु यो एउटा संयोग मात्रै जस्तो लागेन । मेरो बारेमा उनीहरूबीच धेरै कुरा हुनु, रिसिकाले मलाई ऊसँग कुरा गर्ने विषयमा उक्साउनु जस्ता कुराहरूले मेरो शँकालाई बढाउन मद्दत गरेको थियो । फेरि दीपले मेसेज गरेको रैछ– "मायाको नशालाई रक्सीको नशाले काट्न नसक्दो रैछ कैली बरू झन् बढी गहिराइमा डुबाउँदो रैछ । मायाको नशा र रक्सीको नशा कक्टेल भएपछि त झन् कडा नशा चढ्दो रैछ पागलपनमै चुर्लुम्म डुबाउने खालको । कैली, म तिमीलाई धेरै माया गर्छु । कहिलेकाहीँ अलि-अलि गाली गरें होला तर मायाले हो भनी सोच्नू । तिमीलाई धेरै तड्पाएँ होला तर माया नभएर हैन, पीडामा पनि जिउन सिकाउनलाई हो । मन मेरो पनि छ, रहर मलाई पनि लाग्छ । तिमी जति टाढा छ्यौ माया उति गाढा छ ।"

उसले आफ्नो मनको कुरा पोख्दै छिनछिनमा ब्लक हान्दै खोल्दै गर्छ । मैले उसलाई बुझ्नै सकिनँ । सोच्दै थेँ, यो कस्तो खालको मान्छे हो ? यसको माया कस्तो हो ? मलाई साह्रै विचित्रको लाग्यो । रिसिकाले मेरो मोबाइल तानेर कैली बनेर मेसेज रिप्लाई गरी– "स्टबबर्न ।"

मेसेज जानासाथै उताबाट पनि प्रत्युत्तरमा उस्तै शब्द आए– "यू स्टबबर्न ।"

CC-0. In Public Domain. Digitization by eGangotri

रिसिका टुथपेस्टको बिज्ञापनमा खेल्न लागेजसरी नै दाँत देखाएर हाँस्न थाली । मान्छे त कलाकारै हो नक्कली । मलाई पनि हँसाई छाडी । दुवैजना मजैले हाँस्यौं ।

"तेरो राजकुमारले कस्तो पारा देखाउँदो रैछ है त ! तँ हेरेर बस् ।" रिसिका कैली बनेर दीपसँग च्याट गर्न थाली– "हे हे, वी स्टबबर्न ।"

दीप पनि कुरा गर्न त खप्पिसै हो । उसले यस्तो मेसेज गऱ्यो– "कता हराएकी थ्यौ यतिका दिनसम्म ?"

रिसिका झन् के कम– "यू ओर मी ?"

दीप जिस्कन थाल्यो– "यू"

रिसिका रिसाई– "के बोल्दैछु भनेर थाहा हुन छाड्यो हो अचेल?"

दीप कुरा सुधार्नतिर लाग्यो– "सरी सरी, यू एण्ड मी ।"

रिसिका र म मेसेज गर्दै, हेर्दै एकै ठाउँमा बसेकाथ्यौं । दुवैजना एउटै बेडमा चार पाँच वटा सिरानी खापेर अडेस मारेर सँगै बसेका थ्यौं । रिसिकाले मतिर मुन्टो बटारेर मुख बङ्ग्याउँदै भनी– "हेर् कैली, तँ अलि सोझी छेस् क्या, सोझो औंलाले घिउ आउँदैन भन्ने उखान त सुनेकी छेस् नि ! यो केटाहरूको अगाडि पनि सोझो भएर प्रस्तुत भयो भने हेप्छन् । अलि-अलि त भाउ दिनै पर्छ । अनि आफैं ठेगानमा आइहाल्छन् नि । ल हेर्, अब म यसलाई कसरी भाउ दिन्छु, सिकिराख् नक्कली ।"

बोल्ने भाका पुगेर हो या त भाउ दिन सिपालु भएर हो, रिसिकालाई स्कुल पढ्दैदेखि धेरै केटाहरूले मन पराउँथे । छन पनि केटी अचम्मकी थी, जोसँग नि मिजासिने खालकी । मान्छे हेर्दा खासै राम्री चाहिँ होइन, तै पनि सबै केटाहरु उसँग बोल्नलाई तँछाडमछाड गर्ने ।

म यस्तै के-के सोचेर टोलाई रैथें । रिसिकाले मेरो कपाल तान्दै

CC-0. In Public Domain. Digitization by eGangotri

भनी– "ओइ, यता हेर् न, म फेरि दीपसँग कुरा गर्न लाग्दैछु । कसरी कुरा गर्न पर्छ भनेर सिकिराख् । म नहुँदा तँलाई काम लाग्छ ।" ऊ दीपसँग कुरा गर्न थाली– "बोल्नै मन छैन भनेको हैन र ?"

"हो नि ।" दीप पनि कहाँ कम थियो र !

काली-काली रिसिका रिसले झन् काली भई र कालो मुख बनाउँदै मलाई पुलुक्क हेरी । अनि फेरि मेसेज टाइप गर्न थाली– "उसो भए अब हामी नबोलौँ है त ! हुन्छ ?"

"हुन्छ ।" दीप त झन् रिसिका भन्दा कडा निस्कियो ।

कोइलीको जस्तो बोली थ्यो रिसिकाको । तर अहिले भित्रभित्रै मनको आगोले जलेर कोइला जस्तै भई । छेउमै बस्न नि असहज भो मलाई । जलेको उसको मनलाई शान्त पार्न न मैले केही गर्न सक्थें, न ऊ आफैं ।

तर, जलेको मनलाई निभाउनुथ्यो । अँध्यारो, कालो मुखलाई उज्याल्नुथ्यो । रिसिका तम्तयार भई मन जलाउने शब्दहरूलाई एक एक गर्दै बाहिर निकाल्न । मन भित्रको दम निकालेर बिस्तारै फाल्न । मन हल्किए झैं गरी फत्फताउन । रिसिका रातिपिरी भई । उसलाई के गरूँ कसो गरूँ भो, अनि ऊ मडारिन थाली । दीपले आगो लगायो । उसको घमण्ड जल्यो । अनि ऊ फतफताउन थाली– "साले, चोर, गधा, हिरो नै भन्ठान्या छ आफूले आफैँलाई । सलमान खान नै सम्झेको छ क्यारे । अन्मार न दन्मारको बाँदर । यस्ती राम्री केटी पाउँदा नि भाउ दिनु पर्ने, तँलाई कहीं नभको साले । त्यो जाबो अमेरिका र पेरिसमा कुकुर पनि बस्छन् । धनी बाउको एक्लो सन्तान धएर फुर्ती देखाको होला । खुबै घुर्की लगाउँछ बई । हामी पनि केमा कम छौं र ? नपत्याए नपत्यायोस्, हाम्रो के नै नेपरिन्छ ? त्यो भन्दा नि राम्रा र धनी केटा फालाफाल पाइन्छन् । यसलाई मैले जानेकी छु । पख् न, मसँग बोल्न आइज त अब ।"

CC-0. In Public Domain. Digitization by eGangotri

रिसिका उसको मोबाइलबाट फेसबुक खोल्न थाली । कोइलीको जस्तो थ्यो उसको बोली तर त्यतिबेला काग कराए जस्तो सुनियो । ऊ रोकिएकै थिइन, भन्दै थी– "लु भयो, अब पुग्यो । तँ अफलाइन बस् ।" मलाई थर्काउँदै रिसिकाले मेरो मोबाइल फाल्न भ्याइसकेकी थी । "टुङ् टुङ्" मेसेज आयो । ऊ फेरि बोली– "के लेख्यो फेरि काहीं नभ'को तेरो राजकुमार भनौदोले ?" म चुप लागेर हेरिरैथें । ऊ आफैं मोबाइल तानेर पढ्न थाली– "यदि तिमी मसँग फ्रेन्डसिपमा बस्ने हो भने फुल कन्फरमेसन लिएर अमेरिका आऊ अनि यहीं इन्ट्रोडक्सन गरौंला ।"

फेरि उसले अन्योल बनायो । जिस्किरहेको छ कि, साँच्चै बोलिरहेको छ । छुट्याउनै गाह्रो भो । कस्तो खालको मान्छे हो यो? हुन त रिसिकाको नि साथी हो । मेसेज गरौं कि नगरौं, रिसिका दोधारमा परी । उसले दोधारिँदै यस्तो मेसेज पठाई– "बोल्नै मन नहुने मान्छेलाई चिन्ने मन चाहिँ कसरी लाग्यो नि ?"

उसले धेरै पहिलेदेखि नै चिने जस्तो गरेर भन्यो– "ओ मिस, आई नो यू । तिमी काठमाडौं बस्छ्यौ हैन ? तिम्रो बारेमा धेरै था'छ ?"

फेरि पनि कैली बनेर रिसिका नै बोली– "कस्ले भन्यो मेरो बारेमा ?"

"म्युचुअल फ्रेन्ड विथ रिसिका, मनु, श्रेया, रिया । त्यहींबाट थाहा पाएको ।" –दीपले भन्यो ।

रिसिकाले सोधी– "ए हो र ? कुरा त्यस्तो पो । मिस्टर दीप रेग्मीज्यू, अनि कहाँ होइसिन्छ नि हजुर अहिले ?"

दीपले भन्यो– "यस् मिस कैली शर्मा, मेरो सबै डिटेल्स् फेसबुकमै छ । तिम्रो जस्तो केही लुकाएको छैन क्यारे ! हेर्न सक्छेऊ ।"

म हेरिरहें, रिसिका बोलिरही– "सही हो सही ।"

दीपले सोध्यो– "घरमा को-को होइसिन्छ नि ?"

CC-0. In Public Domain. Digitization by eGangotri

रिसिकाले नै भन्दी– 'मम्मी र बैनी, अनि यू को नि ?'

दीपले भन्यो– 'ओन्ली मामू एण्ड बाबा ।'

रिसिकाले सोधी– 'अहिले के गर्दै ?'

दीपले भन्यो– 'ड्राइभिङ राइट नाउ बेबी । विल रिच आफ्टर फिफ्टिन मिनेट्स् एट माई होम ।'

रिसिकाले भनी– 'ओके, विल क्याच यू लेटर ।'

दीपले भन्यो– आफ्टर फिफ्टिन मिनेट्स्, टेक्स्ट गर ल । तिमीसँग च्याटिङ गर्न रमाइलो भइराछ ।

रिसिकाले जिस्काई– 'हु हु हु– हा हा हा–हे हे हे– है है– लौ लौ हुन्छ हजुर हुन्छ ।'

***

'जम्यो जम्यो केटी अब चाहिँ तिमीहरूको जोडी जम्यो ।'

रिसिकाले खुसी हुँदै फेसबुक लगआउट गरी । म पनि उत्तिकै खुसी थेँ । रिसिकाले मोबाइल मतिर फ्यात्त फाल्दै भनी– 'पुग्यो आजलाई, अब फेसबुक नखोल् है । एक दुई दिनपछि मात्रै खोल्नुपर्छ । त्यसले मेसेज गर्‍यो भने पनि अहिल्यै कुनै प्रतिक्रिया नजनाएस् । सोचेर मेसेज गर्नुपर्छ । बुझिस् ?'

'बुझेँ-बुझेँ अब दीप मेरै हुन्छ भनेर बुझेँ । आशै मारिसकी थेँ, सपनाको राजकुमारलाई बिपनामै मेरो पोल्टामा हालिदिने भइस् भनेर बुझेँ ।' मनमनै सोचेँ अनि फिल्टर गरेर भनेँ– 'बुझेँ रानीसाब बुझेँ, अब हजुरले जसो गर् भनिसिन्छ म उसै गर्छु ।'

CC-0. In Public Domain. Digitization by eGangotri

९

केही दिनपछि बिहान उठ्नासाथै रिसिकाले मेरो फेसबुक खोली । मेरो मोबाइल, फेसबुक, दीप सबै उसैको कब्जामा थे । फेसबुक त ऊ जतिबेला मन लाग्छ उतिबेला खोल्थी र जोसँग मन लाग्छ त्योसँग बोल्थी । प्रायः जसो भने ऊ दीपसँगै बोल्थी । उसले कैली बनेर मोज गरिरैथी । मलाई पनि फाइदै थ्यो । मेरो सपनाको राजकुमार बिपनामा भेटिने आशा जो बढेर गएको थ्यो ।

रिसिकाले मलाई उठाउँदै भनी– "ओई छिटो उठ् । दीपले मेसेज गरेको छ । 'गुडमर्निङ' भन्दैछ तँलाई । ला अब त तैंले नै कुरा गर्दा नि हुन्छ । केटो फसिसक्यो । देखिस् नि रिसिकाको कमाल । सुरू-सुरूमा भाउ दिन खोजेको मात्र हो त्यसले । अब त, तँ बिना खोलाको माछा बगरमा ल्याएर छोडे झैं छट्पटाउँछ । जे भन्दा नि हुन्छ अब । मन परिसकेपछि गाली पनि प्यारो लाग्छ । केटो मायाजालमा फसिसक्यो ।"

उसले यसो भन्दै मोबाइल मेरो हातमा थमाइ दिई । निकै लामो समयपछि मोबाइल हातमा पर्‍यो । म पनि के कम, दीपसँग कुरा गर्न थालिहाले ।

उसले आफ्नै तरिकाले फटाफट मेसेज गरिरा थ्यो । मलाई रिसिकाको जसरी बोल्न अप्ठ्यारो लाग्यो । आफ्नै पाराले बिस्तारै बोल्दै थैं । उसका जिज्ञासाहरु मात्र मेटाउँदै थैं । मैले केही सोधेकी थिइनँ ।

उसले मप्रति माया देखाउँदै गयो । म पनि उसैको मायामा हराउँदै गएँ । उसले मलाई डोर्‍याउँदै लग्यो । म पनि उसले जता डोर्‍याउँछ उतै डोरिँदै गएँ । दिन प्रतिदिन हाम्रो माया गाढा हुँदै

CC-0. In Public Domain. Digitization by eGangotri

गयो । फेसबुक र रिसिकालाई मनमनै थ्याङ्स् भन्दै म दीपसँग रमाउँदै गएँ । देखिने सबै कुरा आकारमै ठूला हुन्छन् भन्ने छैन । मान्छेको शरीर ठूलो देखिन्छ तर त्यो भन्दा नि ठूलो त मान्छेको नदेखिने मन हुँदो रैछ । अझ मन भन्दा पनि ठूलो त त्यही मनमा बस्ने माया पो हुँदो रैछ । मलाई संसारकै सबैभन्दा ठूलो माया नै हो जस्तो लाग्न थाल्यो । मैले दीपलाई गर्ने माया अनि दीपले मलाई गर्ने माया ।

माया भरिएको मनमा हुने रैछ तर पनि चोट मनमा देखिन्न । मनको चोट हेर्न सकिन्न । तर मनको सानो चोट पनि आँखामा देखिने रैछ । आँखा त्यसै रसाउँदा रहेछन् । सानै कुरामा पनि आँसुको मूल फुट्दो रैछ । आँसुको मूलै फुट्दा पनि माया भने नघट्ने, झन्-झन् बढ्दै पो जाने रैछ । हाम्रो माया असन्तुलित रूपमा पोखिइरह्यो । हामी भावनामै एकले अर्काको हात समातेर एउटै गोरेटोबाट जिन्दगीको यात्रामा हिँडिरह्यौँ ।

जति हिँडे पनि समयले नमोडिकन जीवन नमोडिने रैछ । दीप म भन्दा बढी भावुक हुन थाल्यो । केटा मान्छेको त रूद्रघण्टी हुन्छ हत्तपत्त पोखिँदैनन् भन्ने सुनेकी थेँ तर उसको रूद्रघण्टीले खासै काम गरेन । उसले मनको माया यसरी कविताको माध्यमबाट ओकल्न खोज्यो–

"तिमीलाई एकछिन नदेख्दा यी खुट्टा
तिमीलाई नै भेट्न भनी हिँड्न खोज्छन्
तिमीसँग एकछिन नबोल्दा यी ओठ
तिमीसँगै बोल्नलाई सल्बलाउन खोज्छन्
यी हात पनि तिम्रै स्पर्श चाहन्छन् ।
यी आँखा तिमीलाई सधैँ हेरिरहन चाहन्छन् ।"

CC-0. In Public Domain. Digitization by eGangotri

मेरा ओठमा पनि ऊ नै हाँसिरहेको हुन्थ्यो । मनमा बसेर ऊ नै नाचिरहेको हुन्थ्यो । त्यसैले मैले पनि कवितामै भनेँ–

"तन टाढा भएपनि यो मन साथैमा छ
तिम्रो तस्बिर मेरो आँखैमा छ ।
डर लाग्छ घरिघरि
मायाको जाल बुनेर नाटक गरेका पो हौ कि ?
बगलीमा छुरा राखी मुखले ठिक्क पारेका पो हौ कि ?"

दीपको र मेरो यसरी कवितामै जुहारी चल्न थाल्यो रिसिका हेरिरही ।

दीप–

"कचकचेको कुरै कस्तो-कस्तो
मनको माया कसरी देखाऊँ
छ भनेर यस्तो ।
चिनजान गर्न अब यतै बोलाउँछु
विश्वास दिलाउनलाई भिसा पठाउँछु ।"

म–

"जे छ जस्तो छ राम्रै छ मलाई यहाँ
मायै जब छैन भने किन आउने त्यहाँ
मनमा गुम्सिएको झुटो माया पोख्नलाई
तनमा जागेको प्यास मेट्नलाई
खेलौना पो बनाएर छाड्ने हौ कि मलाई ?"

दीप–

"निर्णय गरिसकेँ मैले अब तिमी यतै आउँछेऊ
गुम्सिएको माया दिल खोलेर पोख्न पाउँछेऊ

CC-0. In Public Domain. Digitization by eGangotri

जिद्धी गर्ने हैन अब सबै ठिक्क पार्ने
टाढा भको तनलाई पनि अब नजिक सार्ने ।"

म–

"भैगो धेरै नबोल अब सुन्नु छैन मलाई
कुरा गर्न सिपालु छौ कति सम्झाउँ तिमीलाई ।
ललिते छ बोली तिम्रो नक्कले छ पारा
हातैमा राखिदिउँला भँै गर्छौ संसार सारा ।"

दीप –

"यस्तो कुरा गर्दा प्रिय झनै माया लाग्ने
तिमी छ्यौ नि मलाई सधैँ नजिक तान्ने
फूल जस्तै कोमल मेरी माया तिमी
केही दिन पछि अब सँगै हुन्छौँ हामी ।

म–

"मलाई तिम्रो विश्वास लागेकै छैन अझै
बीच बाटोमा पुऱ्याएर घात गर्छौ की कतै
म त तिमीसँगै बस्छु आओस् हुरी जत्रै
डर लाग्छ अझै पनि पार्छौ कि अलपत्रै ।"

दीप–

"अझै पनि सङ्का ? कस्तो छ त्यो मन
ढुक्क भई बसे हुन्छ मायालु छ यो मन
एउटै कुरा कतिपल्ट दोराइराख्ने मैले
बुझेर नि बुझ्पचाए जस्तो लाग्छ जहिले ।"

म–

"तिमीसँग भेट हुनलाई भगवानले नै जुराएको
माया भएर नै होला मलाई यसरी रूवाएको

CC-0. In Public Domain. Digitization by eGangotri

साथ दिन्छु म त तिमीलाई नै हर प्रहर
सबैथोक छाडेर आउँछु
पुरा गर्ने भए मेरा रहर ।"

दीप–

"घिउ चोरी खान कृष्णले नै सिकाएको
तिम्रो मेरो जोडी शिवले नै जुराएको
यति खुसी दिन्छु तिमीलाई पऱ्छ्यौ सधैं दङ्ग
दुःख सुख जे परे नि राख्छु आफैंसँग ।"

म–

"फ्याट्टै कुरा खोली हाल्यौ दायाँबायाँ नसोचे
राधालाई माया गरे अनि कृष्णले रुक्मिणीलाई रोजे
सपनीमै देखिएकाले यो मन सुम्पिँदैछु
भुली सारा दुनिया यो तन सुम्पिँदैछु ।"

दीप–

"शिवजीले गाँजै ताने पनि
पार्वती उनकै व्रत बसिन्
जटाधारी शिवजीको
जालमा उनी फसिन्"

म–

"मनमै छ माया
मनमै छ प्यार
झ्याप्पै विश्वास गर्नलाई
अरू के छ र आधार ?"

CC-0. In Public Domain. Digitization by eGangotri

दीप–

'अझै पनि मेरो विश्वास गर्दिनौ किन
मायै नभए यता आउने बन्दोबस्त गर्ने थिनँ
बिग्रिराछ मेरो काम तिम्रै काममा दौडधुप गर्दा
के भनौ म किन दुब्लाइस् भनी बाउआमाले सोध्दा ।'

म–

'झुटै बोली भा नि मायाले तानिरा'छ
कुरा मात्र गरेकी हुँ विश्वास लागिरा'छ
छ कि केही गर्नुपर्ने मैले पनि काम ?
खर्च कति लाग्ने हो सुक्को छैन दाम ।'

दीप–

'भुली सबैथोक तिमी तयार पर
अमेरिका आएर मलाई कल गर
मिलिसक्यो सबै अब बाँकी केही छैन
चुलबुल-चुलबुल तिम्रो मन छक्क पऱ्यौ हैन ।'

साँच्चै नै म त छक्क परेँ । माया मारिसकेको मान्छे त्यति चाँडै आफ्नो हुन लाग्यो । ब्यान देखेको सपना पुग्छ भन्ने विश्वास थ्यो, नभन्दै विपना बन्न लाग्यो । त्यतिबेलासम्म मलाई सपनीमै छु कि जस्तो पनि लाग्दै थ्यो । मैँले मात्र एकोहोरो माया गरेजस्तो लाग्थ्यो । दीप-दीप भनेर मरिहत्ते गरिरैथेँ तर उसँग भेट होला भनेर सोच्न छाडिरैथेँ । रिसिकाले मेरो उद्धारै गरी । उसले त्यसरी कुरा नमिलाकी भए सायद दीपले त्यति चाँडै मलाई बोलाउँथेन होला । ऊ मेरो मायामा त्यति छिट्टै डुब्ने नि थेन होला । हुन त साथ माथिबाटै तोकिएको हुन्छ भन्छन् । मेरो र दीपको जोडी पनि दैवले नै जुराएको हुनुपर्छ । हामी चाँडै जोडिँदै थ्यौँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

म यस्तै कुरा सोचेर बसिरैथेँ, रिसिकाले मलाई झस्काई– "कति भो तँ दीपसँग बोल्न थालेको ? यति छिटै विश्वास गरिस् हैन ? अब जान्छेस् हामी सबैलाई छाडेर ?"

मैले झस्कँदै रिसिकालाई भनेँ– "आफ्नो मन आफैँसँग छैन भने यहाँ बसेर के गर्नु ? प्रेम त जीवन जिउने आधार हो । प्रेरणाको स्रोत हो, उर्जा हो । सुखको पवित्र गङ्गा हो अनि शक्तिको अनन्त स्रोत पनि हो प्रेम । रिसिका, प्रेम नै त संसार चलाउने एउटा आधार हो नि ! त्यस्तो प्रेम गर्ने प्रेमीको पासमा म कसरी नजाऊँ ? भन् त ।"

रिसिकाले मेरो कुरा बुझी । ऊ मसँग धेरै सवाल जवाफ गर्न सक्थी तर त्यसो गरिन । मलाई हरेक काममा सहयोग गरी । उसले अमेरिका जाने सबै बन्दोवस्त मिलाई दी । जाने दिन पनि उसैले फिक्स गरेर टिकट कर्न्फम गरी दी । दीपलाई सबैकुरा भनेर सम्झाई । मेरो घरमा पनि सबै जनालाई कन्भिन्स् गरी । आमा र बहिनीलाई पनि उसैले बोलाई । किनमेल नि उसैले गराई । दीपसँग बुझेर चाहिने सबै सामान किनेर एउटा लगेज तयार पार्दी । मैले गर्नुपर्ने सबै काम उसैले सकाई दी । सच्चा मित्रमा कुनै स्वार्थ हुँदो रैनछ । रिसिका म भन्दा खुसी देखिन्थी ।

सबै काम सकाएर म सत्ताइस मार्च, शुक्रबार पर्खेर बसिरहेकी थेँ । सधैँझैँ दीपले मलाई मेसेज गरेन । प्रायः म अनलाइन बस्थिन । दीपले बोलाएसी मात्र ऊसँग मीठा गफ गर्न अनलाइन हुन्थेँ । दीपले मलाई बोलाएन । "आई एम् अन मेसेञ्जर ।" भनेर मेसेज गरेन । उसले मलाई बोलाउँदै बोलाएन ।

धेरै बेरसम्म पनि उसले नबोलाएपछि म आफैँ मेसेञ्जरमा अन भएँ । मेसेज पठाउन खोजेँ तर गएन । दीपले त मलाई फेरि ब्लक गरेछ । म तीनछक परेँ । कस्तो खालको मान्छे हो ? मलाई त्यो

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्थामा पुऱ्याएर के गर्न खोजेको हो ? सबै कुरा फिक्स भैसकेको छ । मेरा आँखाबाट आँसुका धारा बर्सिए । म रोएर बसिरहेँ ।

जिन्दगीमा सधैंका लागि उसलाई ब्लक गरुँ झैं लागेर आयो । उसको नाम, याद सबै मेटाउन मन लाग्यो । सक्ने भए र मिल्ने भए म त्यति नै बेला नाम निसाना सबै मेटाएर फालिदिने थेँ तर म रून सिवाय के नै गर्न सक्थेँ र ! रोई नै रहेँ । जम्मा गरेर राखेको भए आँसुको एउटा सानो पोखरी नै बन्ने थ्यो । हिँड्दा हिँड्दै गोडामा ठेसै नलागी त्यसै जिउ लल्याकलुलुक भएर लडे जस्तो भो । ऐलिएर घाममा त्यसै सडे जस्तो भो ।

म नयाँ जिन्दगी कसरी जिउने भनेर सोच्न थालिरैथेँ । मनबाट याद र मायालाई उखेलेर फाल्न लागिरैथेँ । दुई दिन पछि फेरि दीपले मेसेज गऱ्यो– 'आई एम् सरी डियर ।'

मैले केही रिप्लाई नगरी मेटिदिएँ । उसले फेरि मेसेज गऱ्यो । रूँदै-रूँदै पढेँ– 'आई एम् सो सरी टु बोदर यू । प्लिज फर्गिभ मी एण्ड एस्सेप्ट माई फ्रेण्ड रिक्वेस्ट ।'

उसको याद, उसको माया र ऊसँगको मिलनको आकांक्षा चाहेर पनि मनबाट फाल्न सक्थिनँ । मैले निर्धक्क उसलाई विश्वास गर्न पनि सकिनँ । मनमा डर लागि नै रह्यो । दीपले जतिबेला पनि मलाई धोका दिन सक्ने रैछ, भन्ने लाग्यो ।

उसको रिक्वेस्ट एप्सेट गरिनँ । मैले पनि 'आई एम् सरी ।' भनेर एउटा मेसेज पठाएँ ।

'प्लिज, फ्रेण्ड रिक्वेस्ट एस्सेप्ट गर न के । सरी भनेँ त प्लिज' –उसले फेरि मेसेज गऱ्यो ।

'गर्दिन, अब मैले तिमीलाई भुलिसकेँ । तिमी मेरो को हौ ? मैले त चिनिनँ नि !' मैले रिसाएर त्यस्तो मेसेज गरेँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

ऊ मलाई फकाउन थाल्यो– "धेरै कुरा नसोच न डियर, जस्ट नो द्याट, आई एम चेन्ज्ड नाउ । म पहिले जस्तो छैन । प्लिज फर्गिभ मी । म सत्ताइस मार्च कुरेर बसिरहेको छु । अरू कुरा केही थाहा छैन मलाई ।"

केटीको कलिलो मन न हो, बदलिहाल्यो । छोरा मान्छेको मन साँच्चै कठोर हुँदो रैछ । उसको फ्रेण्ड रिक्वेस्ट एस्सेप्ट गरें । उसले खुसी हुँदै मेसेज पठायो– "थ्याङ्क यू सो मच माई डियर, एनी वे, म अब सुत्नुपर्छ । भोलि गफ गरौंला है । टेक केयर टील देन्, लभ यू ।"

मैले 'हवस्' मात्रै भनें । त्यसपछि ऊ सुत्यो । मेरो घाउमा पनि मलम लाग्यो अनि म पनि आफ्नै काममा लागें ।

CC-0. In Public Domain. Digitization by eGangotri

१०

सत्ताइस मार्च, शुक्रबारको दिन, म नेपाल छाडेर दीपको देशमा जाने दिन, सबैलाई छाडेर सपनाको राजकुमारको पासमा जाने दिन । मलाई हल्का खुसी पनि लाग्यो र हल्का पीर पनि । म आमा, बैनी, साथी र आफ्ना आफन्ती छोडेर जाँदै थेँ । सबैलाई हँसाएर आफू पनि हाँसी-हाँसी बिदा मागेर जाँदै थेँ ।

तीन घण्टा अगाडि एयरपोर्ट पुग्नु भनी टिकटमा लेखिएको थ्यो । दुई बजेको डिपार्चर थ्यो । त्यसैले हामी एघार बजे नै त्रिभुवन विमानस्थलको गेटबाट भित्र छिर्‍यौं । हामी एकछिन त्यहीं अल्मलियौं । सबैको साथमा दुईचार वटा फोटो खिच्यौं । त्यसपछि म आफ्नो गन्तव्यको लागि भित्रिएँ । मलाई छोड्न भनी विमानस्थल पुगेका सबै आफन्तीहरु त्यहाँबाट बाहिरिए ।

धेरै मान्छेहरुको भीडमा पनि म एक्ली थेँ । यताउता चारैतिर हेरेँ कतै पनि परिचित अनुहार देखिनँ । म गेटमा पुगेर लाइनमा सामेल भएँ । मेरो अगाडि केही श्याम वर्णका विदेशी महिलाहरु थे भने पछाडि केही गोरी विदेशीहरु थे । दुईजना गेटबाट भित्रै छिर्न नसक्ने खालका मोटा मानिस पनि थे । नेपाली अनुहार अगाडि पछाडि कतै देखिनँ । मुटु ढुकढुक गर्न थाल्यो । मनमा डर पनि लाग्यो । प्लेनसम्म पुग्नलाई बीचमा के-के गर्नुपर्छ ? कता-कता जानुपर्छ केही थाहा नभएर म अलमलमा परिरहेँ ।

मैले केही सोच्नै सकिनँ त्यसैले म तिनै श्याम वर्ण भएकी विदेशीहरुकै पछि लागेँ । उनीहरु आफ्नो टिकट चेक गर्न लागेका रैछन् । मैले पनि ब्यागबाट टिकट निकालेर चेक गराएँ अनि फेरि पनि उनीहरुलाई नै पछ्याएँ । उनीहरु जसो-जसो गर्छन् मैले पनि त्यसै गर्दै गएँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

म बोर्डिङ्ग पासमा पुगेर लाइनमा लागेँ । मलाई अगाडिबाट कसैले बोलाएझैं लाग्यो । बोल्न खोजेँ तर बोलाउने मान्छेले नै फेरि नचिनेझैं गऱ्यो । उसले मलाई घरिघरि हेर्दै हाँसिरा थ्यो । मान्छे हेर्दा भलाद्मी खालकै देखिन्थ्यो तर पनि बोल्न डरै लाग्यो । म अगाडि हिँड्न खोजेँ । ऊ पनि मेरै पछि-पछि लाग्यो । मलाई त्यहाँब्राट कता जाने भनेर थाहा थेन । त्यसैले उसलाई अगाडि जान दिएर म उसकै पछि लागेँ ।

ऊ पनि हेर्दा त म जस्तै अन्जान नै देखिन्थ्यो । घरिघरि मलाई नै केही सोध्न लागेझैं गर्थ्यो । अलि अगाडि गएपछि उसले एकजना नेपालीसँग कुरा गरेको देखेँ । मैले पनि उसैलाई इमिग्रेसन कता हो भनेर सोधेँ । ऊ टक्क उभियो र मलाई बाटो मोड्न आग्रह गऱ्यो र भन्यो– "इमिग्रेसन मास्लो तलामा छ, यताबाट हिँड्नुहोस् ।" मलाई बाटो देखाउँदै ऊ पनि सिढीँ उक्लियो । म पनि उसको पछि-पछि लागेँ ।

***

एउटा फाराम भर्नुपर्ने रैछ । उसले आफ्नो फाराम भरेर तुरुन्तै मेरो नि भर्दियो । उसले नाम सोध्ने बहाना पायो । के गर्नु बताउनै पऱ्यो, 'कैली शर्मा' । मेरो नाम सुनेर ऊ मुस्कुरायो । उसले आफ्नो नाम जावेद बतायो । मेरो पासपोर्ट नि माग्यो र फटाफट फाराम भरिदियो । अनि हामी अगाडि पछाडि भएर लाइन लाग्दै गयौँ । उसको चेकजाँच चाँडै नै सकियो । सोधपुछको काममा मेरो निकै बेर लाग्यो । यो भएन, त्यो भएन, डकुमेन्ट पुगेन, यहाँ मिलेन र त्यहाँ मिलेन भन्दै त्यहाँको कर्मचारी फतफताउन थाल्यो । त्यसको मुख बन्द गर्न मसँग लड्डु थेन । मलाई साह्रै गाह्रो भो । त्यसैको अगाडि

CC-0. In Public Domain. Digitization by eGangotri

रोइदिऊँ कि जस्तो लाग्यो । आँसु पनि केटीको हतियारै हो, केही काम गरी पो हाल्छ कि भन्ने पनि लाग्यो तर रून सकिनँ । कालो मुख लगाएर बसिरहें ।

दीपलाई फोन गरेँ, उसको फोनै लागेन । मेसेज गर्न खोजेँ, जाँदै गएन । मेरो अघिपछि हुँदै आएर फाराम भरिदिने जावेद पनि कता हरायो-हरायो । कसलाई के भनूँ, कोसँग आफ्नो समस्या राखूँ ! कोही चिनेकी छुइनँ । जता हेर्‍यो उतै नौलो लाग्छ । मलाई के गरूँ कसो गरूँ भयो । म यता र उता गर्दै छटपटी रैथें ।

"हाम्रो फ्लाइट त क्यान्सिल भएछ नि । तीन बजेलाई पो सरेछ ।" जावेद बोल्दै-बोल्दै मेरो अगाडि टुप्लुक्क आइपुग्यो । मैले उसलाई वास्तै गरिनँ । उसको कुरा पनि नसुनेझैँ गरी दीपलाई एकोहोरो फोन ट्राई गरिरहें । उसले मलाई अप्ठ्यारो परेको कुरा बुझेछ । मसँग कागजपत्र माग्यो र मलाई त्यहीँ बस्ने आग्रह गर्दै ऊ सोधपुछ कक्षमा गएर मेरो पासपोर्ट ल्याएर थमाइदियो । मैले त्यत्रो रिक्वेस्ट गर्दा नभएको, उसले के गर्‍यो ? के भन्यो ? एकैछिनमा काम फत्ते गर्‍यो । उसले जे भनेर जसरी काम गरे पनि मलाई खुसी लाग्यो, उसले मेरो पासपोर्ट लिएर आयो । मेरो निरास मुहारमा रौनक छायो । मेरो मनको डर भाग्यो ।

अमेरिका उड्न पाइने भो भनेर मनमा ढुक्क भो । फ्लाइट डिले भएको थ्यो । दिन ढल्दै गयो, चिसो बढ्दै गयो । जावेदको तातो गफको तालमा एक घण्टा एकै छिनमा बित्यो । फेरि पनि फ्लाइट डिले भो । एक बजेको फ्लाइट चार बजे हुने भो । जावेद खुसी देखियो । मलाई भने चिन्ता पर्‍यो । चाँडै पुगिएला भन्ठान्या त झन् ढिला पो पुगिने भो ।

हामी जाने विमान कतार एयरवेजको थ्यो । यात्रुहरू तँछाडमछाड

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दै अगाडि बढे । जावेद र म नि सँगै लाग्यौ । म पहिलो चोटि त्यति ठूलो प्लेनमा चढ्दै थैं । सबैजना आ-आफ्नो सिटमा बसे । जावेद अगाडिको सिटमा पऱ्यो भने म उसकै पछाडि परैं । मेरो छेउमा एकजना जर्मनीको बुढो मान्छे थ्यो । जावेदले उसलाई आफ्नो सिटमा बस्न आग्रह गरेर ऊ मसँगै बस्न आयो । जावेद निकै खुसी देखिन्थ्यो । म पनि खुसी नै थैं ।

प्लेनमा मलाई डर लागिरहेको थ्यो । जावेदले म डराएको थाहा पायो । उसले थाहा नपाओस् भन्ने लागेको थ्यो तर डर मुहारमै देखिए पछि मेरो के नै लाग्छ र ! उसले त मलाई झन् बढी डर देखाउन थाल्यो । ऊ भन्दै थ्यो– "थाहा छ कैली, यस्तो पानी परिरहेको बेलामा त प्लेनको केही भर नै हुँदैन नि ! मलाई त कस्तो डर लाइरा छ । कतै प्लेन क्र्यास पो हुने हो कि ! हेर त, ऊ त्यो कालो बादलको ढिक्का, त्यो त चट्टान जस्तै कडा हुन्छ । प्लेन त्यसमा ठोकियो भने त । खत्तम । एकदमै होसियार भएर बस्नुपर्छ है ।"

जावेद मलाई डर देखाउँदै आफू पनि डराएझैं गरिरा थ्यो । मलाई कति बेला दीप भएको ठाउँमा पुगिएला भन्ने भइरह्यो । पुरूषको जात यस्तै हो, एक्ली केटी अनि असुरक्षित देखेपछि कसरी हुन्छ मौका खोजिहाल्छन् जस्तो लाग्यो । तर पनि म जावेदसंग रिसाउन सक्दिनथें किनकि उसले मलाई सहयोग गरेको थियो र खासै ऊ खराब केटो जस्तो पनि देखिंदैन थियो । यस्तो चाहिं लागिरह्यो कि जावेदको ठाउँमा दीप भएको भए मलाई त्यसरी डर देखाउँथेन होला ! सायद, उसले मेरो मनको डर भगाउँथ्यो होला । मनमा त्यस्तै कुराहरु खेलिरहे ।

जावेद मेरो लागि अञ्जान व्यक्ति थ्यो । बाटोमा भेटिएर पनि उसले मलाई धेरै सहयोग गऱ्यो । बाहिर पानी परिरहेकै थ्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्लेन आफ्नै रफ्तारमा उडिरहेको थ्यो । जावेदले भनेको साच्चै हो झैं लाग्यो । प्लेन त्यो कालो बादलको ढिक्कामा ठोकिएछ कि क्या हो, हल्लिएर भुइँमै खस्न लागे जस्तो गऱ्यो । म डरले चिच्याएछु । जावेदले हाँस्दै एक हातले मेरो मुख थुनेर अर्को हातले मलाई समाइरह्यो । मेरो मुटुको धड्कन छिटो-छिटो धड्किराको थ्यो । डरले काँपिरहेकी मलाई हेरेर जावेद भने हाँसी नै राथ्यो ।

मलाई कति बेला प्लेन रोकिन्छ जस्तो भो । झ्यालबाट बाहिर हेर्न खोजेँ, पुरै अँध्यारो थ्यो । केही देखिन । झन् डर लाग्यो । झ्याल बन्द गरेर म्युजिक सुन्न थालेँ । एकछिन पछि प्लेन फेरि त्यो कालो बादलमा ठोकिए जस्तो लाग्यो । म कहालिँदै झ्याप्पै जावेदलाई अङ्गाल्न पुगिछु । उसको अङ्गालोमा मैले आफूलाई सुरक्षित महसुस गरेँ । त्यतिबेला जावेदको अङ्गालो मेरो लागि सुरक्षाको बलियो र भरपर्दो ठाउँ भएको थियो ।

'पानी अझै परोस्, यी बादलहरू प्लेनमा ठोकिरहुन्, प्लेन तलमाथि गरिरहोस्, अनि कैली पनि यसैगरी मेरो अङ्गालोमा बेरिरहोस्' त्यतिबेला जावेदले यस्तै सोच्यो होला । उसले मलाई अङ्गालोमा च्यापिरह्यो । उसको अङ्गालोमा छु भन्ने सोचले म झस्कैं तर पनि डरले उसको अङ्गालोबाट उम्कन खोजिनँ । उसको शरीरमा बाँधिएका मेरा हात र मेरो शरीरमा बाँधिएका उसका हात बिस्तारै आफैं हटे । मेरो डर लज्जास्पद बन्यो, म घोप्टिएँ । जावेद एकोहोरो मलाई नै हेरिरह्यो ।

एयरहोस्टेजहरू खाना लिएर आए । कतार एयरलाइन्स भएर हो या त सबै विमानमा त्यस्तै हो ? खाना अनौठो किसिमको देखेँ । नेपाली खानामा दालभात मात्र थ्यो । झ्याप्पै दालभात छाडेर अरू खाना लिन सकिनँ । म त शिवको भक्त, सर्प र गोरूको मासु खान

CC-0. In Public Domain. Digitization by eGangotri

नपरोस् भन्ने थ्यो । म अल्मलिएको देखेर एयरहोस्टेजहरु उभिरहे ।

जावेद त्यतिबेलासम्म पनि मलाई हेरेर टोलाई नै रहेको थ्यो । बाध्य भएर मैले उसलाई कोट्याएँ । ऊ झस्कियो, एयरहोस्टेजहरु हाँसे, म पनि हाँसैं । सबैजना हाँसेको देखेर जावेद लजायो । मलाई भने रमाइलो लाग्यो । मैले जावेदलाई खाना छान्न भनैं । उसले हामी दुवैको लागि नेपाली खाना र एक-एक क्यान बियर लियो ।

मलाई निकै नै भोक लाइरा थ्यो । मैले सबै खाना खपाखप खाएँ । भोक मीठो हो या भोजन मीठो, जे होस् खाना निकै नै मीठो थ्यो । दीपको धेरै नै याद आइरा थ्यो । जावेदको कुरा गराइ, बोलाइ, हेराइ, हँसाइ सबैमा किन-किन म दीपलाई नै देख्थैं ।

जावेदलाई दीपको बारेमा सुनाउन खोजैं । त्यति नै बेला उसले मेरो हातमा बियर थमाएर चियर्स गऱ्यो । मैले पहिले कहिल्लै बियर पिएकी थिइन । पहिलो पल्ट बियर समाएर पिउन लागैं । जावेद रिसाउला कि भन्ने लाग्यो त्यसैले नाईं म पिउँदिन भन्न सकिनँ । दीपसँग बसेर अमेरिकामै पिउँला भन्ने थ्यो तर जावेदले बाटैमा पिलायो । बियर कस्तो नमीठो लाग्यो, तीतो-तीतो, टर्रो-टर्रो बेस्वादको । मैले बियर पिएको हेरेर जावेद रमाइरा थ्यो । ऊ मलाई भुलाउन खोज्दै थ्यो । उसकै जिन्दगीको एक हिस्सा बनाउन खोज्दै थ्यो । म भने ऊसँग नजिकिन डराइरैथैं ।

मैले जावेदको मनको सबै भाव बुझैं । जावेदको ठाउँमा दीप भएको भए उसको चाहना पुरा हुन्थ्यो । किनकि मेरो पनि चाहना त्यस्तै हुन्थ्यो तर जावेदको चाहना अधुरै रह्यो । म दीपप्रति समर्पित भएर अमेरिका जाँदैथिएँ र बाटोमा भेटेको एउटा यात्रुसंग बहकिने गरी मेरो प्रेम त्यति कमजोर थिएन । म दीपलाई भुलेर उसको अङ्गालोमा बाँधिन सकिनँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

म तर्किन खोजेँ । जावेदसँग नबोलिकन बस्न खोजेँ तर त्यसो गर्न नि सकिनँ । जावेदसँग बोल्दा कता-कता दीपलाई धोका हुन्छ जस्तो लाग्थ्यो अनि म भित्रभित्रै डराएँ । प्लेन ल्याण्ड हुन लागेझैं लाग्यो । मलाई फेरि डर लाग्न थाल्यो । जावेदले मतिर हेरेर आँखैले भन्यो– "ढुक्क हौ केही हुँदैन, म छु तिम्रो साथमा ।" म आँखाको बोली बुझ्थेँ, मेरो डर भाग्यो, तब भने मलाई आनन्द लाग्यो ।

प्लेन कतारको एयरपोर्टमा ल्यान्ड भो । "अब एक दुई घण्टा यहीँ बस्नुपर्छ । त्यसपछि चार पाँच घण्टामा अमेरिका पुगिन्छ ।" जावेदले भन्यो । मलाई प्लेनबाट कतिबेला झरूँ झैं भइरा थ्यो । नभन्दै हामी कतारको एयरपोर्टमा ओर्लियौँ ।

***

कतारको एयरपोर्ट नेपालको भन्दा धेरै ठूलो र राम्रो पनि रैछ । म जावेदको पछि लागेँ । सबै प्रक्रिया जावेदले नै पुरा गऱ्यो । प्रतीक्षालय पनि विशाल थ्यो । ओल्लो छेउबाट पल्लो छेउ पुग्दा थकाई नै लाग्ने खालको । हामी प्लेन उड्ने प्रतीक्षामा थ्यौँ । म अलि पर एक कुनामा गएर एक्लै बसेँ । जावेद अर्को कुनामा बसेको थ्यो । मैले दीपलाई फोन गर्न खोजेँ तर फोन लाग्दै लागेन । मेसेज गरेँ, मेसेज गयो तर डेलिभरी रिपोर्ट नै आएन । मलाई तनाव भो अनि जावेदले नदेख्ने गरी अलि टाढा गएर एकछिन रोएँ ।

अलपत्रै पर्छु कि जस्तो लाग्यो । चटचट टाउको चड्किन थाल्यो । दिमाखले केही काम गरेन । म टाउकोमा हात राखेर घोप्टि रैथेँ । जावेदले पछाडिबाट आएर मेरो कपाल मुसार्दै भन्यो– "के भयो तिमीलाई ? किन यसरी टोलाएकी ?" जावेद मेरो छेउमै आएर बस्यो, म केही नबोली बसिरहेँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्लेन कतारबाट अमेरिकातिर उड्यो । मनमा धेरै रहर लिएर म दीपको सहर जाँदै थेँ । जावेदको साथमा यात्रा पनि रमाइलो भइरहेको थ्यो । मलाई जावेद धेरै राम्रो मान्छे जस्तो लाग्यो । उसको साथमा भएपछि मनको डर पनि भाग्यो । छोटो समयमा जावेद मेरो पुरानो साथी जस्तै नजिक भो । उसको बोली एकदमै मिजासिलो थ्यो । मलाई उसको व्यवहार रैथन्ने लाग्यो ।

मैले जावेदलाई दीपको बारेमा बताउन दोस्रो चोटि जमर्को गरेँ । उसलाई बोलाएँ तर बोलेन, अनि उतै फर्केर हेरेँ । ऊ त अघि नै निदाइ पो सकेछ । हुन पनि यात्रा धेरै लामो भैसकेको थ्यो, के ननिदाओस् । सपनै देख्यो होला । के-के सोच्दै थेँ, एकछिनमा म पनि निदाइछु ।

CC-0. In Public Domain. Digitization by eGangotri

११

ब्युँझिँदाखेरि त अमेरिकाको एयर्पोर्टमा प्लेन ल्याण्ड भैसकेछ । जावेदसँग छुट्टिने बेला भयो भनेर मनमा नरमाइलो लाग्यो । सोचेँ "जावेदसँग छुटिएर के भो त । अब त मेरो दीपसँग भेट हुन्छ ।" अनि फेरि रमाइलो लाग्यो । ऊ भने खुसी नै देखिन्थ्यो । गीत गुनगुनाउँदै प्लेनबाट ओर्लियो । म पनि उसकै पछि-पछि ओर्लें । जावेदकै पछि लागेर सबै काम सकाएँ । इमिग्रेसनको काम पनि जावेदले नै गरिदियो । यसरी सबै काम सकाएपछि हामी बाहिरसम्म सँगै निस्क्यौं । मलाई मेरो दीप नआउन्जेल जावेद कहीं नगए हुन्थ्यो भन्ने लागिरहेको थ्यो । त्यो नौलो ठाउँमा म नौली चरी कहाँ जाऊँ । दीपको फोन लाग्दै लागेन । म जावेदको पछि लाग्न पनि सकिनँ । मैले फोन ट्राई गरिरहें, फोन पटक्कै लाग्दै लागेन ।

म नेपालबाट अमेरिका पुगुन्जेलसम्म दीपको कुनै अत्तोपत्तो थेन । उसले न त फोन गऱ्यो, न त मेसेज नै । न त उसको फोन लाग्यो, न त उसले मेरो मेसेज नै हेऱ्यो । के खालको मान्छे होला । कसरी आउँदैछ, के-कस्तो छ, केही वास्तै नगर्ने । एयर्पोर्टमा लिन त आउनु पर्छ नि, त्यो पनि छैन । मैले त पहिल्यै भनी थैं अलपत्र त पार्दैनौ नि भनेर । मलाई अलपत्रै पर्छु कि जस्तो लाग्न थाल्यो । "उसैको कुरा सुनेर उसैको माया लाएर सबैलाई छाडेर आएँ । गल्ती मेरै हो, पराइलाई आफ्नो ठानेर दिल दिएँ । उसैको कुरामा विश्वास गरें ।" म मनमनै फतफताएँ । जावेद त्यहीं थ्यो । उसैको अगाडि दीपलाई सराप्दै बसें । ऊ नसुनेझैं गरी सुनिरहेको थ्यो तर ऊ सुनेर पनि केही बोलेन, मुसुमुसु हाँस्दै मोबाइल चलाइ रह्यो ।

"तिम्रो मान्छे अब त आउनुपर्ने हो । खै त, अहिलेसम्म आइपुगेन

CC-0. In Public Domain. Digitization by eGangotri

नि ?" –जावेद बोल्यो । ऊ पनि थाकेको थ्यो । उसलाई हतार भए जस्तो लाग्यो । उसले मलाई सँगै जान भन्यो तर म मानिनँ । "त्यसो भए तिमी बस्दै गर । तिम्रो मान्छे आएन भने मलाई फोन गर्नु । म तिमीलाई लिन आउँछु ।" ऊ बोल्दै-बोल्दै निस्कियो ।

जावेद निस्किने बित्तिकै दीपको मेसेज आयो– "तिमीलाई लिन आउन अलि ढिला भो । त्यस्को लागि म माफी चाहन्छु । अब म हिँड्न लागेको । बस्तै गर है, म एकै छिनमा आइपुग्छु ।" तब भने मनमा ढुक्क भो । म दीपकै ठाउँमा रहिछु भन्ने लाग्यो ।

म दीपलाई कुरेर बसिरहेँ । हरेक मान्छेको मुहारमा उसैलाई चियाइरहेँ । दुई घण्टासम्म पनि दीप आएन । म छटपटी रहेकी थेँ । मेरो मनमा दीप नै नाचिरह्यो तर आँखाले उसलाई हेर्न पाएकै थेनन् । मलाई त्यसरी घण्टौं कुराएकोमा धेरै रिस उठ्यो तर रिस उठेर पनि के गर्नु रिस पोख्ने कुनै ठाउँ थेन । "आओस् मात्र न मैले जानेकी छु ।" म मनमनै जुरमुरी रहेँ ।

एकछिनमा नुहाई-धुवाई गरेर चिटिक्क परेर जावेद मेरो अगाडि टुप्लुक्क आइपुग्यो । म जसको लागि गएकी थेँ उसले भने वास्तै गर्दैन । मलाई नौलो ठाउँमा एक्लै घण्टौं कुराउँछ । उता जो बाटोमा भेटिएको छ उसले भने त्यति धेरै माया गरिरैछ । म उसलाई हेरिरैथेँ, ऊ मेरो छेउमै आएर बोल्यो– "तिम्रो मान्छे आउँदैन जस्तो छ, हिँड जाऊँ, म तिमीलाई लिन आएको ।" उसले मलाई गाडीमा बस्न आग्रह गऱ्यो ।

मैले उसको आग्रहलाई अस्वीकार गर्दै भनेँ– "मलाई लिन मेरो दीप आउँदैछ । उसले मेसेज गरेको थ्यो । ऊ आउँदै होला, यत्रो बेर त बसेँ अब एकछिन त हो नि । एकछिन पछि त मेरो दीप आइहाल्छ । तपाइँ जानुभए हुन्छ ।"

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो कुरा सुनेर जावेद हाँस्दै बोल्यो– 'तिम्रो दीप मै हुँ, हिँड जाऊँ ।'

***

मलाई पत्यारै लागेन । जावेदलाई दीप नै हो भनेर तत्क्षण स्वीकार गर्न सकिनँ । दीपको मोबाइलमा फोन गरेँ । जावेदको हातमा मोबाइल बज्यो । यसो हेरेँ मेरै नम्बर थ्यो । म छागाँबाट खसे जस्तै भएँ । काठमाडौंदेखि मलाई हरेक कुरामा सहयोग गर्दै आएको जावेद नै मेरो दीप रैछ । तब उही भन्ने मलाई विश्वास भो । मेरो वास्तै गरेन भनेर मनमनै गाली गरी रैथेँ । ऊ त मलाई लिन काठमाडौं नै पो पुगेको रैछ । मनमा खुसी पनि लाग्यो र मलाई नचिनाई मेरो परीक्षा लिएर बसेकोमा रिस पनि उठ्यो । पहिले नै चिनिएको भए, यात्रा कति रमाइलो हुने थ्यो । म आनन्दसँग उसैको अङ्गालोमा हराउथेँ । ऊ नै त थ्यो मेरो खास, न त कुनै डर हुन्थ्यो न त कुनै त्रास ।

मैले पहिले नै जावेदमा दीपको आभास त पाएकी थेँ । उसलाई दीपको बारेमा भन्न पनि धेरैपल्ट कोसिस पनि गरी रैथेँ तर उसले मेरो कुरै नसुनेर बारम्बार मोडिरहन्थ्यो । मेरो बानी, व्यवहार सबै नजिकबाट नियालेर बसेको रैछ । कसरी सकेको होला । साँच्चै केटाहरूको मन कठोर नै हुँदो रैछ ।

मेरो सपनाको राजकुमारको साथमा म उसैको घरतिर लागेँ । जावेदको रूपमा चिन्दासम्म मलाई त्यति राम्रो नलागेको मान्छे, जब दीपको रूपमा चिनेँ तब भने त्यही मान्छे हेर्दाहेर्दै संसारकै सबैभन्दा राम्रो मान्छे बन्यो अनि म उसैमा समर्पित भएँ ।

एयरपोर्टबाट दीपको घरसम्मको दुरी धेरै टाढा रैनछ । हामी

CC-0. In Public Domain. Digitization by eGangotri

एकैछिनमा दीपको घर पुग्यौं । उसले घरमा बाबा र मामू नभएको कुरा बतायो । घरमा काम गर्ने मान्छेहरु मात्र रैछन् । उसले मलाई सबैतिर देखाउँदै बैठक कोठामा लग्यो । बैठक कोठा धेरै नै ठूलो थ्यो, हाम्रो घर जत्रै । बाहिर आकर्षक स्विमिङ्ग पुल, ठूलो कम्पाउण्ड, खुल्ला र वरिपरि हरियाली, घर घरजस्तो नभएर भव्य रिसोर्ट जस्तै थ्यो ।

बैठक कोठामा हामी गफ गरेर बसिरहेका थ्यौं । एकजना काम गर्ने महिला आएर मलाई नुहाउन जान आग्रह गरिन् । म धेरै थाकेकी थैं त्यसैले मलाई उठ्न मन लागेन । मैले एकछिन पछि जाने कुरा गरैं । मेरो कुरा सुनेर दीप बोल्यो– "हाम्रो घरमा जो पाहुना आए पनि सुरूमा नुहाउन लगाएर स्पा लैजाने चलन छ । यो हाम्रो घरको पाहुनालाई सत्कार गर्ने छुट्टै परम्परा हो । यसमा तिमी कत्ति पनि ढिला गर्न पाउँदिनौ ।"

कस्तो राम्रो चलन, खुसी लाग्यो । लामो यात्राबाट थाकेर आएको मान्छेलाई आरामको खाँचो हुन्छ । थकाइलाई बिर्साउने र फ्रेस बनाउने त्यस्तो परम्परा मैले पहिलो पटक महसुस गर्दै थैं । अचम्म लाग्यो, सोचैं– "यो त अमेरिका हो, यहाँको परम्परा यस्तै होला ।"

नेपालमा छँदा त त्यस्तो कुरा सुनेकी पनि थिनँ । मैले दीपलाई सोधैं– "यताको चलन यस्तो छ हो ?" दीपले जवाफ दियो– "यताको चलन हैन डियर, यो हाम्रो घरको चलन हो ।" म केही नबोली त्यहाँबाट उठेर नुहाउनलाई बाथरूमतिर लागैं । नुहाउन चाहिंने सबै सामान तयार रैछन् । म नुहाएर सफाचट भएर निस्किएँ । त्यसपछि मलाई घरको परम्परा अनुसार काम गर्ने महिलाहरूले स्पा लगे । ती सुसारेहरूले मलाई मज्जाले मसाज गरिदिए । थाकेको ज्यानलाई आराम भो, म मनमनै रमाइ रहैं ।

CC-0. In Public Domain. Digitization by eGangotri

म त्यो आनन्दमा रमाउँदा रमाउँदै त्यहीँ निदाइछु । ब्युँझिदा आफूलाई एउटा कोठामा सिरकभित्र गुट्मुटिएको अवस्थामा पाएँ । उठेर चारैतिर हेरेँ, वरिपरि कोही थेनन् । लुगा लगाएर म बाहिर निस्केँ ।

***

आकाशबाट धर्तीलाई चियाउँदै चन्द्रमा मुस्कुराई रहेकी थिन् । दीपको घर वरिपरि दीप जलिरहेको थ्यो । बत्ती निब्दै बल्दै गरिरहेका थे । चारैतिर झिलिमिलि थ्यो । तल स्विमिङ्ग पुलको छेउमा घुँडासम्म झरेको कोट लगाएको, खैरो कपाल भएको, कालो चस्मा छातीमा झुन्ड्याएको एकजना बुढो-बुढो मान्छे बसेको थ्यो । म त्यतैतिर झरेँ । दीप पनि ऊसँगै बसेको रैछ । म दीपकै छेउमा गएर बसेँ । दीपले परिचय गरायो, त्यो मान्छे उसको बाबा हुनुहुँदो रैछ । मैले नेपालीपनमा नमस्कार गरेर आफ्नो औपचारिकता पूरा गरेँ । त्यपछि दीप र बाबा घरायसी कुरा गर्न थाल्नुभो । मलाई खासै चासो लागेन । म त्यहाँको सुन्दरतामा रमाइरहेँ ।

केही समयपछि बाउछोराको गन्थन सकिएछ । म पढ्ने कलेजको कुरा उठ्यो । दीप पनि त्यही कलेजमा मसँगै पढ्ने रैछ । त्यो कलेज दीपकै बाबाको रैछ । कलेजको व्यवस्थापन सबै बाबाले नै गर्नुहुँदो रैछ । त्यसैले मेरो काम पनि छिट्टै भएको रैछ ।

कलेजको बारेमा मलाई कुनै टेन्सन भएन । कहाँ होला, कस्तो होला, के पढ्ने होला, साथी कस्ता होलान्, आदि इत्यादि कुराको कुनै टाउको दुखाइ रहेन । मेरो सपनाको राजकुमार मेरै साथमा हुने भएपछि ढुक्क भो । पढ्न त पढिन्छ कि पढिँदैन जे होस् कलेजमा रमाइलो हुने भो भन्ने लाग्यो । कलेजको बारेमा कुरा भैरहेको थ्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

सुसारेहरु सिङ्गारिएर आए । उनीहरूले छोप्नुपर्ने सबै अङ्ग छोपेका थेनन् । बाबा र दीपसँग बसेर मैले हेर्न सकिनँ । मलाई निकै अप्ठ्यारो लाग्यो । म अस्पटिएँ, उठेर हिँडिहाल्न पनि सकिनँ, त्यहाँ बसिरहन पनि अप्ठ्यारो लाग्यो । दीपले बुझेछ क्यार ! मलाई माथि जान आग्रह गऱ्यो । के खोज्छस् बाबु भनेझैँ भो । म जुरुक्क उठेर माथि सिटिङ्ग रूमतिर गएँ ।

म त्यही रूममा बसिरहेकी थैँ, केही समयपछि मलाई अलि उमेर ढल्केकी एउटी महिलाले अर्को कोठामा लगिन् । त्यो मेरा लागि तयार गरिएको कोठा रैछ । कोठा निकै ठूलो थ्यो । आकर्षक सोफा, दराज, टेबल, चिटिक्क परेको बेड । नवविवाहित दुलाहा दुलहीलाई सुहागरातको लागि सजाएर ठिक्क पारेजस्तै लाग्यो । म सोफामा पल्टिएँ । ती अधवैंशे महिला ढोकामा उभिरहिन् । भित्र नि पसिनन्, गैहाल्न नि खोजिनन् । मलाई खासै वास्ता लागेन । उनले केही भन्न खोजे जस्तो लाग्यो । म उनीतिरै फर्किएर उनैको मुखमा हेरिरहेँ तर म पनि केही बोल्न सकिनँ । त्यसपछि उनी आफैँ बोलिन्– "मलाई यहाँ सबैले मामू भनेर बोलाउँछन् । तिमी पनि मलाई मामू भनेर बोलाउन सक्छेऊ ।"

मैले सोफाबाट जुरुक्क उठेर नमस्कार गरेँ । अनि डराउँदै बोलेँ– "सरी मामू, मैले हजुरलाई चिनिनँ । दीपले पनि हजुर मामू हो भनेर मलाई चिनाएनन् ।"

मामूले भन्नुभो– "म उसलाई जन्म दिने आमा हुइनँ । म त उसलाई कर्म दिने मामू मात्र हुँ । म यस घरमा बस्ने सबैको मामू हुँ । काम गर्नेदेखि लिएर काम गराउनेसम्म सबैले मलाई मामू मान्छन् ।"

मलाई जिज्ञासा लाग्यो र सोधेँ– "अनि दीपलाई जन्मदिने आमा चाहिँ हुनुहुन्न ?"

CC-0. In Public Domain. Digitization by eGangotri

मामू केही बोल्नु भएन । मामूको मौनताले मलाई दीपको आमा संसारमै हुनुहुन्न रैछ भन्ने लाग्यो तर हैन रैछ । मेरो सोचाई एकै छिनमा गलत सावित भो । दीपलाई जन्मदिने आमा पनि यही संसारमा हुनुहुँदो रैछ । उहाँ त नाम र दाम दुवै कमाएर फ्रान्सको पेरिसमा एक्लै बस्नुहुँदो रैछ । आमाको पेरिसमा केटीहरूले बिहामा पहिरने गाउनको ठूलो सोरूम रैछ । मामूले सबै कुरा भन्नु भो ।

मलाई दीपको आमालाई भेट्न मन लाग्यो । कस्तो हुनुहुन्छ देख्न मन लाग्यो । अनि मामूलाई सोधेँ– "मामू दीपको आमा यहाँ आउनुहुन्न ? अनि दीप आमालाई भेट्न जान्छन् कि जाँदैनन् ? मलाई त कस्तो भेट्न मन लाग्यो, दीपको आमा कस्ती हुनुहुन्छ ?

मेरो कुरा सुनेर मामू झोँक्किदै बोल्नुभो– "भेट्लिस् दीपको आमालाई, मख्ख परिराख् ! एकछिनमा तँलाई नर्तकी बनाउँछन् अनि चाल पाउलिस् ! दुनियाँभरका केटीलाई ल्यायो, नचायो, घिचायो, वेश्या बनायो अनि पठायो । यस्तै चक्र चल्छ यहाँ । बाउको सङ्गतले छोरो पनि बिग्रिन्छ भन्ने पिरलो । आमाको कुरा काट्दैन र मात्र हो नत्र यो पनि खत्तम हुने थ्यो । छोरो निकै सभ्य छ, यसको अनुहार मात्रै बाउको हो, मन भने आमाकै जस्तो छ । तल नाच्ने केटीहरु, कोही भियतनामका हुन्, केही फिलिफिन्सका हुन्, कोही यहींका लोकल र फ्रान्सका पनि छन् । तँलाइ चाहिँ कहाँबाट उठाएर ल्यायो? के खान आकी ? अब बन्ने भईस् बेश्या ।"

मैले नेपालबाट आएकी हुँ भनेँ । उनी बोल्दै गइन्– "म पनि नेपाली नै हुँ । त्यस्तै लागेर सबै कुरा सुनाउँदैछु । यहाँ कति केटी आउँछन् पत्तो हुन्न, कति त महिना दिन नि टिक्दैनन् । तिनीहरूलाई दीपको बाउले कता लगेर बेच्छ कुन्नि । केटीहरु रून्छन्, कराउँछन्, खुट्टा समाएर माफ माग्छन् । त्यही खुट्टाले घुचाटेर पठाउँछ । दीपको

CC-0. In Public Domain. Digitization by eGangotri

बाउका मनमा हरि छैन । यी आँखाले देखेको कुरा भन्दैछु । यहाँ टिक्न गाह्रो छ बाबै ! यसलाई रिझाएर बस्नुपर्छ । राम्री छेस् तँलाई त अन्त लगेर नबेच्ला ! दीपकी आमा त्यसै छाडेर गकी हैन । स्वास्नीकै अगाडि वेश्या नचाउन थालेपछि हेर्न नसकेर गएकी हो । पहिला सबैजना फ्रान्समै बस्थे । त्यहाँ हुँदा सबै राम्रो थ्यो । यहाँ आएसी पैसाले मातेर बिग्रेको । आफ्ना आफन्ती, स्वास्नी, छोराछोरी कसैलाई चिन्दैन ।"

मामू त्यस घरको पुराण सुनाउँदै जानुभो म मन्त्रमुग्ध भएर केही नबोली सुनिरहैं । मामू भन्दै जानु भो– "पहिले त दीपकी आमा कहिलेकाँही आउने गर्थिन् । दीपको बाउलाई निकै सम्झाउँथिन् । जति सम्झाए नि मानेन । झगडा मात्रै गरिरहे । रक्सी नघोकेको दिन हुन्थेन । सधैंको रडाको बिचरीका आँखा कहिल्यै ओभानो देखिनँ । वर्ष दिन भो, यो घरमा पाइला टेकेकी छैनन् । दीप कहिलेकाहीँ उनलाई भेट्न जान्छ । बिचरी ! आफ्नो लोग्ने अरूको गुन्युँमा गुटमुटिएको कसरी हेरून् !"

त्यसरी मामूले त्यो घरको कहानी सुनाउँदै जानुभो अनि मप्रति माया देखाउँदै फेरि भन्नुभो– "कुराहरु धेरै छन् गर्दै जाउँला, आजै सुनाएर सबै सकिँदैनन् । अहिले आराम गर्दै गर, म एकछिन तल जान्छु । तिमीलाई देखेर माया लाग्यो, आफ्नै छोरी मानुँला । दीपको बाउले त यस्ता भावनात्मक कुरा बुझ्दैनन् । म दीपलाई भनुँला र तिमीलाई कुनै राम्रो काममा लगाउँला, चिन्ता नगरेस् ।"

मामू जानुभो, मलाई डर लाग्यो । "कतै, दीपले मलाई फसाएको त हैन ।" म यस्तै कुरा सोची रैथेँ । एकछिनमा मामू दीपलाई लिएर आउनुभो, अनि मेरै अगाडि दीपलाई सम्झाउन थाल्नुभो– "यी नानीलाई देख्नेबित्तिकै मलाई छोरी झैं लाग्यो । यिनलाई नाच्ने काम

CC-0. In Public Domain. Digitization by eGangotri

हैन अर्कै राम्रो काममा लगाउनुपर्छ । तेरा बाउले टेर्लान् नटेर्लान्, तैंले नै कुनै जुक्ति निकाल्नु पर्‍यो ।"

मामूले मलाई दीपको बाबाले ल्याएको हो भन्ने ठान्नुभा रैछ । दीपले पनि मलाई नचिने झैं गरी नजानिंदो पारामा पुर्लुक्क हेर्‍यो र मुस्कुराउँदै मामूतिर फर्केर भन्यो– "ढुक्क हुनु मामू, यिनलाई नाच्ने काम होइन अरू नै राम्रो काममा लगाउने हो । म बाबालाई सम्झाउँला, नमाने फकाउँला पनि । भोलिबाट नै यिनी मसँग कलेज नि जान्छिन् । साँच्चै मामू, मलाई नि हेर्ने बित्तिकै यिनी हजुरकै बुहारी ए हैन छोरी जस्तै लाग्यो ।"

दीपको कुरा सुनेर मामु खुसी देखिनुभो । म मुसुमुसु हाँसी रैथैं, दीप मसँगै आएर बस्यो । मामू छक्क पर्दै हामीलाई हेरिरहनुभो र एकछिनमा दीपलाई कोट्याउँदै भन्नुभो– "चिनेझैं गरी सँगै पो बसिस् त ! तैंले नै ल्याको होस् ? मलाई त अघि नै शङ्का लागेको थ्यो । यति सभ्य केटी यहाँ कसरी आई भन्ने लागिरहेको थ्यो । राम्री पनि छे, हेर्दै खान्दानी देखिन्छे । यसैलाई बुहारी बनाएस् । तेरी आमा पनि खुसी हुन्छिन् । उतै लगेर आमासँगै राखेस्, आमालाई साथी पनि हुने । मैले तेरो बाउको कथा सबै सुनाइसकें । बाउले जस्तो नगरेस् । यी नानीको चित्त नदुखाएस् । तेरो बाउको कथा सुनेर हेर त, सानो मुख बनाइछन् । डराइन् पनि होली बिचरी । अब बाँकी कुरा सबै तैंले नै सम्झाएस् । राम्रा मान्छे संसारमा निकै कम भेटिन्छन् बाबै । बेलैमा बुद्धि पुर्‍याउनु पर्छ नि, ल म गएँ ।"

***

मामू दीपलाई सम्भाएर तल जानुभो । मामू गएसी दीप मलाई हेरेर हाँसिरयो । म रिसाएँ, अनि दीप मलाई मुसार्दै सम्झाउन

CC-0. In Public Domain. Digitization by eGangotri

थाल्यो– "सबैकुरा मामूले भनि हाल्नुभो । हाम्रो घरको यथार्थ यही हो । सबैकुरा आजै थाहा पायौ, राम्रै भो । एकदिन थाहा हुने नै थ्यो । अब किन रिसाउनुपऱ्यो नि । मैले झुट बोल्या छैन क्यारे । सत्य तीतो हुन्छ भन्छन् तिमीलाई नि तीतै लाग्यो होला ! यो समयले मान्छेलाई हरेक मोडमा पुऱ्याउँछ । हिजोसम्म तिमी अर्कै संसारमा थ्यौ, आज अर्कै संसामा आइपुगेऊ ।

अर्को कुरा, मलाई पनि राम्ररी बुझिराख । चुरोटको धुँवासँगै मेरो दिन उठ्छ अनि रक्सीको घुड्कीसँगै रात सुत्छ । बाबाको जस्तो केटीहरु नचाउने र यौनकर्मी महिलाहरूसँग रमाउने बानी भने छैन । फिलिम भने नहेरी सक्दिनँ । मेरो व्यवहार र धेरै कुराहरु आमासँग मिल्छन् ।

रिसले आफैंलाई खान्छ, त्यसैले तिमी कहिलै नरिसाउनु । जे भन्न मन लाग्छ मलाई नै भन्नु । गाली गर्न मन लागे नि मलाई नै गर्नु र कुट्न मन लागे नि मलाई नै कुट्नु । म हाँसीहाँसी सहिदिउँला । मैले तिमीलाई माया गरेर ल्याएको हुँ । मामूले पनि थाहा पाइसक्नुभो । अब तिमीलाई मामूले नि धेरै माया गर्नु हुन्छ । मामूलाई कहिल्यै अटेर नगर्नु । मामूले भनेका सबै कुरा मान्नु । घरमूली बाबा भए पनि सबै खटन मामूकै छ । सबैजना मामूसँग डराउँछन् । मलाई नि मामूसँग डरै लाग्छ । काम गर्नेहरूलाई पनि माया गर्नु । मामूलाई एकदमै नजिकको सम्झनु । कतै जानू परेमा र केही आवश्यक परेमा वा केही गर्नु परेमा मामूलाई सोधेर मात्र गर्नु । काम गर्नेहरूले तिमीलाई केही सोधे भने केही नभन्नु मामूलाई नै सोध्न भन्नु । कसैको कुराले कहिल्यै मन नदुखाउनु ।

बिस्तारै सबै कुराको बानी पर्दै जान्छ । यो हाम्रै घर हो । हामी यहीं रमाउनुपर्छ । तिमीलाई चित्त बुझाएरै राखुँला । आमाको चित्त

CC-0. In Public Domain. Digitization by eGangotri

नबुझेर यो घरै छाडेर जानुभो । आमा यो घरको चलनमा चल्न सक्नु भएन । त्यसैले यहाँ टिक्नु भएन । आमाले बाबासँग धेरै अनुरोध गर्नुभो । बाबालाई सुधार्न खोज्नुभो तर आमाको केही सिप लागेन । बाबाले आफ्नो अडान छोड्नु भएन । त्यसपछि आमाले अमेरिका छाड्ने निर्णय गर्नुभो र हामीलाई छाडेर फ्रान्स जानुभो । हाम्रो पुरानो व्यापार सुचारू गरेर अहिले उतै बस्नु हुन्छ । पहिलेभन्दा अहिले राम्रो आम्दानी भ'को छ रे । बाबा भन्दा आमा नै सम्पन्न हुनु भा'छ । मलाई पनि उहाँको छोरो हुनुमा गर्व लाग्छ ।

हाम्रो पढाइ सकिएपछि आमा भएको ठाउँमा जाउँला । तिमीलाई देखेर आमा पनि खुसी हुनुहुनेछ । आमासँगै पेरिस घुमौली । पढाइ नसकिउन्जेल मामूकै साथमा रमाउनु पर्छ । यहींको चाल चलनमा हराउनु पर्छ । सँगै बसेर पढौंला, सँगै घुमौंला । पढाइमा जान्नेछौ भनेको सुने थें । भोलिदेखि कलेज जानुपर्छ । तिम्रो र मेरो एउटै विषय हो, एउटै कक्षा हो, सेक्सन पनि एउटै हो, अनि बस्ने बेन्च पनि एउटै हो । मन कतै नडुलाउनु । नचाहिंदो कुरा केही नसोच्नु । म अलि व्यस्त हुन्छु । तिमीलाई टाइम दिन नसकुँला । केही अप्ठ्यारो नमानी थपक्क बसेर पढ्नु । चाहिएको कुरा सबै कोठामै आउँछ । अरू केही आवश्यक पऱ्यो भने मामूलाई भन्नु र कतै जानु परे मामूसँगै जानू । म मामूलाई सबैकुरा सम्झाउँछु । मैले भन्न पर्ने सबै कुरा भनें अब केही सोध्नु छ भने सोध्न सक्छेऊ ।"

मैले दीपलाई केही सोध्नु छैन सबैकुरा बुझें भनेर भनेपछि "लौ, उसो भए म गएँ । भोलिबाट कलेज जाने तयारी गर्नु । पढाइ निकै छुटिसक्यो । जति ढिला गऱ्यो उति घाटा हुन्छ ।" भन्दै ऊ मेरो कोठाबाट बाहिरियो ।

***

CC-0. In Public Domain. Digitization by eGangotri

मनमा अनेक कुरा खेल्न थाले । समुन्द्रको गहिराई नापेर नाप्न नसकिने, यो मान्छेको जात पनि बुझेर बुझ्नै नसकिने । डुबिने पो हो कि ? मनमा शङ्का पनि छ । छन त डुब्न नदिने मेरो प्यार साथैमा छ । मेरो आधार भनेकै प्यार र विश्वास त हो । जसको भरमा कसैको डर नमानी सात समुन्द्र तरेर यहाँ पुगेँ । मलाई देविका बन्दनाले गाएको एउटा नेपाली गीतको याद आयो–

'यस्तै रहेछ यहाँको चलन
हार्नेको आँसु-आँसु जित्नेको हाँसो-हाँसो
मेरो छैन केही हजुरलाई गुनासो–'

गुनासो गर्ने ठाउँ पनि त थेन । कोसँग के भनेर गुनासो गरूँ, कसको भर परूँ, कसको नपरूँ ? कसलाई आफ्नो ठानुँ, कसलाई पराई । नजान्ने र नबुझ्ने कोही छैनन् । छोरोलाई रक्सी र बाउलाई तरुनी भएसी अरूको मतलवै छैन । रातभरि तास खेलेर बस्छन् दिनभरि के-के लेख्छन् कुन्नि । नाटक पनि कति हेर्नु, दीपले मलाई रङ्गमञ्चमै लगेर राख्यो ।

जो-जो जे-जस्ता भए पनि मलाई कसैले नराम्रो व्यवहार भने गरेनन् । बाबाले ल्याएका केटीहरूको आउने जाने क्रम चलिरहेकै थ्यो । काम गर्ने गरिरहेका थे, नाच्ने नाचिरहेका थे, गाउने गाइरहेका थे, आउने आइरहेका थे, जाने गइरहेका थे । जेसुकै गरून्, त्यो मेरो सरोकारको विषय रहेन । मलाई बानी पर्दै गएछ क्यारे । यस्तो लाग्न थाल्यो– 'खाना मीठो होस्, लुगा सुकिलो, अरू जेसुकै होस् ।'

अमेरिका विश्वको सबैभन्दा स्वत्रन्त्र ठाउँ भन्ने सुनेकी थेँ तर अमेरिकाको कलेजमा पनि म स्वतन्त्र भइनँ । दीपलाई खुसी पार्ने चक्करमा आफ्नो खुसी खोसिएको पत्तै पाइनँ । केटाको जात न हो, कसैसँग बोलेको देख्यो कि आँखा तरिहाल्ने । उनीहरू सोह्र सय

CC-0. In Public Domain. Digitization by eGangotri

गोपिनीसँग नाचे पनि हुने, केटीले कसैसँग हिंड्न बोल्नै नहुने । चञ्चल मन न हो, नाच्न खोज्छ नि कोही बेला त ! खुला आकाशमा हावासँगै उड्न खोज्छ तर आफैँले आफ्नो तन र मन दुवै बाँधेर राख्नु पर्ने ।

कलेजमा दीप मेरो बडीगार्ड जस्तै सँगै हुन्थ्यो । अरू कोही साथीहरूसँग नजिक हुनै पाइन । कलेज सकिनासाथ ऊ मलाई घर पठाएर कता जान्थ्यो-जान्थ्यो । मैले न त मन लगाएर पढ्नै सकेँ न त रमाइलो नै गर्न पाएँ । अमेरिका भनेर मात्र नहुँदो रैछ । सबैभन्दा ठूलो कुरा माया, विश्वास र स्वतन्त्रता रहेछ । विश्वास बसाइँ सरिसकेको त्यो घरमा म कसको विश्वास गरूँ ? विश्वास गरे पनि नगरे पनि मेरो भन्नु दीप मात्र न थ्यो । अरूको भर पर्ने र विश्वास गर्ने कुनै आधार पनि थेन ।

धेरै कुराहरु गुम्सिएर दिमाख नै भरिएको थ्यो । म खेल्न, घुम्न र रमाउन चाहन्थेँ । कहिलेकाहीँ तल बाउ छोरा बास्केटबल खेल्थे । म माथिबाट चिहाएरै रमाउँथे । यतिकैमा एकदिन मामूलाई गुहारेर मामू र म बास्केटबल खेल्न भनेर मैदनमा पुग्यौँ । बाउ छोराले हामीलाई बेग्लै टिम बनाए । मनैदेखि खेल्ने चाहना भएकोले हिम्मत नहारी खेल्ने आँट गरिम् । नभन्दै बाउ छोरालाई हराउन सफल भइम । उनीहरु एक स्टेप तल खसे । मलाई गर्व लाग्यो । यसरी नै यिनीहरूलाई बिस्तारै लाइनमा ल्याउन सकिने रैछ भन्ने लाग्यो ।

म बिस्तारै घरको एक पात्र बन्दै गएँ । राम्रा कुराहरूमा आफ्नो सहभागिता बढाउँदै गएँ । कसैसँग भिज्न र उसलाई बुझ्न हरेक बानी, हाउभाउ र उसका चाहनासँग निकट हुनुपर्ने रैछ । सारमा सार मिलाउँदै जाँदा बाटै बेग्लै हुँदो रैछ । बाबाको सङ्गतले दीप पिउने भएको रैछ, बाबाकै सङ्गतले मामूले पनि पिउनु भाको रे ।

CC-0. In Public Domain. Digitization by eGangotri

दिन बित्दै जाँदा बिस्तारै म पनि सार मिलाउन अलि-अलि पिउन थालेँ । हुक्का त पहिले पनि अलि-अलि तानेकै हो, तै पनि मजाले तान्न जानेकी रैनछु । दीपले मलाई हुक्का तान्न सिकाउँथ्यो । म धुवाँ जति सबै स्वाट्टै निल्थेँ । अनि एकै सर्कोमा अमन हुन्थ्यो । त्यसरी त्यो रङ्गिन वातावरणमा म पनि अलि-अलि गर्दै रमाउन थालेँ । धुवाँको बीचमा धुँवासँगै रूमल्लिन थालेँ । सबैजना आ-आफ्नै तालमा मस्त हुन्थ्यौँ । त्यो माहोलमा मिलिसके पछि मलाई मामूको व्यवहारले नै दीपको आमा घरबाट निस्कन बाध्य हुनुभएको हो भन्ने लाग्यो । घरमा मामूकै हैकम चल्थ्यो । बाबालाई भने मामूले पनि बसमा राख्न सक्नुभएको थेन । सायद त्यसैले होला बाबाकै सारमा सार मिलाएर मामू पनि रमाउने गर्नु हुन्थ्यो ।

मलाई त्यो परिवारको यथार्थ घटना बुझ्न मन लाग्यो तर कसलाई सोधौँ ? कसैसँग पारिवारिक विषयमा खुलेर कुरा गर्ने आँटै आएन । खुलेर कुरा गर्नलाई म कसैसँग घुल्न सकेकी थिनँ । दीपसँग नै म पुरै खुलिसकेकी थिनँ । मामूको नरम बोली प्रायः सुन्न पाइन्थेन । कुनै उपाय निस्किन्छ कि । म सोचि रैथेँ । मैले कुनै मूलबाटो पत्ता लगाउन सकिनँ । मूलबाटो पत्ता लागेको भए त पक्कै पनि त्यसका शाखा प्रशाखा पत्ता लाग्ने थे ।

बाबा र आमालाई एकठाउँमा बनाउन सके त्यो घरमा गुमेको खुसी फर्कने थ्यो कि भन्ने लाग्यो । मलाई त्यो काम गर्ने जिम्मेवारी पनि मेरै हो भन्ने लाग्यो । दीपले मलाई आफ्नी श्रीमती बनाइ सकेको त थेन, तै पनि मैले आफूलाई त्यस घरकी बुहारी नै मानिसकेकी थेँ । जहाँ माया हुन्छ त्यहाँ रिस र घमण्ड पनि मिसिएर आउँछ । त्यो घरमा माया ओझेलमा परेको थ्यो अनि घमण्डको राज चलेको थ्यो । मलाई घमण्डको सत्ता ढालेर पुनः मायाको राज चलाउनु थ्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

मलाई दीपसँग एकान्तमा लामो समय बिताउन मन लाग्यो । त्यो घरको वातावरणमा रूमलिँदा-रूमलिँदा वाक्क लाग्न थाल्यो । आँट गरेरै मलाई केही दिनको लागि कतै टाढा लैजाऊ, म तिमीसँग एकान्तमा रमाउन चाहन्छु भन्न मन लाग्यो । माने मान्छ नमाने मान्दैन, भन्छु-भन्छु जे पर्ला भनेर म दीपलाई भन्ने निर्णयमा पुगेँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

१२

एकदिन बेलुका दीप रक्सीको मातमा हल्लिँदै घर आयो । मैले ठूलै आँट गरेर दीपको हात च्याप्प समातेर तान्दै आफ्नो कोठामा लगेँ । उसको ओठमा चुमेरै "मलाई कतै टाढा लैजाऊ, म तिमीमै हराउन चाहन्छु" भन्न मन थ्यो । ऊ मेरो बेडमा पल्टियो । म पनि उसैको छातीमा आफ्नो छाती जोडेर उसकै बाहुपासमा बेरिएँ । म भित्रबाट एउटा आँधी आइरहेको थ्यो । त्यो आँधीलाई रोकेरै बोलेँ– "दीप, मलाई आज तिमीसँग कतै टाढा जान मन छ । यसैगरी तिम्रो अङ्गालोमा हराउन मन छ । तिमीलाई मेरो मायाको पोखरीमा डुबाउन मन छ । कति डुब्छौ यो रक्सीको नशामा मात्रै, कहिलेकाँही त मायाको नशामा पनि डुबि हेर न । रक्सीको नशा त के नशा रैछ र जब मायाकै नशा लागेसी ? आफूलाई भन्दा नि अरू कसैलाई बढी माया भएसी अहिल्यै भन्छु भित्ताका कानहरूले सुनेनि सुनुन् । सुनेर गाली गर्न आए नि आउन् । मेरो मनको तृष्णा तिमीले मेटिदिएनौ । आग्रह गर्छु मलाई यस्तो हालतमा हेरी नबस न । म आज सधैंझैं छैन । तिमीलाई मन लाग्ला, मलाई नहोला । आग्रह गर्छु यतिबेला घर छाडेर अन्तै बस्न जाउँ न । बिन्ती, मेरो आग्रह अस्वीकार नगर ल । प्लिज मलाई आज कतै टाढा लैजाऊ । जहाँ यो निश्चल प्रकृति, तिमी, म अनि हाम्रो माया मात्र होस् ।"

मेरो कुरा सुनेर अर्धहोसमा रहेको दीप रक्सीको नशामा रन्थनिँदै बोल्यो– "हिँड्, लु अहिल्यै हिँड् । तँ जहाँ भन्छेस् म त्यहीं लान्छु । आज तैँले जे भन्छेस् म त्यो मान्न तयार छु । हिँड् मेरी प्यारी ।" उसले उठेर लर्बरिदै मेरो गालामा चुम्बन गर्दै भन्यो । त्यो नै मेरो गालामा कुनै केटाले गरेको पहिलो चुम्बन थ्यो । छन त त्यसको

CC-0. In Public Domain. Digitization by eGangotri

हकदार पनि त ऊ नै थ्यो, त्यसैले मलाई रमाइलो लाग्यो । उसले पहिलोचोटि रक्सीको नशामा 'तँ' भनेको पनि मलाई प्यारै लाग्यो ।

मलाई उसको पारिवारिक इतिहास खोतल्ने अनि उसको साथमा भरपुर आनन्द लिने मौका यही हो भन्ने लाग्यो, अनि म दीपलाई लिएर बाहिर निस्किएँ । कलेज जाँदा आउँदा मैले गाडी चलाउन सिकिसकेकी थैं । दीप गाडी हाँक्न सक्ने अवस्थामा थेन, त्यसैले गाडी मैंले नै चलाएँ । कसैको वास्ता नगरी हामी हुइँकियौं ।

***

अमेरिका बसेको एक वर्ष भैसकेको थ्यो तर पनि मलाई त्यहाँको कुनै ठाउँहरु थाहा थेन । होस् पनि कसरी कहिल्यै कतै कसैले घुमाउन लगेको भए पो । कलेज जा, घर आइज बस् । एकवर्षसम्म निरन्तर त्यही चक्र मात्र चलेको थ्यो । कहिलेकाहीं मामूसँग सामान किनमेल गर्न सुपरमार्केट जान्थैं । अन्त कतै गएकी थिनँ ।

गाडी कता गैरहेको थ्यो मलाई केही थाहा थेन । जता ठूलो बाटो छ म उतै गाडी हुइँक्याउँदै थैं । कुन ठाउँ आयो र हामी कुन ठाउँ जादैछौं भन्ने अत्तोपत्तो थेन । दीप पनि नशामा थ्यो, उसले केही पत्तो पाएन । हामी एउटा ठूलो जङ्गलको बीचमा पुग्यौं । जङ्गलको बाटो धेरै गाडी हाक्दा पनि सकिएन । मैले जङ्गलकै बीचमा एकछेउमा गाडी पार्किङ गरेर हामी गाडी भित्रै बस्यौं ।

मलाई डर-डर लाग्यो । 'एकान्तमा हराउँछु भनेकी हैनस् लु हरा' भनेर दीपले त्यहीं छाडेर जाने हो कि जस्तो पनि लाग्यो । म चुप लागेर निदाए झैं गरी आँखा चिम्म गरेर बसैं । अब त उसको नशा उत्रियो कि ? मलाई केही गर्छ कि ? केही भन्छ कि ? म कुरिरहैं । नभन्दै उसका हातहरु मेरो वदनमा सलबलाउन थाले । पहिलो चोटि

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो सपनाको राजकुमारका हात मेरो वदनमा सलबलाउँदै थे । मलाई हटाउन मन लागेन । आँखा चिम्मै गरेर उसका औंलाहरूको चालमा हराइरहें । उसले मेरो शरीरभरि आफ्ना हातहरु डुलाइरह्यो । मेरा अङ्गअङ्गको नाप लिरह्यो । मलाई काउकुती लागिरहेको थ्यो, अनौठो तरङ्ग जागिरहेको थ्यो । म आँखा चिम्मै गरेर रमाइरहेकी थैं जब उसका ओठहरु मेरो गालामा सलबलाउन थाले तब भने बिस्तारै मेरा आँखा खुले । आँखा खुल्नासाथ मेरा ओठ उसका ओठसँग सम्झौता गर्न पुगे । हातले उसैलाई कसे अनि फेरि मेरा आँखा बन्द भए । त्यसरी हामी त्यो रातमा, एउटा सुनसान जङ्गलको बीचमा गाडीभित्र घण्टौंसम्म एक अर्कामा हराइरह्यौं ।

***

त्यो रातमा मायाको मातमा लामो समय हराइ सकेपछि हामी गफिन थाल्यौं । पढाइ सकेर अर्को कुनै देश घुम्न जाने कुरा भयो । मैले पेरिसको कुरा निकाल्दै आमाको कुरा गरैं । दीपले आमालाई धेरै माया गर्दो रहेछ । उसले आमाको बारेमा कुनै नराम्रो कुरा गरेन । मैले मामूको कुरा पनि गरैं । मामूको राम्रो कुराहरु मात्र दीपलाई सुनाइरहें । दीप केही नबोली सुनिरह्यो । उसले मलाई धेरै बेरसम्म बोल्न दिइरह्यो । मैले दीपबाट सबैकुरा जान्नका लागि नै मामूको राम्रो कुराहरु भनिरहेकी थैं । उसले कुनै प्रतिक्रिया जनाएन, त्यसपछि मैले आमाकै गल्ती देखाउन थाले ।

जब मैले आमालाई नराम्रो र मामूलाई राम्रो साबित गर्न खोजैं तब भने दीपको बोली फुट्यो । ऊ केही बोल्न खोज्दै रोकिँदै गरिरह्यो । सायद उसले सबैकुरा मलाई भनिहाल्न आवश्यक ठानेन होला तर उसले रोक्न पनि सकिरहेको थेन । मैले फेरि आमाले छाडेर जान

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्थेन आमाकै गल्ती हो भन्ने खालका कुरा गरेँ । मेरो त्यस्तो कुरा सुनेर ऊ आवेशमा आएर यसरी अतीतको यथार्थ पोख्न थाल्यो–

'म नजन्मँदैको कुरा हो, मेरो हजुरबुबा र हजुरमुमा पेरिसमा बिजनेस गर्नु हुन्थेछ । बाबा सत्र वर्षको हुँदा उहाँहरु दुवैजना बित्नुभएको रे ! एकजना फुपू पनि हुनुहुन्थ्यो रे, उहाँ त झन् सानैमा बित्नु भैसकेको रैछ । हजुरबुबाको बिजनेस बाबाले सम्हाल्न थाल्नु भएछ । उहाँले निकै दुःख गरेर राम्रो प्रगति पनि गर्नु भएछ । बिजनेसबाट राम्रो आम्दानि हुन थालेछ । त्यसपछि बाबाको आमासँग भेट भएछ । आमा बाबाकै पसलबाट सामान लगेर व्यापार गर्नुहुँदो रैछ । यसै क्रममा बाबासँग लभ परेछ । तिम्रो र मेरो जस्तै ।

एक वर्षसम्म उहाँहरुको लभ परेछ । त्यसपछि आमा र बाबाले बिहा गर्नु भएछ । अनि आमाको पसल बेचेर सङ्गै बस्न थाल्नु भएछ । त्यसपछिका दिनहरु धेरै रमाइला थे भनेर आमा कुरा गर्नुहुन्थ्यो । दुवैजनाको गहिरो माया थ्यो रे । कुनै पल पनि नछुट्टी दुवैजना सङ्गै बस्नु हुन्थेछ । बिजनेस पनि फस्टाउँदै गएछ । त्यसै क्रममा आमा र बाबाको मायाको चिनो बनेर म पनि यस धर्तीमा आएँ । आमा र बाबाले मलाई स्याहार्ने फुर्सदै पाउनु भएन । म अलि ठूलो भएपछि उहाँहरुले मलाई होस्टेलमा राख्दिनुभो र उहाँहरु बिजनेसमा नै व्यस्त हुनुभो । उहाँहरुलाई मलाई भेट्न आउने फुर्सद नि हुन्थेन, महिनामा एक चोटी मात्र आउनुहुन्थ्यो । म ठूलो हुँदै गएँ । उहाँहरुले मलाई कहिल्यै पसलमा राख्नु भएन । मलाई पढ्न भनेर सधैँ स्वतन्त्र छाडिदिनुभो । धेरै स्वतन्त्रता पाएपछि र त्यसको सही सदुपयोग भएन भने मान्छे नराम्रो बाटोमा तानिँदो रैछ । बिस्तारै मलाई चुरोट, तास, रक्सी र स्नुकरको नशा लाग्यो । म पढाइमा भन्दा साथीहरुसँग त्यतै रमाउन थाले । रमाइलोमा मेरो धेरै समय

CC-0. In Public Domain. Digitization by eGangotri

बित्यो । कहिल्यै पैसाको खाँचो पनि परेन । सायद त्यसैले होला मलाई घरको कुनै मतलवै भएन ।

एकदिन बाबाले मसँग व्यापार अमेरिकातिर सार्न लागेको कुरा गर्नुभो । आमा र बाबाको सल्लाह भैसकेको रैछ । हाम्रो घरमा प्रायः जसो आइराख्ने आन्टीले अमेरिका व्यापार सार्ने सल्लाह दिनु भ'को रैछ । सबै जनालाई अमेरिका जाने चाहना भएको हुनाले व्यापार सार्ने सहमति भो ।

आन्टीले अमेरिकामा सबै बन्दोवस्त मिलाइदिने हुनुभो । उहाँले अमेरिकामा केही परे र व्यापार नचलेमा सबै जिम्मा लिने हुनुभो । आमाको पनि अमेरिका आउने मन थ्यो । बाबाको पनि अमेरिका बस्ने चाहना । मलाई पनि ठीकै लाग्यो । मैले पनि सहमति जनाएँ । त्यपछि पसल बन्द गरेर हामी कुम्लो कुटुरो बोकेर अमेरिका सऱ्यौं । पुर्खाको नासो मासेर जान मन नलागेर होला बाबाले पेरिसको केही बेच्नु भएन । पछि केही समस्या परेमा फर्कने ठाउँ राख्नुभो ।

त्यसरी पेरिसको घर, जमीन र पसल त्यत्तिकै छाडेर हामी सबै अमेरिका सऱ्यौं । आन्टी अमेरिकाको टेक्ससमा बस्नुहुँदो रैछ । आन्टीको निकै ठूलो पसल रैछ । बाबाले आन्टीसँग त्यो पसल किन्नुभो । त्यसपछि हामी पसल चलाउन थाल्यौं ।

केही महिना पछि आन्टीले एउटा कलेज खोल्नुभो । जुन कलेजमा अहिले हामी पढ्दैछौं । कलेजमा आन्टीको एकलौटि लगानी थ्यो । आन्टी पनि एक्ली नै हुनुहुन्थ्यो । उहाँको परिवार कोही थेन । त्यसैले होला हामीलाई आफ्नै परिवार जस्तै मान्नुहुन्थ्यो । मलाई पनि आफ्नै आन्टी जस्तो लाग्थ्यो । हाम्रो आवतजावत बाक्लै हुन्थ्यो । प्रायः हामी सँगै नै बस्थ्यौं ।

हाम्रो पसल राम्रै चलिरहेको थ्यो । आन्टीले चलाउँदा भन्दा

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रो चल्न थालेको थ्यो । उता आन्टीको कलेज पनि राम्रोसँग चल्न थाल्यो । विद्यार्थीको धेरै नै चाप बढ्यो । आन्टीलाई एक्लै कलेज चलाउन हम्मेहम्मे पर्‍यो । त्यसपछि बाबा, आमा र आन्टीको सरसल्लाह र सहमतिमा पसल बेच्ने निर्णय भो । पसल बेचेर बाबाले सबै पैसा आन्टीकै कलेजमा लगानी गर्नुभो ।

आन्टी पनि हामीसँगै बस्न थाल्नुभो । बाबा र आन्टी कलेज सम्हाल्नु हुन्थ्यो । त्यसपछिका दिनमा आमाको खासै काम भएन । उता बाबा र आन्टीको कहिल्यै फुर्सद भएन । म पनि आफ्नै कलेजमा पढ्न थालेँ । कलेज असाध्यै चल्यो । कमाई सोचेभन्दा चौबर भो । त्यसरी हाम्रो बिजनेस दोकानबाट कलेजमा पुग्यो । सबैथोक राम्रै चलिरा थ्यो । बाबा र आन्टीले धेरै मेहनत गर्नु भ'को थ्यो ।

समयको रफ्तारसँगै हामी दौडिरहेका थ्यौँ । घरमा बसिरहन आमालाई अल्छि लागेछ क्यार । एकदिन मलाई बाहिर जाम भन्नुभो । आमा र म बाहिर घुम्न निस्कियौँ । आमाले कलेज जाने मन गर्नुभो । बाबा र आन्टी पनि कलेजमै होलान् सँगै आउनुपर्छ भनेर हामी कलेज गयौँ तर बाबा र आन्टीलाई हामीले कलेजमा भेटेनौँ । कलेका स्टाफहरु बाबा र आन्टीकै कुरा गरेर बसिरहेका रहेछन् । उनीहरूको कुरा सुनेर आमाले नरमाइलो मान्नुभो । मलाई पनि नराम्रो लाग्यो ।

बिस्तारै बाबा र आन्टीको चक्कर चलेको कुरा सबैलाई थाहा हुँदै गयो । उहाँहरूको कलेजबाट हराउने र घर ढिलो आउने क्रम चल्दै गयो । त्यति हुँदा पनि आमा केही बोल्नु भ'को थेन । केही थाहा नभएझैँ गरी आफ्नो काम गरी रहनुभो । आन्टी लाजै नमानी हाम्रै अगाडि बाबासँग मस्केर हिँड्न थाल्नुभो । आन्टी र बाबा बिहान सँगै एउटै गाडीमा कलेज जानुहुन्थ्यो । म पनि सँगसँगै जान्थे तर फरक गाडीमा । आमा दिनभरी घरमा एक्लै बस्नुहुन्थ्यो । दिन प्रतिदिन

CC-0. In Public Domain. Digitization by eGangotri

बाबा र आन्टी ढिलो-ढिलो घर आउन थाल्नुभो । कत्ति दिन त घरै आउनुहुन्न थ्यो ।

पहिले-पहिले दिनमा पनि आक्कल झुक्कल घर आएर आमाले बनाएको खाजा खाएर जाने बाबा, पछि-पछि रातमा पनि आक्कल झुक्कल मात्र घर आउन थाल्नुभो । बाबाको लीला देखेर मलाई नि चिन्ता लाइरहन्थ्यो । आमा त झन् बिचरा आँसुमै डुबेर बस्नु भाथ्यो ।

पैसा धेरै भएपछि मान्छे मात्तिन्छ भन्थे हो रैछ । म आफ्नै बाबा पैसाले मात्तिएको हेरिरहेँ । पैसा कहाँ राखूँ र के गरूँ भएपछि बाबाको बासै रिसोर्टतिर हुन थाल्यो । झुपडीमा आउनै छोड्नुभो ।

त्यसपछि आन्टी र बाबाले जग्गा किनेर ठूलो महल बनाउन थाल्नुभो । आमा र मैले त अब अर्को कलेज खोल्न लाग्या होलान् भन्ने सोच्यौं तर हैन रैछ । त्यो महल त हामी आफैं बस्नको लागि बनाउनु भा रैछ । ठूलो र सुविधा सम्पन्न घर बनाउने रे भन्ने हल्ला त चलेको थ्यो । नभन्दै तीन तलाको सुविधा सम्पन्न रिसोर्ट जस्तो कलात्मक घर बन्यो । घर अगाडि स्विमिङ्ग पूल, साना साना कटेज, मसाज सेन्टर, तास, पोकर र ज्याकपट खेल्ने ठाउँ, रक्सी र चुरोट खाने बेग्लै हल, स्न्याक्स हल, डिनर हल सबै छुट्टा छुट्टै । फाएभ स्टार होटल जस्तो घर तयार भो । हामी सबै जना सर्‍यौं । त्यही घरमा अहिले तिमी पनि बस्दै छ्यौ ।

नयाँ घरमा सरेपछि घरको वातावरण पुरानो घरको जस्तो रहेन । आमाले पकाको खाना खान पाइनँ छोडो । जस्तो खाना खान मन लाग्छ त्यस्तै तयार हुन थाल्यो । रेष्टुरेन्टमा जस्तै आइटम आइटमका खाना तयार हुन थाले । कुक, वेटर, डान्सर सबै घरभरि हुन थाले ।

हामीले यस्तो दिन आउला भनेर कहिल्यै कल्पनासम्म पनि गरेका थेनौं । जीवनमा कल्पना नगरेका पनि धेरै कुरा हुँदा रहेछन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

आन्टीले पनि बाबासँग लागेर यस्तो लीला देखाउनु होला भन्ने हामीले कल्पना गरेका थेनौं । हुन त रगतको नाता हैन, साथीको नाताबाट जोडिएर आफन्त बनेको मान्छे । यहाँ आफ्नैको त भर हुँदैन पैसाको बलमा जोडिएको सम्बन्धको के भर । आमा धेरै सोझी हुनुहुन्छ । छिट्टै विश्वास गरिहाल्नु हुन्छ । त्यसैले गर्दा आज आमालाई यत्रो घात परेको छ । बिचरा एक्लै हुनुहुन्छ ।

दिनदिनै बाबाले आमालाई नराम्रो व्यवहार गर्न थाल्नुभो । उता आन्टीलाई भने सधैं राम्रो व्यवहार गर्नु हुन्थ्यो । ती सबै घटना टुलुटुलु हेरेर बस्नु सिवाय मैले पनि केही गर्न सकिनँ । त्यसैले म पनि प्राय: नशामै रमाउन थालें ।

त्यति सुविधा सम्पन्न रिसोर्ट हुँदा पनि बाबा प्राय: घरै आउनु हुन्थ्यो । घरमा आउँदा पनि रक्सीकै तालमा आउने र आमासँग झगडा गर्ने गर्नुहुन्थ्यो । हुँदा हुँदै आमालाई हात हाल्ने र पिट्ने सम्मको काम गर्न थाल्नुभो । आन्टी सबै नाटक हेरेरै बस्ने, केही नबोल्ने । यसरी बाबा र आमा दुवैजना आन्टीको जालमा पर्नुभो ।

घर, घरजस्तो नभएर डान्सबार र मसाज सेन्टर जस्तो बन्यो । घरमा नयाँ-नयाँ केटीहरु देखिन थाले । बाबालाई आमा र आन्टीले पनि पुगेन अनि आमाकै अगाडि केटीहरूसँग रासलीला देखाउन थाल्नु भो । आमा एकवर्ष जति त बाबाको त्यो चर्तिकला हेरेरै बस्नु भो । त्यसपछि एक दिन म घरमा नभएको मौका पारेर आमा त्यो घर छाडेर पेरिस जानुभको हो । आमाले त्यसरी अमेरिका त्याग्नु भो । कहिलेकाहीं तीन चार महिनामा आमा मलाई भेट्न भनेर आउनु हुन्थ्यो, अनि केही दिन बसेर जानुहुन्थ्यो । आमाले बाबालाई धेरै चोटि सम्झाउने कोसिस गर्नुभो । बाबालाई पेरिस पनि लान खोज्नुभो तर आमाको केही सीप नचले पछि बाबालाई माया मारेर जानुभो ।

CC-0. In Public Domain. Digitization by eGangotri

अहिले आमा पेरिसमा पहिलेकै व्यापार चलाएर बसिरहनु भ'को छ ।

हाम्रो सानो र सुखी परिवार बिगारेर आन्टीले के पाउनु भो कुन्नी ! मैले अहिलेसम्म बुझ्न सकेको छैन । आमालाई खेदाएर खै कुनै सन्तान पनि जन्माउनु भ'को छैन । सायद नभएर पनि होला ! रहर त गरेकै हुन् । जुनदिन आमाले घर छाडेर जानुभो त्यो दिनबाट आन्टीले मलाई धेरै माया गरेझैँ गर्नुहुन्छ । सायद आन्टीले बाबालाई लोग्ने बनाए जसरी नै मलाई पनि छोरो बनाउन खोज्नु भ'को होला । आन्टीले आमाको बारेमा भने कहिल्यै नराम्रो कुरा गर्नु भएको छैन । बाबालाई भने भन्न मिल्ने नमिल्ने सबै भन्नुहुन्छ । आमाको भने गुनगान नगरेको दिनै हुन्न । नाटक त गर्न सक्ने नै हुन् । मलाई अबदेखि आफ्नै मामू सम्झनु भन्दै मेरो अगाडि आँसु खसालेर रूनुभो । त्यहि दिनबाट आन्टी मामू बन्नु भ'को हो । अहिले तिमी जसलाई मामू भन्छ्यो नि । यी त्यही आन्टी हुन् ।

आमा अब कहिल्यै अमेरिका आउनु हुन्न रे । मलाई भेट्न मन लागे र मसँग बस्न मन लागे पेरिस आएस् बाबु, भन्दै आमा अन्तिम चोटि रूँदै-रूँदै जानुभो । मलाई पनि यहाँ बस्ने मन छैन । बाबाको लीला देखेर विरक्त लाग्छ । पढाइ सकिए पछि तिमी र म पनि पेरिस जानुपर्छ, अनि उतै आमासँगै बसौँला ।"

***

दीपको कुरा सुनेर मेरो आँखाबाट आँसुको भेल बग्यो । मलाई उसैको अङ्गालोमा बाधिएर रून मन लाग्यो । मनको बह पखाल्न हामी धेरै बेरसम्म एकअर्काको अङ्गालोमा बेरिएर रोइरह्यौँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

१३

सपनाको माध्यमबाट जोडिएर घटेका हरेक घटनाहरु र दीपको कहानी मलाई सबै सपनै जस्ता लागे । मैले जान्न चाहेको यथार्थ, सबै सङ्लो पानी झैँ छर्लङ्ग भो । मेरो मनमा जुन शङ्का थ्यो, आखिरमा त्यो सत्य साबित भो । दीपले नचाहँदा नचाहँदै पनि मेरो मायाको नशाले हो, वा विश्वासले, जेहोस् सबै कुरा खोल्यो । रक्सीको नशा त उसको नसाबाट उत्रिसकेको थ्यो तर मायाको नशाले भने लठ्याएको हुनुपर्छ । ऊ जुनसुकै नशाले लठ्ठिएको भएता पनि म भने उसकै मायाको नशामा मात्तिएकी थैँ । मलाई उसको पूर्ण विश्वास लागेको थ्यो, त्यसैले आफ्नो तन मन दुवै सुम्पेकी थैँ ।

मेरो तन र मन दुवै हल्का भो । मन चरासँगै आकाशमा कावा खान थाल्यो, तन भने दीपकै अङ्गालोमा कसिएको थ्यो । हामी तीन दिनसम्म घर फर्किएनौँ । एक अर्काको हात समातेर हिड्यौँ, बाहिरै रमायौँ । समुन्द्रका छालहरूसँगै औतायौँ । त्यस्ता दिन फेरि आउलान् नआउलान् । भरपुर रमाउन मन लाग्यो, त्यसैले दिल खोलेर रमायौँ ।

यो जीवन न त बगिरहेको खोला जस्तो, न त जमिरहेको पोखरी जस्तो, कस्तो-कस्तो ? खोलाको त प्रायः बग्ने निश्चित दिशा र दुरी हुन्छ तर यो जीवनको न त कुनै दिशा छ, न त कुनै दुरी नै । पोखरी त स्थिर हुन्छ तर यो जीवन गतिशील छ । कहिले बाढीमा मिसिएर ढुङ्गा र मुढासँग बग्छ त कहिले ढलमा मिसिएर दुर्गन्धित हुन्छ । त्यसरी नै अस्थिर जीवनको यात्रामा म बगिरहेकी थैँ । सधैँ कञ्चन र सफा भएर बगिरहन मन थ्यो । सोच्थे– "मलाई मेरो दीपले मात्र उघाएर आजीवन आफ्नो प्यास मेटाइरहोस् ।"

बगेको खोला रोक्न नसकिने, बाढी आउँदा छेक्न नसकिने ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकृतिको नियम चाहेर पनि मान्छेले बिथोल्न नसक्ने, चलिरहने निरन्तर चलिरहने । यो माया पनि त्यस्तै, खोला जस्तै, बाढी जस्तै, बगिरहने, उर्लिरहने । नगरौं भन्दा पनि लागिरहने निरन्तर लागिरहने ।

अचानक तय भएको गन्तव्य विहीन यात्रामा दुई दिन थाहै नपाई मिलिक्कै सकिये । हामी एकअर्कामा छताछुल्ल पोखिएर रमायौँ । घर फर्किन मन लागेको थेन तर नफर्कि पनि हुन्थेन । दीप पनि अगाएको थेन, मेरो पनि प्यास मेटिएको थेन । दुई दिन हामीलाई दुई घण्टा जस्तो मात्र भयो । त्यसैले अरू एक दिन बाहिरै बस्ने निणर्य गऱ्यौँ । एक दिन थप गर्ने प्रस्ताव भने दीपले नै राख्यो । मैले सहमति नजानाउने त कुरै भएन ।

मेरो मन मस्तिष्कमा दीप मात्र थ्यो । हिँड्ने बाटोमा ऊ नै, खानाको गाँसमा ऊ नै, आँखा चिम्म गर्दा ऊ नै, आँखा खोल्दा ऊ नै । जताततै दीप नै दीप, तनमा पनि मनमा पनि दीप । उसकै स्पर्श र न्यानो अङ्गालोमा डुब्दा डुब्दै घाम पनि डुब्यो । झमक्क साँझ पऱ्यो । म सोच्दै थेँ– "आजको रात मेरो तन मनमा दीपको राज, दीपको तन मनमा मेरो राज ।" आहा ! कति रमाइलो ।

त्यसरी दीपसँग मेरो तेस्रो रात बित्न लाग्दै थ्यो । जीवनमा जसलाई चाहेँ उसैको साथमा रहन पाउँदा आनन्द लागिरा थ्यो । उसले त कति केटीसँग कति रात बिताइ सकेको थ्यो होला तर मैले भने रात बिताएको पहिलो पुरूष ऊ नै थ्यो र अन्तिम पनि ऊ नै होस् भन्ने लाग्थ्यो । अरू कुनै पुरूषसँग मलाई कुनै रात बिताउनु थेन, बस् दीपले मेरो साथ नछोडोस्, सारा रात उसैको नाममा गरिदिन्छु । यस्तै कुराहरू दिमागमा आइरहे ।

जब साँझ ढल्दै गयो दीपले हाप फायल ओल्ड दरवार र एक

CC-0. In Public Domain. Digitization by eGangotri

बट्टा चुरोट मगायो । अनि मेरो हात छाडेर रक्सीको ग्लास र चुरोट समायो । उसको नसामा रक्सीको नशा नचढी मायाको नशै नलाग्ने । मलाई घुर्की लगाउन मन लाग्यो । कतै मानी पो हाल्छ कि– "तिमी यसरी रक्सी र चुरोट मै रमाउने भए, यहाँ मेरो के काम ? म जान्छु ।"

मेरो यो कुरा सुनेर ऊ विचलित होला । तत्काल मलाई खुशी पार्नका लागि रक्सी छोड्छु भन्ला भन्ने मेरो ठूलो आशामा तुषारापात तब भयो जब उसले सजिलै "जाने भए जाऊ न त !" भन्दियो । मलाई भन्दा रक्सीलाई नै आफ्नो सम्झियो । उसको प्यारो रक्सी र चुरोट नै रैछ, म त त्यसपछि मात्र । उसका कुराहरूले म हरेक पटक आश्चर्यमा पर्थें । तर पनि मैले जिन्दगीमा उसका लागि हरेक कुरासँग सम्झौता गरिसकेकी थैं, जाबो रक्सी र चुरोट के हो र ? मैले पनि ऊसँगै बसेर पिउने निर्णय गरैं । नपिएको पनि त हैन क्यारे ! मजैले पिएर डबल नशा लिने सोच बनाएँ र डबल एप्पल फ्लेबरको हुक्का पनि मगाएँ । अनि दुवैजना मजाले गफिदैं, चल्दै, जिस्किँदै पिउन थाल्यौं । हामी बीचमा न कुनै कुराको सीमा रह्यो, न त कुनै पर्दा नै । त्यसरी हामी छताछुल्ल पोखियौं ।

हुक्का र रक्सीको नशा चढ्दै गयो । दीप पनि मात्दै गयो, म पनि । हामी झनै उत्तेजित हुँदै गिलास साटासाट गर्दै पिउन थाल्यौं । आँखा धमिलिंदै गए, गोडा लर्बराउन थाले । रक्सीको नशा चढेपछि नसा आफैं सल्बलाउन थाले, अधर जुध्न लागे, सलबलाउँदै हात पनि अङ्ग-अङ्गमा डुल्न थाले । न त आङमा कुनै लुगा रहे न त चुम्न बाँकी कुनै अङ्ग । त्यसरी हामी डबल नशामा डुब्यौं । अघिल्ला दुई दिनमा नमेटिएको प्यास मेटियो । स्वर्गीय आनन्द त्यही दिन भेटियो ।

उसले गरेको बात मीठो, नशामा मातिएको त्यो रात मीठो ।

CC-0. In Public Domain. Digitization by eGangotri

उसकै अङ्गालोमा कसिएर बस्न पाउँदाको, त्यो साथ झनै मीठो । एकआपसमा टाँसिएको हाम्रो शरीर छुट्टिन मानेन । गाँठो परेका हातका औँलाहरु खुल्न मानेनन् । हामी अधरमा अधर टसाएर, नजरमा नजर मिलाएर गफ गर्न थाल्यौँ ।

"कैली, मलाई त यसरी नै तिमीलाई हेरेर, अनि अङ्गालोमै बेरेर यो रात बिताउन मन छ तर तिमीलाई निन्द्रा लाग्यो होला हई, अब सुतौँ ल !" ऊ बोल्दै बेहोसीमा जताततै चुम्बनको बर्षा गराइरहेकै थ्यो । मलाई पनि स्वर्गीय आनन्द आइरहेको थ्यो । त्यस्तो बेला निद्रा जाबो के हो र ? मलाई उसको अङ्गालोबाट छुटिन मनै लागेको थेन अनि मैले पनि भावनामा बहकिदै भनेँ– "यो रात मात्र ? मलाई त यस्ता सयौँ रात, तिमीसँग यसरी नै बिताउन मन छ, तिम्रै आँखामा हेरेर, तिमीलाई नै यो अङ्गालोमा बेरेर, तिम्रै अधर चुमेर अनि तिमीमै घुलेर ।"

दीपले मेरो आँखाबाट उसको आँखा हटायो, गालाबाट ओठ हटायो, गाँठो परेका औँलाहरु बिस्तारै खोल्यो, उसले आफ्नो कसिलो अङ्गालो पनि बिस्तारै खुकुलो बनायो । सायद त्यतिबेला ऊ हलुङ्गो भैसकेको थ्यो । अनि ओछ्यानमा पल्टिएर बोल्न थाल्यो– "जीवनमा सधैँ सोचेजस्तो कहाँ हुन्छ र ! न त मनले चाहेका सबै कुरा नै पाइन्छन् । मेरो कुनै भर छैन र मलाई कसैको डर पनि छैन । म खुला आकाशमा उडिरहेको बाज जस्तै हुँ । जुनसुकै बेला जता पनि वेग हान्न सक्छु । मलाई स्वतन्त्र उड्न मन लाग्छ । सधैँभरि तिम्रो अङ्गालोमा हराइ रहन नसकुँला । मेरो मन अस्थिर छ, जीवनको लक्ष्य केही छैन । त्यसैले तिमी आफ्नै खुट्टाले हिंड्न सिक, मसँग उड्न नखोज ।"

***

CC-0. In Public Domain. Digitization by eGangotri

उसको कुराले मेरो मनमा सानो-सानो भुइँचालो नै गयो । के उसले मेरो सिकारै गरेको हो त ? मलाई छाडेर अन्तै उड्ने त हैन ? मनमा खटपट भई नै रह्यो, अनि अझ बढी माया देखाएर उसलाई अङ्गालोमा कस्न मन लाग्यो । म फुत्किएको माछालाई फेरि समात्न पुगैं, अनि उसलाई अङ्गालोमा कसेर उसका ओठलाई तातो हावा दिँदै बोल्न थालैं– "दीप, यस्तो कुरा नगर न, मलाई डर लाग्छ । म त तिम्रै मायाको पोखरीमा पौडिनलाई आफ्नो संसार छोडेर तिम्रो संसारमा आएकी छु । तिम्रै अधर चुम्नलाई, तिम्रै हात समातेर घुम्नलाई, यो तन मन दुवै सुम्पिसकैं । म तिमीलाई काहीँ जान दिन्न । सधैं साथैमा राख्छु, मेरो राजालाई काखैमा राख्छु । जतिसुकै बाधा परे पनि तिमीसँगै हिँड्छु, उड्नै परे पनि यो जीवनभरि तिमीसँगै उड्छु ।"

मेरो कुरा सुनेर दीप फेरि मलाई सम्झाउन थाल्यो– "यो मध्यरातमा उड्न नखोज, अब सुत्नु पर्छ । एकछिन विश्राम देऊ तिम्रो मुखलाई अनि हातलाई पनि । आँखा पनि गलिसके, ओठ पनि थाकिसके । कुरा जति गरेपनि सकिने हैनन् । समयले भेट गरायो अब नछुट्याउन्जेल साथैमा हुनेछ्यौ । जीवनमा जस्तो परिस्थितिको पनि सामना गर्नुपर्छ । मनमा हिम्मत राख, सब ढिक हुन्छ ।"

मलाई सुत्न मन थेन । त्यो रात चलेर नै कटाउनु थ्यो, बोलेर नै कटाउनु थ्यो । मनको माया मनमा अनि तनको माया तनमा, पोखेर नै कटाउनु थ्यो । म फेरि उसको अधरमा चुमेर बोल्न थालैं– "जब यो मन तिम्रो साथ खोजेर तड्पिन थाल्छ, जब यो तनले तिम्रो स्पर्श चाहन्छ, अनि तिमी भाग्न खोज्छौ । म तिमीलाई कतै उम्कने दिनेवाला छैन, सधैंभरि यसैगरी तिमीलाई माया नै मायाले सताइ रहन्छु । ओठ थाके थाकुन् म बोलिरहन्छु, यी हात थाके थाकुन् म चलिरहन्छु, रातभरि तिम्रो अधर चुमिरहन्छु । यी आँखा गले गलुन, तिम्रै आँखामा हेरिरहन्छु, तिमीलाई नै अङ्गालोमा बेरिरहन्छु । जबसम्म सधैंभरि

CC-0. In Public Domain. Digitization by eGangotri

मसँगै बस्ने बाचा गर्दैनौ तबसम्म तिमीलाई केरिरहन्छु ।"

दीप जिल्ल पऱ्यो । के बोलूँ ? के गरूँ ? सायद उसलाई अन्योल भयो होला ! ऊ बच्चा जस्तै मेरो काखमा लुट्टपुट्ट परेर आँखामा टुलुटुलु हेरिरह्यो । आफूले आफैँलाई नबुझेको मान्छेले मलाई कसरी बुझोस् । मेरो मनमा आएको तुफान, कसरी महसुस गरोस् । धेरै बेर सम्म ऊ केही नबोलिकन हेरिरह्यो, म पनि उसैलाई हेरिरहेँ । बिस्तारै ऊ ओठ चलाउन थाल्यो– "उज्यालो हुन लाग्यो, हेर त ! आज तिमीले रक्सी भन्दा पनि नशालु यौवनको रस पिलायौ । जीवनमा कहिल्यै नलागेको मात लाग्यो । आजको रात म पनि तिमीलाई नै हेरेर बिताई दिन्छु । जति पियो उति पिउँ-पिउँ लागिरा'छ, आजको रात पिएरै बिताई दिन्छु । कैली, मनले चाहे जति सबै कुरा कहाँ पाइन्छ र ! जति पाइन्छ नि ! त्यतिमै रमाउन जान्नुपर्छ, बुझेऊ ?" दीपको बोली लर्बरिदै थ्यो, तै पनि ऊ बोलिरहेको थ्यो– "लभ यू कैली, आई रियल्ली लभ यू ।" ऊ बोल्दा बोल्दै मेरो काखैमा ढल्यो ।

म जुन मानिसका लागि सबथोक छोडेर अमेरिका पुगेकी थिएँ उसले माया गरेको भनौं कि नगरेको भनौंको द्विविधामा बाँचिरहेकी थिएँ म । कति कुराहरू सोचेकी थिएँ ऊसँगको जीवनमा । मेरो कति ठूलो सपना थियो अनि कति कति खोजहरू थिए । सोचे जति सबै त कहाँ पुग्छ र ! खोजे जति सबै कहाँ पाइन्छ र । यस्तै रहेछ जिन्दगी, सम्झौतामै चल्नुपर्ने । कहिलेकाँही सानै कुरा प्राप्त भए पनि ठूलो प्राप्तिको रूपमा लिनुपर्ने रैछ । साथीहरूले भन्थे भन्न त "यो माया भन्ने चिज कस्तो-कस्तो, नभई पनि नहुने, हुँदा पनि मन रूने ।" हो रैछ । जे गरायो यही मायाले गरायो । उसले बेहोसीमै "कैली, लभ यू" भन्दा पनि, यो मन रमायो ।

***

CC-0. In Public Domain. Digitization by eGangotri

नशा अलि उत्रे जस्तो लाग्यो, अनि चुरोट सल्काएर तान्न थाले । यसो हेरेको बोतलमा अलिकति रक्सी बाँकी रैछ, गिलासमा खन्याउन अल्छी लाग्यो अनि बोतलबाटै पिउन थालेँ । भए जति सबै एकै सासमा पिइदिएँ, बेग्लै आनन्द आयो । चुरोट तान्दै थेँ, तान्दा तान्दै म पनि ढलिछु ।

रक्सी र माया दुवै नशा हुन् तर फरक फरक किसिमका नशा । यो रक्सीको नशा दुई-चार घण्टा लाग्ने रैछ । साथीको नशा दुई-चार हप्ता लाग्ने रैछ । यदि मायाको नशा हो भने यो जीवन त के, मरेपछि नि लाग्छ । होसमा नि लाग्ने, बेहोसीमा नि लाग्ने । बेहोसीमै ढलेका दुवैजना बिहान बिउँझिदा त एक अर्काको अङ्गालोमै बाँधिएका थियौँ ।

ब्युँझिदा शरीरबाट रक्सीको नशा उत्रियो । दुवै जना एकैचोटि उठ्यौँ । आङमा कुनै लुगा थिएनन् । एक्कासि लाज लाग्यो । टावेल तानेर आफ्ना अङ्ग छोपेँ, अनि छरिएका लुगा बटुलेर फ्रेस हुन बाथरूम पसेँ । सावरमा पुरै शरीर मजाले पखाले अनि फ्रेस भएर निस्के । शरीर रूवा जस्तै हल्का भएको महसुस भयो । दीप चुरोट तानिरहेको थ्यो । एकछिनमा ऊ पनि बाथरूम गएर नुहाएर निस्क्यो, त्यपछि दुवै जना फ्रेस भयौँ र त्यहाँबाट बाहिर निस्क्यौँ ।

बिहानको दस बजेको थ्यो, नास्ता खाएर होटलको बिल तिरेर हामी गाडीमा चढ्यौँ । बीचबीचमा गाडी रोक्दै, बस्तै गफ गर्दै हामी बिस्तारै फर्कियौँ । बाटोमा धेरै कुरा भए । जीवनमा पहिलो चोटि मैले त्यस्तो आनन्द लिन पाएँ । सायद त्यो दिन संसारमा सबैभन्दा खुसी म नै थेँ होला ।

***

CC-0. In Public Domain. Digitization by eGangotri

मनमनमा लागिरहन्थ्यो दीपले मेराबारे राम्रो सोचोस् । उसको प्रेम सदा सदाको लागि मेरो लागि समर्पित होस् । मसंग आएर भनोस् - प्यारी कैली ठट्यौली धेरै भए । तिम्ले नि गर्‍यौ, मैले नि गरेँ । बोलेँ होला रिसका बेला हुने नहुने सबै कुरा । ती सबै मायाले हो । बिझेछन् होला बिषालु सर्पका काँडाले झैं घोचिराछन् होला । तेरो मेरो भनी हिसाब किताब कति निस्के होला । दिन सक्ने जति दिंदै गयौ । सके जति दिनुपर्नेछ भन्दै मनमा कति राखिछौ होला । पर्दैन दिन अपशब्द बोलेका बेला । तिमीलाई बिझाइरहेका मायाका पीडा । त्यसैगरी फर्काइथ्यौ तिमीले पनि, हाँसेरै टारें । भित्री मन तिम्रै जस्तै रूवाइराखेँ । अझै रून्छु भनेँ झनै रूवाएँ । तिम्रो सामु बाहिरी सौन्दर्यताको अझै रौनक देखाएँ । केही नै नभाजस्तो भएँ । तिमीलाई जस्तै हुन्थ्यो मलाई पनि । हाड नभएको जिब्रोले निकाल्थ्यो अनेक शब्द घरि घरि । धेरै शब्दले माया पलाउनी एकै शब्दले त्यही मायालाई निभाउनी । तीखो हुन्थ्यो त्यो शब्द बोधो जिब्रोबाट निस्के पनि । घोचिरहनी जति बेला पनि । सियोले घोचे बरू नदुख्नी ।

मलाई दीपले यसरी सोचोस् । उसका छिन छिनमा फेरिने मुडहरू मसम्म आएर बन्द होउन् । ऊ निश्चिन्त भएर मप्रति समर्पित होस् र कहिल्यै नबदलियोस् । म उसलाई आफ्नो अँगालोमा बाँधेर राख्न सकुँ आफ्नै आँचलभित्र । यसरी कल्पना गरेर बाँचेको महिनौंपछि हो आज यसरी यथार्थमा दीपलाई आफ्नो साथमा पाएको मैले । मेरो खुशीको सीमा थिएन ।

त्यसरी सँगै हिड्ने रमाउने दिनको पर्खाइमा मैले धेरै महिना कटाइसकेकी थेँ । उसको मीठो बोली र मायाको सागरमा डुब्न खोजिरैथेँ, नभन्दै त्यो दिन मज्जैले डुब्न पाएँ । जिउ चङ्गा जस्तै भा थ्यो, यो मन त झन् आकाशमा उडिरा थ्यो । त्यति नै खेर

CC-0. In Public Domain. Digitization by eGangotri

दीपले भन्यो– "कैली, तिमीले जित्यौ, खाली थ्यो यो मेरो मन, तिमीले भराएर ल्याइदियौ । म जति-जति टाढा हुन खोजेँ, तिमी उति-उति नजिक भयौ । तिमीलाई गुमाउँछु कि भन्ने डर थ्यो तर आज तिमीसँग यति नजिक छु, मलाई सबै चिज पाए जस्तो लाइरा'छ । तिमीसँग हिंडेका ती पल, बोलेका हरेक कुरा, रिसाएको क्षण अनि त्यो खुसीको तरङ्ग । हरेक कुराहरु, हरेक क्षणहरु झलझली आइरा'छन् । खुला आकाशमा उडिरहेको चरीलाई ल्याएर मैले पिञ्जडामा राखेछु । अहिले पश्चात्ताप लाइरा'छ । मैले तिमीलाई वास्तै गरिनँ, तिम्रा सबै इच्छा पुरा गर्न पनि सकिनँ । मलाई माफ गर है !"

ठ्याक्कै मैले सोच जस्तै नै शब्दहरू निस्किरहेछन् दीपबाट । म बहुत पुलकित छु आज । उसको भावनात्मक कुरा सुनेर मेरो मनमा खुसी नै खुसी छायो, अनि बेग्लै उमङ्ग पनि आयो । मेरो मायाले उसलाई परिवर्तन हुन बाध्य गरायो । दीपले त्यतिबेला भने मलाई बुझ्यो भन्ने लाग्यो । जे होस् ढिलै भए पनि मैले सोचेजस्तो र चाहेजस्तो दीप पाउने भएँ भन्ने लाग्यो, अनि हर्षित मुद्रामा बिस्तारै बोलेँ– "खुसी लाग्यो, आज आएर तिमीले मलाई बुझ्यौ । मेरो त सबैथोक तिमी नै हौ । तिमी बिनाको संसार मैले कल्पनै गरेकी छुइनँ । मेरो अरू केही इच्छा छैन, तिमीले यसैगरी यो जीवनभरि साथ दिए पुग्छ । मेरो मायामा कहिल्यै कमी हुनेछैन । सधैँभरि तिमीलाई यी आँखा अगाडि राखिरहन पाउँ । तिम्रो मायाको मीठो स्वाद चाखिरहन पाउँ । बस् मलाई त्यति भए पुग्छ, अरू केही चाहिन्न ।"

मेरो कुरा सुनेर दीप पनि भावुक हुँदै बोल्यो– "मनै त हो नि मेरो पनि, पत्थर त कहाँ हो र । अलि सानो होला, अलि कठोर । आज तिम्रो बोली सुनिरहन मन ला'छ । म एकान्तमा धेरै हराएँ, एक्लै

CC-0. In Public Domain. Digitization by eGangotri

बसेर धेरै पिएँ, एक्लै-एक्लै धेरै रमाएँ । आज तिम्रो साथमा यसरी दिन बिताउन पाउँदा, दुनियाँ अर्कै लागि राछ । कता मोडिन्छ यो मन, केही पत्तो पाउँदिन । तिमी बाहेक अरूसँग म माया लाउँदिन । डर लाग्छ घरिघरि, मेरो मन अलि पागल छ, तिमीलाई गुमाउँछु कि जस्तो पनि लाग्छ ।"

उसको मन पागल त पागलै हो तर कस्तो अचम्मको पागल । मलाई लिन काठमाडौंसम्म गएर पनि नचिनाइकन अमेरिका पुग्न सक्ने । अनि एउटै घरमा रहेर पनि छुट्टा छुट्टै महिनौं बस्न सक्ने । मलाई छाडेर एक्लै-एक्लै डुल्न सक्ने, रक्सीको नशामा सबैथोक भुल्न सक्ने । साँच्चै दीपको मन कठोर नै हो, पागल नै हो ।

म उसँग गुनासो गर्न थालैं– "म कोठामा प्रत्येक रात अबेरसम्म तिमीलाई नै कुरिरहन्थें तर तिमी कुनै रात मेरो कोठामा आएनौ । ब्यान उठ्नासाथ तिमीलाई नै हेर्न मन लाग्थ्यो तर कति ब्यान तिमी घरमै हुन्न थ्यौ । कलेज जाँदा आउँदा तिमीसँगै रमाउन मन लाग्थ्यो । कलेजमा पनि तिमीसँगै हराउन मन लाग्थ्यो तर तिमी आफैँमा हराउँथ्यौ । मलाई घर पठाएर कहाँ जान्थ्यौ-जान्थ्यौ । न त कहिल्यै कतै घुमाउन नै लान्थ्यौ । म निसास्सी रैथें, त्यसैले अस्ति त आँट गरेरै भनेकी हुँ ।"

मेरो कुरा सुनेर दीप बोल्दै गयो– "ठीकै गऱ्यौ, मैले गर्न नसकेको आँट तिमीले नै गऱ्यौ । अब भयो छोड, त्यस्ता कुरा सम्झेर मन नदुखाऊ । म केही परिवर्तन भएको छु । अब तिमीलाई बुझ्ने कोसिस गर्नेछु । हुन त म परिवर्तन भइनै रहन्छु तर तिम्रो माया र साथ केही खास लागेको छ । हेरौं ! तिम्रो मायाले सकारात्मक बाटो तिर नै लैजाला ।"

उसले बीच बीचमा अनौठा कुरा गरेर मनमा शङ्काको बीउ

CC-0. In Public Domain. Digitization by eGangotri

रोपिरहन्थ्यो अनि घरिघरि मुटुमा च्वास्स सियोले घोपिरहन्थ्यो । उसले किन त्यसो गर्थ्यो ? ऊ नै जानोस् । मैले उसलाई सम्झाउँदै भनें– "दीप, अझै पनि तिमी यसरी घरिघरि मेरो मुटुमा काँडा नरोप त ! अब तिमी परिवर्तन भइसकेऊ, नभए पनि हुनै पर्छ । तिम्रो साथमा म छु, मेरो माया छ । अब तिमी एक्लो छैनौ । यो कुरा राम्ररी बुझ, अनि सोचेर बोल । बारम्बार मेरो मनमा चोट नपुऱ्याऊ । बेहद माया गर्छु म तिमीलाई । आफूलाई भन्दा बेसी माया गर्छु । के चाहियो तिमीलाई अरू ? मसँग भए जति र दिन मिल्ने जति सबै दिसकेँ । दीप, तिमीलाई दिन बाँकी केही छैन । मलाई बस् माया देऊ, साथ देऊ, दिन देऊ, रात देऊ । अरू केही चाहिन्न भोकै भए पनि बस्छु, तर तिमीसँगै बस्छु ।"

मेरो कुरा सुनेर दीप उल्टै मलाई नै सम्झाउन थाल्यो– "लु भयो, अब धेरै गुनासो नगर । पुराना कुरा नकोट्याऊ । समय बगेको खोला जस्तै हो, फर्केर आउँदैन । जे भयो-भयो, सबै भुलिदेऊ । रमाइलो नरमाइलो, सुखदुःख, हाँसो रोदन यस्तै हो जीवन । यसरी हिसाब किताब गरेर नराख । अब उता गएसी फेरि यताका कुरा कोट्याएर मन नदुखाउनु । मसँग केही गुनासो नगर्नु । जीवन जिउने मेरो आफ्नै तरिका छ । गुनासै गर्नु परे यो हावासँग गर्नु, यो प्रकृतिसँग गर्नु, यो धर्तीसँग गर्नु, अनि तिम्रो त्यो भोलेनाथसँग गर्नु । उसले यो सृष्टिको रचना नै यस्तै गरेको छ । यहाँ अनेक लीला हुन्छन् र भई नै रहन्छन् । हामी के नै गर्न सक्छौं र उसैको इसारामा चल्ने त हो नि । धेरै चिन्ता नगर, म तिमीलाई नै माया गर्छु, समयले मलाई साथ दियो भने म पनि तिमीलाई दिन्छु । भोकै राख्दिन तिमीलाई टन्न खुवाएरै राख्छु । ठट्यौली धेरै भए हई । छ न त माया पनि धेरै नै छ । त्यसैले त घरिघरि काँडाले घोचेझैं भएको हो नि । के

CC-0. In Public Domain. Digitization by eGangotri

गरुँ, नबोली बस्नै सक्दिन । काँडाले घोच्छ र त फूलको अस्तित्व जोगिन्छ नि ! यस्तै हो जीवन यसरी नै चल्छ । कहिले वसन्त ऋतु त कहिले शरद, कहिले हरियाली त कहिले उजाड ।"

उसको कुरा मलाई पनि ठीकै लाग्यो । जीवन, कहिले हरियाली त कहिले उजाड । कहिले चढ्नुपर्ने उकाली त कहिले झर्नुपर्ने ओराली । पार गर्नुपर्ने अनेक घुम्ती र मोडहरु । तर्नुपर्ने सयौं जङ्घार र खोलाहरु । हिड्नुपर्ने कहिले जङ्गलको बाटो त कहिले मरूभुमीको । गफैगफमा हामी घर पुग्यौं ।

***

दिनहरु पहिलेको भन्दा केही फरक र केही रोचक बन्दै गए । दीप मसँग हिंड्न र घुम्न थाल्यो । अमेरिकाका धेरै ठाउँहरु घुम्ने अवसर पनि मिल्यो । त्यहाँको परिवेश, संस्कार र संस्कृतिको केही ज्ञान लिन पाएँ । त्यसरी म समयसँग खेल्दै गएँ । दीपको परिवारलाई आफ्नै परिवार सम्झेर भुल्दै गएँ । पुर्वीय संस्कार र सभ्यतामा हुर्किएकी म पाश्चात्य संस्कार र शैलीमा रूमलिंदै गएँ । समयको रफ्तारसँगै मेरो जीवन पनि मोडियो । सम्झँदा पनि सपनै जस्तो लाग्ने । नेपालको एउटा सानो गाउँमा जन्मिएर हुर्किएकी म, विश्वको केन्द्र बिन्दु मानिने अमेरिकाको भव्य सहरमा रमाइरहेकी थैं । आधुनिकताको पश्चिमी धुनमा नाचिरहेकी थैं । नरमाइलो कलेज पनि दिनदिनै रमाइलो बन्दै गयो ।

रमाइलो लाग्दालाग्दै पढाइ पनि सकियो । फाइनल परीक्षा पनि राम्रै भयो । परीक्षा सकिएको दिन दीप रातिसम्म घर आएन । म उसैलाई कुरेर बसिरैथैं । ऊ बाह्र बजेतिर रक्सीको नशामा हल्लिदै आयो । मेरो कोठाको ढोका खुल्लै थ्यो । मं चाल सुनिरैथैं, ऊ सरासर

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो कोठामा आएर मेरै छेउमा बस्यो । ऊ हाँसिरहेको थ्यो, मलाई भने अलि-अलि रिस उठिरहेको थ्यो । एक्कासि उसले मेरो गालामा चुमेर हातमा एउटा कागज थमाउँदै भन्यो– "सर्प्राइज डार्लिङ, भोलि बाह्र बजे हामी केही दिनको लागि इण्डोनेसियाको बाली जादैछौँ ।"

रिसाएकी म एक्कासि खुसीले चिच्याउँदै उसको अधर चुम्न पुगिछु । एकछिन उसले आफूले खाएको रक्सीको स्वाद मलाई पनि चखायो । तातो साससँगै मिसिएर आएको रक्सीको गन्ध र उसको अधरको स्वाद मलाई मीठो लागिरहेको थ्यो तर उसले मेरो मुख मात्र बिच्याएर छोड्यो, अनि ऊ आफ्नै कोठातिर लाग्यो । म पनि आफूले आफैँलाई सम्हाल्दै, भोलि सम्झेर, तन र मन दुवैलाई फकाउँदै सुतेँ । त्यति सजिलै मान्न त के मान्थ्यो र ! तर पनि मनाउनै पऱ्यो । धेरै बेर भित्रभित्रै दुई मनको झगडा पऱ्यो । नसा पनि जुरुक्क-जुरुक्क उफ्रिरहेका थे । जसो तसो मनाएँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

१४

हामी इण्डोनेसियाको बाली पुग्यौं । एयरपोर्टबाट हामी एउटा ट्याक्सीमा चढ्यौं । होटल नियो अगाडि पुगेर हामी चढेको ट्याक्सी रोकियो । ओर्लिनासाथ दुई जना गुरूङसेनी जस्तै गोरी-केटीहरु वेलकम, गुडआफ्टरनुन भन्दै आए । बाहिरको मौसम अत्यन्तै गर्मी थ्यो । तातो हावा चलेको थ्यो । मेरो नजर ती दुई केटी मध्येकी एउटी अलि मोटीको मुहारमा पऱ्यो । हिस्सी परेकी हँसिली केटी, जीवनमा पहिलोचोटि पुगेको ठाउँमा पनि पहिलेदेखि नै देखिरहेजस्तो लाग्यो ।

गर्मीले धेरै अत्तायो । चिसो पानीमा गएर चुर्लम्म डुब्न मन लागिरहेको थ्यो । हामी त्यो होटलमा छिऱ्यौं । टेबलमा आइस्क्युब राखिएको थ्यो । चिसो पानीको एउटा बोतल निकालेर घटघट पिएँ । मैले एक बोतल पानी एकै चोटिमा पिएर सकाइदिएँ । त्यसपछि अलि-अलि शीतल महसुस भयो । दीपले पनि एउटा बोतल निकालेर घटघट पियो । उसले पिएको बोतल भने पानीको जस्तो थेन । के रैछ भनेर मैले पनि पिई हेरें । त्यो त बियर रैछ । मैले पनि अलिकति पिएँ । तीतो-तीतो थ्यो तर पनि मीठो लाग्यो ।

एसिले तातो मौसमलाई चिसो बनाइरहेको थ्यो । बाहिरको गर्मी बिर्सिएर भित्र सबै रमाइरहेका थे । बाहिर पैदल यात्रीहरु भने घामको रापलाई छल्दै पसिनाले नुहाएर हिँडिरहेका थे । भाँडोमा चामल र पानी हालेर राख्यो भने केही क्षणमा भातै बन्ने खालको घाम लागिरहेको थ्यो । एसिमै बस्दा पनि चिटचिट पसिना आइरहने । मलाई बालीको बसाई खासै रमाइलो होला जस्तो लागेन ।

दीपलाई पनि मलाई जस्तै भएछ क्यार । उसले मैले सोचिरहेकै

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा भन्यो– "गर्मी धेरै रैछ । यहाँ धेरै दिन बसिएला जस्तो छैन । आइहाल्यौँ अब एक दुई दिन बसौँ, अलि-अलि घुमौँ अनि फर्किहाल्नु पर्छ । फेरि अन्तै कतै घुम्न जाउँला ।" मैले पनि उसको कुरामा सहमति जनाएँ ।

त्यहाँको बियरको नाम 'विन्टाङ्ग' रैछ । दीपले ननस्टप पिइरह्यो । मैले पनि उसलाई साथ दिइरहेँ । गर्मीले हो, या त त्यहाँको बियरै त्यस्तो हो, मलाई अमेरिकाको भन्दा धेरै मीठो लाग्यो । त्यही भएर बियर पनि धेरै नै पिएँ । मलाई राम्रो नशा लाग्यो, त्यहाँ बेग्लै रमाइलो भइरहेको थ्यो ।

हामी बाहिर गेटमा छँदै गुडआफ्टरनुन भन्दै आएका केटीहरूमध्ये त्यही मोटी हिस्सिएकी केटीले अघिबाट पर्ल्याक पुर्लुक गऱ्या गऱ्यै छ । चिनेझैं गरी, अहिले नै खाउँलाझैं गरि घुरिरहिछ । बिर्सिएर त्यसलाई हेरें भने पनि बोलाइराको हो कि झैं लाइराछ ।

मैले बिर्सिएँ यो गर्मी, चर्चर निस्केका पसिना पनि । दीपले आजभोलि नै घर फर्किहाल्नुपर्छ भनेका कुराहरू नि । मेरो ध्यान अघिबाट नै त्यही केटीको आमुन्ने-सामुन्ने परिराछ । दीपलाई भनुँ भने केही उर्लापात पार्छ कि भन्ने लाइराछ । भो बरू भन्दिनँ । नभनेरै त्यसलाई चियाउँछु । कतै अप्ठ्यारै पर्न लाए मात्रै दीपलाई सुनाउँछु ।

कोही मान्छे सामुन्ने परे भने पनि उसैले पठाइ कि भन्ने शङ्का उपशङ्का बढ्न थाल्यो । उसको ओहोरदोहोरमा कसैसँग बोलेका बेला, नजिकिँदै सामुन्ने परेर हिँड्दा एक किसिमको छुट्टै गन्ध ममा पर्थ्यो । बाहिरी गन्धमा यति साह्रो डराएको मन भित्री गन्ध थाहा नपाउन्जेल शान्ति नै नमिल्ने भो ।

गर्मीको उर्लापातले होला केटाकेटीहरू स्वीमिङ पुलमा रमाइरहेका थिए । केटाकेटीमात्रै होइन, बुढापाकाहरू पनि त्यहीं झुम्मिन पुगेका ।

CC-0. In Public Domain. Digitization by eGangotri

नुहाएर आफुलाई चिसो पानीमा डुबाउँदै सबैले गर्मी बिर्सिएका । मलाई मात्रै विपत्ति लाएको । चर्को घामले भन्दा पनि मनको घामले झनै पोल्न थाल्यो ।

आकाशतिर हेर्छु, अघि चरक्क चर्केको घामलाई काला-काला डल्ला बादलले पो छेकिसकेछन् । अँधेरिएर निष्पट्ट, अहिल्यै पानी पारूँला झैं गराइराछन् । बर्खाको बादल भए यो यति बेला पानी मुसलधारिन्थ्यो । खडेरीमा छेक्न आएका बादल । तिनलाई त तातो हावाले उसरी नै उडाई लग्यो । तर उडाउन सकेन त्यो हावाले मेरो बेचैनीलाई । खुल्दुलिराको मेरो मनलाई ।

अघिबाट नै भौंतारिएको म । तन शान्त पार्न सकिन बादलले वर्षाएर न त घामले मनको चिर्चिराहटलाई पसिना निकाली तपतप चुहाएर । बरू तिनै नचिनिएकीले राखिन् मलाई यहाँ दुखाएर ।

उसका आँखासँग घरि घरि मेरा आँखा जुध्न आउँथे र बात मार्न खोज्थे । मलाई अचानक मेरो कलेजको प्यारी साथी प्रतिको याद आयो । उसका आँखासँग मेरा आँखा बात गर्ने गर्थे । कहाँ छे होली? के गर्दै होली ? मनमा खुलदुली भइरह्यो । मैले केही समय उसैको बारेमा सोचेर बिताएँ ।

मान्छेहरूको चाप बढ्दै गयो । होटलमा पसिनाको अमिलो र नमीठो गन्ध आउन थाल्यो । त्यहाँ घाममा हिंडेर र काम गरेर थाकेर आएका मान्छेहरु धेरै आए । त्यो केटी मसँग बोल्न नजिक आउँछे कि, भन्ने लागिरह्यो तर उसले आँट गरिन, न त मैले नै गर्न सकें । त्यो केटीको र मेरो हेराहेर र छटपटी, दीपले केही थाहा पाएन । बिचरा । उसले त्यस्तो कुरा, कसरी थाहा पाओस्, हुस्सु नै छ । रक्सी भएपछि पुगिहाल्छ, दुनियाँ बिर्सिन्छ ।

मनमा खलबली मच्ची नै रह्यो । ती अञ्जान युवतीको चिनेजानेको

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तो लाग्ने हाउभाउ र मुहार र हेराइले मलाई सताइरह्यो । मनमा एक किसिमको उत्साह जस्तो, एक किसिमको कौतुहलता जस्तो, त्रास जस्तो कस्तो-कस्तो लागिरह्यो ।

मेरो यौवन र सौन्दर्यको पुजारी, मेरो राजा, मेरो दीप मेरै सामु थ्यो तर पनि मेरो मन शान्त रहेन । जीवनमा मलाई खासै एक्लोपनको महसुस भएको थेन । जब कसैको साथको आवश्यकता महसुस गर्न थाली रैथैं तब मैले दीपलाई पाएँ । मेरो कलकलाउँदो यौवनको रस पनि खेर गएको थेन । जीवनमा कहिल्यै खडेरी लागेको थेन । समय समयमा मेरो तन मन दुवै सिञ्चन गरिरहने मेरो दीप, मसँगै थ्यो ।

मलाई हल्का डर लागिरहेको थ्यो । मन अशान्त बन्दै गइरहेको थ्यो । अशान्त मनलाई शान्त बनाउन धेरै कोसिस गरैं तर सकिनँ । चिसो बियरले मन ठन्डा बनाउने कोसिस गर्दागर्दै बियर पनि धेरै नै पिइसकेकी थैं । किन-किन मेरो मन बहकी रह्यो, कसै गरे पनि मेरो बसमा आउँदै आएन । दीप साथमै छ भनेर ढुक्क पनि लाएन ।

मनमा अनेक कुराहरु खेलिरहेका थे । मनमनै भगवानलाई पनि सम्झिरहेकी थैं । मनमा चैन थेन । बेचैन मन छटपटी रह्यो । दीप भने रक्सीकै तालमा थ्यो । ऊ आफ्नै दुनियाँमा हराइरह्यो । मनको बह मेटाउन एउटा दुनिया छाडेर अर्को दुनियामा पुग्दा पनि मनमा भुइँचालो आइ नै रहेको थ्यो । बिना बादल पानी परे झैं भो । मेघ नै नगर्जी चट्याङ्ग परे झैं भो । मनमा असिना पानी पऱ्यो तर पनि परेली भने रसाएनन् । निष्पट्ट रातमा जङ्गलको बीचमा झाडीमा फसेर एक्लै हराएझैं यो मन हराइरह्यो । त्यतिबेला मलाई लाग्यो, मान्छेले बसमा गर्न नसक्ने एउटै चिज, उसको आफ्नै मन रहेछ ।

म त्यस्तो बेचैनमा छटपटिंदा पनि दीपले केही थाहा पाएको

CC-0. In Public Domain. Digitization by eGangotri

हैन । विन्ट्याङ्ग भन्दा अन्त उसको ध्यानै थेन । पिउन त म पनि पिइरहेकी थेँ, हल्का नशा पनि लागिरहेको थ्यो तर पनि म मनसँग कता-कता उडिरहेकी थेँ । दीपलाई भने म पनि ऊ जस्तै झ्यापमा छु भन्ने लागिरहेको थ्यो होला । मनमा डर लाएको बेला रक्सी पनि मताउन डराउँदो रैछ ।

त्यो केटी हेर्दा राम्री, सर्लक्क परेकी, राम्रै कुलघरानकी जस्ती देखिन्थी । पहिलो चोटि मुल्याङ्कन गर्ने आँखै हुन्, आँखालाई राम्रै लाग्यो । उसको काम गर्ने तरिका केही फरक थ्यो । मान्छेको ध्यान खिच्न सक्ने चाल थ्यो । उसको हेराइ पनि नशालु लाग्यो । अरू वेटरको माझमा ऊ प्रस्टै छुटिन्थी । उसले लगाएको कपडाले पनि जिउको शोभा बडाएको थ्यो । हाँसको पोथी ढल्के जस्तै उसको हिंडाइको चाल, साँच्चै कलात्मक नै लाग्यो । ग्राहकसँग उसले गरिरहेको व्यवहार, उसका हेर्ने नजर, मधुर बोली, मन्द मन्द मुस्कान आदि इत्यादि सबै कुराले गर्दा त्यहाँ ऊ केही खास देखिन्थी । एकछिन कतै उभिनु पर्दा, डमी जस्तै निश्चल र निर्दोश देखिन्थी । केटा मान्छेको जस्तै गरी काटिएको कपाल, कसिलो शरीर, पोटिला छाती, यी सबै कुराहरूका कारण शृङ्गारविहीन भएर पनि उसको शारीरिक बनावट आकर्षक देखिन्थ्यो ।

सानै कुराले पनि मान्छेको ध्यान तान्ने रैछ । हेरिरहे नराम्रो नि राम्रो लाग्ने, मनको डर पनि बिस्तारै भाग्ने । उसका क्रियाकलाप धेरै बेर नियाले पछि उसको कोर्के हेराइ पनि प्यारो लाग्न थाल्यो । केही समय अगाडिसम्म हल्का डराएको मनमा माया र उत्साह जाग्न थाल्यो । कताकता आफ्नै आफन्तको आभास हुन थाल्यो । मान्छेको यस्तै संवेदना र ऊ भित्रको मानवताले गर्दा नै पशुभन्दा फरक भएको हुनुपर्छ । हुन त मान्छे पशुभन्दा पनि तल्लो स्तरको प्राणी हो । यो

CC-0. In Public Domain. Digitization by eGangotri

मान्छेको जात यतिसम्म गिर्न सक्छ कि, ऊ सैतान पनि बन्न सक्छ । मानवीयताको ह्रास भएता पनि निर्मूल भने भएको रैनछ । त्यसैले मलाई उसको माया लाग्यो ।

मान्छेको उमेर र समयको रफ्तारसँगै रहर र इच्छाहरु पनि थपिँदै जाँदा रहेछन् । साउने झरीको भेल झैं यौवन उर्लिंदै जाँदा सादा जीवनमा रङ्ग भर्न मन लाग्दो रैछ । फूलमा जस्तै यो जोवनमा पनि एक झमट अनौठो तरङ्ग चढ्ने, वरिपरि भवँराहरु पनि भुनभुनाउने । उमेर ढल्कँदै गएपछि ओइलाउँदै गएको फूललाई भँमराले आँखा नलगाए जस्तो कसैले आँखा नलगाउने रैछन् । एकचोटि त यो वैंशको रङ्गमा रङ्गिएर रमाउनै पर्ने रैछ । यौवनको मीठो स्वाद चाख्न र चखाउनै पर्ने रैछ ।

***

नशामा रूमल्लिरहेको दीप एक्कासि बोल्यो– "कैली हामी यहीं मात्र बस्ने कि, एकछिन कतै घुम्न पनि जाने ? मार्केटतिर जाम् हिंड ।"

मलाई पनि कतै घुम्न जाउँ जस्तो लागिरा थ्यो । नशैमा घुम्न मजा हुन्छ क्यारे । म पनि हल्का नशैमा थैं । बालीको मार्केट कस्तो रैछ, यसो हेरौं भन्ने लाग्यो । साँझमा गर्मी पनि अलि कम हुने । "एक छिन यसो मार्केट घुमौ न त, अनि आएर स्विमिङ्ग गरौंला ।" उसको प्रस्तावमा मैले सहमति जनाएँ ।

दीपले फेरि भन्यो– "हुन्छ, त्यसै गरौं न त । तिमी बस्तै गर म वासरूम गएर आउँछु अनि जाउँला ।"

मलाई जिस्कन मन लाग्यो, अनि जिस्किँदै भनें– "म पनि जान्छु ।"

CC-0. In Public Domain. Digitization by eGangotri

दीपले पनि हाँस्दै भन्यो– "हिँड न त सङ्गै जाउँ ।"

जान त मन थ्यो तर उसले गिज्याए जस्तो लाग्यो, त्यसैले गइनँ । कुरा अन्तै मोड्न मन लाग्यो, अनि भनेँ– "यसो गरौँ, एकछिन यहीँ स्विमिङ गरौँ अनि हल्का फ्रेस भएर ड्रेस चेज्ज गरेर बाहिर निस्कौँला । फर्किदा खाना खाने समय नि हुन्छ । स्विमिङ्ग गरेपछि शीतल पनि हुन्छ । मलाई त यस्तो पो लाग्यो त डियर, के छ तिम्रो बिचार ?"

उसले पनि तत्काल सहमति जनाउँदै भन्यो– "हुन्छ, त्यस्सै गरौँ न त ! तिमी विन्टाङ्ग मगाउँदै गर, म वासरूम गएर आइहाल्छु अनि पिउँदै पौडिँदै गरौँला ।"

मेरो मनमा खलबल ल्याउने त्यो केटी हाम्रै आसपास थी । सायद हाम्रो सर्भिसको जिम्मा उसैको भागमा परेको हुनुपर्छ । मलाई पनि ऊसँग नजिक हुन मन लागिरहेको थ्यो । बोलुँ-बोलुँ जस्तो लागिरा थ्यो । ऊ चुरोटको धुँवासँग उडिरहेकी थी । उसको चुरोट तनाई पनि आकर्षक नै देखिन्थ्यो । उसले चुरोट खाँदाको मुद्रा पनि कम्ती आकर्षक थिएन । दाहिने हातको चोर औंला र बूढी औलाले समातेर चुरोट तानिरहँदा यस्तो देखिन्थ्यो भगवानको कुनै आसनमा उनी विराजमान छिन् र भगवानले भक्तहरूलाई आशीर्वाद दिइरहेझैं उनको हातको मुद्रा छ । मैले उसलाई बोलाउने आँट गरेँ, अनि हातले इसारा गर्दै भनेँ– "एक्सक्यूज मी"

ऊ पनि "एस म्याम" भन्दै मेरै छेउमा आई । अनि मैले दुईवटा औंला देखाउँदै भनेँ– "टु विन्टाङ्ग प्लिज ।"

उसले दुई बोतल विन्टाङ्ग ल्याएर टेवलमा राखी र केही नबोली गई । म पनि केही बोलिनँ, हेरि मात्र रहेँ । अलि पर पुगेसी उसले फेरि उस्तै गरी फर्केर हेरी । मैले पनि उसैलाई हेरिरहेँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

लभ पर्न लागेका केटाकेटीको जस्तो हाम्रो हेराहेर चल्न थाल्यो । हेर्दाहेर्दै उसको हेराई पनि प्यारो लाग्न थाल्यो । धेरै पहिलेदेखि नै चिनिराखेको जस्तो लाग्यो । केही कुरा सोधुँ-सोधुँ जस्तो लाग्यो अनि उसँग बोलुँ-बोलुँ जस्तो लाग्यो ।

म बोल्न लाग्दै थेँ त्यतिबेलै दीप हाँस्दै-हाँस्दै टुप्लुक्क मेरो अडाडि नै आइपुग्यो । विन्टाङ्गले लट्ठिएका उसका आँखाले अर्थोक केही देखेनन् । उसका हातले पनि विन्टाङ्ग नै उठाए र दाँतले ओपनरको काम गरे । मलाई पनि विन्टाङ पिउन मन लाग्यो । उसैको सिको गरेर म पनि दाँतले नै खोल्दी भएँ, बिर्कोसँगै दाँत पनि झण्डै उछिट्टियो ।

'चियर्स' दुई बोतल ठोकिएर विन्टाङ्को आवाज आयो 'ट्वाङ्ग' । दीप पानी पिए जसरी तनतन पिउन थाल्यो । मैले भने त्यसरी पिउन सकिन, बिस्तारै पिएँ । पिउँदै गर्दा त्यही केटीलाई हेरिरहेँ । मलाई धेरैचोटि उसँग बसेर त्यसरी नै पिए जस्तो लाग्न थाल्यो अनि फेरि सँगै बसेर पिउँझैँ लाग्यो । म त्यस्तै के के सोचिरैथेँ दीपले मेरो हात समाएर स्विमिङ्ग पुलतिर तान्दै भन्यो– "आऊ विन्टाङ्ग पिउँदै जाऊँ, फेरि राति हुन्छ, एकछिन बाहिर पनि निस्कनु पर्छ ।"

दुवैजना हातमा विन्टाङ्ग बोकेर स्विमिङ्ग पुलतिर लाग्यौँ । बोतल स्विमिङ्ग पुलको डिलमा राखेर हामी एकैचोटि झ्वाम्म हाम फाल्यौँ, अनि केहीबेर माछा जस्तै पानीमा पौडिएर रमायौँ ।

दीप आफ्नै तालमा पौडिरहेको थ्यो । त्यो केटी पनि त्यहीँ आई । अनि म दीपलाई केही नभनी फुत्त बाहिर निस्कैँ र विन्टाङ्ग पिउँदै त्यो केटीको छेउमा गएँ र कुरा गर्न खोजेँ । मैले 'हाई' भनेँ तर ऊ हाँसी मात्र रही केही बोलिन । अनि मैले उसैसँग बोल्ने निहुँले फेरि विन्टाङ्ग मगाउने निर्णय गरेँ र भनेँ– "वान मोर विन्टाङ्ग प्लिज ।"

CC-0. In Public Domain. Digitization by eGangotri

उसले उस्तै गरी मुस्काउँदै एउटा विन्टाङ्ग ल्याएर मलाई दिई । मैले पनि मुस्कुराउँदै समाएँ । 'यो तिम्रो लागि' भनेर उसैलाई दिन मन थ्यो तर त्यसो गर्न सकिनँ । अनि टेबलमा राखेर म फेरि स्विमिङ्ग पुलमा हाम फालेँ ।

अगाडि जसरी पौडिएकी थेँ, फेरि म त्यसरी नै पौडिन सकिनँ । रूवा जस्तो मेरो शरीर एक्कासि फलाम जस्तो भयो । एकछिन अगाडि माछा जसरी पौडिएकी म भ्यागुतो जस्ती भएँ । पानीले शरीरलाई किचेजस्तो लाग्यो । दीपलाई मेरो वास्तै थेन, छ न त त्यतिबेला मलाई पनि उसको खासै वास्ता थेन । त्यही गुरूङ्सेनीलाई तानेर पानीमा चोब्न मन लागिरा थ्यो । ऊसँगै पौडिन मन लागिरा थ्यो । ऊ त्यहीँ डुलिरहेकी थी । बाहिर गएर भुक्याएर पानीमा फालिदिऊँ कि भैँ पनि लाग्यो तर त्यसो गर्ने आँट आएन ।

के बहाना पारूँ ? उसँग कसरी बोलूँ ? द्विविधाले मन अन्योलग्रस्त भयो । म निन्याउरो मुख बनाएर छेउमा बसिरहेँ । "के भयो म्याम ? क्यान आई हेल्प यू ?" भन्दै मुस्कुराउँदै त्यही केटी आए हुन्थ्यो भन्ने लागिरा थ्यो तर ऊ आइन ।

म पानीलाई हेरेर त्यसको गतिमा बग्न थालेँ । पानी जस्तै यो जीवन पनि बगिरहँदो रैछ । थुनेर राख्दा पनि छचल्किरहने । जीवन पढेर कहिल्यै नसकिने । प्रत्येक पाइलामा जीवनका नयाँ-नयाँ अर्थहरु खुल्दै जाने । पानीका स-साना कण जस्तै जीवनका पनि अनेक आयामहरु ।

बाहिर जाने कुरा, कुरामा मात्रै सीमित रह्यो । मलाई खाना पनि खान मन लागेन । ज्यान त्यतिकै थाकेको थ्यो, पेट पनि विन्टाङ्गले नै भरिएको थ्यो । मनको खुल्दुली मेटिएकै थेन । समाधानको कुनै उपाय पनि भेटिएकै थेन । न त ऊसँग बोल्न नै सकेँ, न त पानीमा

CC-0. In Public Domain. Digitization by eGangotri

जवानी घोल्न नै ! दीप भने धेरै नै मातेको थ्यो । उसको शरीरमा कुनै जोस, जाँगर र तरङ्ग थेन, ऊ एकातिर पल्टेको पल्टै भयो । त्यो रात न हाम्रो तन एक हुन सक्यो, न त मन नै । रात विन्ट्याङ्गको नशामा कसरी गयो मलाई केही पत्तो भएन ।

***

भोलिपल्ट ब्यान सबेरै हामी बाहिर निस्क्यौं । हामी बालीका विभिन्न ठाउँहरु घुम्यौं । दिनभरि त्यहाँको वातावरणमा रूमल्लियौं । होटल फर्कँदा रात परिसकेको थ्यो । त्यो रात मैले त्यो केटीलाई देखिनँ । कसैलाई सोध्ने आँट पनि आएन । अर्को दिन पनि उसलाई देखिनँ तर पनि मैले कसैलाई सोधिनँ ।

हामी दुईदिन पछि अमेरिका फर्कँदै थ्यौं । त्यो दिन साँझ फेरि ऊ देखा परी । उसको हाउभाउ र हेराईमा केही फरक थेन । न त उसको चुरोट तान्ने तरिका नै फरक थ्यो । त्यो साँझ पनि मैले उसलाई बोलाउन सकिनँ ।

मनमा कसैसँग गुनासो थेन तर हल्का पीर भने लाइरा थ्यो, मनमा खट्पट भइरा थ्यो र कौतुहलता पनि छाइरा थ्यो । मनमा बोल्ने चाहना थ्यो तर मसँग कुनै बहाना थेन । मेरो हृदयको तरङ्ग उसको हृदयमा पुऱ्याउन सकिनँ । मनको साहस बटुलेर हातको ईसाराले उसलाई बोलाएँ र उसँग कुरा गर्न पऱ्यो भनेर आँट गरेँ ।

ऊ मेरो छेउमा आई, म बोल्न खोजेँ "अँ अँ अँ अँ" मेरो बोली फुटेन म अक्मकाएँ । उसले मलाई अप्ठ्यारो लागेको कुरा बुझी र भनी– "के भन्न खोज्नुभएको हो भन्नुहोस् न, केही अप्ठ्यारो मान्नु पर्दैन ।"

"अँ अँ अँ" फेरि पनि मेरो बोली फुटेन । ऊ नेपाली भाषामै

CC-0. In Public Domain. Digitization by eGangotri

मसंग बोलिरहेकी थिई । म झन् चकित भएँ । मेरो बोली साँच्चै नै अड्क्यो । होटलका केही कर्मचारी र ग्राहकहरू मलाई हेरेर हाँसिरहेझैँ लाग्यो । अनि साहस गरेर बोल्न खोजेँ, त्यस पटक भने मेरो बोली फुट्यो– "तिमीलाई कता-कता देखे जस्तो लाग्यो, भेटे जस्तो पनि लाग्यो, त्यसैले बोल्न मन लागेर बोलाएकी हुँ । फेरि के बोलौँ के बोलौँ भएर अक्मकाएँ ।"

ऊ भने नधकाइकन बोली– "कहिलेकाहीँ त्यस्तै हुन्छ म्याम, अप्ठ्यारो मान्नु पर्दैन । मलाई पनि हजुरलाई देखे-देखे जस्तो लागेर नै घरि-घरि हेरिरहेकी हुँ । यो नौलो ठाउँमा आफ्नै मान्छे आए जस्तो लाग्यो, त्यसैले हजुरलाई चियाएर हेरेकी हुँ ।"

खुसी लाग्यो, मलाई जस्तो उसलाई नि त्यस्तै भइरहेको रैछ । अनि फेरि भनेँ– "आउनासाथै मेरो नजर तिमीमा परेथ्यो । तिमीलाई देख्नासाथै कतै देखे झैँ लागिरह्यो । धेरै चोटि बोल्न पनि खोजेँ तर आँटै आएन । अनि कहाँ हो नि तिम्रो घर ?"

उसले भनी– "म पनि यहाँ आएको धेरै भ'को छैन । म नेपाली हुँ । मलाई पनि तपाइँ नेपाली जस्तै लाग्यो । त्यसैले पनि हेरिरहेँ । अनि उहाँ को हुनुहुन्छ नि ? हजुरको श्रीमान् हो ?"

मेरो मनको शङ्का वास्तविकतातिर ढल्किँदै गयो । नेपाली नै रैछ त्यसैले होला मैले पहिले नै गुरुङ्सेनी जस्ती देखेँ । कस्तो प्रश्न सोधेकी, श्रीमान हो भनौँ भने बिहा भएको छैन, हैन भनौँ भने श्रीमान र श्रीमतीका बीचमा हुने सबै कुरा भैरा'छ, बाँकी केही छैन । यो कुरा उसलाई पनि राम्रै थाहा छ । के भनौँ के भनौँ भो, अनि होइन नै भन्ने निर्णयमा पुगेर भनेँ– "दीप, श्रीमान हैन, ऊ मेरो साथी मात्र हो तर केही खास ।"

उसले अप्ठ्यारो मानेर जिब्रो टोक्दै भनी– "मलाई त हजुरहरू

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमान श्रीमती जस्तै लाएको थ्यो । सरी म्याम गलत सोचिछु । तपाई यो ठाउँमा पहिले पनि आउनु भएको थ्यो ?"

मैले पनि उसलाई सान्त्वना दिँदै भनेँ– "ठीकै छ, अप्ठ्यारो मान्नु पर्दैन । दुई जना केटा र केटी हिँडेसी सबैले यस्तै सोच्छन् । यो ठाउँ आएकी थिनँ, पहिलो पटक हो ।"

उसले आफ्नो औपचारिकता पुरा गरी– "ल म्याम, फेरि फेरि नि आउँदै गर्नुहोला । यो ठाउँ निकै राम्रो छ । म पनि सबैतिर त घुमिसकेकी त छैन, जति घुमे राम्रै लाग्यो । हजुरसँग यसरी बोल्न पाउँदा खुसी लाग्यो । अब नधकाई बोल्नुभए हुन्छ । अहिले म गएँ है, अरू काम पनि गर्नु पर्छ । केही परेमा बोलाउनु होला ।"

उसको मुहारमा धेरै गहिरो चिन्ता देखिन्थ्यो । उसका आँखामा पनि कुनै उत्साह र खुसी देखिएन । मलाई नेपाली भनेसी फेरि आफ्नै जस्तो लागेर आयो । म पनि नेपाली नै हुँ भनेर खुल्न मन लागेन । उसको घर, नाम र थर सोध्न मन लागेन । उसको कुरा मात्र सुन्न मन लागेको थ्यो । ऊ कसरी त्यहाँ त्यो अवस्थामा पुगी, जान्न मन लागेको थ्यो अनि धेरै कुरा गर्न पनि मन थ्यो तर ऊ गईहाली । फेरि समय मिल्छ मिल्दैन, मनमा खट्पट भइरह्यो । समय मिलाएर पक्कै पनि मसँग कुरा गर्न आउँछे भन्ने मनमा लागिरह्यो । उसको मुहार अलि-अलि पढ्न सकेँ । वास्तविकता र यथार्थ ठ्याक्कै नमिल्ने । ऊ पीर र व्यथा बोकेर पनि मुस्कुराई रहेकी थी । मलाई उसको कथा सुन्ने चाहना थ्यो । उसको मधुर बोली सुन्ने मन थ्यो । हावासँग रूखका पात बोले जस्तो, शान्त नदी सुसाए जस्तो, साँच्चै मधुर र लयात्मक बोली । मलाई सुनिरहुँ जस्तो लाग्यो । उसँगै बोलिरहुँ जस्तो लाग्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

१५

अर्को दिन ब्यानै दीप "म साथीलाई भेटेर आइहाल्छु तिमी बस्तै गर है" भनेर बाहिर निस्कियो । म त एकैछिनमा आइहाल्छ होला भनेर 'हुन्छ' भनेँ तर ऊ दिनभरि आएन । म उसैको बाटो हेरिरहेँ, कति बेला आउँछ भनेर कुरिरहेँ तर ऊ साँझसम्म पनि आएन । "साथीसँग भेटेर पिउन थाल्यो होला । रक्सी भएसी केही नचाहिने मान्छे, मलाई पनि बिर्सियो" भन्ने लाग्यो । अनि त्यो दिन ऊ आउँछ भनेर आश पनि लाग्न छोड्यो । रात परिसकेको थ्यो, म त्यो होटलको एउटा कोठामा एक्लै बसिरहेकी थेँ । त्यो नयाँ ठाउँमा त्यो दिन एक्लै रात काट्नु पर्ने भो भनेर पीर लागिरहेको थ्यो । ब्यान नशा उत्रेपछि त दीप पक्कै आउँछ भन्ने लाग्यो र एकै रात त हो जसो तसो काटौँला भनेर मन बुझाएँ ।

मेरो एक्लै बस्ने बानी हराइसकेको थ्यो । त्यसैले होला नरमाइलो लागिरह्यो । मलाई पनि सँगै लिएर गएको भए त हुने नि । कस्तो मान्छे होला ? मलाई पिउन पनि मन लागेन । तल पनि नओर्ली कोठामै बसिरहेँ । म घरि नङ पोलिस, घरि गाजल त घरि आइस्याडो लगाउँदै बसिरहेकी थेँ । त्यसरी म अनेक थरिका शृङ्गार र आफ्नो सौन्दर्यसँग हराइ रहेँ । मनमनै गीत पनि गुनगुनाइ रहेँ ।

तिम्रै हो यो तन सानु तिम्रै हो यो मन
एकैछिन टाढा हुँदा बढ्छ माया झन् ।
तिम्रै तस्बिर छ मनमा
तिम्रै निसाना छ तनमा
चाहना तिम्रै स्पर्शको
भोक बढीराछ बदनमा ।

CC-0. In Public Domain. Digitization by eGangotri

भुल्न खोज्छु झन बढेर आउँछ धड्कन
तिम्रै हो यो तन सानु तिम्रै हो यो मन
एकैछिन टाढा हुँदा बढ्छ माया झन् ।

त्यसरी म आफैं गीत बनाउँदै गुनगुनाउँदै गरिरैथैं । "वान विन्टाङ्ग, टु विन्टाङ्ग, थ्री विन्टाङ्ग" मेरो कानमा केटीको आवाज आएर ठोकियो ।

म झसङ्ग भएँ, फर्केर हेर्दा हातमा तीनवटा विन्टाङ्गको वोलत बोकेर त्यही गुरूङ्सेनी पो आएकी रैछ । खुसी लाग्यो, मनमा एक किसिमको आनन्द छायो । म मुसुमुसु हाँसिरहैं ।

उसले पनि हाँस्दै सोधी– "खै त दीप जी ? कता जानुभो देख्दिनँ नि ? तपाइँ पनि तल झर्नु भएन, एक्लै रमाउँदै हुनुहुन्छ । के भयो म्याम ?"

मैले पनि यथार्थ कुरा नै भनें– "ब्यानै साथी भेट्न भनेर निस्किएको अहिलेसम्म आ'को छैन । आज आउँदैन जस्तो छ । त्यसैले साथी कोही नभएर एक्लै रमाएकी हुँ । के गर्नु यो दुई दिनको जिन्दगीमा जस्तो परिस्थिति आउँछ त्यस्तैमा रमाउनु पर्ने, हैन र ?"

ऊ पनि हर्षित मुडमै बोली– "हो नि म्याम, उसो भए हजुर आज एक्लै । त्यसैले कोठामै बस्नुभएको हो ? मलाई राख्नुहुन्छ भने आजको रात सँगै काटौंला क्यारे ।"

मलाई पनि के खोज्छस् कानो आँखा भनेजस्तै भो । खुसी हुँदै भने– "अवश्य । राखिहाल्छु नि, किन नराख्ने, ल आज सङ्गै बसौंला दुःखसुखका कुरा पनि गरौंला ।"

उसले पनि मुस्कुराउँदै भनी– "मेरो अनुरोधलाई स्वीकार गर्नुभो, खुसी लाग्यो । म एकैछिनमा तलको सबै चाँजोपाँजो मिलाएर आउँछु, तपाईं विन्टाङ्ग पिउँदै गर्नुहोला ।"

CC-0. In Public Domain. Digitization by eGangotri

"नाई तिमी चाँडै आऊ अनि सँगै बसेर पिउँला ।" म बोल्दै थें, ऊ 'हुन्छ' भन्दै तल गई । उसले पनि मसँग नजिक हुने समय कुरेर बसेकी रैछ भन्ने लाग्यो । म पनि एक्लै हुने भएँ भन्ने लागिरा थ्यो, मनमा ढुक्क भो । उसँग कुरा गर्नलाई पहिलेदेखि नै तड्पिरैथें । जे होस्, दिल खोलेर गफ गर्न पाइने भो ।

केही समय लाउँछे होली भन्ने लागिरहेको थ्यो तर ऊ त एकैछिनमा आई । तल पुग्नासाथ माथि चढेजस्तो लाग्यो । ऊ आएर मेरै छेउमा थचक्क बसी । दिनभरीको कामले होला केटी धेरै थाके जस्ती देखिन्थी । हुन पनि होटलको काम भ्याई नभ्याई हुन्छ ।

उसले मलाई खाना खान जाने आग्रह गर्दै भनी– "जाऊँ तल खाना खाने बेला भो । खाना खाएर आउँला अनि रातभरि गफ गर्दै बसौंला । जिन्दगीका तीतामीठा कुराहरु सेयर गरौंला ।"

मलाई खाना खाने मन नै थेन, त्यसैले उसलाई भनें– "नाई मलाई खाना खान मन छैन । तिमी खाएर आऊ, म नखाने ।

उसले मेरो मुखमा हेर्दै भनी– "हजुर के खाने त उसो भए ?"

मैले भने– "तिमीसँग बसेर यही विन्टाङ्ग खाने, अरू केही पनि नखाने ।"

"त्यसो भए बस्तै गर्नुहोस् म आइहाल्छु ।"

उसले मलाई खाना खान कर गरिन । ऊ बोल्दै-बोल्दै तल गई । अनि एकै छिनमा मिलिक्क एक गिलास जुस लिएर आई । टेबल र कुर्सी मिलाएर उसले बार्दलीमा बस्ने व्यवस्था मिलाई । बाहिरको झिलिमिली हेर्दै मन भित्रको अँध्यारो हटाउन हामी बार्दलीमा बस्यौं । टेबलमाथि खुट्टा तेर्साएर कुर्सीमा टाउको अड्याएर उसले एकोहोरो मलाई नै हेरिरही । उसका आँखा टिलपिल थे तर आँसु भने झरेको थेन ।

CC-0. In Public Domain. Digitization by eGangotri

मैले एक गिलास जुस पिएँ, उसले विन्टाङ्ग खोली । सलाद र चिकेन रोष्ट पनि लिएर आकी रैछ । हामी बिस्तारै पिउँदै गफ गर्न थाल्यौं । मैले उसको अतीत जान्ने इच्छा राखें । उसले जीवनको परिभाषा गर्न थाली– "यो जीवन पनि कस्तो-कस्तो कहिले बगिरहेको नदीको पानी जस्तो त कहिले जमिरहेको पोखरीको पानी जस्तो अनि कहिले समुन्द्रको छाल जस्तो । यो संसारमा जन्म लिएपछि धेरै कुराहरू भोग्नुपर्ने । कहिले दुःख कहिले सुख, जीवनका अनेक मोडहरूमा रमाउनै पर्ने । यो संसारको रीति अनुसार चल्नै पर्ने । छोरीको जात पराईको घरको इज्जत बनी बस्नुपर्ने । यस्तै रहेछ जिन्दगी भनेको म्याम उसैको खटनमा चल्नुपर्ने ।"

जीवनमा चाहेको सबै कुरा कसको पो पुरा हुन्छ र । बिहा भनेको नयाँ जीवनको सुरूवात पनि हो । मन, विचार, चाहना, योजना र कुराहरू मिलेनन् भने साँच्चै जीवन कष्टकर नै हुन्छ । मनमनै सोच्दै थैं, दीपसँग मेरो मन, विचार, योजना र धेरै कुराहरू मिल्थे । त्यसैले त म सबैथोक छाडेर उसको पासमा गएकी थैं । सजिलै आफ्ना आफन्त र माइती त्याग्न सकेकी थैं । उसलाई आफ्नो कुरा भन्न मन लागेन । ऊ उसैको कथा सुनाउन हतारिएकी थी । म पनि उसैको कुरा सुन्न आतुर भईथैं । उसको मनभित्र पीडा उम्लिएर हृदय बाफिएको थ्यो । उकुसमुकुस भएको त्यो हृदय खोलेर उसले आफ्नो कथा भन्न सुरू गरी ।

म आफू बसेको कुर्सीजस्तै निर्जिव र अचल भएँ । उसले यसरी आफ्ना अतीतका घटना सुनाउन थाली– "जति सन्तान भए पनि आमाको माया उति नै हुन्छ भन्थे हो रैछ । आमाबाबालाई छोरी हुर्केपछि बिहा गरेर पठाउन पाए ढुक्क हुने । एकदिन आमाले मसँग बिहाको कुरा गर्नुभो । केटाको परिवारसँग आमाको कुरा भैसकको

CC-0. In Public Domain. Digitization by eGangotri

रैछ । उनीहरु मलाई हेर्न आउने भएका रैछन् । आमाले तँलाई केटो मन पर्‍यो भने तिमीहरूको बिहा गरिदिने भन्नुभो । अरू सबै कुरा मिलिसकेको रैछ । आमालाई मलाई अन्माएर पठाउने ठूलो रहर थ्यो । आमाको कुराले म झस्किएँ । बालापन सकिएकै छैन भन्ने लागेको थ्यो तर म त तरुनी भैसकिछु । मनको कुरा भन्नलाई साथी पनि कोही थिएनन् । कलेज पढ्दाका दुइटी साथी थे, ती पनि बेपत्ता भए । एउटी असाध्यै मन मिल्ने साथी थी । उसको नाम कैली थ्यो । त्यो त झन् कतै जान्छु पनि नभनी अचानक हराई । नरमाइलो लाग्यो, साह्रै निष्ठुरी रैछ । कविर जो मेरो पूर्व प्रेमी थ्यो, त्यो पनि नामर्द र लाचार प्राणी । मनको कुरा सेयर गर्ने अरू कोही नभएकाले उसैलाई सबै कुरा भनेँ ।'

उसका कुराले एक्कासि छाँगाबाट खसे जस्तो भो, म झस्कैं । कस्तो अचम्मको थिती । हामी कहाँ काठमाडौंमा पढ्दाका साथी इण्डोनेसियामा पुगेर अचानक भेटियौं । पृथ्वी गोलो छ भन्थे, हो रैछ । उसलाई देखेदेखी नै मनमा किन हलचल भो भनेको त आफ्नै प्यारी रैछ । धेरै परिवर्तन भएकी, रूपरङ्ग सबै फेरिएको । उसका आँखामा नियालेर हेरैं । तिनै बात मार्ने आँखा । तब भने मलाई पूर्ण विश्वास भो, यो मेरै प्रति हो । तेरी निर्दयी साथी कैली म नै हुँ भनेर उसलाई अङ्गालेर रून मन थ्यो तर त्यसो गर्न सकिनँ । मनलाई कठोर बनाएर उसँग नचिनिइकन बसैं । अञ्जान भएर नै उसको यथार्थ सुन्न चाहैं । म पनि धेरै परिवर्तन भएकी रैछु भन्ने लाग्यो । नत्र त उसले चिन्नु पर्ने । उसले मलाई चिनिन ।

त्यसपछिका घटना म सुनिरहैं ऊ यसरी भन्दै गई–

कविरले मलाई बिहा गर्ने सल्लाह दियो । उसको र मेरो जात मिल्दैन थ्यो । उसको पनि कुनै आश नभएपछि मेरो कुनै बाटो रहेन ।

CC-0. In Public Domain. Digitization by eGangotri

म आमाको कुरा स्वीकार गर्न बाध्य भएँ । मनमनै सोचेँ, पाउनु मात्र माया होइन, गुमाउनु पनि माया नै हो भन्ने लाग्यो । माइतीघर छाडेर जान धेरै गाह्रो हुँदो रैछ । म एक्लै बसेर धेरै रोएँ । नरो भन्ने साथी पनि कोही भएनन् । त्यसरी म एक्लिएकी थेँ । मलाई त्यति छिटै पराई घरमा जान मन थेन । आफ्नै संसारमा रमाउन मन थ्यो । यो प्रकृतिको काखमा हराउन मन थ्यो । अञ्जान व्यक्तिसँग यो जोवन साट्न मन थेन तर पनि म विवश थेँ । मेरो भावना कसैले बुझ्ने वाला थेन, आमालाई पनि एउटी छोरी पन्छाउनै मन थ्यो । एक्ली छोरी हो यहीं बसोस् भन्ने सोच्नुभएन ।

भोलिपल्ट केटाको परिवार आफन्ती र साथीहरु दस बाह्र जनाको हुल बाँधिएर आए । उनीहरु बाहिर पिँढीमा बसेर आमाबाबासँग गफ गर्न थाले । मलाई अलि-अलि डर लाग्यो, कता-कता लाज पनि लाग्यो । म भित्रै बसेँ । बाहिर निस्कन मन लागेन । आमा भित्र आएर मलाई सोध्न थाल्नु भो– "केटो राम्रै छ, परिवार पनि राम्रो छ । के छ त छोरी तिम्रो बिचार ?"

आमाले मेरो राय लिन खोज्नु भो । मैले सबै कुरा आमाकै हातमा सुम्पिदिएँ । हजुरहरूको चित्त बुझ्यो भने हुन्छ । तपाइँ जे भन्नु हुन्छ म त्यसै गर्छु भनेर आमालाई भनेँ । आमाले त्यसलाई मेरो स्वीकृति ठान्नुभो र बाहिर गएर मेरो बिहाको निर्णय लिनुभो ।

मेरो बिहा फिक्स भो । छिट्टै नै मेरो जीवनले नयाँ मोड लिने भो । म छोरीबाट कसैकी श्रीमती र बुहारी हुने भएँ । एकातिर मनमा डर थ्यो, अर्कातिर जिम्मेवारी थपिँदै थ्यो । आमाबाबाले पक्कै पनि नराम्रो परिवार रोज्नु भएन भन्ने पनि लाग्यो । म नै उहाँहरूको मुटुको टुक्रा थिएँ । मेरो खुसीकै खातिर उहाँहरूले त्यो सब गर्नु भएको थ्यो । त्यसैले त्यो आमाबाबाको अवश्य पनि सही र उत्कृष्ट निर्णय

CC-0. In Public Domain. Digitization by eGangotri

हो भन्ने लाग्यो । किनकि मलाई भन्दा बढी मेरो उज्वल भविष्यको चिन्ता उहाँहरूलाई थ्यो ।

मनमा कुनै शङ्का उत्पन्न हुने ठाउँ थेन । त्यसैले मैले आमाबालाई प्रश्न प्रतिप्रश्न केही गरिनँ । मनमा अनेक कुराहरु उब्जिरहे । ती कुराहरूलाई मनमै खेलाउँदै बसिरहेँ । त्यतिकैमा म बेहुली हुने दिन पनि आयो । धुमधामका साथ मेरो बिहा सम्पन्न भो । आँखाले सुनौला र रमाइला सपनाहरु देख्दै थ्यो भने मनले उज्ज्वल भविष्यको कल्पना गर्दै थ्यो । मेरा पाइला जन्मघरको सङ्घार छाडेर कर्मघरतिर लम्कँदै थे । मेरो दुलहा कस्तो होला । मलाई माया गर्ला कि नगर्ला । मेरा इच्छा, चाहना र आवश्यकताहरु पुरा गर्ला नगर्ला । रक्सी खाएर आएर झगडा पो गर्ने हो कि । इमान्दार र भलाद्मी पो छ कि । मलाई केही थाहा थिएन । मलाई त्यस्तै कुराहरूले सताइरहे । मेरो मनमा खटपट भई नै रह्यो ।

म दुलही बनेर कर्मघरमा भित्रिएँ । त्यहाँको चालचलन अनुसार चल्नु पर्ने भो । त्यो घर नभएर मेरो लागि मन्दिर हो रे । अनि मेरो दुलहा भनेको मेरो हरेक पाइलाको साथी नभएर भगवान् हो रे । उसलाई पुजा गर्नुपर्ने, उसैको जुठो खानुपर्ने, गोडामा जल चढाउनुपर्ने, उसका हरेक वचन शिरोपर गरी मान्नु पर्ने । यस्ता संस्कारका कुराहरु भए । मैले कुनै प्रतिक्रिया जनाइनँ । सबै कुरा सुनेर बसिरहेँ ।

नौलो ठाउँ, सबै नौला मान्छे, कोसँग बोलुँ ? के बोल्न हुने हो, के नहुने हो ? मलाई केही थाहा भएन । म लाटी जस्तै चुपचाप इसारामा चलिरहेँ ।

एकजना दुलहाको दिदी पर्ने अलि टाढाको नातेदार, साइनोले मेरो आमाजू, उनी मेरो नजिक आइन् र सबैसँग चिनजान गराउन

CC-0. In Public Domain. Digitization by eGangotri

थालिन्– "ऊ तिम्री जेठानी, उहाँ सासु आमा, ससुरा बुबा र यो चाहिँ तिम्रो लोग्ने ।" उनले जिस्किँदै भनिन् ।

उनले तिम्रो लोग्ने भनेर चिनाउँदा मलाई हाँसो लागेको थ्यो र हल्का डरैले हाँसेकी थैं । उता मेरो लोग्ने भने मुख फुलाएर रिसाए जस्तो गरेर हुप्प परिरहेको थ्यो । दिनभरिको थकाइ र अनेक सोचाइले मेरा तन मन दुवै थाकेका थे । मलाई कति बेला गएर पल्टिऊँ झैं भइराको थ्यो । मनमा कुनै उत्साह थेन, न त तनमा नै कुनै तरङ्ग थ्यो । सायद म सुहागरातको लागि तयार थिनँ ।

आकाशमा टहटह जून लागिरहेको, शीतल मौसम थ्यो । त्यो जुनेली रातमा मेरा तन र मनमा थकान भएता पनि आँखामा निद आएको थेन । मनमा अनेक कुरा खेलिरहेका थे । मेरा आमाबाबाले मलाई पठाएको घरमा मेरा पनि केही इच्छा, चाहना र रहर थे । मलाई मैले आफ्ना रहर र चाहनाहरु पुरा गर्न दुलाहाको रहर र चाहना पनि पुरा गर्नुपर्छ भन्ने लाग्यो । त्यसैले म त्यो सुहागरातको दिन दुलहाको रहर पुरा गर्ने सोचमा नै थैं । म त्यस्तै अनेक कुरा सोचेर बसिरैथैं ।

मलाई मेरी जेठानीले एउटा कोठामा लिएर गइन् । त्यहाँ मेरो बिहामा आएका सम्पूर्ण उपहारहरु खात लगाएर राखिएका थे । कति त त्यसै छरपस्ट लडिरहेका पनि थे । कोठाभरि फोहोर र माकुराको जालो थ्यो । कुनामा एउटा बेड, हेर्दा पनि घिनलाग्दो थ्यो । जेठानी 'तिम्रो कोठा यही हो' भन्दै बाहिर गइन् । बेहुला बेहुली सुत्ने कोठा, बिहाको पहिलो दिन सुहागरात मनाउने कोठा, सजाएर राखिएको होला, कोठामा पस्नासाथ दिनभरिको थकान हराएर एउटा तरङ्ग आउला भन्ने लागेको थ्यो तर ठीक विपरित बस्नै घिन लाग्ने, थोत्रा सामानहरु जतातत‍ै फालिएको स्टोर रूम जस्तो कोठा छ । नाक

CC-0. In Public Domain. Digitization by eGangotri

थुनेर बस्नुपर्ने अवस्थामा कसरी मनमा तरङ्ग आउला र त्यहाँ सुहागरात मनाउने होला ! कोठाको अवस्था देखेपछि मेरा रहरहरू मर्दै गए । कोठा छ महिना नबढारे जस्तो थ्यो । भुइँभरि धुलैधुलो, जताततै फोहोरै फोहोर । मैले त्यस्तो कोठामा बिहाको पहिलो रात बिताउनु पर्‍यो ।

मेरो दुलहाको कोठा साह्रै सुन्दर । सायद ऊ होस्मा भएको बेला त्यो कोठामा बस्दैन थ्यो होला । त्यतिबेला मैले मेरो दुलहा कस्तो छ भनेर अनुमान गरेँ । त्यस्तो फोहोरी मान्छेसँग बाँकी जीवन कसरी बिताउनु होला ? मलाई नर्कमा पुगेर फसेजस्तो लाग्यो । धेरैबेरसम्म त्यो कोठाका हरेक सामानलाई नियालेर हेरेँ । अनि रूँदै रूँदै एउटा कुनामा गएर थचक्क बसेँ ।

रोएर पनि भएन, समस्या आइपरेपछि समाधान गर्नै परो । उठेर अलि-अलि सामान मिलाएँ । अलि हेर्न हुने देखियो । ओछ्यानको धुलो टकटक्याएँ, तन्ना मिलाएँ अनि दुलहालाई कुरेर बसिरहेँ । निकै समयपछि दुलहाको प्रवेश भो । लगभग ब्यान नै हुनलागेको थ्यो । सायद एक जति बजेको हुनुपर्छ । मेरो आमाबाबाले मलाई उसैको हातमा सुम्पेका हुन् । उसैसँग गुनासो गर्नु पर्ला भन्ने लागेको थ्यो । म छेउमा ढल्केकी थेँ । ऊ आउनासाथ छेउतिर ठाउँ छाडेर म भित्तातिर सरेँ । उसले मलाई बोलाउला भन्ने लागेको थ्यो तर ऊ बोल्दै बोलेन । ऊ धेरै बेरसम्म मोबाइल चलाएर बसिरह्यो । मलाई पनि बोलाउने आँट आएन । उसले मलाई चलाउला, बोलाउला र केही गर्ला भन्ने लागिरहेको थ्यो तर उसले मलाई छुँदा पनि छोएन । मेरो मुटु ढुकढुक गरिरहेको थ्यो तर त्यो आवाज न उसको कानमा पर्‍यो न त उसले महसुस नै गर्न सक्यो । मेरो लाजको घुम्टो उतार्ने उसले कुनै कोसिस गरेन ।

CC-0. In Public Domain. Digitization by eGangotri

केही समयपछि उसले जुरुक्क उठेर ढोकाको चुक्कुल लगायो अनि बलिरहेको बत्ती पनि निभायो । मेरो मनमा हल्का डर पलायो, अब अँध्यारोमा आएर मेरो यौवन गिजोल्ने भयो भन्ने लाग्यो । म प्रतिकार गर्ने अवस्थामा थिइनँ, किनकि मैले आत्मसमर्पण गरिसकेकी थेँ । उसले जसरी चाहे पनि मलाई उपभोग गर्न सक्थ्यो । मैले आफूलाई सुम्पने निर्णय गरिसकेकी थेँ तर ऊ आएर छोइएला कि झैँ गरी छेउमा सुत्यो । मलाई आश्चर्य लाग्यो । सुतेको निकै बेरसम्म पनि मतिर फर्किएन र एकवचन बोल्दा पनि बोलेन । मानौँ त्यो कोठामा ऊ मात्र छ, एक्लै, त्यहाँ अरू कोही छैन । उसले मेरो वास्तै गरेन । म गलेकी छु भनेर माया गरेको हो वा त बजारबाट किनेर ल्याएको कुनै एउटा सामान ठानेर कुनामा फालेको हो ? मैले केही छुट्याउन सकिनँ ।

बिहाको पहिलो रातका अनेकौँ कहानी सुनेकी थेँ । जस्तै– 'दुलाहले बिस्तारै दुलहीको घुम्टो उघार्छ, दुलही लजाइरहेकी हुन्छे । उसले दुलहीको चिउँडो उठाएर आँखामा आँखा मिलाउँछ । त्यसछि आँखाले समर्पणको सङ्केत गर्छन्, अनि अधर चल्न थाल्छन्, हात सलबलाउँछन्, कपडा आफैँ खुल्छन् । अनि त्यसपछि के-के हुन्छ...।' यस्तै यस्तै तर मेरो कहानी कुनै पनि कहानीसँग मिलेको थेन । मैले धेरै फिलिममा पनि हेरेकी थेँ तर कुनै पनि फिलिममा सुहागरातको दिन त्यस्तो देखाइएको थेन, जस्तो मैले भोगिरहेकी थेँ । मेरो मन कौतुहलता र आश्चर्यमा रूमल्लिई रह्यो । उसलाई सुम्पन तयार गरिएका मेरा ताता र पोटिला अङ्गहरु पनि चिसा हुँदै गए । मेरो बिहाको पहिलो रात तातो हुन सकेन, चिसै रह्यो ।

उज्यालो भैसकेपछि म हल्का झकाइछु । निदाउन त सकेकी थिइनँ । मेरा कानमा कसैको आवाज आएर ठोकियो– 'बुहारी भएर ओछ्यानमा घाम आउँन्जेल सुत्ने हो ? उठेर बाहिर जाऊ ।'

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो मेरो श्रीमानको आवाज रहेछ । उसको आवाजसँग म परिचित भएकै थिनँ आँखा खोलेपछि मात्र मेरो श्रीमान रहेछ भन्ने थाहा पाएँ । अनि मैले पनि ठाडो प्रश्न गरेँ– "कहाँ जानुँ ?"

उसले अर्को कोठामा गएर जेठानी दिदीलाई भेट्ने अनि उनको आज्ञा बमोजिम घरका हरेक काम गर्ने आदेश दियो । मलाई ठाडो जवाफ लगाउन मन थ्यो तर सकिनँ । उसले मसँग पहिलो चोटि बोल्दा खेरि नै त्यसरी हैकम चलाएको पटक्कै मन परेन तर नयाँ ठाउँ, नयाँ घर, नयाँ परिवेश सवालको जवाफ फर्काइहाल्नु उचित पनि लागेन । बितेको रात सम्झँदा त गएर टोक्न मन लागेको थ्यो । के गर्नु, यो छोरीको जात, अर्काकै खटनमा चल्नुपर्ने । जन्मघर आमाबाबा सबै छाडेर पराइलाई नै अङ्गाल्नु पर्ने ।

म यस्तै के-के सोचेर टोलाई रैथेँ । उसले एकछिन मलाई व्यवहारिक लेक्चर छाँट्यो । जिन्दगीको त्यो नयाँ मोडमा मोडिन मलाई धेरै गाह्रो पऱ्यो । दुलाहाले सुहागरातको कर्तव्य पुरा गरेको भए सायद मलाई त्यति अप्ठ्यारो लाग्थेन होला । मलाई, "म पनि यही घरकी दुलही हुँ" भन्ने लाग्थ्यो होला तर मैले त्यो अनुभूति साट्न पाइनँ । सायद त्यसैले होला, मलाई त्यो मान्छेकी श्रीमती र त्यो घरकी बुहारी हुँ भन्ने लाग्दै लागेन ।

नलागेर पनि मैले उसको आदेश नमान्न सकिनँ । म जेठानीको कोठामा गएर ढोका ढक्ढकाउन बाध्य भएँ । उनी उठेर आँखा मिच्दै आइन् र मेरो शिरदेखि पाउसम्म हेरिरहिन् । उनले धेरै बेर सम्म मेरो छाती, अनुहार र आँखा हेरिन् अनि मलाई पहिला नुहाएर आऊ भनेर बाथरूम देखाइन् ।

म नुहाएर कपडा फेरेर फेरि जेठानी भको ठाउँमा पुगेँ अनि मैले के काम गर्नुपर्छ भनेर सोधेँ । उनले भनिन्– "नयाँ बेहुलीलाई पहिलो

CC-0. In Public Domain. Digitization by eGangotri

दिनै के काम लगाउनु, आज आराम गर । मैले यतिन्जेलसम्म यो घर सम्हालें भोलिबाट तिमीलाई सुम्पदैछु । घर सफा गर्नेदेखि लिएर खाना पकाउने भाँडा माझ्ने, लुगा धुने सबै काम तिमीले गर्नुपर्छ ।" उनले देउरानी नभएर काम गर्ने मान्छे ल्याएको जस्तो व्यवहार देखाइन् । सायद उनलाई म बिटुली भए जस्तो लाग्यो होला तर म चोखै छु भन्ने कुरा उनलाई के थाहा ।

मेरो श्रीमान भनौदाको जस्तो रूखो बोली थ्यो, ती जेठानीको नि त्यस्तै रैछ । रूखो बोली सहन साह्रै गाह्रो ! बिहा त सुखदु:ख सँगै बिताउन गरिन्छ भन्ने लाग्थ्यो । "श्रीमान श्रीमती भनेका सबैभन्दा नजिकका साथी हुन्, जस्तै परिस्थितिमा पनि एकले अर्काको साथ छोड्दैनन् । उनीहरु रथका दुई पाङ्ग्रा जस्तै हुन्" भन्ने सुनिथेँ तर त्यो घरमा मलाई त घरको काम गर्ने नोकर्नीका रूपमा पो हेरियो ।

आफ्नो जन्मघर छोडेर गएसी जे जस्तो भएपनि पराई घरमै रमाउनु पर्ने । त्यसैलाई मन्दिर मानेर त्यहाँ बस्ने सैतानलाई भगवान ठान्नु पर्ने । यो छोरीको जिन्दगी, धिक्कार रैछ । भगवानको पुजा गर्दा त राम्रो फल पाइन्छ भन्ने सुनीथेँ । म त्यो घरका सैतानको पुजा गरेर फल पाउने आशा गर्न थालेँ । म पनि मूर्ख नै हुँ हुन त । सैतानको मन बदल्ने कोसिस गरिरहेँ । जति कोसिस गरे पनि मैले मेरो श्रीमानमाथि आफ्नो अधिकार जमाउन पाइनँ । दिनप्रतिदिन निराशा थपिँदै गयो । जति हिसाब गर्‍यो उति हात लाग्यो शून्य, भनेझैं मेरो मेहनत र सारा प्रयासहरु खेर गए ।

सहनशीलता र धैर्यताको बाँध पनि टुट्न लाग्यो । मैले बारम्बार परिक्षा दिइरहेँ तर पास हुन सकिनँ । जाँचकी जो आँखा चिम्लेर कपि काट्थ्यो म कसरी पास हुनु ? बारम्बार फेल भएँ तर पनि परीक्षा भने दिई नै रहेँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

म त्यो घरमा भित्रिंदा घरछेऊको चोकमा सिमल फुलेर रातै भएको थ्यो । मेरो यौवन जस्तै रातो धपक्क बलेको थ्यो । त्यो फूल ऐलाएर झन्यो । हाँगामा फल लागेर बढ्दै गयो र त्यो छिप्पियो । हिउँदमा त्यही फूलको फल भुवा बनेर खुला आकाशमा उडिरहेको थ्यो तर म भने त्यो घरमा बन्दी जस्तै बाँधिएकी थैं । बसन्तमा त्यो सिमल फेरी पाउलिन थाल्यो तर मेरो जीवन उजाड नै थ्यो ।

दिन बित्यो, रात बित्यो, हप्ता र महिना हुँदै पुरा साल बित्यो । मैले मेरो लोग्नेको अनुहार नियालेर हेर्न पाएकी थिइनँ । उसको घर आउने र बाहिर जाने कुनै टुङ्थो थेन । कहाँ जान्थ्यो के काम गर्थ्यो, मलाई केही थाहा थेन । कुनै दिन हँसिलो मुहार लाएर उसले मसँग दोहोरो कुरा गरेन । म नोकर्नी जस्तो घरकै काममा व्यस्त भएँ । मेरा इच्छा, चाहना र रहर सबै कुण्ठित भए । म त्यो घरमा कसैसँग कुनै पल न खुल्न सकैं, न त लोग्नेको हात समातेर कतै डुल्न नै सकैं ।

हजारौं सपनाहरूले आत्महत्या गर्न थाले । मेरो रसिलो यौवन सिञ्चन नपाएर सुख्खा बगर जस्तो उजाड बन्दै गयो । मेरा सारा कोशिश त्यसै खेर गए । कसै गरे पनि मैले मेरो श्रीमानलाई रिझाउन सकिनँ । न उसलाई हँसाउन सकैं न त यौवनको पोखरीमा डुबाउन नै सकैं । यस्ती सुकोमल र भरिली तरूनी स्वास्नी अगाडि हुँदा पनि नपग्लने, त्यो त पत्थरकै मन भएको मान्छे रैछ । "उसको हिमालमा हिउँ नै थिएन कि ? नत्र त आगोको रापैले पग्लनु पर्ने हो ।" मनमा यस्ता अनेक शङ्का पनि पलाउन थाले ।

उता मेरा आमाबाबालाई भने केही थाहा थेन । उनीहरु छोरी सुखी छ, अनि खुसी पनि भनेर मख्ख परेका थे । उनीहरूलाई मेरो वास्तविकता थाहा थेन । मैले पनि केही भनेकी थिइनँ । पीडाले

CC-0. In Public Domain. Digitization by eGangotri

घोचेर, भतभती पोलिरहेको थ्यो । म दिनरात तिरष्कृत र अपहेलित जिउँदै मरिरहेकी थेँ तर पनि त्यो आडम्बरी र स्वार्थी समाजमा बाँचेको नाटक गरिरहेकी थेँ । मनमा पीडा लुकाएर रून्चेहाँसो हाँसिरहेकी थेँ । बेतालको जिन्दगीमा तालमै नाचिरहेकी थेँ । मुढो जस्तो यो मेरो शरीर छाडेर आत्मा बेला बेलामा भड्किन खोज्थ्यो तर पनि म सम्हालिएकी थेँ ।

त्यो समाजमा हामी छोरीको जीवन कतै यन्त्र मानव जस्तो त कतै सोकेसको गुडिया जस्तो । जतै पनि नीर्जिव वस्तुमा सास भरेर राखे जस्तो मात्र न हो । म पनि त्यो आडम्बरी समाजको झुटो नियम बिरूद्ध उठ्न सकिनँ । यन्त्र मानव जस्तै उनीहरूकै आदेशमा चलिरहेँ । कहिले यो गर् कहले त्यो गर्, जे-जे गर् भन्छन् त्यो गरिरहेँ ।

आमा भन्नुहुन्थ्यो– "हरेक बच्चा जन्मने बित्तिकै च्याँ गरेर रून्छ तर तँ रोइनस् । छोरी, तैँले जीवनमा कहिलै पनि रून पर्दैन । तेरो भाग्य राम्रो छ, तैँले सुखै सुख पाउँछेस् ।"

बिचरी । मेरी आमालाई के थाहा । म जन्मनासाथ नरोएकी जिन्दगीभरि रूनलाई हो भनेर । म नरोएको कुनै दिन हुन्थेन । मलाई 'नरो नानी' भन्ने त्यो घरमा कोही थेन । म रूँदा रूँदै आफै थाक्थेँ ।

कहिलेकाहीँ त आफैँप्रति घृणा पनि उत्पन्न हुन्थ्यो । कस्तो खोटो भाग्य लिएर जन्मिएछु भन्ने लागिरहन्थ्यो । गधाले भारी घिसारे जसरी नै यो जीवन घिसारी रहेकी थेँ । भगवानले त सबै देख्छ र राम्रो गर्छ भन्थे तर रमिता हेरेर पनि बस्न सक्दो रैछ । मेरो दुर्दशा हेरेर बसिरह्यो । मलाई केही गरेन ।

समाज, बुहारीले शिर उठाएर कुरा गर्न हुन्न भन्छ । लोग्नेबाट स्वास्नीले पाउनुपर्ने अधिकार, प्रेम, स्नेह केही नपाउँदा पनि म चुप

CC-0. In Public Domain. Digitization by eGangotri

नै रहें । यहाँसम्म कि, लोग्नेले मलाई स्वास्नी नै नबनाउँदा पनि म उसैको स्वास्नी बनेर बसिरहें । हरेक कुरा सहिरहें, काम धन्दा गरिरहें तर निष्ठुरीको पापी मन कहिल्यै पग्लेन ।

मैले कुनै अपराध गरेको भए त त्यसलाई सजायँ ठानेर सजिलै भोग्ने थिएँ तर अघिल्लो जन्मको पापको फल भनेर सहिरहन सकिनँ । मेरो शिरमा पहाड खसेजस्तो भो मैले थेग्नै सकिनँ । के गरौं, कसो गरौं भो म निस्सासिएकी थैं । फुत्कने अनेक उपाय पनि सोचिरहेकी थैं तर मेरो मनमा कुनै उपाय आइरहेको थेन । म बन्दी बनिरहेकी थैं ।

मलाई उसले त्यो स्वार्थी समाजको अगाडि जग्गेमा सातफेरा घुमाएर अग्नि साक्षी राखेर सिन्दुर हालेकै हो । पञ्चेबाजा बजाएर मलाई त्यो घरमा लगेर भित्र्याएको पनि हो तर उसले आफ्नो लागि स्वास्नी हैन परिवारको सेवा गर्नको लागि नोकर्नी भित्र्याएको रैछ । न मैले उसको स्वास्नीको हक पाउन सकैं, न त कुनै दिन उसले तँ मेरी स्वास्नी होस् भनेर हक जमाउन नै खोज्यो । पति पत्नीको त्यस्तो पनि सम्बन्ध हुँदो रैछ । सबै कुरा भोगेरै थाहा पाएँ ।

आफुले सुनेका र देखेका जोडीसँग आफ्नो जोडीको तुलना गर्ने कुनै ठाउँ देखिनँ । हिम्मत जुटाएर धेरै चोटि विष्फोटन हुन खोजें तर सकिरहेकी थिइनँ । न कुनै दिन सुखदुःखका कुरा भए न त भविष्यका कुनै योजना नै बने । समाजको नजरमा आदर्श पति पत्नी, हामी नाम मात्रका लोग्ने स्वास्नी, हाम्रो दुई मुटु कहिल्यै एक भएन । न दुई मन कहिल्यै एक भयो, न त हुनसक्यो दुई तन नै एक ।

एउटै घरको एउटै कोठाभित्र एउटै ओछ्यानमा सुत्दा पनि हामी एक अर्काप्रति अञ्जान र अपरिचित नै थ्यौं । हाम्रा आँखा कहिल्यै जुधेनन् । छातीसँग छाती मिलेन, ओठसँग ओठ जुधेनन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

लगभग एकवर्षसम्म एउटै ओछ्यानमा हामीले दुईटा सिरक ओढ्यौं । कुनैबेला अञ्जानमा गोडासँग गोडा ठोकिए होलान् तर जानाजान हाम्रा शरीरका कुनै पनि अङ्ग कहिल्यै ठोकिएनन् । यहाँसम्म कि, बाहिर कतै भेट्दा एकले अर्कालाई चिन्न समेत गाह्रो थ्यो । श्रीमान श्रीमती बीचमा यस्तो पनि सम्बन्ध हुन्छ भन्ने सुन्दा त आश्चर्य लाग्छ भने, मलाई भोग्दा कस्तो भयो होला ? तपाइँ आफै सोच्नुहोस् ! म एकवर्षसम्म कसरी बसेँ होला ?

घटनाक्रमहरु दिन प्रतिदिन अझ शङ्कास्पद र असहज बन्दै गए । समय बित्दै जाँदा घरका अन्य सदस्यहरुको व्यवहार पनि क्रुर र तानाशाही हुँदै गयो । खासगरी मेरी जेठानी भनौदीको व्यवहार त साह्रै घिनलाग्दो थ्यो । उसले मलाई नोकरलाई गर्ने भन्दा पनि तुच्छ अमानवीय व्यवहार गर्न थाली । घरका सारा नियम कानून उसैको हातमा थ्यो । घरका मुख्य मन्त्रालय पनि सबै उसैले चलाएकी थी । त्यसैले उसलाई कसैले पनि औँला उठाउने साहस गर्न सक्दैन थे ।

मैनबत्तीले जसरी आफू सकिएर पनि अरूलाई उज्यालो दिन्छ, मैले पनि त्यसरी नै आफू रोएर पनि अरूलाई हँसाउने कोशिश गरिरहेँ । माइतीघरमा छँदा कहिल्यै नछोएका काम पनि धेरै गरेँ तर पनि जेठानीको चित्त बुझाउन सकिनँ । मलाई रात दिन गधालाई जस्तो काममा लगाएर पनि ऊ कहिल्यै सन्तुष्ट भइन । मेरो काममा केही न केही खोट लगाउनै पर्ने । मेरो अपमान नगरेको र सिंह झैँ नगर्जेको दिनै नहुने, राक्षसी प्रवृत्तिकी आइमाई । घरिघरि त भुतालेर चिथोरूँ जस्तो पनि लाग्थ्यो तर त्यति हिम्मत ममा कहाँ थ्यो र !

जति मीठो पकाउँदा नि खाना नमीठो नै हुने । मैले धोएका लुगा सफा नै नहुने । यस्ता सयौं आरोपको ओइरो लागि नै रह्यो । एकछिन टुसुक्क बसेको हेर्न नसक्ने । दिनमा पाँच चोटि सम्म

CC-0. In Public Domain. Digitization by eGangotri

भुइँ पुछ्नु पर्ने । जसको मन सफा छैन उसैलाई हरेक कुरा सफा चाहिने । जसको बोली मीठो छैन उसलाई हरेक कुरा मीठो चाहिने । नियतमा पनि कति खोट, कसरी दिन सकेकी हो, सधैँ मलाई चोटै चोट । जसै गरे नि ती निर्दयीलाई मैले खुसी पार्न सकिनँ । पापी मन भएका दुष्टहरू, कहिल्यै हाँसेनन् ।

म सोझो र सिधा तरिकाले नहुने रैछ भन्ने निर्णयमा पुगेँ । त्यसपछि जानाजानी बिस्तारै काम बिगार्न थालेँ । आखिरीमा जति राम्रो गरे नि जस पाइने हैन क्यारे । सोझी ठानेर होला मलाई त साह्रै पो सताउन लागे । जस्तालाई त्यस्तै गर्नुपर्ने रैछ । राक्षसका अगाडि आफू पनि राक्षस नै बन्न त सकिनँ तर पनि केही उपद्रो भने गर्न थालेँ ।

कहिले तरकारीमा तेल बढी हुने कहिले मसला कम । कहिले खाना साह्रो हुने कहिले गिलो । झानेको दाल चाहिने अनि जिब्रो पड्किने अचार । लु खा त मीठो भनेर एकदिन तेलै नहाली तरकारी उसिनैँ, दालमा नुन नहाली पकाएँ अनि अचार पनि अमिलै नहाली बनाएँ र जेठानीलाई बोलाएर खान दिएँ ।

"खोले पकाको हो कि तरकारी ? यस्तो खाना त कुकुरले पनि खाँदैन । लगेर दि हेर् त ! कुकुरनी, तैं घिच सबै । रङ्ग न ढङ्गकी ।" जेठानी फत्फताउँदै खाना फालेर बाहिर निस्की ।

उसँग मुखमुखै लागेर केही बोल्न सक्दिन थैँ, त्यसैले चुप लागेर रमिता हेरिरहेँ । अन्जानको गल्ती थेन जानाजानी गरेकी थैँ । हाँसो फुत्किन्छ कि भनेर रोकेर बसिरहेँ । राम्रो काम गर्दा पनि खोटै लगाउने हो क्यारे । आफू सही भएर पनि म सँधै गलत नै साबित भएकी थैँ । सबैथोक जानाजानी कतिन्जेल सहेर बस्नु ? धैर्यताको पनि सीमा हुन्छ नि । जसै गरे पनि मप्रतिको व्यवहारमा कुनै परिवर्तन

CC-0. In Public Domain. Digitization by eGangotri

भएन । मेरो समर्थनमा कहिल्यै कसैको आवाज आउँदै आएन । गुनासो गर्ने ठाउँ पनि थेन । जसको हात समाएर सात फेरा घुमेर गएकी थैं, उसैलाई त्यो घरमा म हुनु र नहुनुको कुनै औचित्य थेन ।

प्रतिकार गरेर त्यो घर छाडेर माइती पनि जान सक्थें तर आमाबाबाले नै बेहुली बनाएर खेदाएका हुन् । मलाई माइती जाने मन लागेन । लोग्ने भनौदोले त वास्ता गरेन गरेन, सासुससुरा पनि केही थाहा नपाएजस्तो गरी मौन बसे । जहिल्यै त्यही चुडेल जस्ती जेठानी हैकम चलाउँथी । जेठाजुलाई मैले कुनै दिन त्यो घरमा देखिनँ । कहाँ थे, के गर्थे ? मलाई केही थाहा थिएन । मैले कसैलाई सोध्दा पनि सोधिन मलाई कसैले भन्दा पनि भनेनन् । अरू आफन्ती कोही चिनेकी थिइनँ । त्यो भूतघर छाडेर अन्त कतै निस्कन पनि पाएकी हैन ।

केही परिवर्तन गरेर त्यो घरको स्थिति सुधार्न सकिन्छ कि भनेर धेरै कोसिस गरैं तर म सफल हुन सकिनँ । मेरा हजारौं कोसिस खेर गए । मेरो मुटु नै छियाछिया भयो । घर भित्र दनदनी आगो बलेको छ, घरका सदस्यहरु बलेको आगोमा घिउ थप्ने काम मात्र गर्छन् । निभाउने कोशिश कसैले गरेको देखिनँ । मेरो भने त्यो अवस्थामा पनि कोशिश जारी नै थ्यो तर कसै गरे पनि म सफल हुन सकिनँ ।

काँचको चुरा फुटेझैं मेरा सारा सपना टुटे । विगत र वर्तमानलाई कुनै दिन दाँज्न सकिनँ । चाहना र रहर पनि केही बाँकी रहेनन् । आशा गर्ने कुनै ठाउँ देख्न छोडें । न त अगाडि बढ्न सकैं, न पछाडि फर्कन नै । म दुई ढुङ्गाको बीचमा चेप्टिरहैं । माइतीको इज्जत र त्यो घरभित्रको पीडाका बीचमा म पिल्सिरहैं ।

कोठाका सारा सामानलाई हेर्थें र सोच्थें म पनि ती सामान जस्तै नीर्जिव भएको भए कति आनन्द हुन्थ्यो । जसले जता पल्टाउँछ त्यतै पल्टन र जसले जता फ्याँक्छ उतै फ्याँकिन पाइन्थ्यो । न पीडा

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्थ्यो न त चोट लाग्थ्यो । कुनै संवेदना पनि हुन्थेन, जता पछारे पनि दुख्थेन । छ न त म त्यहाँ ती समान सरह नै थेँ । मलाई कसैले मान्छेलाई जस्तो व्यवहार गर्दैन थे तर चेतना भरिएको थ्यो त्यसैले निर्जिब वस्तु सरह बनेर सहिरहन गाह्रो पर्‍यो ।

मलाई मेरो बाहिरी शरीरको घाउ कहिल्यै दुखेन तर मनको आँखामा आँसु कहिल्यै सुकेन । हृदयमा आगो बली नै रह्‍यो, यो मन सधैं पोली नै रह्‍यो । मेरा सपना, रहर, चाहना, आशा र भरोसा सबै जलेर खरानी भए । भविष्यको सुनौलो योजना पनि चकनाचुर भयो ।

त्यहाँ कुनै अपराधी आफ्नो सजायँ काटिरहेको थ्यो । मानौं उसले ठूलै अपराध गरेको थ्यो । धेरैको ज्यान लिएको थ्यो, समाजमा आतङ्क मच्चाएको थ्यो । त्यसैले उसलाई श्रम कैदमा राखिएको थ्यो ।

जङ्गलमा रमाउने पक्षीलाई लगेर पिञ्जडामा थुनियो । भावीले छैटौंमा त्यस्तै लेखेछ भनेर चित्त बुझाउनु बाहेक अरू कुनै उपाय थेन । त्यसरी अपहेलित भएर जिन्दगी काट्न मलाई साह्रै गाह्रो पर्‍यो ।

ढुङ्गो बरू पग्लेला तिनीहरूको मन पग्लेन । मैले लाख यत्न गर्दा पनि कुनै परिवर्तन ल्याउन सकिनँ । पत्थर पनि मान्छे हुँदो रैछ अनि मान्छे पनि पत्थर । त्यहाँ सबै पत्थरकै मान्छे थे । मानवीयता शून्य थ्यो । मेरो लोग्ने पुरुष हो जस्तो लाग्न छाड्यो । मैले उसलाई पुत्ला सम्झन थालेँ । लाग्यो, पुत्लामा पुरुषत्व खोज्नु मेरै मूर्खता हो । पत्थरमा मानवीय संवेदना ल्याउन खोज्नु झनै मूर्खता हो । पाप, धर्म र जातको कुरा गर्ने त्यो समाजलाई लात हान्न मन लाग्यो ।

माइतीको इज्जत राख्न म कतिन्जेल बेइज्जत भएर बस्ने? भगवानलाई गाली गरेर पनि हुनेवाला केही थेन । भाग्यलाई

CC-0. In Public Domain. Digitization by eGangotri

दोष लगाएर आफू निर्दोष छँदाछँदै पनि कति दोषी बन्नु ? सबै जन्मजन्मान्तरको कर्मको फल हो भनेर कति सहनु ? मन बुझाउने कुनै ठाउँ थेन । मेरो पनि त मनै हो, शरीर पनि हाड, छाला र मासुकै हो । सधैंभरि रोबर्ट बनेर म कसरी बसुँ ?

यस्तैमा एक दिन अनौठो घटना घट्यो । मेरो छायाँ पनि देख्न नसक्ने मेरी जेठानीले एकदिन मलाई आफ्ना आफन्तीसँग भेट गराउन लैजाने कुरा गरी । म आश्चर्यचकित भएँ । घाम पनि पश्चिमबाट उदाएर पूर्वतिर अस्ताए जस्तो लाग्यो । केही षड्यन्त्र पो रचेकी हो कि ? मनमा शङ्का उब्जियो । जाउँ कि नजाउँ, म दोधारमा परैं । फेरि नगए अर्को रडाको हुने पक्का थ्यो । जे होला, आँटै गरेर जाने निर्णय गरैं ।

सोमबारको दिन थ्यो । नुहाई धुवाई गरेर चोखी भएर शिवजीलाई जल चढाएँ अनि धुप बालेर एकछिन मनमनै बिलौना गर्दै थैं । रोएजस्तो, कराएजस्तो कस्तो-कस्तो आवाज आयो । आवाज कताबाट आयो भनेर म ठनासी रैथैं । पूजा र प्रार्थना छोडेर म बाहिर निस्कैं । झिसमिसे नै थ्यो, भूइँमा उज्यालो खसेकै थेन । चराहरु पनि उठ्न भ्याएका थेनन् । वातावरण सुनसान थ्यो । फेरि कुनै आवाज आएन । मलाई मनको शङ्काले भ्रम भएजस्तो लाग्यो र पुजा कोठातिरै लागैं । पाइला चालेकी मात्र के थैं फेरि उस्तै आवाज आयो । पल्लो घरकी कल्याणी दिदी पो हुन् कि भनेर झ्यालबाट चियाएँ तर हैन रैछन् । आवाज झनै जोडले आउन थाल्यो । आवाज त घर भित्रबाटै आएको रैछ, मेरो कानमा गुञ्जिरह्यो । मलाई डर लाग्यो, निकै बेरसम्म डराएरै उभिरएँ । आवाज मेरै कोठाबाट आएको थ्यो । म आफ्नै कोठामा जान पनि अक्मकिएँ । दुई बिराला एक हुने बेलाको जस्तो ड्ारड्ार ड्ुरड्ुर आवाज आइरह्यो । एकछिन बाहिरै बसेर ठनास्छु

CC-0. In Public Domain. Digitization by eGangotri

भनेर म ढोकाको छेउमा गएर उभिएँ । भित्रबाट कोही बोलेको आवाज आयो–

"किन जानुपऱ्यो बिनापत्तामा जानुपर्दैन ।" त्यो मेरो लोग्ने भनौदोको आवाज थ्यो ।

"एकैछिनको कुरा त हो, आइहाल्छु नि !" जेठानीको जस्तो बोली सुनियो ।

फेरि मेरो लोग्ने बोल्यो– "पर्दैन भनेसी पर्दैन पर्दैन, के को जिद्दी? मेरो कुरै नमान्ने !"

"अहिलेसम्म त हजुरको कुरा मानेरै बसेकी छु नि !" आइमाईको आवाज आयो ।

मेरो लोग्ने ठूलै स्वरमा बोल्यो– "यसरी मुखमुखै लाग्न हुन्न, पछि जानू !"

सानो स्वरमा महिलाको आवाज आयो– "मैले केही बोल्नै नहुने, हजुरलाई मुखमुखै लागेको हुने । ठीकै छ उसो भए अबदेखि नबोलेरै बसुम्ली ।" घुँक्क-घुँक्क रोएको आवाज पनि आइरहेको थ्यो ।

मेरो लोग्नेले फकाउन थाल्यो– "यति सानो कुरामा नि रूनुपर्छ त, नरोऊ !"

मेरो लोग्ने पनि मानवीय संवेदना भएकै मान्छे रैछ । म तीनछक परेँ । कोठामा निदाइरहेको लोग्नेलाई ओछ्यानमै छाडेर म नुहाउन निस्केकी थेँ । पुजा गरेर सकाउन नभ्याउँदै त्यसरी रँडाको मच्चाउन को आएछ भनेर चियाएर हेर्न थालेँ । नभन्दै जेठानी नै रहिछ । एकाब्यानै केलाई आकी हो ? मेरो लोग्ने भनौदो प्राणीलाई घुर्की लगाई रहेकी छ । के पऱ्यो त्यस्तो त्यसलाई ? मेरै कुरा लगाउन र उकास्न आकी त होली नि, भन्ने लाग्यो । ऊ स्वाँक्-स्वाँक् गरिरहेकी थी । मेरो लोग्ने उसलाई फकाइरहेको थ्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

यिनीहरु के गर्दा रैछन् भनेर म चियाइरहेँ । हेर्दाहेर्दै मेरो लोग्ने भनौदो भाउजूको आँसु पुछ्न थाल्यो । बिस्तारै जेठानी त देवरको अङ्गालोमा पो लुटुपुटु परी । छोरालाई आमाले मुई खाएजस्तो देवरको गालामा चुप्प-चुप्प मुई खान पो थाली । मैले त मेरो लोग्ने नामर्द हो भन्ठानेकी थैँ । उसलाई पुत्लासँग तुलना गर्थें तर म त गलत रैछु । मेरो लोग्नेले त आफ्नी भाउजूलाई पो पुरूषत्व देखाउन थाल्यो । सयौँ रात सँगै सुत्दा मेरो शरीरमा नछोएको मान्छेले भाउजूको वदन नाप्दै अधर चुम्न थाल्यो । यो संसारमा बाच्नु मात्र पर्छ अनेक लीला देख्न पाइन्छ भन्थे हो रैछ । मलाई त सपना जस्तो लाग्यो तर त्यो नै यथार्थ थ्यो । त्यस्तो मान्छेले सयौँ रात एउटै ओछ्यानमा सुत्दा आफ्नी स्वास्नीलाई नछोई सुत्न कसरी सक्यो होला ? शिवजीलाई जल के चढाएकी थैँ कृष्णजीको लीला हेर्न पाएँ । मुखमा ताजा सिकार आउँदा अर्कोपट्टि फर्कने बाघ त्यहाँ सिनु खाइरहेको थ्यो । म आश्चर्यचकित भएँ । सायद, सिनुमै पल्केर होला, उसलाई ताजा मासु खान मन नलागेको ।

ठूलै प्रलयको सङ्केत देखियो । आँधिबेरी आइरहेको थ्यो । ढोकै फोरेर भित्र गएर भुत्ल्याउन र चिथोर्न मन लागिरहेको थ्यो तर आँट आएन । आँधिबेहरी आफैँ रोकियो । बाहिर उज्यालो भइसकेको थ्यो । ब्यानको कलिलो सूर्य हेरेर बसिरहेकी थैँ । त्यत्रो सिनु घिचेर पनि मेरो लोग्ने भोको बाघ जसरी गर्जँदै बाहिर निस्कियो । जेठानी पनि पुटपुट्याउँदै पछि लागी । त्यसपछि तिनीहरु खै कता गए ।

मलाई कोठामा पस्नै मन लागेन । आँखा रसाउन थाले बाहिर बस्न पनि सकिनँ । मन नलागी-नलागी म त्यो कोठामा पसैँ । कोठा चारैतिर हल्लिए भैँ भो । एक किसिमको घिनलाग्दो गन्धले मलाई कोठाभित्रै उल्टी आउला जस्तो भो । पूरै घर नै भासिन लागे जस्तो

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्यो । आँखाबाट आँसुको बाढी आयो, अनि धेरैबेर सम्म धमिलो पानी बगिरह्यो ।

म अपमान र तिरस्कारले शिथिल भएकी थेँ । आफ्नै आँखा अगाडि त्यत्रो रास लीला चल्दा पनि औँलो उठाउने सामर्थ्य जुटाउन सकिनँ । मेरो जीवनलाई लथालिङ्ग र भताभुङ्ग पार्ने ती दुष्टहरूलाई ठाउँको ठाउँ चिर्पट दाउराले हानेर लडाउन पनि सकिनँ । म भित्रभित्रै जलिरहेकी थेँ, बाहिर केही देखाउन सकिरहेकी थिइनँ । उनीहरु ब्यानै निस्किएका थे, त्यो दिनभरि फर्किएनन् । सायद ब्यानको एक गाँसले भोक नमेटिएर कतै बसेर थालभरि खाइरहेका थे होलान् ।

त्यो दिन देवर भाउजू दुवैजना घर फर्केनन् । म उनीहरूकै बाटो हेरेर भित्रभित्रै मुर्मुरिएर बसिरैथेँ । बास बस्नलाई म त्यही कोठामा पस्नुपर्ने थ्यो । खुट्टा अगाडि बढिरहेका थेनन् । त्यो दिनभरि केही खान पनि मन लागेन । मलाई पिर र चिन्ताले खाइसकेको थ्यो, त्यसै हाड र छालामात्र बाँकी थ्यो । त्यसमाथि दिनभरिको भोको ज्यान त्यसै हुर्हुरी रहेकी थेँ । ज्यान सुकेनाश लागे जस्तो भा थ्यो । हातका नसा भने मोटाएका थे, रोएरै आँखा पनि सुनिएका थे । त्यतिबेला मेरो हड्डी पनि सुकिसकेको थ्यो ।

पहिले नै आमालाई सबै कुरा भनेर त्यो भूतघर छोडेर माइती गएर बसेकी भए पनि हुन्थ्यो । म एक्ली छोरी थेँ । माइतमा पनि आमा र बाबा मात्र थे तर पनि उनीहरूलाई पीर पर्छ भनेर केही भनिनँ । कहिलेकाहीँ जाँदा पनि एकदुई दिनमा फर्किहाल्थेँ । रातदिन फोन गरेर किचकिच गरेर बस्न पनि दिन्थेनन् । नोकर्नी जो पाएका थे । म गएपछि काम गर्नुपर्छ भनेर मरिहाल्थे ।

आमाले धेरै चोटि दुःख छ कि भनेर बुझ्न खोज्नु भो । म दुब्लाएको देखेर रूनु पनि भो तर पनि मैले आमालाई यथार्थ भन्न

CC-0. In Public Domain. Digitization by eGangotri

सकिनँ । आमाले "नानी तँ त विरूप भइस् त ! कति साह्रो दुब्लाकी, यो उमेरमा नि बुढी जस्तो देखिन्छेस् त ! तँलाई धेरै चिन्ता छ कि के हो ? दुःख दिएका पो छन् कि के हो ? हामीलाई केही भन्दिनस् । दुःख छ भने नजा, यहीँ बस् ।" भन्दा पनि केही नभनि गएकी म त्यही लीला हेर्न गएकी रैछु ।

आमाबाबालाई ढाँटेर मैले पाउन बाँकी त्यही रैछ । पुलपुलिएर हुर्किएकी एक्ली छोरी, त्यस्ता कष्टकर दिन बिताउन बाध्य भएँ । त्यो दिन बल्ल मलाई पछुतो भो । धेरै पहिले नै त्यो घर छाड्न पर्ने रैछ भन्ने लाग्यो । सानो आशाको त्यान्द्रो पनि चुडिएर गयो । यो मन त्यसै कुँडिएर गयो ।

अति भएपछि छिनोफानो गरेरै त्यो घर छाड्ने निणर्य गरेँ । आज आउला, भोलि आउला भन्दा भन्दै एक हप्ता बित्यो मेरो लोग्ने घर आएन । एकदिन सासुससुरा सबै जना आफन्तको बिहामा गएका थे । घर कुरूवा नोकर्नी, म एक्लै घरमा थेँ । रात छिप्पिँदै जाँदा मेरो मन पनि कठोर बन्दै गयो । अनि सोच्न थालेँ– "एकचोटि त भाँडभैलो मच्चाएरै छाड्छु, मलाई दिएको मानसिक र शारीरिक यातनाको एक-एक हिसाब लिएर मात्र यो घरबाट जान्छु । यो घरमा प्रत्येक दिन मेरो रगतको आँसु बगेको छ, यसको बदला लिएरै छाड्छु । दुष्टहरूलाई म त्यसै कहाँ छाड्छु । मनमा हरि नभएका पापीष्टहरु ।" एकचोटि त त्यति नै बेला त्यो घरमा आगो लगाइदिएर जाउँ कि भन्ने पनि लाग्यो तर त्यसो गरिनँ । घरको कुनै कसुर थेन, त्यो निर्जिव वस्तुमाथि किन रिस पोख्नु, सके मान्छेलाई नै जलाएर जान्छु भन्ने लाग्यो । म रिसले आगो भएकी थेँ । जति-जति रात छिप्पिँदै जान्थ्यो उति-उति आगो दन्किरहेको थ्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

थाहा छैन, त्यो दिन मेरो मनमा कहाँबाट त्यति धेरै हिम्मत र आँट पलायो । भोलिपल्ट साँझमा मेरो लोग्ने देखा पऱ्यो । निम्तो मान्न गएका अरू कोही आएका थिएनन् । उनीहरु नआउने खबर आइसकेको थ्यो । ऊ कहाँ गएर आएको थ्यो मलाई केही थाहा थिएन । घरमा अरू कसैलाई नदेख्दा पनि केही सोधेन । मेरो मनमा सयौं प्रश्नहरु उठिरहेका थे । म हरेक प्रश्नको उत्तर लिन चाहन्थेँ । ऊ सरासर कोठामा पसेर ढोका लगाएर बस्यो । तुरुन्तै कोठामा गएर ढोका ढकढक्याउन मन लागेन । एकछिन आराम गरोस् भनेर छोडिदिएँ । आइमाईको मन न हो, साह्रै कमलो । मसँग कुनै दिन एक शब्द मायाले नबोलेको दुष्ट लोग्नेको पनि माया लाग्यो ।

रात छिप्पिँदै गएपछि आत्मबल बटुलेर म ढोका ढकढक्याउन पुगेँ । निकै बेरको ढकढक्याई पछि मात्र ढोका खुल्यो । कौतुहलताका भावहरु उसको अनुहारमा प्रष्टै देखिन्थे । मेरो अनुहारमा पनि अग्निज्वालाको राप देखिन्थ्यो होला । सायद उसले मेरो उपस्थितिको कल्पना गरेको थेन होला । म कुनै पनि हालतमा आफ्नो मनमा उब्जिएका हरेक प्रश्नको जवाफ लिने उद्देश्यले गएकी थेँ । भित्र गएर उसैको अगाडि बसेँ । के भनौँ के भनौँ जस्तो भो, म एकछिन अक्मकाएँ । मनमा धेरै प्रश्नहरु थे, पहिला कुन प्रश्न सोधौँ भनेर म अलमलमा परेँ ।

धेरै बेरसम्म म केही नबोली साहस बटुलेर एकोहोरिएर उसको अनुहारमा हेरिरहेँ । मैले उसको अनुहारमा हेरेको त्यो नै पहिलो पटक थ्यो । म प्रति उसको मुहारमा कुनै दयाभाव देखिनँ । एकाएक आँखाबाट आँसु झर्न थाल्यो अनि म रूँदै बोलेँ– 'मलाई नोकर्नी बनाउन बिहा गरेको हो ? आजसम्म मैले हरेक कुरा सहेँ तर अब म सहन सक्दिनँ । अति गर्नु अत्याचार नगर्नु । अत्याचारमाथि अत्याचार

CC-0. In Public Domain. Digitization by eGangotri

बारम्बार अत्याचार म कति सहेर बसूँ ? आज कि वार कि पार, के हो सत्य कुरो ? म जान्न चाहन्छु । मैले के अपराध गरेकी छु र यो सजायँ दिँदैछौ मलाई ? म बुझ्न चाहन्छु ।"

आँखाबाट बरबर आँसु झार्दै म प्रश्नमाथि प्रश्न तेर्स्याइ रहेकी थेँ । मेरो आँसुले उसलाई कत्ति पनि असर गरेन । अति नै निर्दयी मान्छे रैछ । अलिकति पनि मानवताको भाव नभएको पशु । केही नसुने झैँ गरी घोसे मुन्टो लगाएर बसिरह्यो । मैले फेरि के भन्दो रैछ भनेर सकारात्मक कुरा गरेँ– "जे भयो भयो सबै बिर्सिएर नयाँ जिन्दगीको सुरूवात गर्ने हो भने म अझै तयार छु तर अब म कुनै पनि अन्याय सहेर बस्नेवाला छैन ।"

उसको कारणले मैले पाएका हजारौँ चोटहरूले मेरो मन घायल भएको थ्यो । उसले मेरो कुरालाई ठाडै अस्वीकार गऱ्यो । मैले बडो गम्भिरताका साथ उसको अनुहारमा हेरिरहेँ । ऊ भुसिया कुकुर भुके जसरी नै भुकिरह्यो । बिहा भएका त्यत्रो समयछि पहिलो पटक हाम्रो दोहोरो वार्तालाप हुँदै थ्यो । त्यो पनि बाजाबाज, असामान्य कुराकानी । लोग्ने स्वास्नीका बीचमा पहिलोचोटि । अरूका लोग्ने स्वास्नी सुखदुःखका कुरा गर्छन् । हामी त्यहाँ एकआपसमा सुखदुःख बाँडिरहेका थेनौँ । भविष्यको कुनै योजना पनि बनाउँदै थेनौँ । बस् एक-अर्काप्रति आरोप र प्रत्यारोप गर्दै आक्रोशका साथ युद्धभूमिमा आमुन्ने सामुन्ने उत्रिएका थ्यौँ ।

मेरो लोग्नेले मलाई यसरी सम्झाउँदै थ्यो– "तेरो आँसुले केही नाप्नेवाला छैन । मेरो अगाडि आँसु खसालेर नाटक नगर । मैले यो बिहा केवल मेरा आमाबाबुको लागि गरेको हुँ । त्यसैले मबाट कुनै कुराको अपेक्षा नगरेस् । तँ मेरो जीवनमा जबरजस्ती थोपारिएको एउटा बोझ मात्र होस् । जसलाई म न निल्न सक्छु न त ओकल्न

CC-0. In Public Domain. Digitization by eGangotri

नै । तेरो ममाथि कुनै अधिकार छैन र मैले पनि आजसम्म तँमाथि कुनै अधिकार जमाको छैन । मैले मेरा आमाबाबुको इच्छा मात्र पुरा गर्दिएको हुँ । त्यसैले तँलाई जे चाहिन्छ उनीहरूलाई नै भनेस् । तँ यो घरमा मेरा आमाबाबुको सेवा गर्नको लागि ल्याइएकी नोकर्नी सरह नै होस् । बस्न मन लाग्छ बस्, जान मन लाग्छ जा । म माथि अधिकार जमाउन नखोज् । तँ केवल यो घरकी बुहारी होस्, मेरो पत्नी बन्ने कोसिस नगर् । किनकि म तेरो लोग्ने बन्न सक्दिनँ । तँप्रति मेरो मनमा कहिल्यै माया पलाउने वाला छैन । त्यसैले पनि तँलाई नछोईकन बसेको हुँ । तँ भए पनि नभए पनि मलाई केही फरक पर्दैन । त्यसैले मेरो अगाडि आएर रुने, कराउने, चिच्याउने, बर्बराउने केही नगरेस् । मेरो लागि त्यो सब रङ्गमञ्चको नाटक जस्तै हो । अर्को कुरा पनि बुझिराख्, आमाबाबु खोजेर पाइन्न त्यसैले म उहाँहरूको मन दुखाउन चाहन्न । तँ जस्ता आइमाई त फालाफाल पाइन्छन् । तँ गए अर्की ल्याउँछु, केही छैन, जान्छेस् भने पनि जा । तँलाई अझै धेरै बोल्न मन लागिराको होला, हैन ? तर मलाई केही सुन्नु छैन । सहन सक्छेस् बस्, सक्दिनस् जा । मलाई मतलब छैन, जा जा गैहाल् ।"

"भाउजूसँग सुत्न पल्केको रैछस्, तँलाई डिस्टर्ब भो होला हैन? सिनु गिजोलेरै बस् ।" भनेर भन्दिउँ कि जस्तो पनि लाग्यो तर त्यसो भनिनँ । मान्छेलाई बाँच्नको लागि खाना, हाँस्नको लागि माया, हिँड्नको लागि साथ, समाउनलाई आधार र अघि बढ्न उत्प्रेरणा चाहिन्छ । त्यो घरमा मैले केही पनि पाइनँ । पाएँ त केवल छलकपट, निर्दयी मन, स्वार्थी परिवार र धोका । त्यो घरमा म बाँच्ने कुनै आधार थेन, न त हाँस्ने कुनै बाहना थ्यो । माया, साथ र उत्प्रेरणाको त कुरै छोडौँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

उसले मलाई हान्ने साँढेले झैं ठुल्ठूला आँखा पल्टाएर हेरिरा थ्यो । म डराई डराई सानो र रून्चे स्वरमा बोलैं–"स्वास्नी चाहिएको रैनछ त मलाई किन भित्र्याएको ? मेरा आमाबाबुको आँखामा किन छारो हालेको ? अनि मेरो जिन्दगी बर्बाद बनाउने अधिकार कस्ले दियो ? मेरो के गल्ती थ्यो र यो नर्कमा ल्याएर फसाएको ? के को सजायँ हो यो मलाई ? मेरा आमाबाबुले तिम्रो केही बिगारेका थे कि, मैले बिगारेकी थैं ? मेरो भविष्य अन्धकार बनाएर के फाइदा भो तिमीलाई ? आखिर के हो त्यो कारण जसले मलाई नारकीय जीवन जिउन बाध्य बनाइरा'छ ? कि त बिहा भन्दा पहिले नै स्वास्नी हैन नोकर्नी चाहिएको हो भनेर भन्नु पर्थ्यो । मलाई जिउँदै मार्ने अधिकार तिमीलाई कसले दियो ? के म बजारमा बेच्न राखिएको सामान हुँ? आमाबाबुको लागि एउटा बिहा गर्ने अनि आफू अन्तै मोज गर्ने । तिमी मान्छे हौ कि पशु ?"

मेरो मनमा उकुसमुकुस भएका हजारौं प्रश्नहरु तेऱ्याइरहेकी थैं । त्यतिबेलासम्म पनि "तँ साला कुकुर रैछस्, अब गु खान थाल् ।" भनेर मुखमा थुक्न सकिरहेकी थिनँ । डरैले तिमी भनिरहेकी थैं । म बोल्दा-बोल्दै आक्रोसित शैलीमा ऊ बोल्न थाल्यो– "पोथी बासेको ठीक हुँदैन । तँ जुन आमाबाबुको कुरा गर्दैछेस् नि, तिनीहरूले नै तँलाई बोझ सम्झेर मलाई दान गरेका हुन् । संसारका कुनै पनि आमाबाबुले छोरी पालेर राख्न चाहँदैनन् । त्यसैले धेरै नबास्, घाँटी निमोठेर धुरी कटाउनु नपरोस् । मैले भनिसकें, तेरो कुनै पनि प्रश्नको उत्तर मसँग छैन । यहाँ सधैंभरि यस्तै हो, बसे बस् गए जा ! धेरै फुर्ती नगर, तेरो जिब्रो थुतेर कुकुरलाई दिन नपरोस् । त्यो भन्दा पहिले कि चुप लागेर बस्, कि त जा, गैहाल् अहिले नै निस्किहाल् ।"

त्यसपछि मैले न त कुनै प्रश्न सोध्ने हिम्मत गरैं, न त कुनै

CC-0. In Public Domain. Digitization by eGangotri

जवाफ नै सुन्न चाहैं । म मूर्ति जस्तै अचल भएँ । न त बोल्न सकैं न त चल्न नै । एकोहोरो उसैलाई हेरिरहैं । मलाई ऊ मानवको रूप धारण गरेको एउटा दानव जस्तो लाग्यो ।

"खाउँला जस्तो गरेर के हेरेकी ? तँ यहाँबाट निस्किहाल् । जे गर्न सक्छेस् गरेर देखा । मलाई कुनै मतलब छैन । तेरो क्षमताले भ्याएसम्म गर् । म पनि हेर्छु, तेरो औकात कति रैछ । मेरो अगाडि अब एक सेकेण्ड पनि नबस् । खुबै नखरा पार्दी रैछ । तँलाई मैले रातदिन ल्याप-ल्याप चाटेर राख्नु पर्ने होला हैन ! आफूलाई भाग्यमानी मान् र मलाई भगवान ठान्, मैले तेरो यौवनमा जुठो हालिनँ । हैन भने ब्वाँसो बनेर रात दिन लुछेर तँलाई लातले हानेर खेद्न पनि सक्थैं ।" उसले त्यसो भन्दै मेरो पाखुरामा समातेर त्यो कोठाबाट बाहिर हुत्याएर ढोका लगायो । म हुर्रिएर बलेसीमा लडैं । हेर्नु त यी, यो घुँडाको चोट त्यति बेलैको हो ।

प्रतिले मलाई घुँडाको चोट देखाउँदै आफ्नो दर्दनाक कथा सुनाउँदै थी । मेरा आँखाबाट आँसु बगिरहेको थ्यो । बिचरी प्रति, कति धेरै दुःख पाइछ । अङ्गालो हालेर उसको गालामा चुमेर उसकै छातीमा टाँसिएर रून मन थ्यो तर चिन्छे कि भन्ने डरले त्यसो गरिनँ । किनकि मलाई उसँग चिनिइहाल्न मन थेन । तँ निष्ठुरी रैछेस् भनेर गालामा चड्काउँछे कि जस्तो पनि लाग्यो । त्यतिखेर म कैली हुँ भनेकी भए सायद चड्काउने पनि थी होली । त्यो दुई अढाई बर्षको अन्तरालमा उसको शिरमा पहाड नै खसेछ । धन्न मान्छे त साहसी नै हो, त्यत्रो संघर्ष गर्न सकेकी ।

उसको कथा र व्यथा सुन्दै जाँदा मैले आफूलाई भाग्यमानी ठानिरहैं । उसको लोग्नेको दाँजोमा त मेरो दीप त भगवान नै हो । भोलि त कस्ले पो देखेको हुन्छ र । के हुन्छ के हुँदैन ? त्यो दिनसम्म

CC-0. In Public Domain. Digitization by eGangotri

त उसले मलाई माया नै गरिरहेको थ्यो । मैले भनेका हरेका कुराहरू मानिरहेको थ्यो । मामू र बाबाको कुरा नसुनेरै मसँग हिँडिरहेको थ्यो । त्यो सब माया नभएर के थ्यो त ? माया नै त थ्यो नि ।

***

मेरी प्यारी प्रति पहिले भन्दा झनै राम्री भएकी थी । उसको रूपरङ्ग, बानी व्यवहार, हाउभाउ, जिउडाल सबै परिवर्तन भएको । समयले मान्छेलाई कति चाँडो परिवर्तन गराउँदो रैछ । मेरो मन कति कठोर भएको होला मलाई नै अचम्म लाग्यो । त्यस्तो हालतमा आफ्नी प्यारी साथीलाई भेट्दा पनि म अन्जान भएर कसरी बस्न सकेकी ? आइमाईको मन कोमलै हुन्छ भन्ने पनि रैनछ । म पनि त आइमाई नै हुँ नि ।

आफूले आफैँलाई मनमनै धिक्कारी रहैँ । दुःखको त्यो क्षणमा उसको घाउमा मलम लगाउन नसकेकोमा पनि मलाई नराम्रो लागि रह्यो । उसलाई कुनै सान्त्वना दिन पनि सकिनँ । जिन्दगीको धेरै परिभाषा गर्न खोज्ने म, उसको जिन्दगीको कहानीले शब्दविहीन भएँ ।

प्रतिले फेरि आफ्नो अतीतको बाँकी कथा सुनाउन थाली–

'त्यो घरमा बसेर त्यस्तो कष्टकर जीवन जिउनु भन्दा मलाई एक्लो जीवन नै उचित लाग्यो । सङ्घर्ष गर्ने बानी परिसकेको थ्यो, त्यसैले जस्तै परिस्थिति आए पनि गरौँला त नि भन्ने ठानेर मैले त्यो घर छोड्ने निर्णय गरैँ । दिनदिनै मानसिक यातना खप्नु भन्दा त एक्लै बस्नु बेस । जीवनमा मलाई दुःख र पीडाले नछोड्ने नै रैछ । कसैले थोपरेको पीडालाई छाडेर मेरो मनले एक्लोपनको पीडा नै रोज्यो । माइतीलाई गुहार माग्न पनि मन लागेन । अन्त कतै जाने ठाउँ पनि थेन तर पनि मनमा भने आँट थ्यो । सबै मान्छे

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै राक्षसी प्रवृत्तिका त हुँदैनन् भन्ने लाग्यो । मनमा धेरै कुराहरु खेलिरहे । कता जाने होला ? के गर्ने होला ? म द्विविधामा परिरहें ।

आफ्ना लुगाफाटा र केही आवश्यक सामान एउटा ब्यागमा हालें । नगद पैसा धेरै थेन । त्यसैले भएका गहना बेचेर काम चलाउनु पर्ला भन्ने लाग्यो र गहना निकाल्न खोजें तर राखेको ठाउँमा गहना थिएनन् । बिर्सिएँ कि भनेर धेरैतिर हेरें तर कतैपनि फेला पार्न सकिनँ । त्यपछि गहना पनि चोरेछन् भन्ने फिक्स भो । जेठानीले नै चोरी भन्ने लाग्यो । धन्न घाँटीको सिक्री, हातको बाला र कानको एकजोर झुम्का चाहिँ फुकालेकी थिनँ । त्यसैले काम चलाउनु पर्ने भो ।

भोलिपल्ट ब्यान झिसमिसे उज्यालोमा मैले त्यो घर छोडें । कतै जाने ठाउँ थेन त्यसैले सरासर माइतीघर मै गएँ । लुगाफाटो धेरै लगेको देखेर आमालाई झगडा गरेर घर छोडेर आई कि जस्तो लागेछ । मलाई सोध्नुभो तर मैले साँचो कुरा भनिनँ । आमालाई केही दिन बस्ने गरी बिदा मागेर आएकी भनेर टारें । मलाई त्यो घरमा पनि धेरै दिन बस्न मन थेन । मलेसियामा मामाको छोरी, मेरी बैनी र ज्वाइँले होटेल चलाएर बसेका थे । उनीहरूसँग मलेसिया घुम्न मन लागेको कुरा गरें । बैनीले पासपोर्ट बनाएर भिजिट भिसा लगाएर आइज भनी । उसले भिनाजु पनि आउने हो भन्दै थी, अँ हो भनेर टारें । त्यसको बीस दिन पछि म मलेसिया पुगें ।

मलेसिया पुगेपछि आफ्नो सारा कथा र व्यथा बैनी ज्वाइँलाई सुनाएँ । अनि ज्वाइँले नै मलाई मलेसियाको होटेल नियोमा काम लगाइदिए । त्यहाँ आठ नौ महिना काम गरेपछि मलाई यहाँको ब्रान्चमा आउने बन्दोबस्त मिल्यो । यहाँ आएको धेरै भएको छैन । मलेसियामा त धेरै साथीहरु थे तर यहाँ अहिलेसम्म एक्ली छु ।

CC-0. In Public Domain. Digitization by eGangotri

हजुरलाई देखेदेखि आफ्नै साथी जस्तो लागेर हेरिरहेँ । हजुरलाई नै चियाइरहेँ । हजुरलाई नराम्रो लाग्यो होला हई ! त्यसको लागि माफी चाहन्छु । आज मनमा गुम्सिएका सबै पीडा पोख्न पाउँदा मनै हल्का भो । सुनिदिनु भएकोमा हजुरलाई धेरै धेरै धन्यवाद ।

प्रतिले आफ्नो कहानी सकाई । म स्तबध भएँ । केही बोल्न सकिनँ । उसँग त्यसरी त्यो हालतमा भेट होला भन्ने सोचेकी पनि थिइनँ । नेपालमै होली, पढ्दै होली भन्ने लाग्थ्यो । बिहा गरी होला भन्ने पनि लागेको थेन । नेपाल फर्केपछि भेटुँला, सँगै बसुँला भन्ने लागेको थ्यो । बिचरीको जीवनमा त्यत्रो घटना घटिसकेको रैछ । त्यत्रो दुःख र कष्टका दिन काटेर त्यहाँ पुगेकी रैछ । जिन्दगीदेखि नै हार खाएर बसेकी रैछ । उसलाई अरू केही सोध्न बाँकी रहेन । आफ्नो धेरै कुरा सुनाउन मन थ्यो तर सुनाइनँ ।

उसका आमाबाबुलाई पनि कति पीर परेको होला ? त्यति बेलासम्म त सबै कुरा थाहा पाइसकेका थे होलान् । एउटी छोरी, त्यो नि घर धान्न नसकेर सात समुन्द्रपारि पुगेर बसेकी छ । प्रतिलाई नै सम्झेर रात दिन रूँदा हुन् । उसलाई घरको खबर सोध्न मन थ्यो तर सकिनँ । धेरै चोटि कोसिस गरेँ तर पनि त्यतिबेलासम्म यो मनले प्रतिसँग चिनिन खोजेन ।

जिन्दगीको यात्रामा अनेकौं जङ्घार तर्नुपर्ने रैछ । धेरै अप्ठ्यारा बाटाहरू छिचोल्नु पर्ने रैछ । जीवन कहिले माया, कहिले पीडा, कहिले सुख त कहिले दुःख अनि आँसु र हाँसोको संगम रहेछ । हेर्दा हेर्दै प्रतिको निरास मुहारमा हाँसो छायो । सायद मनका सारा ब्यथा पोखेपछि उसले दुःख बिर्सी होला । आँसुले भरिएका उसका आँखा पनि हँसिला देखिए ।

उसले हाँस्दै भनी– 'अब न रह्यो कसैको साथ न त रहे ती

CC-0. In Public Domain. Digitization by eGangotri

पुराना दिन । यो नयाँ देश र नौलो संसारमा आइपुगेकी छु । बेग्लै रमाइलो लागिरहेको छ । आज एक्ली भएर पनि म खुसी छु । अहिले मलाई माया, साथ र साथी जस्ता कुनै पनि सम्बन्धमा विश्वास लाग्दैन । त्यसैले एक्लै रमाइरहेकी छु ।"

मैले उसका कुनै पनि कुरा काट्न सकिनँ । ऊ जे बोल्दै थी भोगेका व्यथा बोल्दै थी, म स्तब्ध भएँ । मन्त्रमुग्ध भएर उसैका कुरा सुनेर बसिरहेँ । उसको हाँसोको रौनक बेग्लै थ्यो । ऊ पहिलेकी प्रति जस्ती थिइन । मलाई उसका हरेक कुरा चित्तबुझ्दा लागे । मान्छेको जीवन कति चाँडै परिवर्तन हुने रैछ । प्रतिमा आएको त्यो परिवर्तनले मेरो मनमा पनि साहस पलायो । छोरीलाई कमजोर ठान्ने हाम्रो समाजलाई प्रतिले गतिलो झापड हानेकी थी ।

CC-0. In Public Domain. Digitization by eGangotri

एकैछिनमा आइहाल्छु भनेर हिंडेको दुई दिन बितिसक्दा पनि दीप फर्केर आएन । उसले कुनै मेसेज पनि पठाएन । हाम्रो अमेरिकाको रिटर्न टिकटको समय पनि बितिसकेको थ्यो । मलाई एक्लै छाडेर कता हराएको हो कुन्नि ? अब चाहिं मलाई चिन्ता लाग्न थाल्यो । कतै केही घटना पो भयो कि ? नराम्रो सोच्न त नहुने हो तर पनि त्यस्तै सोचाइ आयो । जसलाई मैले आफ्नो जिन्दगीको एक हिस्सा ठानिरैछु ऊ नै त्यसरी बेखबर हुँदा मनमा पीर परिरह्यो । त्यो नौलो ठाउँमा उसलाई खोज्न म कतै जान पनि सकिनँ ।

जे जस्तो भए पनि तीता घटना सुन्न नपरे हुन्थ्यो । मीठो भए पनि आफुलाई चित्त नबुझेका उसका वेदना । राम्रो खबर आओस् भन्ने सोचेर बसिरहिछु । दीप किन यस्तो भएको, केही बुझ्नै सकिनँ । अन्योलमा परिरैछु ।

भन्थ्यो जहिले जस्तो तिमी उस्तै हो म पनि । तिम्रो छुट्टै जिन्दगीको एउटा पात्र हो म पनि । मेरो यो जीवनको अर्को रहस्य तिमी फेरि । थोरै सोचेर धेरै बोल्ने म, धेरै सोचेर कम बोल्ने तिमी । यसरी नै खुशी हुनेछ भन्ने लाग्छ हाम्रो जिन्दगी । खै कहाँ गए बोलेका ती शब्दहरू, शब्दमै सीमित रहे । मन मान्दै मान्दैन । के के सोचिरहन्छ ।

सस्तो भो, सस्तोमा पाएको त सुन पनि नुन हुने रैछ । तड्पिएर पाएको भए पो मायाको अर्थलाई बुझ्न सकिन्छ । नबुझोस् भाग्यमा नलेखेकोलाई । बुझोस दुःख पाएर धिक्कार्दा जिन्दगीलाई । भन्ने छैन त्यति बेला पनि मनका कुरा । मौनतामै बसेर स्वीकार्छु उसले पुऱ्याएका मनका पीडा । छोटो छैन जिन्दगी, अहिलेको सुखलाई

CC-0. In Public Domain. Digitization by eGangotri

सम्झेर बस्न पनि । दुख्नेछन् पक्कै पनि ध्वाँसिएको कालो दाग हटाउन खोज्दा ।

चाहेर हुने भए सबै चीज सस्तै पाइन्थ्यो होला । महङ्गीको जमानामा महङ्गो भनी नबुझेरै होला । जुठ्यायौ मलाई, केही छिनको तृष्णाले हो कि ? रमाएनौ तै नि गल्ती के हो नबुझेरै थ्यो कि? बुझेको भए पक्कै पनि यस्तो हुने थिएन । निर्दोष मेरा आत्मा, तिमीलाई कत्ति पनि पाप चिताएन । चिताओस् पनि कसरी, अँधेरीदेखि पनि नडराएकी । तिमी को हौ ? बुझ्न नपाउँदै जिन्दगीमा अङ्गाल्न खोजेकी । नहोस् भनेको खै कसरी भो । एकछिनको भोक प्यासले जिन्दगी नै बर्बाद बनायो । आँट पनि कसरी आउँछ खै कोही बेला । हातै हाल्न नहुने काममा पनि हात हाल्न मन लाग्ने, भरिएको मन पोखिन थाल्दा । फसें । साँचेका थे यौवन, कल्कलिएका थे वैंश , सल्बलिएका थे जिन्दगी, पोटिलिएका थे शरिर । नथामिएरै त होला नि, हाम्फालेको मधुर लहरीमा ।

हुनु र नहुनु एउटै भो । अब बाँच्नु कि नबाँच्नु, अर्थ खोज्दा-खोज्दै यो जिन्दगी नै जाने भो । तिमीलाई त सायद केही हुँदैन होला । भएको भए यसरी मबाट टाढिन्थेनौ होला । सकेर त गयौ, पानीको रङ्ग सरी आफुलाई नि बदल्यौ ।

जीवनको यो मोडमा अर्को काँध खोज्दैनौ जस्तो लाग्थ्यो । हिंडेका ती पाइलाहरू रोकिएर छिट्टै फर्किदिए हुन्थ्यो । यो भीडमा शहरको रमझममा नभुलिदिए हुन्थ्यो । नयाँ गीतका भाका कोरी अब त तिमी मलाई लिन आए हुन्थ्यो । गल्ती गरेरै आए पनि स्वीकार्थे । तिमीलाई हेर्न भनी छट्पटाएका यी आँखा कमसेकम सम्हालिन्थे ।

अरू दिनभन्दा आजको दिनले मलाई निकै झस्कायो । फेरि त्यो नशामा डुबेर बस्न मन लाग्यो । तिम्रो शब्द सुनेर त्यो धुनमा हराउन

CC-0. In Public Domain. Digitization by eGangotri

मन लाग्यो । बिस्तारै बिस्तारै त्यो हातले यो शरिर सुम्सुम्याएको महसुस गर्न मन लाग्यो । त्यसैमा ढलेर एकछिन बस्न मन लाग्यो । अँध्यारो यो आँखालाई तिम्रो यो शरीरमा डुबी हरेक अंग नियाल्न मन लाग्यो । साथमा कमी कत्ति गराको छैन । यसरी नै ढल्दै गइरहें भने मलाई माफ दिनु । नशामा बसेर तिम्रो शरीरमा आफुलाई रोक्न सकिनँ भने अदृश्यमै भए पनि तिमी मलाई साथ दिनु ।

लाग्छ तिमीले मलाई साथ नदिएको कहिले छौ र । भन्न खोजेका कुरा कहिलेकाहीं अड्किएको पो हो त रोकिन्छु भनेर न त तिमी नै सक्छौ । न साथ दिन्नँ भनेर आफुमा नै सम्हालिन्थ्यौ ।

गल्ती त मेरो हो । मेरो पनि होइन, मेरो मनको थ्यो । रोक्ने प्रयास गर्दा पनि किन कमजोर बनिदिएको । जान नहुने बाटो नि किन हिंड्न खोज्यो यसले । मनै त हो, जता माया देख्यो त्यतै कमजोर भइदियो ।

कागतीको रस निचारेर खायौ । बोत्रा जति खान्छु भने पनि खान सकेनौ । मलाई राम्री देख्दासम्म साथ सँगै बिताउँछु भन्थ्यौ । आज अर्कीलाइ भेट्यौ । उसलाई नि त्यस्तै भन्यौ । भन्ने मनै त हो । सधैं एउटै भएर कहाँ बस्थ्यो ।

जीवनको यो पलमा । कोही त मान्छे छ अहिले तिम्रो साथमा । जो छ ऊ नै तिम्रो मनमा बसिरहेको छ । तर सक्दिनँ जीवनमा आएका क्षणलाई भुल्दिनँ । माया, रोमान्स, सपार्ने, बिगार्ने सबैलाई जिन्दगीको यादको सङ्गालो पारेर राख्नु । ती यादका सङ्गालो अरू कसैलाई नभन्नु । यादमै हराएर त्यो पललाई आँसु बनाई नबगाइदिनु ।

धेरै मीठा याद सङ्गालेर सुनौलो भविष्यका योजना बनाएकी थैं । जीवनमा सुखदुःख उसँग नै साट्ने सङ्कल्प गरेकी थैं । ऊ भने

CC-0. In Public Domain. Digitization by eGangotri

मलाई एक्लै छाडेर हिँड्छ । त्यो ठाउँमा फेरि पुगिन्छ पुगिन्न साथैमा लिएर गएको भए म पनि रमाउथें नि ! आखिरमा हरेक परिस्थितिमा उसँगै रमाउने बानी जो परिसकेको थ्यो । दुईचार दिन रमाइलो होला भन्ने सोचेकी थैं । म उसैमा पोखिन चाहन्थें । यौवनको नशामा डुब्न चाहन्थें र उसलाई पनि डुबाउन चाहन्थें । मेरा तन मन दुवै भोकाएका थे, ऊ भने मलाई भोकै छाडेर हरायो ।

दिन बित्यो, रात बित्यो तर दीपको अत्तोपत्तो केही थेन । मनमा अनेक कुराहरू खेलिरहे । प्रति पनि आफ्नै काममा व्यस्त थी । म छट्पटाइरहें । दीप चाँडै आओस् भनेर भगवानसँग प्राथना गरिरहें । के भयो ? कता गयो ? म अन्योलमा परिरहें । मलाई त्यसरी नयाँ ठाउँमा लगेर अलपत्र पारेर भाग्ने खाल्को नामर्द पनि हैन । प्रतिको लोग्ने जस्तो सिनु गिजोल्ने खालको पनि हैन तर पनि ऊ मेरो साथमा किन छैन ? मनमा अनेक प्रश्नहरू आइरहे ।

मैले जिन्दगीमा मायाको आभास उसैलाई भेटेपछि गरेकी हुँ । खुसी हुन पनि उसैबाट सिकेकी हुँ । ऊ बिनाको जीवन मैले कुनै पल कल्पना गरेकी थिनँ । उसैलाई भेटे पछि मेरो सादा जीवनमा रङ्ग भरिएको हो । म एउटी केटीबाट नारी भएकी हुँ । वैधानिक बिहा नगरे पनि म आफूलाई उसैकी श्रीमती ठान्थें । हामीबीच कुनै सीमारेखा थेन, हामी श्रीमान श्रीमती सरह नै थ्यौं । बेलाबेलामा हाम्रा हरेक अङ्गहरू एकआपसमा सल्लाह गरिरहन्थे । हामी यौवनको गहिरो पोखरीमा डुबिरहन्थ्यौं ।

चार दिनसम्म म उसैको बाटो हेरेर त्यही होटलमा बसिरहें । उसको कुनै खबर आएन । पाचौं दिन प्रति एउटा कागज हातमा बोकेर मेरो कोठामा आई । त्यो दीपले पठाएको पत्र रहेछ । पत्र लिएर प्रति मसम्म आउँदा पनि उसलाई मैले आफू कैली भएको कुरा बताउन सकिन । खामबन्द पत्रभित्र लेखिएको थ्यो–

CC-0. In Public Domain. Digitization by eGangotri

'प्यारी कैली,

म तिमीलाई खबरै नगरी हराएँ, तिम्रो मनमा चोट पर्‍यो होला, त्यसको लागि म माफी चाहन्छु । म छु नै यस्तै, बेढुङ्गाको, तिमीले बुझेकै छ्यौ नि । मेरो उजाड जीवनमा तिमी वसन्त बनेर आयौ । म धेरै रमाएँ, तिम्रो सुन्दरता र यौवनमा हराएँ पनि । मलाई माया गर्न तिमीले नै सिकाएकी हौ । मैले मायाको अर्थ बुझेकै थिनँ तिमीले बुझायौ तर म बुझेर पनि तिम्रो साथमा रमाउन सकिनँ । आज म मलेशिया आइपुगेको छु, थाहा छैन भोलि कहाँ पुग्छु । मलाई स्वतन्त्र उड्न मन लागिरहेको छ । म जता हावा चल्छ उतै उडिरहेको छु । हावाले कता-कता पुऱ्याउँछ केही पत्तो पाउँदिनँ ।

तिमीलाई चोट पुऱ्याउने र त्यो नौलो ठाउँमा एक्लै छाड्ने मेरो कुनै उद्देश्य थेन । तिमीलाई साथैमा लिएर उडेको भए पनि हुन्थ्यो हुन त, तिमी पनि उड्नै चाहने पंक्षी हौ तर त्यतिबेला एकैछिनमा फिर्छु भन्ने सोचेर निस्किएको थेँ । यो पागल मनले मलाई यता ल्याइपुऱ्यायो । मलाई माया गरेन भनेर नसोच है । म तिमीलाई नै माया गर्छु । अरू को नै छ र मेरो ? यो रक्सीले मलाई तिमीले भन्दा अलि बढी माया गरी रा'छ । त्यसैले यसलाई छोड्न सकिनँ, हेर न मलाई कता-कता लान्छ, केही पत्तो पाउँदिनँ । तिमी पनि खुला आकाशमा जता मन लाग्छ उतै उडे हुन्छ । गुण बिर्सिएनौं भने पछि गुणमै भेटौंला ।

मलाई सम्झेर नरूनु है । आँसु बगाएर केही हुनेवाला छैन । म आउँछु, यो रक्सीले छोडेपछि तिमीलाई लिन आउँछु । तिमीलाई त थाहा छ नि । म बिना नशा रहनै सक्दिनँ । त्यहाँको विन्टाङ्ग मीठो थ्यो है । झ्याप पनि बबाल हान्ने । त्यसैको नशाले त म यहाँ आइपुगे नि । हेर न मलाई तिम्रो नशा नै भुलाई दियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

अब म जिन्दगीको गन्त्व्यविहीन यात्रामा निस्किएँ । म फिर्छु या फिर्दिन कुनै टुङ्गो छैन, मेरो बाटो हेरेर नबस्नु । तिमी नि म जस्तै एक स्वतन्त्र पंक्षी हौ, जता उड्न मन लाग्छ उतै उँडे हुन्छ ।"

ब्यागमा पैसा र टिकट छ, तिमी अमेरिका जानू । पेरिस गए नि हुन्छ, मैले आमासँग कुरा गरेको छु । नेपाल जान मन लागे नि गए हुन्छ । तिमीलाई जहाँ जान मन लाग्छ त्यहीं जाऊ । म नशा उत्रेपछि तिमीलाई लिन आउँछु ।

यो पागल मन
रोक्न खोज्छु उड्छ झन्
केही हैन माया केही हैन धन्
नशामै डुबेर म
बिताइ दिन्छु यो जीवन ।

बाई प्यारी, लव यू फरइभर ।"

उसको जिन्दगी जिउने तरिकै बेग्लै थ्यो । हिलोमा फुल्ने कमलको फूललाई गमलामा फुलाउन खोज्नु मेरै मुर्खता हो । खुला आकाशमा उडिरहेको पंक्षीको गोठालो बनेर म जमिनमा हिंडिरहेकी थैं । प्रकृतिको नियम विपरीतको कार्य भएकै हो । भमरो उडेर फूलमा गएको हैन फूल नै उडेर भमरो भएको ठाउँमा पुगेको हो । त्यसैले पनि मैले दीपलाई गाली गर्ने कुनै ठाउँ थेन । यौवनको नशा चखाएर रक्सीको नशा छुटाउने कोसिस गरेकी थैं तर म असफल भएँ ।

नदेखेकै भए जाति हुन्थ्यो त्यो सपना
न हुन्थ्यो छट्पटी, न रून्थ्यो मन
नभेटेकै भए हुन्थ्यो तिमीलाई
न हुन्थ्यो तड्पन न त बढ्थ्यो धड्कन

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नै हौ भन्ने ठानी
सुम्पि दिएथेँ यो तन
नभेटेको भए तिमीलाई
न झर्थ्यो आँसु न काँप्थे यी औँला
हिँड्न खोज्छु आफैँ रोकिन्छन् पाइला ।

दीपसँग बिताएका हरेक पलहरु सम्झेर म टोलाई रहेँ । साँच्चै रमाइला थे ती पलहरु । आकाशमा उडेको पल, समुन्द्रमा खसेको पल, कारमा गुढेको पल, उसले मेरो कौमारित्व चुँडेको पल, हरेक पल सम्झेर रगत उम्लिरहेको छ भलभल । उसलाई आफ्नो वशमा गर्न नसक्नु मेरै कमजोरी हो भन्ने लाग्यो ।

उसले गृहस्थमा फसेर व्यवहारिक हुन चाहेन । हुन त त्यो उसको स्वतन्त्रता पनि हो तर त्यो स्वतन्त्रताको उपभोग गर्नुभन्दा पहिले उसले म पनि उसको जिन्दगीमा जोडिएकी छु भनेर सोच्नु पर्थ्यो । रक्सीको नशामा उसले केही सोच्न सकेन । पश्चात्ताप गरेर पनि हुनेवाला केही थेन । जे भयो भइसक्यो र जे हुन्छ राम्रैका लागि हुन्छ ।

जिन्दगीको बाँकी यात्रामा म कुन बाटोबाट अगाडि बढुँ ? दीपको आश गरुँ कि नगरुँ ? उसको भर परुँ कि नपरुँ ? मनमा अनेक प्रश्नहरु उब्जिरहे । मैले जीवनका धेरै सुत्रहरु त सिकिसकेकी थेँ तर पनि कुन सुत्र प्रयोग गरेर त्यो समस्याको हल गरुँ । मनमा द्विविधा भइरह्यो । हिसाब बिग्रिन्छ कि भन्ने डरले, मैले कुनै ठोस निष्कर्ष निकाल्न सकिनँ ।

काठमाडौं, नेपाल
Kathmandu, Nepal
1997
९८२३६

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

कैली

जमुना न्यौपाने
jmunanpne@gmail.com

ऊ मेरो बेडमा पल्टियो । म पनि उसैको छातीमा आफ्नो छाती जोडेर उसकै बाहुपासमा बेरिएँ । म भित्रबाट एउटा आँधी आइरहेको थ्यो । त्यो आँधीलाई रोकेरै बोलें – " दीप, मलाई आज तिमीसँग कतै टाढा जान मन छ । यसैगरी तिम्रो अङ्गालोमा हराउन मन छ । तिमीलाई मेरो मायाको पोखरीमा डुबाउन मन छ । कति डुब्छौ यो रक्सीको नशामा मात्रै, कहिलेकाँही त मायाको नशामा पनि डुबि हेर न ! रक्सीको नशा त के नशा रै'छ र जब मायाकै नशा लागेसी ? आफूलाई भन्दा नि अरु कसैलाई बढी माया भएसी अहिल्यै भन्छु भित्ताका कानहरूले सुने नि सुनुन् । सुनेर गाली गर्न आए नि आउन् । मेरो मनको तृष्णा तिमीले मेटिदिएनौ । आग्रह गर्छु मलाई यस्तो हालतमा हेरी नबस न । म आज सधैंझैं छैन । तिमीलाई मन लाग्ला, मलाई नहोला । आग्रह गर्छु यतिबेला घर छाडेर अन्तै बस्न जाउँ न । बिन्ती, मेरो आग्रह अस्वीकार नगर ल ।"

www.bulbulpublication.com

Bulbul
Publication

9 789937 918817